श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह

नाम :- मणीराम खनाल
कक्षा ६
रोल नं १

श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव

नाम :- मणीराम
खनाल

शुभकामना

'उषा' पुनः प्रकाशनमा आउन सक्षम भएकोमा खुशी लाग्यो । साहित्यरूपी फूलवारीमा उषासरी किरणछरी नयाँ नयाँ साहित्यफूल कोपिला फुलाइ सौगन्ध चौतर्फ फैलाउन उत्तरोत्तर लम्किरहोस यही मेरो हार्दिक शुभकामना छ ।

केदारमणी ढकाल
रा० पं० स०
झापा

मनीराम खनाल

शुभकामना

सम्पादकज्यू

शनिश्चरे माध्यमिक विद्यालयको साहित्यिक वार्षिक पत्रिका 'उषा' पुन: निस्कने भयो भन्ने सुनेँ, ठूलो हर्षको कुरो हो । वर्तमानका कोपिला भविष्यका फूलरूपी छात्र-छात्राहरूलाई साहित्य तर्फ प्रोत्साहन दिई साहित्यरूपी फूलबारीमा प्रवेश गराउने उद्देश्यले जन्मेको यो पत्रिका राष्ट्रवादको अभिवृद्धि र राष्ट्रिय चरित्रको निर्माण गर्ने क्रममा उत्तरोत्तर उन्नति गर्दै जाओस् भन्ने हार्दिक कामना गर्दछु ।

मिति २०३५।१।६

भवदीय

[illegible] ढौंडलोला

भू॰ पू॰ अञ्चलाधीश

भू॰ पू॰ अध्यक्ष

शनिश्चरे हाइ स्कूल सञ्चालक समितिका

नाम मणीराम खनाल

कक्षा ८ मनीराम

शुभकामना

शनिश्चरे मा॰ वि॰ बाट प्रकाशित हुन लागेको वार्षिक मुखपत्र 'उषा' भर सरसरी हेर्ने मौका पाएँ। यस पत्रिकामा सम्मिलित विषय वस्तु हेर्दा शैक्षिक जगतमा व्यायाम थपे जस्तो लागेको छ ! हाम्रो विशाल भू-भागका विभाजित ७५ जिल्ला मध्य सर्व जिल्लाका बासिन्दा र प्रवासीहरू समेतको बसोबासो हुँदा झापा जिल्लाको बेग्लै विशेषता छ । नेपाल अधिराज्यमा मेची अञ्चल हाम्रो सूर्योदयको अञ्चल भएको र यस अञ्चल अन्तर्गत झापा जिल्लाको उत्तरी सिमानामा रहेको शनिश्चरे मा॰ वि॰ बाट प्रकाशित हुन लागेको 'उषा' ले प्रत्येक बिहान आउने उषाले नयाँ ज्योति ल्याए जस्तै यस्ले पनि शैक्षिक एवं बौद्धिक जगतमा नयाँ चेतना ल्याउन समर्थ हुनेछ भन्ने आशका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु—धन्यवाद

बद्रीमान आमात्य

जिल्ला शिक्षा अधिकारी

झापा

कामना

श्री शनिश्चरे माध्यमिक विद्यालयको वार्षिक मुखपत्र 'उष्मा' तेस्रो अंक प्रकाशित हुँदै भनी सुन्न पाउँदा हर्षको सीमा रहेन । कुनै पनि आयाममा शैक्षिक तथा बौद्धिक विकासनिमित्त साहित्यले महत्वपूर्ण भूमिका ओगटेको हुन्छ भन्ने स्वःसिद्ध छँदैछ । त्यसमा झन् यस पत्रिकाको उद्गम श्रोत शैक्षिक संस्थान (विद्यालय) नै भएको हुनाले यसले पूर्वदेखि उदाउने उषाले किरण छर्दै साहित्योद्यानमा रंगीविरंगी फूल फुलाउनेछ भन्ने पूर्ण आशा राख्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

—केशव कुमार सुब्बा थोकी

प्रधान पंच, शनिश्चरे गाउँ पंचायत

झापा, मेची अंचल

२०३४ । १२ । ३० मा

❀

'उष्मा' को प्रकाशन हुँदै छ भन्ने सुन्दा भाषा, साहित्य र संस्कृतिका पृष्टपोषक र पुजारी कसलाई आनन्द न होला ? त्यस माथि आफ्नै जिल्ला-अंचलको नाताले पनि यो कुराले मलाई विशेष खुशी तुल्याएको छ ।

वर्तमान अवस्था पनि नेपाली साहित्य विचारगत रुपमा अन्योलको स्थितिमा छ । यथार्थवादी र जीवनमूलक धारा सशक्त रुपमा देखा परेको छ तर यसको पूर्ण स्थापना हुन सकेको छैन । यस स्थितिमा 'उष्मा' ले पूर्वबाट त्रिकालीन उज्यालो प्रभासित गर्न सकोस्-आभ्यन्तरिक शुभकामना ।

—भवानी घिमिरे

२२.११.२०३४

कामना

'उषा' फेरि निस्कँदैछ भन्ने सुनेर अति नै खुशी भएको छु । राष्ट्रिय शिक्षा पद्धतिको नयाँ शिक्षा योजनाको लक्ष्य अनुसार विद्यार्थीको सर्वाङ्गीण विकासका लागि यस पत्रिकाले पनि आफ्नो विशिष्ट योगदान दिनेछ भन्ने आशा राख्दै सफलताको कामना गर्दछु ।

—टंक मणि दुलाल

सदस्य

गाउँफर्क राष्ट्रिय अभियान

जिल्ला अभियान समिति

झापा

मितिः–२०३५ । २ । ६

शनिश्चरे ।

शुभ-कामना

अन्धकारको गहन कालिमालाई प्रभातका सुनौला किरणले छिचा छिचा पारेपछि धरती हाँस्छ सूर्योदयको स्वागत गर्न अनि यस पवित्र हिमाली देशका हिमाच्छादित पाखा पखेरा भरी छरिन्छन उषाकालिन लालिमा । यस जिल्लालाई गर्व छ कि विहानी यही अग्निमन्त्र-देश उज्यालो पार्न !

यसरी विहान झापामा जन्मे पछि यो देश हाँस्छ ज्योतिरुपमा त्यसरी नै यो शनिश्चरे माध्यमिक विद्यालयको वार्षिक मुख-पत्र उषा अन्मेर देशका भावि कर्णधारहरुको स्निग्ध मुस्कान समेटेर-हाँस्न सकोस, यही कामना छ ।

—ज्ञान बहादुर शाही
प्रमुख जिल्ला अधिकारी
झापा

२०३३।३।१२
चन्द्रगढी (झापा)

हाम्रो भनाइ

बहुमुखी प्रतिभाको विकास र सम्वर्द्धनको निम्ति अभिव्यक्तिको आवश्यकता हुन्छ। राष्ट्रिय शिक्षा पद्धतिको योजनाले जुन रुपमा जनशक्ति तयार गर्ने जमर्को गरेको छ तदानुसार प्रतिभाको विकास गर्न मूलतः प्रेरणाको स्थान सर्वोपरी रहेको छ। जनसमर्थ लामो समयदेखि आफुलाई अँध्यारोमा अलमल्याएर जनसमक्ष पुनः आउन पाएको यस 'उषा'ले ठूला-ठूला दर्शन र साहित्यको पोखरीमा गहिरो डुबुल्की लाउनुको साटो शनिश्चरे मा० वि० का विद्यार्थीहरूको अभिव्यक्तिलाई प्रकाशमा ल्याउन खोजेको हो र त्यसो गर्नुको प्रत्यक्ष फाइदा हामीले दुइटा देखेका छौं-[१] देशका भाविकर्णधारहरुको प्रारम्भिक चिन्तनधारा र समस्यालाई हेर्ने र केलाउने प्रवृत्ति बुझ्न सकिने। [२] ती मुनाहरु-जो भर्खर पल्हाउने प्रयत्नमा छन तिनीहरूले आफ्नो अभिव्यक्तिको फाँट फराकिलो भएकोमा पाउने हौसला।

यी दुई उपलब्धी नै हाम्रो प्रमुख र आवश्यक उपलब्धी हुन अनि प्राप्तिबाट हामीले पनि हाम्रो औकात अनुसार राष्ट्रिय शिक्षा पद्धतिको योजनामा टेवा दिएका छौं भन्ने आँट हामी गर्न सक्छौं।

आफ्ना अभिव्यक्तिलाई मुद्रित रुपमा पाएर विद्यार्थीवर्गले प्रेरणा प्राप्त गर्ने कुरा स्वयं सिद्ध रहेको छ र यही प्रेरणा उनीहरुको भविष्यको गोरेटो निर्माणमा सहयोगी हुनेछ भन्ने कुरामा पनि हामी विश्वस्त छौं।

हामीले उपर्युक्त तथ्यप्रति ध्यान दिएर नै २०१९ सालमा करफोक विद्यामन्दिर ईलाम र हाम्रो विद्यालयको संयुक्त प्रयासमा 'जुनेली' सचित्र वार्षिक पत्रिका प्रकाश गऱ्यौं। त्यसपछि २०२० सालमा मे० अ० कार्यालयबाट दर्ता लिएर 'उषा' वार्षिक मुखपत्रको प्रकाशन गर्न थाल्यौं। २०२० सालमा प्रथम अङ्क निस्केको 'उषा' २०३३ सालसम्म कतिपय समस्याले गिरोलेको हुँदा २०२० सालमा दोश्रो अङ्क निस्केपछि फेरि हामी निस्कन सकेन। २०३५सालमा हामी उषाको तेश्रो अङ्कका रूपमा रोकिन बाध्य भयौं फेरि आफ्ना विद्यार्थी, शिक्षक र विशिष्ठ साहित्यिक बन्धुहरुका रचना लिएर देखा परेका छौं।

राष्ट्रिय शिक्षा योजनाको लक्ष्य अनुसार शैक्षिक एवं बौद्धिक विकासमा जोड दिई आगरुप उन्नतशील, अनुशासित नागरिक तयार पारी राष्ट्रनायक सरकारको सदिक्षा साकार पार्न अनि राष्ट्रभाषा तथा साहित्योन्नतिको आवश्यकतालाई हृदयंगम गरी अधिराज्य भरीका विद्यालयहरुबाट मुख पत्रका रूपमा पत्रिका प्रकाशन गर्न र विद्यार्थीहरुको प्रतिभाको जगेर्ना गर्न पछि नपरुन हामी यही चाहन्छौं।

अन्त्यमा—

उषा तेस्रो प्रकाशनमा ल्याउनका लागि आफ्नो अमूल्य रचनादिई सहयोग गर्ने विद्वान लेखक, अर्थ सहयोगी स्थानीय व्यापारी, बुद्धिजीवी, पञ्च लगायत सिद्धार्थ मासिकका प्रधान सम्पादक श्री डिल्लीराम निर्भीक र सह-सम्पादक श्री देवी वर्मालाई हामी हार्दिक धन्यवाद दिन्छौं अनि यसको स्तर निर्धारण गर्ने निर्णायकको आसन हाम्रा सुविज्ञ पाठकहरुलाई नै सुम्पन्छौं।

—सम्पादक मण्डल

-: अनुक्रमणिका :-

निबन्ध खण्ड

१ प्रत्यय परिचय-६	महानन्द सांपकोटा	१
२ सिद्धिचरण श्रेष्ठ....	गणेश बहादुर प्रसाईं	३
३ श्री ५ त्रिभुवन....	देव कुमारी थापा	२३
४ अनुशासन	मोहन प्रसाद शिवाकोटी	३०
५ विज्ञानको प्रगति	शुकदेव तिवारी	३६
६ महा विद्यालय जाँदा र....	मदन ढकाल	४०
७ कटाक्षपात	रोहिणी विलास लुईंटेल	४९
८ उषा प्रति	गंगाजोशी	५४
९ आजको युग नै	श्रीमती गङ्गादेवी जोशी	५५
१० मेरो मुक्तिनाथ यात्रा	देवीभक्त शर्मा पोखरेल	५७
११ शिक्षक	गुणानन्द झा	६०
१२ अनन्त आकाश र ...	लक्ष्मेश्वर पाण्डे	६७
१३ शैक्षिक व्यवधानका ...	चन्द्र सुवेदी	७०
१४ शिक्षणका उद्देश्यहरु	जीत बहादुर भुजेल	७४
१५ कवि र कविता	एस० एल० शर्मा	८०
१६ स्वस्था जीवन	डा० शंकर प्रसाद उप्रेती	८३
१७ जनशक्तिको विकासमा ...	केदार प्रसाद बराल	८६
१८ कपिल वस्तुको मायालु	लक्ष्मी आचार्य	८८
१९ विद्यार्थीहरुको	कमल थापा	९२
२० मेरो शिकार गुर्दुङमा	एच० एल० श्रेष्ठ	९६
२१ प्यारा छात्र-छात्रा	बलि[illegible] बस्नेत	१०३
२२ स्वास्थ्यको महत्व	राजेन्द्र मिश्र	१०४
२३ माधव घिमिरेको (संकलन)	राजनपन्त	१०८

२४ विद्यालय स्वास्थ्य सेवा	महेश ढकाल	१६५
२५ मानिस कहिले जन्मो...	सुवास राज भण्डारी	१८०

कथा खण्ड

२६ म भोलि जन्मनेछु	राम प्रसाद पौड्याल	१०९
२७ मेरो पनि हुदथ्यो	देवराज भट्टराई	११६
२८ वन्दना	भरत विष्ट	२२४
२९ बोरे र उसको कल्ली	उमानाथ दहाल	१३०
३० नेप्टेनाक	माधव भँडारी	१३४
३१ तपाईलाई चाह...	(संकलन) सहन	१३६
३२ गुनासो	कृष्ण प्रसाद भट्टराई	१७५
३३ रिट्ठेको स्वास्नी	रघुनाथ सापकोटा	१७०

कविता खण्ड

३४ तीन टुक्राहरु	बाल कृष्ण पोखरेल	१३७
३५ असीम	नन्दलाल भण्डारी	१३८
३६ हिमाल र हिमाली	शिव प्रसाद दहाल	१३९
३७ उषाप्रति	नवीन कुमार दहाल	१४१
३८ 'मान्छेकोम'बाट	भानुभक्त पोखरेल	१४२
३९ यी हिमाली फूलहरु हुन	सरोज ओली	१४४
४० बोलेर यो हुन्छ के ?	नारदमुनी शास्त्री	१४८
४१ 'हाम्रो देश दर्शन' बाट	योगी नरहरिनाथ	१५०
४२ मन लाग्छ ।	गोपीकृष्ण खनाल	१५१
४३ उषा	लोकनाथ पौड्याल	१५२
४४ हाम्रो माटो गवित छ	भक्ति प्रसाद उप्रेती	१५३
४५ सुन त मानव	रामचन्द्र भट्टराई	१५४
४६ कर्तव्यको रेखा कोर्दै जाऊ	पुण्य प्रसाद भट्टराई	१५५
४७ साउनको झरी केही कविता	विनोद अथमाली	१५६
४८ मोम रातभर पग्ली रह्यो	सुरेन्द्र कुमार सुडाथोकी	१५७
४९ आमाको सम्झना	कृष्ण कुमारी वन	१५८
५० हिमाली उषा	लक्ष्मी आचार्य	१५८
५१ नेपाल आमाप्रति	लक्ष्मी मिश्र	१५९
५२ विछोड	दालभ	१६०
५३ श्रद्धा र घृणा	निर्मला शर्मा	१६१
५४ रात रोइ रह्यो	भरत भुर्तेल	१६२
५५ एक टुका	काली प्रसाद कन्दङ्वा	१६४
५६ आमाको गुनासो	सञ्जीव उप्रेती	१८१
५७ राजा वीरेन्द्र	नारायण ओली	१८२
५८ सुनौलो दिन	मित्र कुमार आचार्य	१८४
५९ मृत्यु	सुश्री प्रतिभा जोशी	१८५
६० बसन्त ऋतुको आगमन	लक्ष्मी सिवाकोटी	१८६
६१ धिक्कार	रत्न बहादुर के० सी०	१८७
६२ हाम्रो देश नेपाल	उर्मिला दहाल	१८८
६३ यो देश	श्याम कुमार थापा	१८९
६४ आवश्यकता	भानुभक्त पाठक	१९०
६५ छक्के परें	शान्ता भट्टराई	१९१
६६ अ...य्या...नि...!	उपेन्द्र भट्टराई	१९२
६७ मैलाई किन....	दुर्गा प्रसाद उप्रेती	१९४
६८ प्रधानाध्यापकको डायरीबाट		१९५
६९ टिपोटमा थप		१९८
७० जुनियर रेडक्रस सर्कल ... ..!		२००
७१ श्री शनिश्चरे मा० वि० स्काउट		२०३

समवेदना

नेपाली साहित्यका चम्किला तारा भाषा शास्त्री श्री महानन्द साप-कोटाको गत असार १ गते कोशी अञ्चल अस्पताल विराटनगरमा ८२ वर्षको उमेरमा असामयिक निधन भयो

विक्रम सम्बत १९५३ मा मेची अञ्चल इलाम जिल्लाको देवान छाप भन्ने गाउँमा जन्मनु भएका श्री सापकोटाले आफ्नो जीवनको सम्पूर्ण समय नेपाली भाषा र साहित्यको सेवा एवं शिक्षाको विकासमा बिताउनु भएको थियो ।

भाषा, साहित्य र समाजको सेवा गर्नमा नै अपनो जीवनको सार्थकता ठान्ने श्री सापकोटाले कैयौं विद्यालय र भाषा प्रचारक संगको स्थापना गर्नु का साथै मनलहरी, अपुल्लो, विशाल नेपाल, घटि, अन्तु, आशा आँसु, हाम्रो नेपाल, सुखको बाटो, नेपाल कस्तो हुनुपर्छ, ध्वनीको धन्दा, चानचुन जन जिब्रो, खस जाती र भाषा, नयाउ तथा नेपाल शब्द परिचय आदि पुस्तकहरु लेखेर नेपाली साहित्य र भाषालाई बिर्सन नसकिने रिन लगाउनु भएको छ ।

उहाँका २ धर्मपत्नीबाट भएका ८ सन्तान मध्ये ३ छोरा २ छोरी र १ जेठी धर्मपत्नी जीवित हुनुहुन्छ ।

नेपाली साहित्य एवं भाषा शास्त्रीको अग्रिम पंक्तिमा रहनु भएको भएपनि श्री सापकोटाले राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्य बन्न पाउनु भएन तापनि उहाँका कृतिहरुले इन्द्रराज्य लक्ष्मी पुरस्कार, मदन पुरस्कार पाउनुकासाथै उहाँ गोरखा दक्षिण बाहु तेस्रो र चौथाले विभुषित हुनुहुन्थ्यो । स्व० सापकोटा हाम्रो उषा पत्रिकाको सल्लाहकार पनि हुनुहुन्थ्यो ।

नेपाली भाषा र साहित्यका अमूल्य निधि स्व० सापकोटाको दुःख पूर्ण निधनमा हामी गहिरो समवेदना प्रकट गर्दछौं ।

उषा परिवार

एव

शनिश्चरे माध्यमिक विद्यालय परिवार ।

प्रत्यय परिचय—३

—महानन्द सापकोटा

१. अर्थ बिनाका ध्वनिमात्रको नाम प्रत्यय होइन । अर्थ बिनाका ध्वनि मात्रको चर्चा नै हुँदैन । अर्थहीन ध्वनिले अर्को साथक शब्दमा जोडिएर अर्थान्तिर अथवा अर्थ चमत्कार ल्याउन सक्तैन । प्रत्ययको अर्थ लागेन अथवा मूल शब्द बाट प्रत्यय छुट्याउन सकिएन भने अनुसन्धानको परिधि बढाउनु पर्छ अनि चिन्तन र मननमा आँफु चुर्लुम्म हुनु पर्छ । कसै गर्दा पनि चाहेको शब्द र उसको अर्थ भेटिएन भने भविष्यका सन्तानलाई त्यो भार सम्झनु पर्छ । तर जथाभावि लेखेर आफ्ना मुर्खताको प्रदर्शन र आँफु पछिका जिज्ञासु जनको मार्ग अवरोध गर्नु हुँदैन । ज्ञानिले आफ्नु अज्ञान जनाउँछन् । मुर्खले आफ्ना अज्ञानमा ढाकछोप गर्छन ।

२. इङ्गर शब्द संस्कृत हो, नेपालीमा त्यो प्रत्यय हुन आएको छ । इङ्गको अर्थ चल्नु, चट्पटाउनु, हिड्नु, उड्नु आदि हो । इङ्गरले इङ्गलरुप पनि लिएको छ । अष्ट + अस्थि + इङ्गर = अठिङर अथवा अंठिङल भएको छ । अष्ट भनेको आठ, अस्थि भनेको हाड, इङ्गर भनेको चल्नु चट्पटाउनु - मिलेर नेपालीमा आठ अठिङर अथवा आठ अठिङल शब्द सिर्जना भएको छ । आठ अठिङर (ल) भनेको आठ ओटा चट्पटाउने हाड हो । दुई कुहुनाका दुई, दुई कुमका जोड्नीका

दुई, दुई घुँडाका दुई गर्दा आठओटा हाड भए। ई आठ ओटा हाड चल्छन चट्पटाउँछन्। ई आठ ओटा हाड चल्न छोडे भने मान्छे उठन बस्न सक्तैन अररो हुन्छ। तेसै हुँदा ई आठ हाडलाई आठ अटिङ्गल भनेको हो।

३. संस्कृत अजगरको नेपाली अजिङ्गर भएको होइन। अझ प्रायः मिल्दो जुल्दो छ तर शब्द निर्माण बेग्लै हो। अज भनेको बाख्रा, इङ्गर भनेको चल्ने-चट्पटाउने। अज+इङ्गर=अजिङ्गर भयो।

४. कसं भनेको चिन्ह हो। सुगामा कस लाग्छ। कस+इङ्गर =कसिङ्गर भयो। कसिङ्गर भनेको चल्न चटपटाउने कस अथवा तृण आदि भयो। कसिङ्गर भनेको घर आँगनको तृण र धुलो-मैलो हो।

५. झार भनेको दुबो, मोथे, बन्सो आदि हो। झाट बाट झार भएको छ। अनि हाम्रो काज हुने अघोलन वाचक शब्द पनि झार को सन्तान हो। झाट+इङ्गर=झटिङ्गर भयो। झटिङ्गर भनेको बढेको तृण हो। उखेलिएको अघउलम पनि हुन सक्छ। झटिङ्गर तुच्छता बोधक शब्द भएको छ।

६. सं. पत्रको नेपाली रूप पात हो। रुखबाट नखसेको अथवा भेटनाबाट न चुँडिएको पात हुन्छ, हावाले उडे पछि बतासमा उडेको पतिङ्गर हुन्छ। पात+इङ्गर=पतिङ्गर भएको हो। प्रायः हरियो र रुखबाट नखसेको पात भयो। भेटनाबाट चुँडिएको, बतासमा उडेको पतिङ्गर भयो। ई पाँच शब्दमा प्रत्यय इङ्गर लागेको छ।

बिराटनगर, तुलसी निबास
२०३१।२।३२

सिद्धिचरण श्रेष्ठ : उनीहरूको अनि मेरो !

—गणेश बहादुर प्रसाईं

धर्साङ्गबाट फर्कंदा म जुन मोटरमा चढें, त्यही मोटरमा काठमाण्डौका तीन जना भद्रजन पनि परेछन। परिचय गरा गरको झंझट गरिएन। मोटरमा अरु यात्री पनि थिए। तिनको च्याउँ-च्याउँ र क्याउँ-क्याउँ गिद्धे सम्मनै कायम रह्यो— क्रमशः खिइँदै-खिइँदै गएर शेष मौन थिए- रह्यां गिद्धे पहराको कुइनेटो काटि सक्दा अरुले च्याउँ च्याउँ बिसाए। अब ती तीनजना भद्रजनको पालो आएछ। च्याउँ च्याउँ प्रारम्भ भयो। धेर जसो ती नेवारीमा बोल्थे, बेला-बेला नेपालीमा पनि चर्कन्थे। हामी सबै मौन थियौं। बाद-विवाद गर्न उनीहरू पूर्ण स्वतन्त्र थिए।

कुराले धेरै मोड काट्यो, आखिरमा प्रशंसा गर्दा निन्दाको पक्ष नहेर्ने अनि निन्दा गर्दा प्रशंसा पक्ष नहेर्ने नेपाली परम्परा हुँदा, (मध्य मार्ग आफू लाग्न पनि नसक्ने र खनिएको गोरेटोमा हिँडन पनि नमाग्ने) अरु ती तिनले पनि ट्वाप्प एउटा व्यक्तित्व टिपे अनि त्यसलाई प्रशंसाको फूल वर्षाइ दिन थाले। तिनले टिपेको त्यो व्यक्तित्व माथि अधिक प्रशंसाको फूल वर्षाईदा झण्डै झण्डै त्यो छोपियो, नदेखिने र नचिन्निने भयो- यस्तै कस्तो कस्तो लाग्यो मलाई त्यसबेला तिनले त्यसरी त्यो चर्चामा पारिएको व्यक्तित्वको चाहिं नाउ परेछ- सिद्धिचरण।

तिनका वार्तालापको यस्तो निष्कर्ष निस्कियो उनीहरूका ती सिद्धिचरण धेरै फराकिलो धरातलमा फिजिएका व्यक्तित्व

हुन । राजनीतिज्ञ कूटनीतिज्ञ र रणनीतिज्ञ हुन । तिनको आकांक्षाको विशालता पनि राम्रैसँग आउको छ-एशिया, अफ्रिका र ल्याटीन अमेरिका भरिको भएर मात्र पुग्न नआउने, युरोप भरिको अझ विश्व भरिको भएर बाँच्न खोज्ने । तिनले सम्मान पनि पर्याप्त बटुलेका रहेछन : विश्व शान्तिका पुजारी स्वम निमित्त बनेका विश्व संघका अध्यक्ष मण्डलका तो एक सदस्य रहेछन; तिनका कृति (?) चिनीयाँ, रुसी, अफ्रिकी तथा ल्याटीन अमेरिकी विश्वका असंख्य भाषामा अनुदित छन र तिनबाट पर्याप्त रायल्टी तिनलाई प्राप्त हुन्छ । तिनका भनाइबाट यस्ता निकै कुरा बटुलिए । 'जहाँ सम्मान छ त्यहाँ सुख र सम्पत्ति पनि वास माग्न आएछन भने राम्रै भयो'— यस्तो मैले सोचें ।

'सो जन्मले न कर्मले नेपाली- सानो नेपालका मानिस । उनी त्यति विशाल व्यक्तित्व बोकन समर्थ भएछन- त्यो नेपाली बाबुको भाग्य अरुको आर्जनका आधारले उनको परिवार त सम्पन्न भयो, भयो; नेपाली पनि सम्पन्न भएछ, अझ नेपाल भएछ । तिनको निष्कर्ष यस्ता निस्के । मलाई कता-कता प्रसन्नता आएर स्पर्श गरे जस्तो लाग्यो । तिनको वार्तालाप रोकिएको थिएन । ती तिनै जना राष्ट्रवादी नेपाली रहेछन अनि उनीहरुले ती सिद्धिचरणलाई राष्ट्रको घेरो भित्र मात्र राखी हेर्न पनि किन चुक्थे । उनी नेपाली : नेपाल उनको कर्मभूमि । जग नेपाल : नेपाल भरिका हुन् सक्ने उनी, व्यक्तित्वको यस पक्षलाई उद्घाटन गर्ने उद्देश्यले वार्तालापले मोड खाँदा मलाई पनि चाख लाग्यो अनि दुवै कान तिनका वार्तालापले टेक्न सकुन भनी सहर्ष बिछाई दिए उनीहरुको वार्तालाप जेटको तिव्रतामा थियो भन्दा हुन्छ किन भने त्यस बेला हामी घुमाउरा पहाडी बाटोमा मोटरको गतिमा थाकि रहेका थयौं ।

उनीहरुले भने- सिद्धिचरणको योग्यताले गर्दा श्री ५ महाराजाधिराज सरकारबाट उनलाइ राजसभाको स्थायी सदस्यमा नियुक्ति बक्सेको हो । राजकीय प्रज्ञा प्रतिष्ठानबाट पनि उनका घरमा भत्ता भरिन्छ । भएन उनी विभिन्न संगठनमा नेतृत्व पनि दिन्छन र सारै जनप्रिय पनि छन । उनको प्रतिभा विचित्रकोछ- चीनमा माओले सांस्कृतिक क्रान्तिको सुत्रपात गरे । तिनका हाम्रा काम लाग्ने पक्षलाई उनको उर्वरा मष्तिष्कले टिपेछ । तर त्यतिमै उनी सन्तुष्ट भएनन् । उनले आफ्नी एक छोरी 'यो सांस्कृतिक क्रान्तिको पर्यविक्षक बनाइ त्यहीं राखिदिएछन - त्यो पनि माओ त्से तुंग कै स्वास्नीको सहचरी तुल्याई । त्यसो र, छोरी आए पछि त्यो सम्पूर्ण टिपोटबाट निष्कर्ष निकाली त्यति र यस्तो भए वा गरे नेपाल जिउँछ' भनी सरकारमा बिन्ती गरेछन् । राष्ट्र-नायकमा त्यस बिन्तिको प्रभाव पर्दा नेपालीले गाउँ फर्क राष्ट्रिय अभियान पायौं; हजारौंले त्यहाँ काम पाए । यो अभियानको परीक्षणमा सिद्धान्ततः सिद्धिचरण श्रेष्ठको देन छ- यस्तो टोकुवा पनि तिनले गरे । म छक्क परें तर त्यो इतिहासको सम्पूर्ण पक्षसँग आफू परिचित हुन धेरै टाढा फालिएकोले असफल हुँदा तिनका कुरा यसै हुन भन्न सकिन ।

तिनका वार्तालापको तिव्र प्रभावलाई खल्बल्याई मलाई केही प्रश्न गर्ने सक सक जाग्यो र मैले सोधें- तपाईंहरुले कुरा गरि रहनु भएका यी सिद्धिचरण श्रेष्ठ हाम्रै काजी दाइ त होइनन ? मेरो प्रश्न सुनेर ती ट्वाल्ल परे, केही पनि बुझेनछन् र उल्टो प्रश्न गरे मैसंग- 'को काजी दाइ भनेको ?' मैले भनें- 'उही काजी दाइ नया- सिद्धिचरण श्रेष्ठ, नेपाली कवि ।' तिनले झन् बुझेनन् जस्तो गरे अनि मैले केही दिक्क भएर संयत स्वरमा तिनका रित्ता खोक्रा आँखा हेर्दै भनें 'तपाईंहरुद्वारा चर्चा गरिएका सिद्धिचरण

श्रेष्ठ उही 'उर्वशी' का स्रष्टा होइनन् ? कि ती व्यक्ति अर्कै कुनै हुन ?' तिनले भने-'कुन्नि वा ! त्यो त हामीलाई थाह भएन। अनि मैले उनीहरूबाट, उनीहरुले मबाट,- आँखा हटायौं। मैले आँखा चिम्लें कवि सिद्धचरण श्रेष्ठ, सदैवका मेरा, मानसमा झुल्के।

× × ×

कवि सिद्धिचरण श्रेष्ठ अनि तिनका यी पंक्ति :

पर्दावाल सुन्दर पल्लवित, वृक्ष खोपीमा कालो कोकिल,
उनको यो वियोग प्रिय कविको, कति मृदु विरह गीत रच्दो हो,

नयाँ पातले ढकमक्क ढाकिदा त्यो रुखमा त्यसै पनि छागेकं हुन्छ। उ त्यो रुखको अन्तरमा एउटा कालो प्वाल छ-खोपि। त्यो खोपिमा पस्छ कोकिल चरो अनि स्वयं त्यो कालिमामा अभेद बन्दछ- एक जीउ। त्यस बेला बोल्छ त्यो। कोकिलको यो स्वरुपको साक्षात्कार पायौं हामीले कवि सिद्धि-चरणबाट। त्यो कोकिल बोल्छ विरहमा- वियोगले पीडित स्वर, हामी गायो भन्छौं अनि त्यो वीरह स्वर मृदु लाग्छ हामीलाई, हाम्रो कानलाई अनि दिलाउँछ। सिद्धिचरणको कल्पनाको पूर्णत्व-मा यी जम्मै टिपिन्छन् अनि तिनले आंगिक एकता पाउँदा कविता पाएका छौं हामीले। फेरी हेरौं, उः ती सिद्धिचरण नै हुन् अर्को कोही होइन, त्यो कोकिल। अभद स्थितिमा उभिएकाछन् कोकिल अनि सिद्धिचरण त्यहाँ अनि त्यो पंक्तिमा कवि स्वयंछन् उभिएका साक्षात्कार भएका। यसरी कवि कर्ममा र साधनामा समर्पित व्यक्तित्व हो त्यो र हामी नेपालीले एउटा कवि पाएकाछौं- हाम्रो कोकिल, कवि सिद्धिचरण।

कवि सिद्धिचरण प्रकृति कवि- कवि प्रकृति : प्रकृति कवि हुन्छन्। सिद्धिचरणको कवि शिखर टेक्दा उनी र प्रकृति दुई

देखिएनन्; एक भएकाछन्। अभेदको त्यो स्थिति प्राप्त गर्न कवि र प्रकृति चेतनाले दुईछन् र पनि विस्तारै उक्लँदै जांदा चेतना लोप हुन्छ अनि दुई रहन्नन्; अभेद बन्दछन्। उदाहरण 'निर्झर' 'पागल' वा 'सुन्दरीजल' लिन सकिन्छ। सुन्दरीजलमा एक जीउ कवि चेतनाले छोड्दा अन्तिम खण्डमा अलग्ग उभिन्छन्, सुन्दरी जल अलग्ग। त्यो भेद सृष्टि हुन्छ मानव जगतबाट 'हलचल' 'सुख दुःख' र त्यहाँ पसि दिनाले। यो भेद स्थिति चेतनाको देन भएकोछ। 'जुनेली रातमा निर्झर 'सांझमा हिमालयको दृश्य' अनि 'प्रातः कालीन किरण कवि र प्रकृति एकाकार बन्न सकेका अरु सुन्दर प्रष्ट उदाहरण हुन्। कविको कल्पना त्यहाँबास बस्छ, उनी खुटिन्छन्।

अन्यथा कवि र प्रकृति दुई छन्–आ आफ्नो व्यक्तित्वमा। चेतनाले कवि र प्रकृति छुट्टिदा हामी देख्छौं प्रकृति कविको प्रेरणा श्रोत भइदिदोरहेछ, उनलाई प्राप्त सुखको, आह्लादको, आनन्दको केन्द्र स्थल। उनी प्रकृतिलाई आमा पाउँछन, सखी पाउँछन्; प्रेयसी पाउँछन् अनि त्यो जम्मै सुख आनन्द उनी भोग्छन् (भन्छौं यसो भन्नु पर्छ र, नत्र त्यो जम्मै हामी भोग्छौं सिद्धिचरणमा) उनी प्रकृतिबाट अलग्ग उभिन सक्तैनन्, प्रकृति उनीबाट अल-ग्ग हुन सक्तिनन्- यस्तो यिनको प्रेम छ। कविले अन्यत्र दुःख पोख्ने विश्वास गर्न सक्दैनन्; प्रकृति पनि त्यो ठाउं अन्यत्र पाउँ-दिनन्- यस्तो विश्वासले बांधिएका छन् दुई। कवि प्रकृतिको आंखामा जीवनले अर्थ पाएको देख्छन्; प्रकृति कविमा आफ्नो अस्तित्वको अर्थ पढ्छिन- यस्तो। यिनीहरुको सम्बन्धको आकर्षण छ। यी दुईको परस्परमा दृढ सम्बन्धको स्वरुप, छवि सर्वत्र बिद्य-मानछन् सिद्धिचरणका कवितामा। त्यहां प्रकृति उनीनै हुन्छिन्, सिद्धिचरण आफू नै रहन्छन्, एकका निमित्त निहुराउँदैनन्,

अर्कालाई । यसरी व्यक्तित्वको स्वतन्त्रतामा पनि यी दुई एक अर्का बाट अलग गर्न नसकिने हिसाबले मिस्सिएका, टाँस्सिएका, जोडिएकाछन्; अझ यसो भनौं ती एकाकार उभिएका छन्, अनि परस्परका पूरक पनि देखिन्छन् अन्यत्र । यी सिद्धिचरण श्रेष्ठ कवि हुन्- प्रकृतिको कवि, प्रकृतिमा ।

यी कविले मानिसका कविता लेखेका छन्- अझ धेरै लेखेका छन् । पिनले आफ्नो छोरोलाई कविता पाए अनि हामी लाई उनको छोरो चिनाउन ल्याउँदा भने- 'यो मेरो छोरो ।' हामी प्रत्येकले तर त्यहाँ आफ्नो आफ्नो छोरो देख्यौं, चिन्यौं । त्यो छोरालाई जीवनले पकाएको ज्ञान दिन त्यसरी नै ठिक्क त्यै ढंगले, सम्झाउन, बुझाउन र केही नलाग्दा हप्काउछौं नै अनि प्रत्येक छोरो पनि त्यसरी नै रोइदिन्छ आफ्ना पिताको नासमझमा । त्यस स्थितिमा आमा आइदिन्छे त्यहाँ अनि उसको अंकमाल-अमृत-कुण्डमा नुहाएर प्रत्येक छोरो त्यसरीनै ताजा बन्छ । त्यो छोरो, सँ हाम्रो यी छोरो हाँसी फूल, रोई मोती झार्ने छोरो सच्चिदानन्द परमात्मालाई डो-याएर प्रत्येक बाबुका आँखामा हिँडिरहेकैछ, हिँड्दैछ; अझ हिँडला । यो हो सिद्धचरण श्रेष्ठको अनुपम कला नेपालीमा । त्यो हामीले पाएका छौं र त्यो क्षेत्रमा अब अर्काले कलम नचोब्दा पनि भएकोछ ।

सिद्धिचरणका धेरै प्रेयसीले काव्यमा अवतीर्ण हुने अवसर पाएकाछन् । यसरी धेरै वटा देख्न पाइन्छ तिनका त्यहाँ । एउटा घटना पनि परेकोछ- रोमाञ्चको गोमा थिइन कुनै एक; सिद्धिचरण थिए कुनै अर्का- दुवै कवि । सिद्धिचरणले गोमा नाउँ लाई प्रेम गरेछन (त्यो नारीसँग भने के गरे कुन्नि !) गोमाले सिद्धिचरण नाउँसँग प्रेम गरिछन् (व्यक्ति सिद्धिचरणसंग चाहिं साक्षात्कार भयो भएन कुन्नि !) र यसरी एउटा रमाइलो कथाको

बिराट चित्र बनेर उभिएको सुन्दर कविता, नेपाली साहित्यमा अम -र कविता नेपालीले पाए- 'आओ बोमा त्यस शैल महाँ वीर कुनै पनि उठदैन जहाँ ।' यो कविता नेपाली जातीय हृदयको कसरी एक अंश हो त्यो आज चाहनेले भारतीय नेपाली समाजबाट उम्केका युवा जोडी हृदयलाई भेट्न नेपाल पस्नु पर्छ अनि नेपालकाहरूले भारतीय नेपाली समाजमा मिस्सिने युवा जोडीको हृदय भेट्न पता आउन पर्छ । त्यो विशिष्ट कथा परम्परा टुंगिएको छैन नेपाली जातिमा । त्यो परम्परा सिद्धिचरण अघि पनि थियो, तेले पनि छ ।

उनले लेखे— "सानुको आमा आएर भन्छे— 'भरे के खाने ? केही छैन ! केटाकेटो भोकै छन् ।' नुहेको टाउकी बिस्तारै उठाएर म पनि भन्छु—'के गर्ने ? मसित पैसा छैन ।' म झस्कन्छु यो सुन्दा, हामी मध्ये धेरै जसो झस्कन्छौं । त्यो वार्तालाप मेरो थियो हिजो वा आजको वा भोलि बिहानको— यस्तो लाग्छ; हाम्रो हो, हुन्छ; हामी मध्ये धेरजसोको- यस्तो पनि लाग्छ । उनी गन्गनाउँछन— "यस्तै नमिलेको रोह, आत्मासंगको द्रोह, अस्तित्वको मोह, आदि विवशत्वको बोरा बन्दी पार्दै, जीवन चलिरहेछ;" कसरी च्वाट्टै काटेर हामी बोलेछन, हैं यस्तो लाग्छ । ती पंक्तिमा खाँदिएका विचारले तर झस्कनु पनि पर्छ हामीले- आफूलाई धेरै तल पाउँदा । उनी अझ थप्छन— "मेरो आजको यत्तिको अर्थपूर्ण प्रयास, सिन्का उठाउन ब्रह्माण्ड बोक्न सक्ने शक्तिको ह्रास, यी स्वास्नी छोरा छोरीको मुखमा एक सीता भात पार्न ब्रह्माण्ड उज्यालो पार्न सक्ने मेरो आज्वल्यमान विचार खर्च भइरहेछ"— सुन्दा हाम्रो मनको बोली चो-यो कसैले र बोल्यो, या बेहोरामा आफैं बोलियो, छुट्याउन छर्लंग पर्छ एक क्षण । चेतनाले तर कविसंग छुट्याइए पछि खिन्न हुन्छौं- नेपाली

जातिको भाग्य रेखा चिनिएकोमा। सिद्धिचरण यसरी म बन्न सकेका छन, हामी बन्न सकेका छन्, हाम्रा बन्न सकेका छन्- नेपाली जातिका कवि ।

सिद्धिचरणले उनको छोरो मर्दा विश्व व्यथा लेखे। त्यसका केही अंश शारदामा प्रकाशित हुंदा देख्न पाइयो। महाकाव्यका केही अंश मात्र हुन यस्तो लाग्दथ्यो। त्यो त्यत्तिकै मात्र भएछ, पछि थाल पाइयो। अधकल्चो नरहिदिएको भए त्यो क्षेत्र पनि रित्तिन्थ्यो तर ठाउं रहेछ कुनै एक प्रतिभाशालीका निमित्त यदि उसले विश्वव्यथाका ती केही अंशलाई त्यसै उँचाइमा उभिएर छुन सक्यो भने, नत्र कुनि। उनले धेरैवटा खण्डकाव्य लेखेका छन तर अझ अप्रकाशित छन्। भानुभक्तले मागेर ल्याएका रेखाचित्रको 'राम' मै हामी नेपालीले अहिलेसम्म चित्त बुझाएका छौं; नेपाली संस्कृतिमा हुर्केका राम, जो सिद्धिचरण श्रेष्ठको छः हजार श्लोकको बालकण्डमा अवतीर्ण छन्, देख्न पाइएन। सिद्धिचरणको जीवन दर्शन व्यक्तित्वको प्रष्ट सीमा रेखा तोकिएका 'राम' बोक्न सक्तैनथे- त्यो प्रष्ट छ। कविको कल्पनाले सृष्टि गरेको व्यक्तित्वलाई ग्रहण गर्न नमान्ने त्यस युगको जनमानस हुँदा उनले त्यस्तो व्यक्ति खोज्न पर्‍यो र पाए- 'वालि।' त्यही नायकलाई उभ्याएर उनले 'वालिवध'- भाव नाटकको रचना गरे। त्यो पनि अप्रकाशित नै रहिदिंदा देख्न पाइएन। यसरी सिद्धिचरणको काव्यकलामा अवतीर्ण मानिस सम्पूर्ण देख्न नपाउँदा अन्योल परेको छ, तर उनको प्रकाशित पक्षबाट मात्र पनि उनी विशिष्ट छन्- असंदिग्ध छ।

'उर्वशी' हामीले पायौं- नेपाली साहित्यमा अभूतपूर्व, सुन्दर काव्य त्यहांका प्रत्येक शब्द, पद योजना, ध्वनि संयोजन निर्दाग सुन्दर छ। कविको कला त्यहां अवतीर्ण छ। त्यहां प्रत्येक

शब्द र पंक्ति गतिमान छ- भाव अनुकूल गति त्यहां छ, चलायमान छन्। शब्द शब्दमा त्यहां रस छ, शक्ति छ, जीवन छ। कोमल, कमनीय मादक व्यञ्जनाले त्यहां आफ्नो जम्मै कौशल देखाएको छ- यस्तो लाग्छ। जहांनिर जसरी त्यसको प्रारम्भ हुनपर्थ्यो अनि जहांनिर जसरी नटुंग्याइ हुंदैनथ्यो त्यसरीनै भएको छ- ठिक्क। अखण्ड साधनाको प्राप्ति नै कविता हो- यो स्थापना बस्न पर्छ।

'उर्वशी' कविको विचार यात्राको, त्यो लामो यात्राको, छोटो सुन्दर तर वियोगान्त कथा पनि हो। सत्यको प्राप्ति कविको जीवनको लक्ष्य थियो। सुन्दर बन्न पर्छ- सम्पूर्ण अनि त्यहां बास बस्छ सत्य, यस्तो उनको धारणा थियो। उनले त्यो सत्यलाई प्राप्त गर्न, आफूलाई सुन्दरमा परिणत गर्न, समर्पित रहे। त्यो सम्पूर्ण सुन्दरमा आफू परिणत भएँ लाग्दा उनी 'उर्वशी' पाए आफूलाई अनि 'सत्य'मा समर्पित हुन उनले पाइलो चाले एक रात- मध्यरातमा। तर यो के? उनी 'उर्वशी' तिरस्कृत गर्‍यो अर्जुनले, सत्यले। लाटा भए त्यसबेला। न रुनलाई आंशु थियो, नबोल्नलाई स्वर। उनले पराजय पाए जीवनमा- ठूलो प्रहार। उनको यो विचारको दुःखद र चरम परिणतिमा तर नेपालीले भने 'उर्वशी' स्तरको खण्डकाव्य पायो। धन्य भयौं हामी। (उनी के भए त्यो, उनै जानुन्।)

सत्य के हो?- सिद्धिचरणले यो प्रश्न पनि गरे भने मैले सुनेको वा देखेको छैन। उनले त्यसलाई पाउन जीवनभर प्रयास गरे– यो उनको कथामा सर्वत्र छलंङ्ग छ। गीताको 'यो बुद्धे परतस्तु सः' को 'सः' लाई उनले 'सत्य' माने अनि त्यो 'सत्य' प्राप्तिको यात्रा उनको जीवन भयो। त्यो सत्यलाई देखे, भेटे, साक्षात्कार पनि गरे- यस्तो लाग्छ। (हेर्नुहोस उनको कविता

'यो आवरण किन ?' तरुणीसंग मध्यरातको रमाइलो रोमाञ्च
मात्र होइन त्यो ।) सत्यलाई त्यो रोमाञ्चकारी क्षणमा साक्षा-
त्कार गरे, आवरणरहित नाङ्गो सत्यलाई । त्यहीं उनलाई तर
सीमा रेखा पनि थाह लाग्यो- अभिव्यक्तिको सीमा रेखा । सत्य
नितान्त व्यक्तिगत हुँदो रहेछ, बोधगम्द मात्र । त्यो अभिव्यक्ति-
ले देखन नसक्ने हुँदो रहेछ । अभिव्यक्तिले पक्रयो मान्दारहेछौं
हामी तर त्यो मुठीमा कैद गरिएको उज्यालो मात्र होइदिदोरहेछ
वास्तवमा । वास्तविकताको यही ज्ञान- शिखर सिद्धिचरणका
कविको अन्तिम पाइलो हो, विश्राम हो- यस्तो लाग्छ ।

यो सिद्धिचरण श्रेष्ठको आफ्नै जीवन दर्शन छ । जन्मको
परिवार र आफ्ना जीवनका साथीको प्रभावबाट प्राप्त ज्ञानलाई
प्रकृतिको सामिप्यमा रहेर कसो लगाए अनि प्रकृतिबाट उनको
जीवन दर्शनको निर्माणमा ठूलो सहयोग पाएका छन् । प्राच्य
दर्शनको गहिराइमा डुबेर मोती जम्मा गर्न क्षमता उनले हासील
गरेनन् चाहेनन- पनि । पाश्चात्य दर्शनको इयत्ता फेला पार्ने प्रयास
मा पनि लागेनन् चाहेनन् पनि । उनी नेपाली जगतमा पसे, प्रकृति-
का आडमा बसे अनि जीवनका आँधी बेहरीले झारिदै जाँदा
अरूबाट प्राप्त ज्ञान अनुभवका खारिएर उनको जीवन दर्शनले
स्वरूप पाएकोछ । सत्य सुन्दर र शिवको आकर्षणले तिनी तानिदा
अगि पाइलो चाल्न प्रेरित देखिन्छन् अनि जीवनले ग्रहण गर्दै
लैजाँदा त्यसबाट पाएको सार तत्व उनको जीवन दर्शन विन्यास
गर्न सहायक भएकाछन् । उनको यही अभाव उनलाई पाश्चात्य
साहित्य हृदयंगम गर्न सहायक बन्यो । यही अभावले उनलाई पूर्वज-
को काव्यधाराबाट मुक्त रही नयाँ काव्यधारा प्रवाहित गर्न सहयोग
पनि गऱ्यो । यही अभावका उनिई उठे आफ्नो अहंलाई स्थापना
गिर अनि स्वतः [illegible] बगिदा उनको मार्ग, अरूको झैं

झल्मलमा परेको ठानी, परिवर्तन गर्न परेन । उनको प्रारम्भ जस्तो
थियो अन्त्य पनि त्यस्तै छ- जीवनले पाउँदै लगे पौढत्वमा बाहेक ।
यही अभाव उनको सबल पक्ष बनिदिदा उनी विशिष्ट छन् ।

सिद्धिचरणमा प्राश्चात्य प्रभाव मात्र देख्ने पनि छन् । उनमा
पाश्चात्य प्रभाव छ मान्नुपर्छ,तर उनले त्यसलाई पचाएका छन् रा-
म्ररी । उनी पाश्चात्य कवि वर्डस्वर्थ, सेली वा किट्स्-संग तुलनीय
छन्, मान्नुपर्छ । उनी तर ती भन्दा बेग्लै पनि छन्, यो पनि
मान्नु पर्छ; किन भने पाश्चात्य कविभिन्न नेपाली कोखमा सिद्धि-
चरण जन्मे अनि आमाको दूधसंग एउटा जुन आध्यात्मिक धरा-
तल पनि पिउँछ त्यो पाश्चात्य कविको पहुँच र कल्पना बाहिरको
कुरो पर्छ । यसैले सिद्धिचरण अलग्ग छन् तीबाट । हिन्दी साहित्य-
को छायावादका निर्माता प्रसाद, पन्त, निराला र महादेवी वर्मा
प्राच्य दर्शनको पूर्ण परिचय र ज्ञान प्राप्त छन् अनि ती बाट पनि
सिद्धिचरण त्यसकारण भिन्न छन् । यही दृष्टिबाट विशाल भाव-
लोक भएका देवकोटा र अध्ययनले खारिएका सम पनि सिद्धि-
चरण श्रेष्ठभिन्न उभिन्छन् । प्रतिभाले तर यी गरीब थिएनन्
अनि अथक साधना गर्ने धैर्य पनि हुँदा 'देवकोटा' र 'सम' उनीसंग
धेरै धेरै हारेकाछन्- यो पनि प्रष्ट हुन्छ । वास्तवमा उनी 'श्रेष्ठ
कवि' भएकाछन् ।

सिद्धिचरण श्रेष्ठको काव्यमा शब्दको बैरो बैरो छैन ।
उनका शब्द सीमि~~त छन्~~ बढता नेपाली छन् । उनको पद रचना
सरल छ, वाग्जालले जेलिएको हुन्न । आवश्यक भन्दा बढता
गहना उनका कृतिले बटुलेको छैन । नेपाली जस्तै सादा र प्रकृत
अनुहार छ उनका काव्यको । तर त्यही सरल शब्दशैया र
पद योजनामा जम्मै लोक अटाएको पनि छ- प्रकृति, मानिस,
स्थावर, जंगम जस्तै । उनले त्यसो गर्नसके- शब्दको सुन्दर प्रयोग

गरेर शब्दलाई उसको सम्पूर्ण सामर्थ्यमा, शक्तिमा उद्घाटित गरेर। शब्द माथिको यो अधिकार त्यो पनि एक पक्षमा मात्र, पं० धरणीधर कोइराला बाहेक अर्को कविमा देखिएन। उनले छन्द समात्दा मात्रिक छन्दको बढता भरलिए तर वार्णिक, मुक्तक र अन्य उपलब्ध विधाको सुन्दर प्रयोग पनि त्यत्तिकै सफलता-पूर्वक गरेका छन। यस बाहेक गद्य कविताको सफल प्रयोगमा पनि उनी पछि छैनन्, बरू अगि छन्; भन्नु पर्छ- शृङ्गार र करुण-लाई अंगाल्ने सिद्धिचरण वास्तवमा आफ्ना युगमा अद्वितीय छन् अनि हो 'प्रेम नै सबकुरा यस जीवनीको' सार्थक भएको छ उनमा।

सिद्धिचरणलाई 'मानवता' भरिको बनाएर उभ्याउनु उनी प्रति अन्याय गर्नु हुन्छ। त्यत्ति फराकिला देवकोटा थिए, सिद्धिचरण थिएनन्। उनलाई देशभक्ति वा राष्ट्रियताका गायक कवि मान्नु पनि उनलाई अन्याय गर्नु नै हो। किनभने त्यो क्षमताको प्रदर्शन बालकृष्ण समबाट भएको छ, महानन्द सापकोटाबाट भएको छ। सिद्धिचरणले त्यो क्षेत्रमा कलम नचलाएका हुँनन्, चलाए तर उनको प्रतिभालाई त्यो सुहाएन, स्पष्ट छ। कल्पना लोकको निर्माण उनले पनि गरेका छन् (बालि बधमा त्यो खुट्याउन पर्छ, अन्यत्र रेखा चित्र छन्, संगाल्नु पर्छ) तर देवकोटा जत्रो जस्तो होइन, नेपाली जाति उठाउने क्षमताको मात्र छ। सिद्धिचरणमा ठकुस मुकुस छ, पुराना मान्यता प्रति विरोध र नेयां प्रति आकर्षण पनि छ। उनी यदाकदा विद्रोह पनि गर्छन, देखिन्छ, तर सिद्धिचरणको विद्रोह समाज एवं राज्यका कुपक्ष भत्काउने क्षमताको मात्र छ; सिङ्गै विध्वंश, सिङ्गै पुनर्निर्माण खोज्ने विद्रोह, क्रान्तिको स्तरको विद्रोह देवकोटा मात्र बोकन सक्षम छन्, सिद्धिचरण श्रेष्ठ त्यो सक्दैनन्। यसरी उनी एउटा व्यक्ति छन्; आफ्नो व्यक्तित्वमा

सिङ्गै जाति आत्मसात गरेका व्यक्ति छन। उनी त्यसकारण नेपाली जातिका कवि हुन, हाम्रा कवि हुन। प्रकृतिबाट अभिन्न विकास पाएको नेपाली जाति, स्वदेश वा विदेशमा जहां भए पनि प्रेममा बांधिएर बसेको नेपाली, टाउको भन्दा ठूलो महत्वाकांक्षा नभएको नेपाली जातिले आफ्नो स्वरुप र आत्माको परिवर्तन नपाउन्जेल अथवा आफ्नो व्यक्तित्वमा बाँचिसम्म सिद्धिचरण श्रेष्ठ हाम्रा कवि भएर हामी संग-संगै रहनेछन्- यस्तो विश्वास गर्ने पर्याप्त आधार छ।

× × × ×

मैंले आंखा उघारें। हामी पहाडी भूभागबाट मैदानमा ओर्लिसकेका रहेछौं अनि मैदानका छातीको पनि निकै भाग मिचि-सकिएछ। धेरजसो यात्रु तराईको न्यानो ओड़ेर निदाएछन्। ती तीन जना भद्रजन मध्ये दुइजना जागा रहेछन, एकजना चाहीं घुर्दै थिए। तिनको वार्तालाप थान्को लागेको बेला पर्दा मैंले सोधे- 'सिद्धिचरण श्रेष्ठ सिकुटे, अल्गा, चुच्चो अनुहार छन, हो?' तिनले परस्पर हेराहेर गरे- मेरो उत्तर दिएनन्। 'ती दौरा, सुरूवाल, कोट, टोपी, चश्मा लाएर, बाहिर निस्कन्छन, हो?' मैले प्रश्न थपें। तिनले मलाई आंखा गाड़े, तर फेरि पनि उत्तर दिने तत्परता देखाएनन्। मलाई आफ्नो भूल थाहभयो- दौरा सुरूवाल होइन' 'मयलपोस सुरूवाल' भन्नु पर्थ्यो कि क्या! 'ती मानिस बहसमा भाग लिन सक्दैनन, भाषण गर्दा थर्थर काम्छन अनि धेर बोलेकोमा पनि नेवारे जिब्रो हुन्छ, हो?' अहँ, तिनले मेरो यो प्रश्नको उत्तर पनि दिएनेन, तर्सिएका हरिणका आंखाले जस्तो टवाल्ल हेरिरहें। मैले आफ्नो निधारको पसिना पुछें! मोटर अड़ियो, मेरो ओर्लने ठाउँ आइपुगेछ अनि ओर्लें। ड्राइवर-लाई पैसा दिएं र हिड़न लागेको मोटरको पछिल्तिरबाट भने-

'भद्रजन' तपाईंहरूले मेरा एउटै प्रश्नको उत्तर पनि दिनु भएन। तपाईंहरूका ती सिद्धिचरणकै नाउँ भएको अर्को सिद्धिचरण मैले चिनेको हुँदा ती दुइ दुइ हुन वा एक- थाल पाउन इच्छा लाग्दा सोधेथें। अब मेरो अन्तिम प्रश्न छ, त्यसको चाहिं उत्तर दिनुहोस- सिद्धिचरण श्रेष्ठ भनेका नेपाल रोयल एकेडेमीका सदस्य थिए,हो ?' त्यसै बेला मोटर हिंड्यो, मुखभरी धुलो आयो अनि त्यही धुलो- लाई चिरेर तिनको स्वर आयो- 'हो हो दाइ ! हो हो, मानिस उही हो।' मैले तिनको अनुहार देख्न पाइन, धुलो हट्दा त्यो मोटर नदेखिने ठाउँमा पसिसकेको थियो।

म आफ्नो कोठामा आइपुगें र लुगा फालेर ओछ्यानमा ढलें। मेरा आँखाभरी सिद्धिचरण थिए। हेर्दा हेर्दै त्यो सिद्धि- चरण देखिए आंसुको पोखरीमा परिणत भएको सिद्धिचरण। झण्डै आठ नौ वर्ष भयो हो। म काठमाण्डौ गएको थिएँ- सिद्धिचरण श्रेष्ठकै घरमा बस्ने निर्णय लिएर। उनलाई पूर्व सूचना दिइएको थिएन। म उनको घरमा पुगें- उनी बाहिर गएका रहेछन। घाम गैसक्न लागेका थिए- पहेंला भैसकेका। त्यहीं बस्ने अठोट हराएन र ढुक्कै रहें। मध्य साँझमा उनको घरको बैठकको झ्यालबाट घर-परबाट लुम्रङ लुम्रङ कोही आएको देखें आफैंतिर- ढल्पल, ढल्पल देह। आंखा गाडेर हेर्दा सिद्धिचरणनै हो लाग्यो अनि एक्कासी अङ्कमाल गरेर छक्क पारिदिउँ लाग्दा ढिडीको बाहिरी ढोकाको आड लिई कुरें। उनी आइपुग्दा त्यसै गरें पनि। तर यो के ? उनी त चैतन्य हराएका तातो लाश पो रहेछन। यस्तो लाग्यो। अनि भरदिएर माथि गैठकमा ल्याएँ। हेर्छु अनुहार ज्योतिहीन छ, आँखा रातो रातो छ अनि शरीर एकदमै लाटो छ।' हो न हो, अर्को विश्व व्यथा त्यै तहको कुनै प्रहार आईप-यो कवि माथि'- मैले कल्पना गरें अनि त्रासले गाँजिएछु म। केही

क्षणमा बुद्धि फर्क्यो र मैले साहस गरेर सोधें- भन्नुहोस् कावी दाइ ! के भयो तपाईंलाई ? के आई प-यो ?' अनि फेरि झक्झ- क्याएँ उनलाई। बल्ल आँसु खुल्यो उनको र बोले- तिम्रो सिद्धि- चरण छैन अब ! त्यो म-यो, प्रसाईं ! त्यो म-यो। 'के भो भन्नु होस्न के भो ? अत्यास बढ्यो, उनलाई चेतनामा उम्काउने पूर्ण प्रयत्न गर्दै भनें। बल्ल बल्ल उनले भने- 'मेरा अनिच्छामा मनपरी लेख्न र बोल्न लगाए मलाई, आज।' अनि उनी सम्पूर्ण आंशुमा पग्ले त्यहाँ, त्यस क्षण। कुरो त केही पनि रहेनछ। घप्र कोही पनि आइदिएन कोठामा र देखेन, सुनेन।' तुक्क भएँ म। 'मेरो सिद्धि- चरण यस्तो छ, उनीहरूको त्यस्तो धूर्त काम' - यसरी मैले मन मनै निर्णयको पर्खाल उभ्याएर उनीहरूकोबाट आफ्नो, मेरो सिद्धिचरणलाई छुट्याएँ।

उनीहरूको सिद्धिचरण एकान्तमा, अँध्यारा पाटामा उभि- एका बेला हात जोड्दो हो, गन्थन पोख्दो हो, आँसु काढ्दो हो, दयाको भिक्षा माग्दो हो- छांद हालेर। तर त्यो पक्ष कसैलाइ देख्न दिदैन उ। अरुका आंखामा भुल्कदां त्यो सधैं छाती फुकाएर ठाडो शिर, बहुमूल्य वस्त्रमा ढाकिएर शानसित सड़क टेक्छ। उ धूर्त छ, चलाख छ, बाठो छ। त्यसै राजनीतिज्ञ, कुटनीतिज्ञ, रणनीतिज्ञ भनिएको होइन होला त्यो ? त्यसो र त्यो तर्क पर्दा पछि सर्दैन, भाषण गर्छ होला- चम्की चम्की। उसलाई के छ र ! नेता मान्छे; उसका राष्ट्रिय आय स्रोत बनेकैछ, अन्तर्राष्ट्रिय श्रोत पनि छँदैछ। परैलाई ढुक्क छ- मेरो सिद्धिचरणले जस्तो- मात्र पैतृक सम्पतिको सीमा भित्र खुम्चिएर उसले निर्वाह हेर्नै पर्ने होइन क्यारे। उसलाई त बाहिर पनि सम्मान र सुख- घरभित्र - पनि। मुख भरि हाँसो पोतेर उ घर पस्दा द्वारमा आएर स्वागत गर्दा हुन्- उनका परिवारका सारा सदस्यले। कस्तो हाइसञ्चो

छ उसलाई। म यी दुई चरित्रलाई उभ्याएर हेर्छु। मेरो सिद्धिचरण आफूले पाएको जम्मै उज्यालो अरूलाई बाँडिदिन्थ्यो, मात्र अन्धकार लिएर फर्कन्थ्यो अनि त्यही बाँडि दिन्थ्यो आफ्ना पत्नी र छोरा छोरीलाई। अर्को सिद्धिचरण चाहिं अन्धकार जम्मै अर्कालाई दिन्छ, उज्यालो जति जम्मै सोहोरेर घर फर्कन्छ अनि त्यही उज्यालो भाग लाइ दिन्छ आफ्ना पत्नी र छोराछोरीमा। कत्ति विपरित चरित्रका छन् यी दुई ! नाउँ एउटा हुँदा पो सँ के हुँदो रहेछ र ?

मेरा कानमा शब्द बज्छन यही बेला- 'हो हो दाई ! हो, मानिस उही हो।' तीन छक्क पर्छु म। कसरी हेर्न सक्छ यस्तो कुरा हें ?' कहाँ शुद्ध-बुद्ध सोझो सिद्धिचरण मेरो, कहाँ कागको फुल चोर्न सक्ने सिद्धिचरण उनीहरूको। यी दुई, एक कदापि हुन सक्दैनन। कसरी हुन सक्लान् ? तर शंका बोल्छ, त्यस्तो होइन क्यार। संभव र असंभवको तोकिएको सीमा रेखा नै कहाँ हुन्छ र। ती दुई सिद्धिचरण दुई होइनन्, एक हुन- पक्का। 'कसरी ?' म प्रश्न गर्छु अनि शंका आफ्ना प्रमाणका जम्मै पोका खोलेर मलाई देखाइदिन्छ- एक एक गरेर। ती भद्रजनले- सिद्धिचरण श्रेष्ठका घरमा नेपाल रायल एकाडेमीबाट भत्ता. भरिन्छ, उनका कृति अन्य भाषामा अनुदित भएका छन, तिनबाट उनलाई पर्याप्त रायल्टी प्राप्त हुन्छ भनेकाबाट ती दुई एक हुन भन्ने पुष्टि पाएको छ, लाग्न लाग्यो अनि क्रमशः शंकाले विश्वासको आकृति ग्रहण गर्दै गएको देख्न लागें।

होइन त्यो हुन सक्दैन- निर्णय उभियो अनि फेरि विश्वास बिलायो। तर शंका उभिएर नयाँ कोण देखायो- शरीरले ती एक छन्, तर आत्माले ती दुई- यस्तो देख्न लागें फेरि। 'त्यहाँ षडयन्त्र छ, ठूलो षडयन्त्र छ'- यस्तो सोच्न थालें। अनि हेर्दा

हेर्दै फेरि आँसुमा परिणत भएको सिद्धिचरणलाई देखें- आँसु मात्रमा देखें। हेर्दा हेर्दै फेरि यस्तो पनि देखियो- कवि सिद्धिचरण हतार, चकित घोप्टो परेका छन्। एउटा दुरात्मा। अन्धकारको कालिमासँग एकाकार त्यहीँनिर आएर उभियो। त्यसले अनि पहिले आत्मा सिद्धिचरणलाई झिक्यो, पोको पा-यो, एकातिर राख्यो अनि उनका मानसपुत्रलाई एक-एक गरी त्यसै ग-यो अनि त्यहीँ राख्यो। त्यसपछि ती जम्मै पोका बोक्यो अनि पर कहीं एउटा खाडी, गहीरो, गहीरो गहीरो खाडीमा हुर्याई दियो- हो खाडीमा, 'टार्टासको- यत्ति गहीरो जत्ति कि पाताल।' म झसङ्ग भएँ। त्यही कालो त्यस पछि फरक्क फर्कयो अनि त्यो तातो म्यानो शरीरमा प्रवेश ग-यो, बिलायो। अनि देखियो- सिद्धिचरणको शरीर दुई खुट्टा टेकेर उभियो- पृथ्वी दह्रो टेकेर। यस्तो पनि हुन सक्दो रहेछ। यसरी नयाँ सिद्धिचरणको अस्तित्व छ नेपालीका माझमा- नकली सिद्धिचरणको ! उनीहरूको सिद्धिचरण छ राजनीतिज्ञ, कुटनीतिज्ञ, रणनीतिज्ञ।

यो दृश्य पछि कवि सिद्धिचरणको क्रिया कलाप सम्बन्धी मेरा मनमा उठेका जम्मै प्रश्नले एकै पटक समाधान पाए। अन्यथा उर्वशीलाई घामको उज्यालो देख्न दिइँदा त्यसको एक अध्याय, नेक वर्णन, त्यसबाट हटाइएको पाईयो। त्यो अध्याय नहटाइएको भए दांतेको इन्फर्नो सँग सिद्धिचरणको कल्पनालाई तुलना गर्न पाइन्थ्यो कि लागिहाल्थ्यो। त्यो अवसर दिइएन- हामी नेपालीलाई। यत्रो वर्ष बिते तर उनका कृति अन्धकारमै कोचेर राखिएकाछन- रामायण बाल काण्ड, बलिवध- भाव नाटक, ज्यानमारा शैल, जुन्किरी, त्रिपुरासुन्दरी देवी आदि आदि धेरै खण्डकाव्य। प्रश्न उठ्ये- कविका मानस पुत्र हुन तिनका कृति। सिद्धिचरणले ती जम्मै कृति किन अन्धकारमै कोचे ? किन ?

तिनलाई घामको उज्यालो देख्न दिएनन् ? तिनको हत्या गर्न ती प्रवृत्त छन लाग्छ- यस्तो किन भयो ? फेरि बल्ल ब... उज्यालो देख्न पाएको त्यो उर्वशीको अङ्ग भङ्ग गरेको ना... माइलो देखा पर्‍यो- यस्तो किन ? कुनै पिता आफ्नो सन्तानप्रति यति क्रूर, कठोर र निर्मम हुनसक्छ ? सिद्धिचरण तर त्यस्तो देखिदैछन् किन ? किन ? किन ? मलाई यी जम्मै प्रश्नको उत्तर हठात प्राप्त भए जस्तो लाग्यो— जम्मै, एकै चोटि ।

सिद्धिचरण श्रेष्ठ आज नयां व्यक्तित्व ओढेर नेपाली समाजमा उभिएका छन् र हिंडछन्- सरं सरं । कवि सिद्धिचरण कृति नेपाली पढन पाउँदैन । उनी तिनलाई रूसी, चिनियाँ, अफ्रिकी र ल्याटीन अमेरिकी भाषामा अनुदित गराएर बेच्छन, आफ्नो गोजो न्यानो पार्छन् । म सुन्छु कदि सिद्धिचरणका कुनै हितैषी, प्रशंसक व्यक्ति वा कुनै प्रकाशकले उनका कृति छाप्ने मनसाय प्रकट गर्‍यो भने अचेलका सिद्धिचरण अनुहार भरि हाँसो पोतेर स्वीकृति दिन्छन अरे, त्यो पाण्डुलिपी दिन केही समय लाग्ने कुरो जनाउँछन अरे अनि एउटा एउटा निहु पारी पछि रायल्टीमा काटने गरी सक्दो रूपैंया हात पार्ने प्रयास गर्छन अरे । पैसा खुस्काए कि उनी फुस्के । त्यसपछि उनका समक्ष त्यो प्रश्न उप्काउने अवसरनै दिन्नन रे । ठहरे राजनीतिज्ञ- कुन ठूलो कुरो भयो र त्यो ? त्यसो र मानिस मलाई सुनाउँथे यस्ता कुरा अनि भन्थे- के सम्झेका छौ त्यो मानिसलाई पहिलेको होइन त्यो द्रव्य पिशाच पो बनेको छ आजकल त ।' मलाई विरक्त लाग्थ्यो अनि मनमा प्रश्न खेल्थे- किन भयो होला त्यस्तो, मेरो कवि, मेरो सिद्धिचरण ? किन ठग्छ आफूप्रति सदभावना दर्शाउने ती निर्दोष व्यक्तिलाई ? किन वञ्चित राख्छ हामी नेपालीलाई ? त्यो काव्यको रसपान गर्ने अधिकारबाट ? किन पोस्छ

बिदेशीलाई मात्र ? यी जम्मै प्रश्नको उत्तर पनि ह्वात्तै पाएँ, यस्तो लाग्यो । मलाई दया लाग्छ, किन किन यस नयाँ सिद्धिचरण प्रति । बिचरा नकली सिद्धिचरण । कवि सिद्धिचरणका काव्य हामीलाई दिएर उ स्वयं नाङ्गो कसरी बनोस ! कवि सिद्धिचरण भएर हामी सँग उभिने आंट कसरी गरोस ! बिचरा सिद्धिचरण ! त्यो राजनीतिज्ञ होला, कुटनीतिज्ञ होला, रणनीतिज्ञ यी दृष्टिमा महान पनि होला । तर उ कवि होइन, पक्का पनि हैन । अनि त्यो कविको सम्पूर्ण व्यक्तित्वमा उभिने र आफू नाङ्गिने आँट र झाँसट उ किन गर्थ्यो ? किन गरोस ? उसले पनि कुरो गर्‍यो, गर्न सक्तैन, अर्थ बुझ्ने क्षमता राख्दैन त्यो हामीलाई दिएर आफू कसरी मूर्ख बनोस र उसले जे गरेछ, ठिकै गरेछ, । जस्तो लाग्छ ।

सिद्धिचरण श्रेष्ठ, उनीहरूको त्यो सिद्धिचरण श्रेष्ठ, मेरो सामुन्ने उभिन्छ । उसको कस्तो उज्यालो मुहुडा छ, मुस्कानले भिजेको ओठ छ । आत्माको मात्र परिवर्तन शरीरमा कत्रो परिवर्तन स्वतः आउँदो रहेछ— म प्रष्ट देख्छु । मेरो सिद्धिचरण हैन यो । यो अनुहार कठोर छ, निर्दयी छ, निर्मम अनि आँखाका पुतली धूर्त छन् । मलाई यो व्यक्ति देख्दा घीनलाग्छ, रीस उठ्छ, क्रोधोन्मत्त बन्छु म । यसको अनुहार जम्मै थाँप्लाई दिउँ रक्ताम्मे पारिदिउँ अनि चिथ्याएर यो भेद खोलि दिउँ जस्तो लाग्छ । यो अहल्याएको सतित्व लुट्न आएको इन्द्र, मेरो कविको आत्मजको आत्मा धनले पुर्ने दिनको पापी, नेपाली जातिको कविलाई अन्धकारमा कोच्ने धूर्त नेपाली जातिको साहित्य तिनबाट खोस्ने यो अपराधी— यसलाई त्यसै काँचो खाइदिउँ जस्तो लाग्छ; अनि त्यो कवि र तिनका काव्यलाई मुक्त गर्दिउँ जस्तो लाग्छ ! अनि क्रोधोन्मत्त

र दाहा किट्दै जुरुक्कै उठन खोज्छु ! तर हे ईश्वर ! भयो यो मलाई । म अर्धमुदित नयनको शंकर लामिछानेको कल्पनाको बालक पो भएछु- केही गर्न नसक्ने, चलमल गर्न नसक्ने केवल हेर्न मात्र सक्ने; हो मात्र हेर्न सक्ने । सिद्धिचरण त्यहीं उभिएकै छ अनि हांसिरहेछ मलाई हेरेर । मेरो यस विद्रोहको पराजयलाई, कवि र काव्यलाई मुक्त गर्ने मेरो कामना-को पतनलाई अनि मेरा उद्देश्यका सम्पूर्ण व्यर्थतालाई उ हेरि-रहेछ, अनि हांसिरहेकैछ । म हेर्न मात्र सक्छु, मात्र हेरिरहन सक्छु । मसँग मात्र व्यर्थता छ बोल्न सक्ने होइन; अनि उ विजय मुस्कान ओढेर मस्त छ, मग्न छ आफैंमा । उ हाँस्छ, मात्र हाँसि-रहन्छ- मलाई खिज्याएर, गिज्याएर, उपहास गरेर । ★

कुरा र भाषण भन्दा
काम र माम चाहिएक छ ।

—श्री ५ वीरेन्द्र

श्री ५ त्रीभुवन एरीकाको आंखाबाट
देवकुमारी

श्री ५ त्रिभुवन, एरिकाको आँखाबाट

—देवकुमारी थापा

सात सालको क्रान्तिको आठ-नौ वर्ष पछिको कुरो, बौद्धिक वर्गमा एउटा पुस्तकको निकै चर्चा हुन थाल्यो । त्यसको आलो-चना, समालोचना सुनेपछि म पनि त्यो पुस्तक पढ्न बसें-लेखिका रहिछन् एउटी विदेशी महीला नाउँ, एरिका ल्याच्टाग । त्यस बेला सम्म मैंले तिनको कृति पढ्ने सौभाग्य पाएकी थिइन पछि थाह पाएँ तिनी जर्मनीमा जन्मेकी तर हिट्लर र नात्सीवादको उदय पछि बेलायत बसाई सरेकी रहिछन । पेशाले तिनी "फिजियो थेरापीस्ट" शरीर मिचने, लेप, मालिस वा व्यायामबाट शरीर स्वस्थ्य राखने उपचार गर्दी रहिछन् । भारतका राजा महाराजा, जमीदार, रजौटा धनी-मानी व्यक्तिहरुको तिनले उपचार गरी सकेकी रहिछन तथा यो काममा उनले प्रशस्त ख्याति पनि पाइ सकेकी रहिछन् । उनलाई नेपालबाट श्री ५ जेठी बड़ामहारानी कान्ति राज्यलक्ष्मी देवी शाहको उपचार गर्नको निम्ति काठमाण्डौ बोलाइएको थियो र उही उनले पारस पत्थरको स्पर्शमा स्वर्ण भए जस्तो नारीको अन्तरको प्रेम, माया, ममता स्नेहको मुहान निकाल्छिन् र एउटा पुस्तकको जन्म हुन्छ "With a king in the clouds" पुस्तक शीर्षक नै मलाई काव्य जस्तो लाग्यो । स्व० लक्ष्मीप्रसाद देवकोटाले पाठ गरेको "बादल माथि ...." कविता सम्झें र यस्तै अरु मीठा मिठा कुरासंम्झें । यस्तै सम्झनाहरु मुटु भरी बोकेर तर बौद्धिकताको

गाह्रो भारी भरसेलामा राखेर पुस्तकमा मानवीय पक्ष नै लागेँ। भूमिकाका प्रथम पंक्तिमा एरिका लेख्छिन्- "आठ अधि राजदरवार भित्र बांधेको बाचाको परिणाम यो पुस्तक ...." आदि। मलाई कुनै संगीतको "सिम्फोनी" जस्तो लाग्यो। शारीरिक दृष्टिले विशेष आकर्षण न भएकी जीवनको बसन्त पनि नाघि सकेकी एरिका हिंड़ाई र थकाईले थलान्त भएर काठमाण्डौ पुग्छिन्। उनलाई सरकारी पाहुना घरमा राखिन्छ। अर्को दिन श्री ३ को दर्शनभेट गर्न उनलाई सिंह दरवार लगिन्छ। श्री ३ मोहन शमशेरको ठाट-बाट दरवार देखेर उनी छक्क परेर आफ्नो अगुवालाई सोध्छिन—"प्रधान मंत्रीको बंगला त यस्तो छ भने झन स्वयम् महाराजको दरवार कस्तो होला नि ?" अगुवा मुस्कुराउंछन् मात्र, जवाफ दिदैनन्। त्यस पछि उनलाई श्री ५ जेठी बड़ा महारानी सरकारको उपचार गर्न नारायण हिटी दरवार लगिन्छ। कस्तो आश्चर्य, राजमहल त प्रधान मंत्रीको बंगला जति भव्य छैन। नारायण हिटी दरवारमा श्री ५ त्रिभुवन, श्री ५ बड़ामहारानी द्वय र श्री ५ अधिराजकुमारीहरुबाट उनलाई दर्शन भेट दिइ बक्सिन्छ। एरिका लेख्छिन्-अत्यन्त सुन्दर व्यक्तित्व भएका महाराजाधिराजका ठुल्ठुला आँखामा वेदनाका छालहरु उर्लिएको स्पष्ट देखें राजपरिवारका अरु सदस्यहरुका नौनी जस्ता मुहारमा पनि त्यस्तै नैराश्यका छाया देखेर मलाई साह्रै नरमाइलो लाग्यो।

श्री ३ ले त्यस बेला सम्म कुनै विदेशीलाई एकलै श्री ५ को दर्शन भेट गर्ने अनुमती दिएका थिएनन्। एरिकाले मात्र यो सुअवसर पाएकी थिइन्। त्यसकारण एरिका श्री ३ को पोल्याङ्डी पनि हुन सक्छिन्-भनेर नारायणहिटी दरवारमा उनैले रोक्नु स्वभाविक थियो। औपचारिकता पछि उनलाई श्री ५ बड़ा जेठी

महारानी सरकारको उपचार गर्ने कक्ष देखाइन्छ। उनले उपचारलाई चाहिने थोकहरुका लिस्ट जाहेर गर्छिन्। त्यस पछि श्री ५ त्रिभुवनबाट बड़ो शिष्टाचारपूर्वक आफ्नो सुनको बट्टा खोलेर एरिकालाई सिगरेट बक्सिन्छ। एरिका लेख्छिन्- "श्री ५ का सुन्दर कोमल हातका औंलाहरु नृत्यमुद्रामा जस्तो चल्छ" उनी गद्गद् हुन्छिन्। कस्तो राजा ! उनी जस्ती साधरण वेतन भोगी आफ्नै कर्मचारी तथा श्री ३ ले खटाएकी, शायद चियो चर्चा गरेर पोल हाल्न खटिएकी, त्यस्तीलाई पनि त्यस्तो निगाह बक्सेर श्री ५ त्रिभुवनले आफ्ना अनेक महत्ताहरुमा अर्को महत्ता थपि बक्सियो। त्यस ताकाको नेपाल जहाँ मनुष्यता पद् पद् को फोटले टुक्र्याइएको थियो, त्यस्तो समयमा त्यस्तो शिष्टाचार पालन गर्न सक्ने नरेश अत्यन्त सुसंस्कृत नभइ सम्भव थिएन।

त्यस पछि एरिका दिन्हौं श्री ५ बडामहारानीको सेवा गर्न नारायणहिटी दरवार जान्छिन्। श्री ५ त्रिभुवन उनी सित पाश्चात्य नृत्य सिकी बक्सिन्छ। एरिका धेरै कुरा देख्छिन्, गम्छिन र बुझ्छिन्। उनको हृदय करुणाले छट्पटाउंछ, केहीगर्न चाहन्छिन् तर अझ उनले विश्वास आर्जन गर्न सकेकी थिइनन् तर दया र कृपा भने यथेष्ट पाएकी थिइन्। यस्तो विकट परिस्थितिमा बांच्न परे पनि श्री ५ त्रिभुवनको सन्तुलित व्यवहार, मधुरो बोली देखेर मौसूफले आफैलाई ठूलो अनुशासनमा राखी बक्सेको कुरा उनले बुझ्छिन् जति कुरा बुझ्थिन् उति उनलाई श्री ५ प्रति आक्रोस हुन्थ्यो। एक दिन एरिकाले टुंडिखेलमा हात्तीमाथि चड़ेर सैर गरिगरेका पुतली जस्ता बच्चाहरू देखिन्। तिनीहरु श्री ३ का नाति-पनाती थिए। अधिराजकुमारी ३ वर्षकी केतकीलाई पनि त्यसरी नै सिंगारि दिने इच्छा हुन्छ एरिकालाई र यो कुरो उनले श्री ५ त्रिभुवनमा जाहेर गर्छिन्। श्री ५ बाट

पाश्चात्य फाकको नक्शा कोरी दिने हुकुम हुन्छ र एरिका ... लगाउने पाश्चात्य फाकको नमूना कोरेर मौसूकमा टक्र्याउँ... भोलिपल्ट राज दरवार जाँदा एरिकाले देखिन्- श्री ५ अधि... कुमारी केतकी पाश्चात्य फाकमा उभिवक्सिएको— छोटो ... बाहुला, कलर र स्मोक मुजा भएको पाश्चात्य नमूनाको ... पश्चिमको सुचिकारले सिए जस्तो—मौसूफको रुचि र ... देखेर उनी छक्क पर्छिन्।

एकदिन एरिकाले सिंह दरवारबाट हुकुम पाउँछिन्- नारायणहिटी दरवारमा उनले गरेका सबै कामको रिपोट श्री ... मा पठाउनु भनेर। एरिका अत्यन्त अपमानित अनुभव गर्छिन्। जसलाई उनले देवता लाई जस्तै पुजेको थिइन् उनैको पोल हाले। दुखित भएर उनले यो कुरा श्री ५ मा जाहेर गर्छिन्- श्री ५ बाट केही हुकुम हुँदैन। मात्र एरिकाको हात थपथपाई बक्सिन्छ। कस्तो सहन शक्ति उनी आश्चर्यचकित हुन्छिन्। विस्तारै एरिका राजपरिवारकी विश्वासपात्री हुन्छिन्। चैत्र- मसान्त तिरको कुरो, राजदरवारमा उत्सव थियो। भोज पछि श्री ५ बड़ा- महारानी द्वय र तिनै जना अधिराजकुमारीहरुबाट एरिकालाई उपहारहरु बक्सिन्छ। अँगालो भरी उपहार बोकेर एरिका डेरामा फर्किन लागेकी थिइन् ढोकामा श्री ५ त्रिभुवन बाट उनलाई अर्को उपहार थपि वक्सिन्छ - रंगी-चंगी इन्द्र धनुष जस्तो फिताहरुले बाँधेको उपहारको एक छेउमा कारनेशन फूलको ठुलो थुँगो घुसारेको थियो। कृतज्ञताले एरिकाका आँखा रसाउछन् —दुवै हात जोरेर उनी भन्छिन्, "धेरै धेरै अभिवादन सरकार !" तर मौसूफको मुहारमा सधैं जस्तो गाम्भीर्य। ... बरु प्रफुल्लता झल्कन्थ्यो त्यहाँ। उनी छक्क पर्छिन्। डेरामा पुगे पछि उनले कारनेसन फूलको थुंगो फूलदानमा राखिन् र

उपहारको फिता फुकाउंन थालिन्। जति फुकाउंथिन् उतिरंगी चंगी कागजका पत्रैं पत्र निस्कियो। पुछारमा सेतो कागतमा मौसूफको हस्ताक्षरमा लेखिएको थियो April the 1st, you Little fool (पहिलो अप्रेल हो हुस्सु) एरिका हाँसिन्। त्यो दिन अप्रेलको पहिला दिन भनेर उनलाई थाह भएन। पाश्चात्य देशमा त्यो दिन आफना मान्छेलाई मुर्ख बनाएर ठट्टा गर्ने चलन छ। स्वदेश र देशबन्धुदेखि टाढ़ा एकली एरिकालाई नियास्रो न लागोस भनेर मौसुफले एरिकालाई "अप्रेल फूल" बनाई बक्सियो। त्यति समवेदना त्यही मानवीय आन्तरिकता सबैमा हुन सके यो पृथ्वी स्वंग बन्ने थियो !

मौसूफ स्वाध्याय पनि बड़ो निष्ठासाथ गरी बक्सिन्थ्यो। राणाशाहीको आँखा छलेर इतिहास भूगोलका पुस्तकहरू तथा मानचित्र ल्याइ बक्सेको थियो तथा एरिकालाई पनि उनले डुलेका ठाउंहरुको विषयमा सोधि बक्सन्थ्यो। एरिका लेख्छिन श्री ५ त्रिभुवन स्वाभाविक कलाकार होइबक्सन्थ्यो। फोटो लिन मात्र होइन त्यसलाई धुन वा डेभिलोप गर्नमा पनि प्रवीण होइ बक्सन्थ्यो। विजुलीका कलपूर्जाहरु, मोटरगाड़ीका पूर्जाहरु झिकेर फेरि जड़ान गरिवक्सन्थ्यो। पाश्चात्य संगीतका धुनहरू सुनिबक्से पनि मौसुफको रुचि शास्त्रीय संगीतमा थियो तथा यस्तो संगीतका रागहरू मौसुफ गुनगुनाई बक्सिन्थ्यो।

एरिका लेख्छिन- मौसूफको म प्रतिको विश्वास एक्कासी कमलको पत्रदल फर्किए जस्तै स्पष्ट हुन्छ। त्यस पछि मौसूफले एरिकालाई धेरैं गुप्त कुराहरू भनि बक्सिन्छ तथा एरिकाले पनि त्यस ताकाका भारतीय राजदूतहरू संग - भेटी मौसूफको स्वतंत्र हुने इच्छा जनाउछिन् र पछि मौसूफ र दुतावासको चिट्ठी ओहोर दोहोर गर्छिन्।

एरिकाको नेपाल छोड्ने दिन नजिक आउँछ। उनी दुखित मनले नारायणहिटी दरबार जान्छिन्। मौसूफबाट उनको हातमा सुनको सांचो बक्सिन्छ र उनलाई पाखुरामा समाती दरबार भित्रको नव-निर्मित भवन अघि बढ्न हुकुम बक्सिन्छ। भवनको ढोकामा लेखिएको थियो - "एरिका डान्स हल"। उनले ढोका उघारिन, भित्र नृत्यका सबै साजहरू सजाएर राखिएका थिए माझमा नृत्य गर्ने चिल्लो भुंइ थियो। एरिकाको भक्कानो छुट्छ उनी निहुरिएर श्री ५ को गोडामा ढोग दिन्छिन्। बडामहारानी सरकार द्वय र अधिराजकुमारीहरू रसाएका आँखाले मुस्कुराई बक्सिन्छ। अपूर्व क्षण थियो त्यो। हीरा मोती सुन चांदी वा धन दौलतले होइन तर आफूलाई अत्यन्त श्रद्धा गर्ने नारीलाई उहाँले नृत्य भवनको समर्पण गरेर आफ्नु उदारता प्रगट गरि बक्सियो।

यसबाट मौसूफको सुसंस्कृत व्यक्तित्वको ज्वलन्त उदाहरण पाउंछौ। जाल झेल, दाउपेचको घेराभित्र जीवन भरी बस्नु परे पनि श्री ५ ले आफ्नो भावना र विचारलाई चोखो राखिबक्स्यो - त्यस्को निम्ति ठूलो आत्मशक्ति चाहिन्छ।

त्यसपछि एरिकाले नेपाल छोड्छिन। श्री ५ को जम्मै पत्रहरू खोलिने हुनाले पत्रहरू कहाँ कस्को ठेगानामा पठाउने कुराको निधो हुन्छ। श्री ५ बाट एरिकालाई पत्रको निम्ति गुप्त 'कोड' अक्षरहरूको लिस्ट बक्सिन्छ। प्रधान मंत्रीको निम्ति- सांप, राजदूतको निम्ति- चरो, चिट्ठीको निम्ति-फूल आदि। यसबाट प्रमाणित हुन्छ श्री ५ ले घेराभित्र बसे पनि आफुलाई कति शिक्षित तुल्याउ बक्सेको रहेछ! एरिका फर्के पछि चिट्ठी पत्र ओहोर दोहोर हुन्छ क्रान्तिको फिलुंगो चम्किन थाल्छ र एकदिन नेपाल र नेपाली राणाशाहीबाट मुक्त हुन्छन् त्यसबेला एरिका बेलायतमा हुन्छिन्।

क्रान्ति पछिको व्यस्तता पनि श्री ५ त्रिभुवनले एरिका-लाई "काम स-यो भाँडो आफल तेरो ठाँडो" गरिबक्सेन। एरिका-को स्पेनियल कुकुर पीसचेन मरेको समाचार सुनेर समवेदना प्रगट गरिबक्सियो। एउटी कुकुरनीको मृत्युलाई पनि त्यत्रो महत्व दिने मानवीय हृदय कति दुर्लभ हुन्छ यो संसारमा !

श्री ५ को स्वंगारोहणको समाचार सुनेर एरिका मर्माहत हुन्छिन। छट्पटाउँछिन्। अन्तमा सहन नसकेर उनले जुरिकको अस्पतालको डाक्टरलाई श्री ५ त्रिभुवनका अन्तिम क्षणका विषयमा सोधेर पत्र लेख्छिन्। प्रोफेसर ल्याफलरले पनि छट्टु जवाफ दिन्छन् मौसूफलाई अन्तिम क्षणमा उति कष्ट न भए पनि मृत्युसंग सचेत बुझिन्थ्यो। मौसूफले अस्पतालका सिस्टरहरूलाई दिने पिच्छे सोधिबक्सन्थ्यो, "आज मैले मर्नु पर्ने हो ?" मौसूफबाट नेपालको क्रान्तिलाई जुन धैर्यतासाथ स्वीकारि पर्खी बक्सियो, मृत्युलाई पनि त्यस्तै संयमसंग बक्स्यो। अत्यन्त कटु परिस्थितिमा बांच्नु पर्दा पनि बोलीमा तिक्तता, व्यवहारमा शुष्कता आउन पाएन - मृत्युलाई पर्खंदा पनि त्रास आउन पाएन - कस्तो संयम।

यसरी एउटी विदेशी महिलाको कलमबाट श्री ५ त्रिभुवनका मानवीय गुणहरू पूर्णको जुन जस्तो शीतल र सुन्दर प्रकाशित भएको छैन।

'उद्देश्य नै प्रशस्त हुँदैन, केही गर्नु पनि पर्छ।'
—गेटे

अनुशासन

—मोहन प्रसाद खिलाकोटी

मानिस एक सामाजिक प्राणी हो। प्राणीहरूमा पनि मानव श्रेष्ठ प्राणी हो। समाजदेखि अलग्ग रहेर मानिस मात्रले सामाजिक जीवन यापन गर्न सक्तैनन्। सभ्य र सुसंस्कृत कहलिनको लागि प्रत्येक मानिस समाज भित्र रहनु अति आवश्यक छ। फेरि त्यो समाजमा मानव मात्रको हित र सुव्यवस्थाकोलागि सामाजिक नियमहरू पनि हुन्छन्। ती नियमहरूलाई पालन गर्नु त्यो समाजको मुख्य उद्देश्य हुन्छ। समाज सञ्चालनको गतिमा देखा परेका मानव जीवनोपयोगी महत्वपूर्ण नियमहरूलाई अर्को शब्दमा अनुशासन भन्दछन् (भनिन्छ)। यस्ता अनुशासन सम्बन्धी नियमहरू युग-युगसम्म एकै किसिमले चलिरहनको साटो मानव आवश्यकताका र गतिशील युगको साथ-साथै बदलिने गर्दछन्। तर अघिल्लोको सट्टामा आएका पछिल्लो नियमहरू निश्चयनै परिस्कृत र परिमार्जित हुन्छन्; युग सापेक्ष हुन्छन्।

अनुशासनहीन समाजको उन्नति हुँदैन। बिना अनुशासनको समाज वेश्याहरूले बिगारेको घर-परिवार झैं बिग्रँदै [illegible] कोढका विषाक्त किटाणुहरूद्वारा ग्रसित हुँदै जान्छ। फेरि अनुशासनहीन समाजले अनुशासित समाजबाट कहिल्यै पनि सहायता पाउँदैन। कदम-कदाचित अनुशासित समाजले अनुशासनहीन समाजलाई सहयोग गरिहालेछ भने त्यो सहयोग गर्न आउने

समाजले अनुशासनहीन समाजले ओकलेका राल-सिंगानमा पर्नु पर्छ नै। कारण अनुशासनहीन समाजमा रहेका नागरिकहरू मुखले भने पुराना नैतिक नियमहरूको फलाको हाल्छन्, कामले भने पतित भन्दा पतित समाजका नागरिकहरूले गर्ने भन्दा घृणित काम गरी हिंड्छन्। त्यसो हुँदा त्यस्ता अनुशासनहीन समाजमा रहने व्यक्तिहरू बिस्तार-बिस्तार अनुशासित समाजमा रहने व्यक्तिहरू भन्दा तल-तल गिर्छन्। त्यस्तै एक अनुशासन नरहने व्यक्तिले पनि अनुशासित व्यक्तिबाट पाउने सहायता पाउँदैन। हुँदा-हुँदै ऊ समाजमा निर्दोल, कामचोर, कुमार्गी आदि हुँदै पतन हुन्छ।

त्यसकारण जिउँदो भएर बाँच्नकोलागि समाजमा रहेका प्रत्येक व्यक्तिहरूमा अनुशासन हुनुपर्छ। सर्वप्रथम आमा-बाबुद्वारा घरमा नानीहरूले अनुशासनको ज्ञान पाउँछन्। आमा-बाबुले आफ्ना छोरा-छोरीहरूलाई राम्रो वातावरणमा ढाल्न सकेमा उनीहरू राम्रा हुने र नराम्रो वातावरणमा ढालेमा उनीहरू नराम्रा हुने कुरो स्पष्ट छ। फेरि बालक-बालिकाहरू घरमा जन्म लिएर घरैको रहन-सहन रीति थीति खान पिन आदि घरैको माता-पिताद्वारा सिक्छन् कारण उनीहरूको स्वभावै अर्काको अनुकरण गर्ने हुन्छ। विशेष गरेर उनीहरू खेल्न चाहन्छन्; किनकि उनीहरूमा रचनात्मक ज्ञानको वृद्धि गराउनु आवश्यक हुन्छ। त्यसकारण उनीहरूले खेल्न खोजे भनेर उनीहरूलाई कुनै प्रकारका दण्ड दिनु हुँदैन। बरु उनीहरूका इच्छाहरू थाहा पाएर राम्रालाई प्रोत्साहन दिंदै लानु पर्छ। उनीहरूलाई घरमा रहँदा सफा भइ बस्न, जुत्ता-फाटा धुने तरिका, घरको सफाई, बागवानीका काम, साधारण खेतीपातीका काम र पठन-पाठनका नियमित तरिकाहरू आदिसँग परिचित गराउनु पर्छ। यी सब

कुराहरु ख्याल राख्ने परिवार हुनु प-यो। यी कुराहरुको लागि घरका आमा-बाबु वा अभिवाहकहरू अनुशासित हुनुपर्छ। अनुशासनहीन परिवारमा जन्मेका देशका होनहार बालक-बालिकाहरू निश्क्रिय भएर जान्छन। अनुशासित परिवार र अनुशासनहीन परिवार दुवैमा जन्मेका बालक-बालिकाहरूको प्रतिक्रिया क्रमशः परिवार, गाउँ, जिल्ला हुँदै राष्ट्रमा पर्न जान्छ। फरक के छ भने— पहिलोको राम्रो र दोस्रोको नराम्रो प्रतिक्रिया हुन्छ।

अब अनुशासनलाई लिएर हामी विद्यालयलाई हेरौं। राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुसार सम्पूर्ण स्कूल परिवार तथा विद्यालयको जिम्मेवारी प्रधान अध्यापकले लिएको हुन्छ। यस्तो पवित्र संस्थाको जिम्मेवारी लिने प्रधान अध्यापक कर्तव्य परायण, कर्तव्यनिष्ठ, सहनशील, स्कूल परिवार सँग मिल्न सक्ने तथा अनुशासित हुनु अतिआवश्यक छ। मेरो १५।१६ वर्षको लामो शिक्षण संस्थासंगको सम्पर्क र अनुभवले स्कूल सुचारू रूपले सन्चालनमा प्रधान अध्यापक नियमित र पहिले आफू आफैं अनुशासित हुनु पर्छ भन्ने कुरो थाहा पाएको छु। कारण अनुशासनहीन र अनियमित व्यक्तिबाट संसारका कुनै संघ-संस्थाहरू पनि विकासको गतिलाई बुझेर चल्न सक्तैनन्। यस कुरामा हाम्रा प्रधान अध्यापकहरूले अझ गहिरिएर, अझ अध्ययनशील भएर, अझ निश्पक्ष भएर कार्य गर्नु आवश्यक छ। निष्पक्ष, अनुशासित र विवेकी प्रधान अध्यापक छ भने मात्र (स्टाफका) सम्बन्धित स्कूलमा अध्यापन कार्य गर्ने शिक्षक-शिक्षिकाहरू र प्रधान अध्यापकको बीचमा आपसी सद्‌भावना, प्रेम, श्रद्धा र सहयोगको भावना जागृत भएको हुन्छ। फेरि शिक्षण संस्थामा अध्यापन कार्य गर्ने गुरु वा गुरुमाहरूमा पनि अनुशासनहरूको

ठूलो हात हुन्छ। स्पष्ट भन्ने हो भने अनुशासनहीन कुनै पनि शिक्षक तथा शिक्षिकाहरूलाई शिक्षण संस्थामा रहन दिनु जघन्य अपराध हो, भावि कर्णधारहरू उपर गरिएको वज्र प्रहार हो। विद्यालय एक पवित्र संस्था हो, यहाँ काम कुनै पनि व्यक्तिहरूले विद्यार्थीवर्गमा नराम्रो असर पर्न जाने वाद-विवादहरूको सृष्टि गर्नु हुँदैन। वरु उनीहरुले आफू सुनियोजित, अनुशासित भएर आफू उदाहरण बन्नु आवश्यक छ। फेरि देश निर्माण कर्ता शिक्षक-शिक्षिकाहरूलाई भनिन्छ- कसैको गुटबन्दीमा लागेर नराम्रा विचारहरू उत्पन्न गराएर स्कूल जस्तो पवित्र संस्था र भोलिका देशका कर्मीहरू आजका विद्यार्थीहरूलाई समेत बिगार्ने काम अनुशासित शिक्षक-शिक्षिकाबाट हुँदैनन्। त्यस्ता काम त अनुशासनहीन, गैरजिम्मेवार उच्छृङ्खल नागरीकहरूबाट मात्र हुन्छन्।

अब हामी विद्यार्थीवर्ग पट्टि जाउँ। विद्यालय एक सामाजिक अध्ययनशाला हो। यहां समाजका प्रायः जसो बालक-बालिकाहरू पढ्न आएका हुन्छन्। यहां धनी, गरीब आदि वर्गका बालक-बालिकाहरु हुन्छन्। यहाँ सबै एकै परिवारका छोरा-छोरी जस्ता हुन्छन्। यहां कुनै किसिमको भेद भावलाई स्थान दिएको हुँदैन। शिक्षक-शिक्षिकाहरु एक परिवारका माता-पिता सरह हुन्छन्। यस्तो संस्थामा अध्ययन गर्ने बालक-बालिकाहरुमा विभिन्न चरित्र र गुणहरु पाइनु स्वाभाविकै हो। ठूलो संस्थामा भेला भएका विद्यार्थीहरुमा कोही तीव्र बुद्धि भएका त कोही मन्द बुद्धि भएका हुन्छन्। फेरि कुनै पढाईमा ज्यादा इच्छा राख्ने कुनै खेलवाड़मा त कुनै नाच गानमा, फेरि सरसफाईमा त कुनै बागबानी आदिमा इच्छा राख्ने प्रवृत्तिका हुन्छन्। शिक्षण संस्थामा सयकड़ौं विभिन्न विचार र बुद्धिले भरिएका परिवारका

विद्यार्थीहरु आएका हुन्छन् (भेला भएका हुन्छन्)। अर्को तिर वर्षेनी नयाँ-नयाँ विद्यार्थीहरु पनि थपिदै गर्छन्। यसरी शिक्षण संस्था (स्कूलमा अध्ययनको लागि भेला भएका विभिन्न विद्यार्थीहरुलाई एकै किसिमको जीवन उपयोगी अनुशासनको साँचोमा ढाल्न सक्नु स्कूलका शिक्षक शिक्षिकाहरुको कर्तव्य हो। प्रकृतिको स्वतन्त्र काखमा जन्मेका बालक-बालिकाहरूलाई प्रकृतिको सुन्दरतामा स्वतन्त्ररुपले अनुशासनको परिधि भित्र रम्न-रमाउन दिनु पर्छ। तर त्यसरी स्वतन्त्ररूपले रम्ने-रमाउने विद्यार्थीहरूलाई जीवन उपयोगी शिक्षा दिन भने बुद्धिजीवि शिक्षकहरु कहिल्यै पछि पर्नु हुँदैन। उनीहरुको रुचीलाई ध्यानमा राखेर पढाउने शिक्षक-शिक्षकाहरुले उचित शिक्षा दिनु पर्छ। विद्यार्थीहरु प्रायः एकोहोरे विचारका हुन्छन, उनीहरुलाई जस्तो साँचोमा ढाल्यो उस्तैमा ढाल्न सकिन्छ। १० वर्ष देखि मुनिका विद्यार्थीहरु होहल्लामा कुदी हिड्ने र १५।१६ वर्ष देखि माथिका अर्काको भनाईमा गुटवन्दि वनाइ हिड्ने प्रवृत्तिका हुन्छन्। तर योग्य र अनुशासित अध्यापक तथा अध्यापिकाहरुले उनीहरुलाई त्यस्तो हुन दिनु हुँदैन। उनीहरुमा प्रेम, सदभावना, नैतिकता, नियमित अनुशासन आदि गुणहरूको जागरण गराउनु पर्छ। यी सब गुणहरु वाल-वालिकाहरुमा जागरण गराउनकोलागि खालि किताबी ज्ञान र विद्यालयको चार दिवारको घेरो मात्र पर्याप्त हुँदैन। त्यसैकारण अहिलेको राष्ट्रिय शिक्षा पद्धतिको योजनामा अतिरिक्त क्रयाकलाप जस्तो महत्वपूर्ण कुरालाई पाठ्यक्रममा प्राथमिकता दिइएको छ। तर मैले के देखि रहेको छु भने कतिपय स्कूलको दैनिक कार्य तालिकामा अतिरिक्त क्रियाकलाप हेलचेक्र्याईको दृष्टिले हेरिएको छ। तर नयाँ शिक्षा योजनाग्रा महत्व दिइएको अतिरिक्त क्रिया कलापलाई विद्यालयहरुमा सुनियोजित ढंगबाट

कार्यान्वयन नगरिएको खण्डमा फेरि पनि मेकालेको शिक्षा योजनाबाट विद्यार्थीहरुमा आएको अनुशासनहीनता झैं यसमा पनि उच्छृङखलता, अनुशासनहीनता जस्ता समाज -बाधक गुणहरु विद्यार्थीहरुमा जागृत हुने सम्भावना छ। यसको सुव्यवस्था प्रधान अध्यापकहरुले स्कूलको दैनिक कार्यक्रममा शुरु देखिनै मिलाउन सक्नु पनि प्रधान अध्यापकको स्वंय अनुशासित रुपको उदाहरण हो।

स्कूलमा शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरु जब स्कूलबाट घर फर्किन्छन् तब उनीहरुको संगत समाजका व्यक्तिहरु संग हुन्छ। त्यसकारण विद्यार्थीहरु सुव्यवस्थित अनुशासन भित्र रहनको लागि समाजको ठूलो हात हुन्छ। त्यसैले माथिनै भनियो समाज अनुशासनमा रहनु अति आवश्यक छ।

आज हाम्रो देशमा देखिएका व्यक्तिहरुमा केहीमात्रामा भए पनि शाही सेनाका जवानहरुमा अनुशासन छ। उनीहरुमा केही छ भने अनुशासन छ, र नै देशमा आइ परेको बेलामा उनीहरुले आफ्नो अनुशासित जीवनबाट आफ्नो कर्त्तव्य अदा गर्दछन्। हामीले शाही सेनाबाट अनुशासन सम्बन्धी गुणहरु सिक्नु पर्छ। कारण देशका प्रत्येक नागरीकहरु सिपाही हुन्। देशमा कुनै बाहिरिया आक्रमण भयो भने आफ्नो देशको रक्षाको लागि प्रत्येक नागरीकहरुले राष्ट्र नायकको निर्देशनमा अनुशासित ढंगबाट तयार रहनु पर्छ। त्यसरी देशमा काम आइ परेको बेलामा र आफ्नो जीवनमा काम आइपरेको बेलामा तत्परताका साथ कार्य गर्न सक्ने अनुशासित गुणहरु हासिल गर्नु प्रत्येक नागरिकले अति आवश्यक छ। यस विषयमा आजका देशका नागरिकहरुमा आएको उच्छृङखलतालाई ध्यानमा राखेर बुद्धिजीवि वर्गले गहिरिएर सोच्नु आवश्यक हुन आएको छ।

विज्ञानको प्रगति-हिजो,आज र भोलि

—शुकदेव तिवारी
(बी० एस्सी०)

जति जति समय बित्दै गयो उति उति मानिसले आफू जन्मेको रहस्यमय संसारलाई पनि अचम्भले हेर्दै गए। एकथरी सूर्यलाई ईश्वर सम्झी पूजा गर्ने थिए त अर्कोथरी आतंककारी बज्र, चट्याङ्ग पार्ने दुःख दिने शत्रु हो भनी घृणा गर्ने पनि थिए। यी दुवै थरीका विचारलाई वास्तविकतामा ढाल्न चाहने पनि नभएका होइनन्।

एरिस्टोटलले (Aristotle) वास्तविकता ल्याउन निक्कै कोशिश गरे र थेर थोर मात्रामा सफल पनि भए। पेथागोरसले (Pythagoros) तार कम्पन सूत्र (Formula led the law of vibrating strings) निकाले। डेमोक्रीटसले (Democritus) अणुबाट परमाणु निस्कन्छ भन्ने विचार प्रकट गरे (conceived the idea of atom) आर्किमिडिसले (Archimedes) यान्त्रिक शक्तिको प्रारम्भिक नियम (Elementary Cors of Mecharics) बसाले। तर विज्ञानको वास्तविकता फुटाउने विशेष देन गेलिलियो (Galileo), न्यूटन (Neutan), आइन्स्टेन(Einstein) देखि लिएर बीसौं शताब्दीका प्रसिद्ध वैज्ञानिकहरुको नै छ।

हामी दुइ संसारका बीचमा छौं। हामीले हाम्रो दैनिक

जीवनमा विभिन्न आयतन र आकारका वस्तुहरू पाउँछौं। ती बाहेक सानामा यति साना छन र ठूलामा यति ठूला छन् कि जुन हेर्न हाम्रा विना सहायताका आँखालाई असम्भव हुन्छ। यसैले यिनीहरुलाई वैज्ञानिकहरुले दुइ संसारमा विभक्त गरेका छन्।

[१] Macrosm (ठूलो संसार) जसमा स्वर्गीय पिण्डहरू (सूर्य, पृथ्वी, तारा आदि) सबै पर्दछन।

[२] Microsm (सानो संसार) जसमा- एक कोशीय प्राणी जस्तै बेक्टेरिया, भाइरस आदि र अणु, परमाणु, (जसलाई हाम्रो नाङ्गो आँखाले देख्न सकिंदैन) पर्दछन्।

यी दुई संसारमा पर्ने वस्तुहरूको आयतनमा यति फरक छ कि यदि सूर्यको व्यास १३९,०००,०००,००० से० मी० छ भने एउटा हाइड्रोजन ग्यासको परमाणुको व्यास ०.०००००००-१०६ से० मी० हुन्छ। अथवा सून्य बराबर हुन्छ भने पनि हुन्छ। अझ स्पष्टरूपले भन्ने हो भने मानिसको टाउकोको आयतनको ठीक बीचमा पर्छ। भन्नुको मतलब मानिसको टाउकोको आयतन भन्दा सूर्यको आयतन जति गुणा ठूलो छ त्यति नै गुणा सानो एउटा परमाणुको आयतनको छ। यो पनि विदितै रहोस् कि सूर्य आफैं तेह्रलाख बटा पृथ्वी भेला गर्दा जति ठूलो हुन्छ त्यति नै ठूलो छ। अब तपाईंहरू आफैं कल्पना गर्नुहोस एउटा परमाणु भन्दा पृथ्वी कति गुणा ठूलो होला ?

यी दुई संसारको बीचमा रही मानिसले आफ्नो विवेकलाई चेतनशील राखी दुवै संसारको अध्ययन गर्न बाँकी राखेनन्। हाइड्रोजन-बम्, एटम-बम् जस्ता विनाशकारी हतियार देखि लिएर अन्तरिक्षमा रहेका चन्द्रमा, मंगलग्रह लगायत अरू स्वर्गीय पिण्डहरूको अध्ययन जारी नै छ। जसरी दुई राईट

ब्रदर्सले बेलुनमा उड़ी विश्वमा तहल्का मचाएका थिए, त्यसरी नै यूरी गागारिन, भ्यालेन्टिना आदिले पनि मचाएकै हुन्। झन एपोलो-११ का यात्रीहरूको चन्द्रमा विजयले त अन्तरिक्ष अनुसन्धानमा नयाँ उपाय र बल दिएको छ।

परमाणु-परमाणु मिली अणु बन्दछ। अणु-अणु मिली पदार्थ ! पदार्थ पदार्थ मिली वस्तु बन्दछ। यसैले पृथ्वी, सूर्य, ताराहरू सबै वस्तु हुन्। परमाणुलाई अझ प्रोटोन, इलेक्ट्रन, न्यूट्रनमा विभाजित गरेका छन्। यी विभाजित भागहरू यति क्रियाशील र गतिशील छन् जस्मा प्रकाशको गति (१८६,००० माइल प्रति सेकेण्ड) भन्दा बेसी छन्। परमाणुहरूको यिनै अध्ययनद्वारा विद्युत शक्ति, परमाणु शक्ति आदि शक्तिको आविष्कार भएका हुन्।

एक कोषीय प्राणीदेखि शुरू भई ह्वेल जस्ता विशाल माछाको पनि सृष्टि भयो। यी सारा चलाचल चीज अटने पृथ्वी हामीलाई अति ठूलो लाग्छ। तर यही पृथ्वी अरू ताराहरूको बीच एउटा धुलोको कण जत्रो मात्र छ। अर्थात् पृथ्वी कहाँ रहेछ भनी हेर्नलाई एउटा सूक्ष्म दर्शक यन्त्रको आवश्यकता पर्छ। हामी र हामी भन्दा साना भाईरस जस्ता प्राणी हेर्नलाई कस्तो किसिमको यन्त्र चाहिएला ? यसैले एक प्रसिद्ध फ्रेन्च गणितज्ञ लेप्लास (Leplace) ले भनेका छन् - The large is the explored area, the larger are the boundaries of the unknown. जति जान्दै गयो उति नजानिएका समस्याहरु ठेलीका ठेली थुप्रिंदै जान्छन्। यसकारण ज्ञानको अन्त छैन भन्नु अत्युक्ति हुँदैन।

हुन पनि शून्याकाशमा झुण्डिरहेका स्वर्गीय पिण्डहरुको बीचमा झुण्डिएको पृथ्वीको अध्ययन गर्न त लाखौं वर्ष लाग्यो

भने प्रति मिनेट २५ वटाको दरले गन्दा पनि एक वर्ष भन्दा बेसी समय लाग्ने ताराहरूको अध्ययनको के सीमा होला र ? त्यति बेला सम्भव हुन सक्ला जुन बेला हाम्रो पृथ्वीमा भएका वैज्ञानिकहरू भन्दा ठूला वैज्ञानिकहरू अरू ग्रहहरूमा (हाम्रो सौर मण्डलको नौ वटा ग्रहहरुमा मात्र नसम्झनु होला) भएर तिनीहरूले सारा ब्रह्माण्डमा आ-आफ्ना ग्रहहरूको खबर प्रसार गरे भने जसरी पृथ्वीको कुना कुनाको खबर पृथ्वी भरी थाह हुन्छ। मंगल ग्रहमा प्राणीको सम्भव छ। के ठेगान त्यहाँ पनि हाम्रो पृथ्वीमा जस्तै वैज्ञानिकहरू छन् कि ?

अमेरीकाले आफ्नो आधा जनसंख्या चन्द्रमा सार्न चाहे जस्तै पृथ्वीका सारा प्राणीहरूलाई सूर्यको नजिक पर्ने ग्रहमा सार्नु पर्ने स्थिति आउला कि ! सूर्य सेलाउँदै जाँदैछ। सूर्यबाट उछिट्टिएको पृथ्वी पनि सूर्य जस्तो तातो थियो। आखिरमा सूर्यमा पनि प्राणी बाँच्न थाल्ला। कारण सूर्य (तारा) को उत्पत्ति पनि सूर्य भन्दा कैयौं गुणा ठूलो र तातो विशाल बादल जस्तो निहारिका (Nebulae)बाट भएको हो भन्ने अनुमान छ। आकाशमा देखिएका अनगन्ति ताराहरूको मूल पनि त्यही नै हो भन्ने भनाई छ।

"अनुशासन मानिस मात्रमा नभई नहुने गुण हो।"

—श्री ५ महेन्द्र

निजात्मक निबन्ध

महाविद्यालय जाँदा र आउँदाको एकदिनका अनेक अनुभूति

—मदन ढकाल

म हिँडिरहेछु, एक तमासले। बाटो भरी दोहोरीलत्ता मानिस; मोटर, रिक्सा र साइकलको खल्याङ-मल्याङ,प्वाँक प्वाँक, टिक टिक, क्रिरिङ्ग क्रिरिङ्ग र गान गुनले मेरो मथिङ्गल खल्ब-ल्याई रहेको हुन्छ।

यो फुटपाथमा म हिंडन थालेको पनि अवत दुई वर्ष पुग्न लागी सक्यो। यो बाटो मैले दिनमा दुई पल्ट हिंडनु पर्छ, कलेज जाँदा र आउँदा। एक तमासले बाटो हिंडदा पनि धेरै पल्ट अलमलिनु पर्छ 'हेल्लो ? तपाईं यहाँ ?" मैले जबाफ दिनै पर्छ 'हजुर, म शिलगढी कलेज पढदैछु र ऐले कलेज हिंडेको !' सोध्नेले कुरा तन्काउन थालेको बुझेपछि मैले पनि 'हवस त ! फस्ट पिरियड लजिक (Logic) छ एकदमै कडा विषय 'क्लास एटेन्ड नगरी हुँदैन। भेट गरौंला नि भरे तिर..... ..।' भन्न बाध्य हुनु पर्छ। सोध्ने साथी छक्क परेर उभिई रहन्छ तर म चाहिं अघि बढ्छु। कति जनालाई प्रश्नको जवाफ दिंदै हिंड्नु त ? आफूलाई चाहिं कलेज भ्याउनै हम्मे पर्छ। हिंडनु पर्ने पनि पूरै दुईमाइल छ। झन कति जना त 'हुन के भएर नेपालमा नपढेको तपाईंले ?' भनेर सोधी दिन्छन। म चाँहि वाक्कै भइसकें दुनियांको चित्त बुझाउँदा

बुझाउँदै। कहिलेकाहीं त-जिनसुकै आउं, तंलाई केको खस् खस् प यो ? भनी दिउँ झैं लाग्छ। आफ्नो मनको कुरा र विचार जो सुकैलाइ बताएर पनि त साध्य हुँदैन।

यस्तै पर्छ धेर जस्तो सोच्ने विषय पनि। बढिरहनु पर्छ अनवरत, यो अलकत्रो सडकको छातीभरी कुल्चेर। सूर्यको प्रच-ण्डताले पग्लेको सडक पनि पक्कै रोगाएकी बुढी बाख्री झैं भएको छ।

'उफ ? के यस्तो कोलाहल ? कहिल्यै नरोकिने जस्तो छ। लौ ! यो सुभुक मोडको त्रिवेणी पनि कति साह्रो भरिएको ? तीनै तिरको भीडले ट्राफिक पुलिसको सहन शक्ति पनि दुर्बल पार्न पनि लागी सक्यो क्यार ! कतिपल्ट रोकिरहनु, झन्झट लाग्दो हो विचरालाई।'

'छक्कै पर्छु, यति छिप्न मान्छे मरेको देखेर। गुरुङ्ग बस्ति मोडदेखि यहाँ आईपुगिञ्जेलसम्ममा पाँच हुल मलामी गइसके। महानन्दा घाटमा पोल्दै गरेका र पोल्न बाँकी गरेर गोडा पाँचैक पसारी राखेका थिए। उहिल्यौको जुगमा बाटो हिंडदा लाश भेटा-इयो भने साईत बनिन्थ्यो रे, तर आज ....? आज पनि त साईत बनिन्छ नि, एउटा सिङ्गै परिवारको पेट एउटा सिङ्गो मान्छेले बोकेर हिंडनु पर्दा, के साइत बनिदैंन र ? अघि पर एउटा अचम्भ सुनें 'एक छिन अगाडि एउटा लाश लिएर आएको मलामी एक घण्टा पछि आफैं लाश भईसकेको थियो रे ! यतिका मानिस दिनहुँ मरेर पनि खै त मानिस कम भएका ? मर्नु भन्दा बढता मान्छे जन्मिन्छन भने केको कम हुन्छ ?

बल्ल सुभुक मोड़को भिड़ छाटियो। घड़ी हेरेको १०.४५ भइसके छ। आमापामा ! क्लास शुरू भई सक्यो ! अंग्रेजी पढाउने बोकरका बाबु प्रोफेसर पाण्डे पनि अवत रोल नं० बोलाउन

लाग्नु भयो होला ! रोल कल हुँदा नं० १२३मा पुगेर मेरो बेञ्चतिर हांस्दै हेर्दा मलाई नदेखेर 'कि होलो मि० नेपाल के ?' भन्नु भयो होला ! हाँस उठ्छ सम्झदा पनि । नेपालबाट आएको हुनाले मि० नेपाल रे, म । हुनत दुइ वटी नेपाली बैनीहरू पनि हुनुहुन्छ, तर उहाँहरू यताकै हुनु भएकोले प्रोफेसर साहब म संग ज्यादा ठट्टा गर्नु हुन्छ । साँच्चै मजाको मानिस । हो ! हुनत यस निरस वातावरण भित्र कोही कोही त रसिला पनि हुनु पर्छ । सोचाईको शृंखलाचट्ट चुँडिन्छ- 'देगा धर्मी देगा दान ! बाबु भैया करलो दान !! धरमका राह पर करलो दान ! गौरी शंकर सीताराम !!'– को अलापले । यसो मुन्टो सोझ्याएर अगाडि हेर्छु अलिपर सड़कको पल्ला छेउमा काठको बाकसमा पाङ्ग्रा लगाएर बनाएको गाड़ीमा एउटा हात खुट्टा घाउले फतक्कै झरेको मान्छे आफ्नो क्षतःबिक्षत अंग देखाएर भगवानका नाममा दान माग्दै थियो, अर्को चाहि रोगीको स्वरमा स्वर थप्दै, त्यो रोगी बसेको चक्के बाकस पसिनाले निथ्रुक्क भिजेर तान्दै थियो । आह ! यो पनि जीवन हो । छटपटिन्छु आफैं । हरे ! मान्छेलाई बाँच्न कति अप्ठ्यारो परेको ? यस्तो बिभत्स भएर बांच्दा पनि यसले आशा चाहि छाडेको रहेन छ । ईश्वरवादी भएर ईश्वर पुकार्न पनि बिर्सेको छैन । ईश्वरले शायद आफ्नो अस्तित्व जोगाउन यसरी मान्छेलाई भुक्तमान दिएर बचाई राखेको होला ! एक पेट मुखले पचाउनेले त कहां ईश्वर सम्झन भ्याओस र ?

'भन्नु हुँदैन टुप्पी रँहदैन' भनेझैं मुदुको अप्रेसन गर्ने युगमा एउटा मानिस खटिरा निस्केर अपाङ्ग हुन्छ । डाक्टरको भुण्डिएका संख्या कतिका छन् यो सड़कको दुबै पट्टी, दवाई दोकान र डाक्टरका क्लिनिकहरू पनि छन् । आमामापा हो ! कति बिघ्न छन डाक्टरका नामपाटी सडक छेउका घरहरूमा !

एउटा हात्तीपाइले पनि यतै आउँदैछ । हरे शिव ! त्यो कसरी हिंड्दो हो हात्तीको जस्तो मुस्ले खुट्टा लिएर । ल .... हेर त्यता ! मुख कति डरलाग्दो ! नाक त रहेनछ । पिनास पल्टियको होला शायद !

अलि पर चक्षुरोग बिशेषज्ञ डा० भौमिक कै अगाडिबाट एउटा अन्धाले सड़क पार गर्ने हुँदा, बेगिएर आएको रिक्साले सात हात पर उछिट्टयाई दिन्छ । रिक्सामा कलेज पढ्ने सत्र बर्षीय यौवन थिइन, र त कसैले केही भनेन-लड़ने लड्को लड्यं भयो । अन्धाले पो बरू मक्कु गाली खायो ।

'ए ! अब त त्यो अन्धो पनि पछि परेछ । छेउमा सरकारी अस्पताल छ, टाउको फुटेर रगताम्मे अन्धालाई अस्पताल पु-याई-दिने कोही भएन, लडेको देखेर हांस्न भने कोही चुकेन ।

र त ऊ आफ्नो रगताम्मे टाउको दुबै हातले समाएर खुट्टाले भर गर्दै उठन खोज्दैछ । 'बोल्नेको पीठो बिक्ने' जुग त हो, नबोल्ने, नसक्नेको त नो चान्स !'

'बल्ल कलेज आइपुगेंछु । कलेजको प्राङ्गण भरीनै छिछिमिरा छरिए झैं छरिएका छन् प्रशस्तै विद्यार्थीहरू । आ-आफ्ना डफ्फा भित्र धेर जसो चाहि राजेश खन्ना र मुमताजमा लट्टिएका कुरा गर्छन '........ जास नाईं तुईं आपोन देश (अपना देश) बोइ देख्ते ? उफ ! कि सुन्दोर एक्टिङ्ग कोरछे राजेश खान्ना ... !' अर्को एउटा आफूले चार पल्ट हेरेकोमा बहादुरी देखाउन भन्छ-' गान गुलो साला कि मोधुर । इस .... इहा .... तुरू तु .... तुरू तु .... यांखो हि याँखोमे हामको इसारासे बुलाता हाय .... गीत पनि पूरै अभिनय साथ गाउँछ । हन शुद्ध हिन्दी बोल्न पनि नसक्ने झ्याउले के 'हिन्दुस्थानी हुँ' भन्नै फुइँ लाउँनु - छक्क पर्छु ।

ऊलि पर तिरको अर्को डफ़ामा एउटा हाँडिको पिँध जस्तै कालो सिसुल खुट्टे, सेतो पाइजामा र कुर्थामा बेरिएको नेता झैं देखिइने केटो जोड़ जोड़ले कुर्लंदै हुन्छ 'आमरा यई बच्छर छात्र परिषदके भोट दिवोना.... बि. पि. एस. एफ. (बङ्ग प्रादेशिक स्टुडेन्ट फेड्रेशन) थिके आमी दाँरावो, आमाके भोट देन ! आमी आपनादेरजन्य अनेक साहाज्य करवो ... ' बोल्दै गर्नेले कुरो नटुङ्ग्याई, त्यही भिडबाट अर्को एउटा केटो उठेर कुर्लिन थाल्छ 'आम्रा यई बच्छर परीक्षाए बोई निए ढुकवो .... चोथाई चलाइते हवे .... ।' हन कस्तो छाडा र' छ अनुशासन र सोहृमत बेगरको। परीक्षामा पुस्तक हेरेर लेख्छ अरे। उसलाई पार्टीकाहरूले अब सहायता गर्नु होला ? कस्तो जुग आयो यो ? किताब हेरेर लेख्ने हो भने किन बर्ष भरी पाठशाला धाएर परीक्षा दिन बस्नु ! घर घरै लेखेर युनिभंसिटी पु-याए भइ त गयो ! किन वाह्र फसादीको झ्याउलो बेसाउनु ?'

' तीन पिरिएड बिती सक्यो, एउटै क्लास भएको छैन। प्रोफेसरहरू पनि के भएका होलान् ? तलब कम्ति भयो भनेर भोलि देखि धर्म घट (हड्ताल)गर्ने अरे भन्ने सुन्दैछु, के हो ? अनि त झन आफ्नो पढाइले पनि त हावा खान्छ।'

' किन होला यसरी मानवीय मस्तिष्क भरि उच्छृङ्खलता ले गुँड लगाएको ? यस्तो लाग्छ यस युगका भ्रूणहरू गर्भै देखि अप्राकृतिकता बोकेर आउँछन, र त यहाँ प्रकृतिको विनास हुन लागिसक्यो। कृत्रिमताको दुर्गन्धले वातावरण दूषित पारि सक्यो। अँ ! सांची त अब गर्भाधान कृया पनि अप्राकृतिक र कृत्रिम हुन लागि सक्यो रे ! नियोजनको पटाक्षेपमा विसंजनको होड चलेको चल्यै छ, थुकेको थुक फ्यांके झैं अनेकौं नवजात शिशुका लाशहरूले एकान्त ठाउँ ढाकिसके पछि कहांबाट हाम्रो भावना चोखियोस ?

वातावरण र परिवेश अनुरूप आफूलाई ढाल्न अब त आफ्नो आदर्शको पनि हत्या गर्नु पर्छ क्यार ? साधुको आवरण भित्र दैत्य लुक्ने युग यो।' 'रित्तो क्लासको पछिल्लो बेञ्चमा बसेर यस्तै के के जाती सोची रहन्छु। पढाई चाहि साँढे बाइस भए पछि अर्थोक के लछारपाटो लाउनु छ र ?'

' ए सांची ! मलाई त आफ्नै क्लासका केटीहरू पनि अब त 'बौलाहा हो यो; भन्छन रे ! हिजो मेरै साथी नजरूल इस्लामले भुन्दै थियो। अस्ति पाँच दिन अगाडि नै त हो, बिल्कुलै सुन्दरी हुँ भन्ने अञ्जली चक्रवर्तीले-रातीको शो सिनेमा हेर्न जाउँ भन्दा मैले रात बिरात सिनेमा जानु हुँदैन भनेको थिएँ। कुरो त तेत्तिनै हो ! भए नभएको हल्ला फिजाइ क्यार ? किलकिले नभएका पडकेको के बिश्वास र? बौलाहा भनुन् कि सज्जन भनुन् के नापिन्छ ? सिनेमा नै नहेरी हुँदैन भने, आइतवार छुट्टीको दिन आउँछ, दिउँसोको शो हेरेर दिन भरी घुम फिर गर्दा केही बिल्दैन नि, न नानी फुल्याउँनु छ न रोपाईंको बिल्दो छ-त्यति भाँति सम्झाएँ उ त गुत्थिने पो अरे। रातीको शो जानु पर्ने, तेही पनि वासनात्मक फिल्म ! हन कस्ती छाडा आइमाइ ? सोह्र सत्र वर्ष नपुग्दै त्यति साह्रो ...... !'

'प्रत्येक विद्यार्थीमा उच्च विचार, पवित्र भावना, सिद्धान्त हुनु पर्ने, तर खै यो के भएको यस्तो ? अनि हामी यस्तो कच्चा उमेर देखि नै भोग विलासमा फँसेर यहाँ सिङ्गो मान्छेको अस्तित्व मेटाउन आएका हौं र ? लु यस्तो नै चलिरहोस त हाम्रो श्रेणीमा, भोलि यहाँ महाभारत मच्चिनेछ, कौरव र पाण्डव झैं आफू आफू नै संघार हुने युद्ध ।'

'लु ... अब त कलेज पनि सकिएछ .... अन्तिम पिरियड-को घन्टी पनि बज्यो। आजको क्लास यसरि-नै बित्यो .... हुनत

आजमात्रै होइन, यहाँ कलेजका पिरियडहरू प्रायः जसो यसरीनै बित्दछन। आज युनिभर्सिटीका बिद्यार्थीको हडताल, भोलि प्रोफेसरहरुको हडताल, पसि कलेजको केटालाई पुलिसले कुट्यो भनेर पुलिस अत्याचारको विरूद्ध बिद्यार्थीको जुलुस अनि फेरि मारामार, ... खुन ...., हत्या .... उफ ? अशान्ति नै अशान्ति भई रहन्छ यहाँ।'

' यस्तो वातावरण भित्र पढने जाँगर पनि के चलोस र ? फेरि फर्कन्छु, अघि आएकै बाटो। अहिले त दृश्य पनि बदलिई सकेको हुन्छ। अलकत्रे सडकको छाती भरि मुकुँट्टाको पाइला चालेर हिँडिरहन्छु, विचार र भावनालाई एकोहो-याउने असफल प्रयास गर्दै। तर न विचार बदलिन्छन भावना एकोहोरिन्छ।'

कोठामा आईपुगेर ओछ्यानमा डङ्ग पल्टन्छु. खाता टेबल तिरै हु-याँएर अनि आँखा चिम्लिएर कता कता हराउन खोज्छु तै पनि मानसिक शान्ति छैन्। उठेर सिगरेट किन्न दोकान तिर लाग्छु।'

' धत .... तेरि ! बानी पनि बिग्री सकेछ, पत्तै नपाई। चुर, बिडीको गन्ध नै मन नपराउने मान्छे, अब त सिगरेट नतानी नहुने भईसकेछु। दोकान नपुगिन्जेल फेरि सिगरेटकै विषयमा सोच्नु थाल्छु ... यो फोक्सो कुहाउँने धुवाँले के मानशिक शान्ति देला र ?' मेरो अनुशासन प्रिय आत्माले विस्तारै भन्छ .... ' खराब लत लाग्यो हैं, यस्तो लत त्याग्नु राम्रो हो। नत्र त भोलि फेरि मानसिक शान्ति खोज्न भट्टी तिर पस्न बेर छैन ....'

' बीश, बाईस बर्षकै उमेर देखि सिगरेट, बिडी रक्सी र भोग विलासको शिकार भएर आफ्नो जीवनको लक्ष सम्म पुग्न सकुँला के ? यो एउटा जबंजस्त प्रश्नले आफैं छुनमुनिन्छु र त ' दिदी' लै एउटा प्लेन विल्स .... !' भनिसकेर पनि आफ्नो बचन

फिर्ता लिदैं 'ए ! होस अहिले, बरू भरे लिउँला....' भन्दै दोकानबाट निस्किएर फटाफट घर तिर लाग्छु। दोकान्नी दिदी हातमा सिगरेट लिएर हेरेकी हे-यैं हुन्छिन्।'

'घर आइपुगेर पिकु र रूबी कुकुर भित एकछिन खेले पछि मानसिक बोझ हल्का भएझैं लाग्छ। अनि रहल पहल पनि साना नानी बविता र सतीको तोते बोली सित आफू हराउँदा रफुचक्कर हुन्छ। र सानो भानिज मनोजलाई बोल्न सिकाउँदै रमाएर घोकाउँछु- बाबा .... मनु ! मा .... .. मा भन, मेरो राजा, लुलु बा ! मा .... मा भनत। 'घरका ती मूक प्राणि रूबी र पिकुसंगको क्षणिक सम्पर्कबाट पाएको शान्तित्व केटाकेटीहरू संगको परिहासले अझ स्थायी हुन्छ। अनि मेरी आमाको प्रतिरूप ठूलीदिदीको स्नेहिल मुस्कान संगै झरेको अमृतवाणी ' भाइलाई के भयो ? के त्यस्तो कालो भएको हन ? धत ! त्यस्तो चिन्ता गर्नु हुन्छ ?' -ले त झन म भित्रका गाँजे भावनाका अवशेषहरू पनि छरपस्टै भएर मिल्किन्छन्, तानी सकेर फ्याँकेको सिगरेटको ठुटो जस्तै।'

' अब त म पनि युवक भइसकेको हुन्छु। असंख्य जिउँदा कामना र इच्छाहरू लुटाएर र लुटिएर पनि यहाँ सबै हाँसिरहन्छन भने म किन यति साह्रो दुर्बल हुनु। हार-जीत र सुख-दुख त घाम छाँया हो। यो प्रेरणा म मेरो दिदीबाट पाउँछु र त यो अवश्यम्भावी यथार्थलाई डाक छोप नगर्ने भएर आफ्नो संकल्पमा दिगो हुने जिउँदो हिम्मत लिदैं एउटा कविता यसरी टुङ्ग्याउँछु —

'........... भग्न मेरो हृदय भरि,
विश्वास अझ जिउँदो नै छ।
प्रतिघातको चोट बोकेर,
बाँच्ने हिम्मत आंउँदो नै छ।'

' परिवर्तनशील संसारको परिवर्तन अनुरूप आफूलाई

परिवर्तित गराएर मैले पनि एउटा सिङ्गो मान्छे हुनु छ ... दह्रो पुरुष ! आफ्ना तमाम आदर्शको संरक्षणको निमित्त मैले मलाई जन्माउने आमाको मात्र छोरो नबनेर समाज, गाउँ र देशकै छोरो हुनुपरेको छ। समस्याहरू त आउँछन नै तर ती देखि भाग्नु कायरता हो, डटेर मुकाबिला गर्नु चाहि पुरुषत्वको परिचायक !' 'वातावरणको कुप्रभावले म जस्तै जस्ता युवकहरू सबै अनुकरणको किटाणुले क्षय हुने संभावना प्रत्यक्ष छ; यो नक्कल गर्ने देस्यान पसेको युगमा।'

'बहिनीले ल्याई पु-याएको चियाको अन्तिम घुडको ताने पछि अंग्रेजी कविताको पुस्तक निकालेर टोमस ग्रे को 'Elegy written in a Country churchyard' भन्ने कविता पढन थाल्छु-मलाई किन हो साह्रै मन पर्छ यो कविता !

'यसरी एउटा दिनको मलामी गईसकेको हुने रहेछु .... एउटा घुम्ती काटी सकेको हुने रहेछु। अब आउने उच्चाईको हिसाब मन भित्रै राखेर त्यसको टुप्पामा गिर खेल्ने कल्पना गर्दै पढीसकेको कविताको सारांश लेख्न थाल्छु। अब सारा रात भोलि अज्ञात भविष्य लिएर जन्मिने नयाँ बिहानको पनि त स्वागत गर्न तयार रहनु पर्ला ? सुमधुर भविष्यको सपना त रात भरिमा नै देखी सक्नु पर्ने छ ! भोलि के हुने हो ? कस्लाई थाह छ र .... ?'

●

शिलगढ़ी कलेज

—१६ अगस्त १९७३ शिलगढी (दार्जीलिङ्ग)

व्यङ्ग्य

कटाक्षपात

—रोहिणी विलास लुईंटेल

आँखा टेडो पार्नु वा आँखामाथिको भौंलाई नचाएर केही संकेत गर्नुलाई नै कटाक्षपात भनिन्छ क्यारे ! यसैलाई कर्के आँखा, आँखाको सान आदि पनि भनिन्छ। त्यसमा परेला समेतको सहयोग प्राप्त हुन्छ अथवा परेला पनि केही मात्रामा लुम्किने वा फैलिने गर्दछन्। यसमा आँखाका नानीको चाहिं मदत चाहिंदैन भन्ने पनि कुरा हैन, अवश्य चाहिन्छ। अनि के भित्रबाट मनदेवता-को चाहिं आवश्यकता पर्दैन त ? यसो भन्नु झन् व्यर्थ जस्तो लाग्छ। किन भने, उ नै वास्तवमा सूत्रधारको काम गरिरहेको हुन्छ।

यसरी प्रायः जे काम गर्नु पर्दा पनि धेरैको मदत चाहिन्छ। एक्लै त कुनै इन्द्रियले पनि कुनै कार्य संचालन गर्न सक्तैन। त्यसो भए किन त मानिस यो काम मैले गरें, उ काम मैले गरें भनेर कुलिन्छ त ? हो, यहीं नेर आएर हामीलाई कटाक्षपातको जरूरत परिहाल्दछ। व्यर्थै कुनै मानिस डींग हाँक्तैछ भने तपाईं हामी एक-अर्कामा आँखाको सान गरिहाल्दछौं। उसको अघि हामी छर्लङ्गसँग के चाहिं भन्न सक्तैनौं भने, 'तँ जस्तो मूर्खोपाध्ये पनि यो मन्छ्यालोमा (मान्छे-समाजमा) दुइ पाउ टेकेर हिंडिरहेको छस् नि !'

'स्पस्टवक्ता न वञ्चकः' भनेर नीतिशास्त्र जतिसकै कुर्ले

पनि 'मनको वह को संग कह' भनेर हामीहरू वास्तवमा आफ्ना अन्तर-कुन्तरका वहहरू पोख्न विश्वासपात्र जन्तु फेला पार्न सक्तैनौं। अनि येन केन प्रकारेण कटाक्षपात द्वारा नै सन्तोषको सास फेर्ने बानी बसाली सकेका छौं (बरू, गह्भरी आँसु खसाल्द छौं)। त्यसो त कटाक्षपात पनि (यस्तो प्रसङ्गमा चाहिं) विश्वास ठ्याम्मै नभएको व्यक्तिमाथि त गर्न सकिंदैन नि !

राजनीतिका पुरेतबाहरूलाई भने कटाक्षपातको ठूलो महत्व छ कि जस्तो लाग्दछ। तपाईंले भन्नुहोला पुरेतबालाई मात्र किन, जजमानलाई चाहिं यसको खाँचो पर्दैन र? वास्तवमा कुरा साँचो हो, दुबै पक्षको लागि यो चिज जनै-सुपारी जत्तिकै अनिवार्य वस्तु हो। छाडनुहोस्, हामी जन्तुलाई यो राजनीति चराको सिंग-पुच्छर सँग के नाता र? बरू धर्मको कुरा गरौं कि ! धर्मलाई पनि हिजो आज शनि लागेको छ कि जस्तो छ। शनि लागेको जनावरको पनि के चियो-चर्चो गर्नु ? जसको दशा सप्रेको छ, उसैको पछि नलागे यो घोर कलिमा बाँच्न सकिंदैन भन्छन्। हुन पनि यसो घोत्लिंदा घैंटामा घाम पनि लाग्छ, किन भने निभेको आगो कसले ताप्छ र? यसमा चाहिं कुन जाबोको कर्के आँखा लागेको होला ? भन्न सकिएन। विद्वान्हरू भन्छन् धर्मले हीन भएको मानिस पशु बराबर हो। विद्यार्जन र धनार्जन गर्दा, धेरै दिनसम्म जीउने आशाले गर्नु, धर्म चाहिं महाप्रभु काल-ले टुप्पीमा समातिहाले कि जस्तो गरेर फूर्तिसँग गर्नु रे ! आजको राकेट-राडार युगमा हामीलाई 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भने जस्तो धर्म-सर्मसँग बोल्ने बातमार्ने फुर्सत कहाँ छ र? यसका पछि लागेर त कुन ढ्वेशले हो कोनि (शायद राहु केतु दुवैले हो) धेरै योगी सिद्धहरू त्यसै भौंतारिएका छन्, दर दर भटकिरहेका छन्, रह्यो कालको कुरा, उनको महिमा अपरम्पार छ

भन्ने कुरा त शास्त्रहरू बखान्दा बखान्दै थाकेका छन्। उनको सानो मात्र कटाक्षपात साह्रै दुःखदायी हुन्छ भन्ने तथ्य तपाईं कस्लाइ पो थाहा छैन र ! हाम्रा कवि शिरोमणि पनि आजित भएर होला नलेखी सक्तैनन्—

'इन्द्रं बिन्ति गरून् भुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो।
आयो टप्प टिप्यो, लग्यो, मितिपुग्यो, टारेर टर्दैन त्यो।'

आज भोलि सिनेमा, नौटकी, नाटकहरूद्वारा प्रशस्तै यस साधनको सदुपयोग भएको देखिन्छ। हुन पनि हो नै, जुग अनुसार-को वस्तुस्थिति औंल्याउनको लागि, जुग अनुसारकै साधन आफै जुटोहाल्दछ। यस दृष्टिले आज भोलि कटाक्षपातको नितान्त सफलता देखिदैछ। त्यसो त उहिले हाम्रा आदि पुर्खा जब आङ्गिक संकेतहरूद्वारा मात्र भाव व्यक्त गर्न जान्दथे वा उनीहरूको भाषा नहुनाले कटाक्षपात आदि इशाराहरू नै मूलभूत अभिव्यक्तिका साधन थिए भने, आज चाहिं हामी किन पुर्खाको बीडो नथाम्ने ? भनेर होला आज पनि भाषामा नभए पनि भूषामा .... क्या रे ? वास्तवमा हामी पुर्खाका सबै आचरणहरू जीवनमा अंगीकार गरी रहेका छौं के ? त्यो बेलाको नैतिकताको घेराभित्र हामी परेका छौं के ? नियाल्नु पर्ने भयो। हो, यहींनेर आएर, के हामीलाई कतिपय विदेशीहरू कटाक्षपात गरिरहेका त छैनन् ? भन्ने कुरा कोरल्नु पर्ने भयो। तर यसो भन्दैमा 'बाबूले खनेको कूवा हो, यसैले यस कूवाको पानी खारो भए पनि खाइ राख, भनेर भनेको पनि हैन है ! किन भने 'तातस्य कूपोऽयमिति ब्रुवाणाः क्षारं जलं कापुरुषाः पिबन्ति' भनेको छ। अर्थात्-त्यो नामर्द हो जो बाबूले खनेको कूवा भनेर, खारै पानी भए पनि खाइ रहन्छ। असलमा चाहियो विवेक, उचित कुरा ग्रहण गर्ने र अनुचित त्यागी दिने। विवेक हरायो भने त सये तिरबाट पतन हुइन्छ। 'विवेक भ्रष्टानां

भवति विनियातः शतमुखः।'

लो, म त शास्त्र पो छाँट्न थालेँछु - यता भुँडी धोताको पूजा-आजा छाडेर। हो साँच्चै, हिजो आज मलाइ भोक खूब लाग्दछ। बाबूले आर्जेको खेत सात भाईमा बाँडदा र दिदी बहिनीलाई दाइजो डाँटी टोपल्दा पन्ध्रकट्ठा भुइँ मेरो भागमा परेको थियो। त्यो पनि लग्यो खोलाले पोहोर साल। अनि त हिँडें लो ढकढक्याउन संघ-संस्थाहरूमा। साइन हेराउने परम्परालाई हेलचेक्र्याइँ गरेर हो वा केले हो, जताबाट पनि रित्तो हात लिएर फर्कन्छु। वास्तवमा अघि एकै ठाउँमा छँदा बाबुले लगाएको कुइँ, अहिले मलाइ धक्का दिन आइपुग्यो। कहाँ जान्छु पत्याए पो? ठट्टा गर्न आएको ठान्दछन्। ठाउँ खाति भए पनि के भो र? —.... वास्तवमा यस्तो अवस्थामा अलिकति मात्र कटाक्ष-विद्या जानेको भए पुगी हाल्ने रहेछ। यो कुरा मेरो गोत्र गीदीमा घुस्थ्यो र? मैले सुनेको थिएँ त्यस्ता संस्थाहरूमा काम गर्दा ठूला ओहदावाल-हरूबाट बेलाबखत अमृतमय प्रवचनहरू पनि हुने गर्दछन्। यस्ता धेरै फाइदा लुटने मेरो मनसाय चकनाचुर हुन्छ। र म दगुर्छु स्वास्नीको घर तिर जहाँ उसले केही नगरेको रित्तो थालले मलाइ झन विचित्र कटाक्षपात गरिरहेको हुन्छ।

कटाक्षपातको पुराण जति बाचे पनि टुँगिने कुरा छैन। पुराणकै कुरा लिउँ न! बिचरा ध्रुव बाबूको काखमा बस्न के अँटिका थिए, सौतेनी आमाको एउटै कटाक्षपातले वनमा घोर तपस्या गर्न पठाइदियो। अँ, यति कुरा चाहिँ हो नै रहेछ क्यार! नठोसी आगो बल्दैन! हेर त ध्रुवको सङ्कल्प? उनी आफ्नै पौरखले आर्जेको गद्दीमा मात्र बस्ने भए। दृढता सग, काम फत्ते गरे वापत उनी अटल,ध्रुव भएर चम्कीरहे। बबुरा नारद मुनिलाई राजकुमारी (शीलनिधि राजाकी छोरी) ले स्वयम्बर गर्दिन् भन्ने

कत्रो भरोसा थियो। उनलाई एकपटक मात्र कसैले कटाक्षपात गरिदिएको भए? शायद त्यत्रो राजसभाको बीचमा हाँसोको पात्र हुनुपर्ने थिएन। राजा नललाई र युधिष्ठिरलाई वनिवास जाउने जुवामाथि न यमराजको पासो चल्यो, न साडे सातको कटाक्षपात। नत्र उनिहरूले त्यो दुर्दशा न देख्नु पर्ने थियो, न हुनु पर्ने थियो। अरू त अरू, रावणको मृत्युमा हाम्रा हितैषी विभीषणको कटाक्षको कत्रो चमत्कार प-यो? मेनकाको सानो भ्रूभंगिमाले विश्वामित्रको विराट तपस्या एकै क्षणमा भस्मसात् भयो। हाम्रै कुरा गरौं भने, एउटा कुलगार देशघातीले अंग्रेजलाई काठमाण्डौ प्रवेश गर्ने हुलिया न खोलिदिएको भए नेपालको मान-चित्र आज अर्कै हुने थियो।

धेरै कुरा के गरौं, हामीले उहिल्यैदेखि पूजी ल्याएका चन्द्रमामा समेत यो 'वैज्ञानिक' भन्ने जन्तुले कटाक्षपात ग-यो र म त तीन न तेरको भइसकें (कटाक्षपात मात्र हैन, उसले गोडा-पात पनि पो गरेछ)। यसरी सबै ग्रह कुल्चिदै गए भने राहु केतुको संयुक्त कटाक्षपात यो जन्तु माथि न पर्ला त? यदि परेन भने त राहु केतुका टाउकामा पनि यसले पाइलो टेक्ला अनि त कृष्णले कालीय दमन गरे झैं यसले पनि राहु केतु दमन गर्ला र ज्योतिष शास्त्रको पोस्तकहरू सबै आगो ताप्नु प-यो भने! शिव! शिव! सृष्टिमै ठूलो कटाक्षपात हुँदैन होला?

अन्ततोगत्वा, यो कोइलो भन्ने एउटा बोलाहा चराको पञ्चम स्वरले चाहिँ यस भूलोकमा कटाक्षपात गर्ने अवसर न पाओस। म देवी, चौराली, सन्सारी सबैलाई धूप हाली राख्छु, भाकल गरी राख्छु। किनभने, त्यसको कटाक्षपात हुने वित्तिकै बसन्त टुप्लुक्की हाल्दछ। बस के छ र! हरियाली छाइहाल्दछ। आँप फुल्न थाल्छन, भ्रमराहरू मधुपानमा लुटपुटिएर तीनैलोक

देख्न थाल्दछन् । अनि त म पनि (म अहिले परदेशमा छु रे !) बाटुलीकी आमाको तस्वीर देख्न थाल्दछु । स्मृतिको गोरेटोमा उनका कटाक्षपात दनादनी आइरहेको पाउँछु । ' आँखा तरी नहेर नानी ' भनेर हाम्रा गीतकारहरू त्यसै कुलिएका हैनन् नि ! त्यसले अर्का कवि भर्तृहरि यसै ' आँखा कर्काउने ' कुरालाई पुर्पच्छे न छिनी बस्नै जान्दैनन् । यस मानेमा चाहिं उनी नारीलाई 'अबला' भनेर सम्बोधन गरेको पटक्कै रूचाउँदैनन् ।

हेरौं त— ' नूनं हि ते कविवरा विपरीतबोधाः
ये नित्यमाहुरबला इति कामिनीनाम् ।
याभिर्विलोलतर तारक दृष्टिपातैः
शक्रादयोऽपि विजिता स्त्वबला कथं ताः ॥

ती कविवरहरू वास्तवमा उल्टो बुद्धि भएका हुन, ज-जसले स्त्रीजातिलाई 'अबला ' नाम राखे । किन भने, जसका चञ्चल आँखाका नानीहरूका कटाक्षपातद्वारा इन्द्र आदि देवताहरू पनि हार खाएका छन् , त्यस्ताहरू कतै अबला हुन्छन् ?

सार संक्षेपमा, हामी चाहे विज्ञानको प्रगतिको सगरमाथा चढौं, चाहे धार्मिक परम्पराको धुरीमा पुगौं, यस अनन्त नाट्यशालाको महान् सूत्रधारलाई ज्वाँक चलिदियो भने, उनले सानो-सानो वक्र-भृकुटी यस्सो यतापट्टि ओहिराइदिए भने त सम्पूर्ण स्वाहा छ, यसमा किमार्थ पनि ननुनच छैन, नाईंनास्ति छैन । ●

उषाप्रति

अङ्क तीन भइ यो पुनः ऊषा,
निस्कियो लिइ विद्या-मय भूषा ।
राखि प्रेम नृप औ जनतामा ;
फैलियोस छरि प्रभा वसुधामा ।

—गंगा जोशी

आजको युग नै पढाइको हो !

—श्रीमती गंगा देवी जोशी

'आजको युग नै पढाईको हो' यो कुरा ध्रुव सत्य हो भन्नुमा केही अत्युक्ति नपर्ला । किनभने जुनसुकै कुराको अध्ययन, अनुसन्धान तथा आविष्कारहरू पढाईकै माध्यमबाट पुरा भएका छन । मानिसले नब्बे प्रतिशत अनुभव पढाईबाट नै पाउँछ भन्ने कुराले सर्वमान्यता पाइसकेको छ । सामाजिक, मानसिक, बौद्धिक तथा सांस्कृतिक विकासहरुमा पढाईले महत्वपूर्ण भूमिका खेलेको छ ।

कसैले लेखेको कुरालाई पढेर त्यसको आधारमा आफ्नो अभिव्यक्ति दिनु नै पढाई हो । शब्दको अर्थ जान्नु र लेखकको अभिप्राय बुझ्न पाठकले जे जति पढछ त्यसमा आफ्नो अनुभव तथा बुद्धिद्वारा विचार स्थिर राख्नु पर्छ । हेर्ने, सम्झने, बुझ्ने आफ्नो निर्णयात्मक विचार स्थिर राख्ने आदि सबै प्रक्रियाको उपयोग पढाईद्वारा नै सम्भव छ । किनभने विना बुझाइको पढ़ाई निरर्थक हुने वा पाठकहरूले त्यसबाट केहि उचित लाभ उठाउन नसक्ने हुँदा आफूले पढेको कुरा राम्ररी बुझ्न र बुझेको कुरा अरुलाई बुझाउन सक्नुमा नै पढाईको सार्थकता छ ।

आधुनिक शिक्षाको मुख्य उद्देश्य प्रतिभाशाली, बुद्धिमान तथा चरित्रवान नागरिक तयार पार्ने हो । मानिसमा धेरै कुराको ज्ञानकारी एवं विवेकपूर्ण विचार र निर्णय प्रस्तुत गर्ने शक्ति

नभएसम्म सो उद्देश्य पूर्ण हुन असम्भव छ। त्यसकारण सर्वज्ञान प्राप्त गर्न पढाइ बिना असम्भव हुन जान्छ। अर्को कुरा व्यक्तिको व्यक्तिगत रूपमा फरक आएको मनोभावनालाई हामीले पढाई के आधारमा एक रुपता ल्याइ तिनीहरूमा सामाजिकताको भावना भरी दिन सफल हुन्छौं। समयको परिवर्तन साथै भौतिक साधनको वृद्धिबाट पनि पढाईको कुशलतामा अझै वृद्धि भइरहेको छ। पहिले हामी आफ्नो घरको आँगनलाई नै एक संसार ठान्थ्यौं भने आज विज्ञानको चमत्कारले सारा विश्व नै एक घरको आँगन जस्तो भइसकेको छ। यसरी हरेक वस्तुको विकास गराउनमा पढाइले ठूलो भूमिका खेल्दैआएको हाम्रा समक्ष प्रत्यक्ष रूपमा छ। यसैले आजको पढाई पहिलेको भन्दा वृहत रूप लिएर अघि बढिरहेको छ। प्रत्येक देशमा प्रजातन्त्रको आगमन विज्ञानको उन्नती विश्व बन्धुत्वको भावना र शिक्षाको उन्नति आदि सबै पढाईकै माध्यमद्वारा विकास हुँदै गइरहेका छन ' यसैले विश्वमा सबै भन्दा बढता प्रभाव पार्ने पढाई नै हो। विश्वको हर परिवर्तनमा नयाँ मोड दिने सब्रैभन्दा ठूलो पथ प्रदर्शकको रूपमा पढाई हाम्रो समक्ष देखा परेको ध्रुव सत्य हो। यसैले आजको युग पढाइको युग भन्नमा केही अत्युक्ति नपर्ला।

समयको माँग अनुसार आजको प्रत्येक बालकले आत्म-निर्भरताको लागि नयाँ दिशातिर मोडिनु परेको छ। आफ्नो देश र सँस्कृति विषयको कुराको साथै अन्तर्राष्ट्रिय ज्ञानका लागि पनि पढनु परेको छ। आजको युगमा आफ्नो सर्वाङ्गीण विकासको लागि सिमित ज्ञान भएर हुँदैन। त्यसैले हरेक शिक्षकले विद्यार्थीको वैयक्तिक एवं सामाजिक विकासको लागि उनीहरूको भावना विचार र आदर्शलाई परिवर्तन गर्दै भविष्यको एक असल नागरिक खडा गरिदिनु पर्छ।

मेरो मुक्तिनाथ यात्रा

देवीभक्त शर्मा पोखरेल

हिन्दू वाङ्मयमा वर्णित प्रसिद्ध चार क्षेत्रहरू मध्ये नेपाल मा बराह क्षेत्र र मुक्ति क्षेत्र पर्दछन। मुक्ति क्षेत्र भए तापनि जनजिब्रोलाइ सजिलो भएर हो वा किन हो। यसलाई मुक्तिनाथ भनिन्छ, 'क्षेत्र वा नाथ' जे भने पनि प्रत्येक हिन्दू धर्मावलम्बीका हृदयमा यसको गरिमा विराजमान छ। सालिन्यैं धेरै मान्छे दर्शन गर्न जान्छन।

मैले २०२९ सालमा आमा बुवासित मुक्ति क्षेत्रको यात्रा गरें। मुक्ति क्षेत्र पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत धौला-गिरी अञ्चलको मुस्ताङ्ग जिल्लामा अवस्थित छ। मोटरको बाटो दौडन्जेल खास कुरो केही निर्केवल गरिएन भन्दा पनि हुन्छ। २०२९ साल असार १२ गते हामी सिद्धार्थ राजमार्गद्वारा पोखरा पुग्यो। यहाँ पुगेपछि हामीले जान्यौं कि सिद्धार्थ राजमार्ग र पृथ्वी राजमार्ग बनिएपछि पोखराको दिन दुइ गुना रात चौगुना उन्नति भइरहेको छ।

पोखरा उपत्यकाकोसम्म भागमा पोखरा बजार छ। तर यहाँका प्राचीन सभ्यताका भग्नावशेषहरु भने कास्की डाँडामा तलदेखि माथिसम्म छन। कास्कीको ठूलो नदी सेती गण्डकी ४१५ फुटे गल्छिमा पाँच छसय फुट गहिरो पाँच छ माइल टाढासम्म लुकेको देख्ता हामी सबैले अचम्म मान्यौं।

महेन्द्र गुफामा हातमा मोमबत्ति लिएर उक्लाद्रै हिंड्यौं। त्यसभित्र एक ठाउँमा श्रीपेचको र एक ठाउँमा गौतम बुद्धको मूर्ति चिन्ह देखियो। ठुटो खोपेर बनाएको नाउँमा चढेर बाराही मन्दिरको ओरिपरि एकफन्का चक्कर काट्यो, फेवातालको पानीमा।

पोखरा पुग्दा सबभन्दा पहिले जसले हाम्रो स्वागत गऱ्यो उसको कुरो नै झण्डै छुटेको ! गीत कवितामा जहिले तहिले माछा पुच्छ्रे हिमालको बारेमा सुनेको त हो। पोखरा पुग्दा माछा पुच्छ्रे हिमाल देखिन्छ भन्ने पनि नजानेको होइन। तर हामीले पोखरा पुगेपछि कसैसित माछा पुच्छ्रे देखाई माग्नु परेन। यसले नाम अनुसारको आफ्नो भव्य मोहडा दक्षिणाभिमुख भई सबैलाई देखाई रहेको छ। यसको सुन्दरताको रसास्वदनले को कहिले अघाउला र !

मुक्ति क्षेत्र—जाने हाम्रो यात्रा जारी छ। त्यस भेकका बासिन्दाहरु ज्यादै शिष्ट व्यवहार भएका र बोलीको लवज पनि राम्रो भएका हामीले पायौं। पन्द्र दिनसम्म हामी जति ठाउँहरु-मा घुम्यौं ती ठाउँहरुमा चोरी डकैती कहिल्यै नभएको कुरा सबै-बाट सुन्यौं। पूर्वी नेपाल भन्दा त्यो भेक ज्यादै ढुङ्गा भएको र धेरै भिरालो अप्ठेरो हामीलाई लाग्यो। खेती पाती बाहेक त्यस ठाउँमा अरु पेशा छैन। पहाडी भूभाग सालिन्यै पानीले पखा-लिदै जाँदा यस्को उर्वरा शक्ति पनि पखालिदै गएको स्पष्ट देखियो त्यसैले पश्चिम नेपालका धेरै जसो मानिसहरू रोजगारका निम्ति नै विदेशिदा रहेछन भन्ने हामीले बुझ्यौं।

मुक्तिनाथ र यसको वरिपरि समुद्र सतहदेखि तेह्र हजार फिटको उचाईमा छ। धुपीका पोथ्रा बाहेक त्यहाँ अरू जङ्गल छैन। कालो बालुवा र काला ढुङ्गा बाहेक माटो कम्ति छ।

अन्नको नाममा ओवा छ जो कात्तिकमा छरिन्छ र करीब दश महीनापछि साउनमा मात्र पाक्छ। अर्को तितेकापर—खाद्यान्न जम्मै यत्ति दुइटा हुन।

घरका ढाचाहरू पनि प्राय हामीले बेग्लै नै देख्यो, कास्की डाँडामा तलदेखि माथिसम्म प्राय पुराना घरहरू गोलाकार छन। त्यहाँ भन्दा लेकतिर गएपछि ६ फुटे टिन जत्रा ढुङ्गाले घर छापेको देख्यो। मुक्तिनाथ र यसको आसपासमा माटाले नै छापेका घर छन।

१४ गते असार २०२९ मा हामीले पोखराबाट पैदल यात्रा शुरू गरेका हौं। विहान ५ वजेदेखि वेलुका पाँच बजेसम्म हामी हिड्थ्यौ। विरेठाठँ पलाठे, दाना, लेते र भुम्सामा बसि-बसी छैटौं दिनको वेलुका हामी मुक्तिनाथ पुग्यौं।

भोटे पिपलका रूखहरुको छाया, सरकारी धर्मशाला, बुद्धमार्गीहरुले बनाएका चौतारा र माने, छङ् छङ् गरेर झरेको निर्मल पानी, बीच भागमा पेगोडा शैलीमा निर्मित शोभायमान मुक्तिनाथको मन्दिर अवस्थित छ। मन्दिरको मास्तिरको पेटीमा एकसय आठवटा धारा छन। हामीले ती सबै धारामा नुहायौं। पुजारीले मन्दिरको दैलो उघारी दिए।

प्रायश्चित्त गोदान गरी हामी मन्दिर भित्र पस्यौं। पूजारीले मन्त्रवाचन गरे। हामीले घरैबाट लगेको तुलसी पत्र सहित पूजा गऱ्यौं प्रदक्षणा गऱ्यौं। भगवानलाई घट घट बासी भनिन्छ मुक्तिदाता भगवानलाई जे सम्झेर पूजा गरे पनि भयो। तर मूर्ति चाइ बीचमा पुरुष मुर्ति र दायाँ बाँया स्त्री मुर्ति छन।

हामीले विष्णु, लक्ष्मी र सरस्वती संझी पूजा सक्यौं। यही मन्दिरको छेउमा एउटा भव्य गुम्वा छ। त्यो गुम्वा भित्र भित्तापट्टिको कुनामा उँभोबाट पानीको मूल झरी रहेको छ र त्यही झरेको पानी संग सगै आगोको ज्वालो दनदन गरेर उँभो आइ-रहेको छ। यसमा कुनै दैवी शक्ति भएजस्तो त मलाई लागेन-तर उदेक चाई लाग्यो।

शिक्षक

— गुणा नन्द झा

[नेपालको शिक्षाको सामयिक सन्दर्भमा]

सामान्य र विशिष्ट दुवै अर्थमा शिक्षक शब्दको अर्थले हाम्रो समाजमा ती व्यक्तिहरूलाई अंगुल्याउँछ जो शिक्षा दिन्छन् वा शिक्षा दिने कार्य गर्दछन्। शिक्षकको प्रसंग उठ्दा आंग्ल भाषाको एउटा वाक्य उद्धृत गर्न मन लाग्छ; "A teacher is a king of himself and a servant of mankind" शिक्षक, गुरु अध्यापक आदि शब्द सुन्ने बित्तिकै कुनै पनि हृदय-ग्राही व्यक्तिको मन अनायास श्रद्धाको भावले ओत-प्रोत भइ हाल्छ। शिक्षण कार्यलाई व्यवसायको रूपमा अँगालेका, समाजको निर्माण गर्ने वा व्यक्तिको सर्वाङ्गीण विकासद्वारा समाजको सर्वाङ्गीण विकास गर्ने अभिभारा बोकेका व्यक्तिहरूलाई समाजले शिक्षक शब्दद्वारा समाहित गर्दछ। वास्तवमा शिक्षकको उचित उत्तर दायित्व वहन गर्नु एउटा कठिन र परिश्रम-पूर्ण कार्य हो। यदि वास्तवमा समाजको मुटुको आवाजलाई सुनेर सम्झेर, सामाजिक, आर्थिक सांस्कृतिक पक्षलाई ध्यानमा समाजको सामुहिक र सम्यक मांग अनुसारको शिक्षा प्रणाली छ भने, यदि शिक्षा-प्रणाली माटो सुहाउँदो छ भने, यदि शिक्षा प्रणाली सुचिन्तित र सुविचारिता छ भने र शिक्षकले परिश्रम गर्दछ भने समाजको मांग अनुरूपको उदाहरणीय उत्पादन (out put) निकाल्न सकिन्छ यसमा कुनै सन्देह छैन। समाजका केटा केटीको

भविष्यको बाटो देखाउने व्यक्ति शिक्षक नै हो। देशका भावी कर्णधारहरू कोरा पदार्थको रूपमा सर्व-प्रथम समाजद्वारा शिक्षकलाई नै सुम्पिदिइएको हुन्छ। तसर्थ एउटा शिक्षक निश्चय नै सच्चारित्र, नैतिक, आदर्श इमान्दारी र योग्य हुनु पर्दछ। शिक्षक एउटा यस्तो प्रदीप हो जसबाट हजारौं लाखौं बत्तीहरू बालिन्छन् र युग युगान्तरको जाड्यान्धकारलाई नष्ट गरेर ,सम्पूर्ण समाज र राष्ट्रको प्रगति-पथमा प्रशस्त प्रकाश प्रसारित गरेर, राष्ट्रदेवताको परम पवित्र मन्दिरमा ज्ञानको आलोक छरेर राष्ट्रलाई समुन्नतिको राजमार्गतिर बढन मद्दत गर्दछ। यस सन्दर्भमा जहाँ एकातिर शिक्षक बन्धुहरूले आफ्नो पूर्व कर्त्तव्य र उत्तरदायित्वको गरिमालाई बिर्सिनु हुँदैन त्यहाँ समाज र समाजलाई डोर्‍याउने व्यक्तिहरुले, समाजलाई नेतृत्व प्रदान गर्ने नेता बन्धुहरुले पनि मञ्चबाट लामो भाषण दिएर, शान्त्वनाका मीठा मीठा शब्द बोलेर मात्र आफ्नो कर्त्तव्यको इतिश्री न सम्झेर शिक्षकको सामाजिक, आर्थिक र व्यवहारिक कठिनताकोप्रति सहानुभुति-पूर्ण दृष्टि राखेर, नव चेतना जगाउने, राष्ट्रोत्थानमा सर्वोपरि मौलिक भूमिका खेल्ने यस वर्गको सामान्य जीवनप्रति वैचारिक निष्ठा जगाएर कर्त्तव्य पूरा गर्नु पर्दछ।

आजको विज्ञान र टेक्नोलौजीको युगमा विश्वका अन्य राष्ट्रहरूको सामुहिक दौडमा आफ्नो राष्ट्रलाई पनि एक साथ खुट्टामा खुट्टा मिलाएर चल्न समर्थ बनाउने लक्ष्य एकापट्टि र देशको आर्थिक प्रगतिको लागि विकासको मूल फुटाउने र सामाजिक साहित्यिक एवं सांस्कृतिक मौलिकतालाई अक्षुण्ण राख्ने उद्देश्य अर्को पट्टि छ भने यी सम्पूर्ण कुराहरू एउटा महान चुनौतीको रूपमा शिक्षक वर्गले सामना गर्नु परेको छ। नयां शिक्षा योजनानुरूप सर्वाङ्गीण विकासलाई दृष्टिगत राखेर मात्र पुस्तकीय

ज्ञानलाई स्थान न दी अतिरिक्त कार्यकलापलाई पनि जो महत्व-
पूर्ण स्थान दिइएको छ त्यो शिक्षा योजनाको सफलताको द्योतक
तर यसलाई पूरा गर्ने जति गुरुभार गुरुहरूमा छ त्यतिनै महत्व-
पूर्ण भार यसलाई त्रुटिरहित र सर्वांगपूर्ण पार्नमा समाज र राष्ट्र-
का नेताहरू, साहित्यकारहरु प्रबन्धक, व्यवस्थापक चिन्तक एवं
पत्रकारहरु माथि पनि छ । स्वपक्ष भन्दा परपक्षलाई आलोचनाको
वक्र भृकुटीले हेर्नु, हुन त मानव जातिकै एउटा मूल कमजोरी हो
तर पनि ह्रास गरीकन हाम्रो समाजमा अर्काको आलोच्य पक्ष-
माथि दृष्टिपात गर्नु भन्दा पूर्व आफ्नो कर्त्तव्यको सिंहावलोक न
गर्ने महानुभावहरू थोरै नै छन् । ' राजा, प्रजा र राष्ट्रका शासक
पालक, पिता र देवता होइबक्सिन्छ । पिता कदापि सन्तानको
अहित चिताउँदैन यसकुरालाई सर्वोपरि स्वयंसिद्ध विचार मानेर
राजपदलाई सामान्य आलोच्य पक्ष भन्दा धेरै माथिल्लो स्तरमा
स्पर्शीय उँचाई भन्दा माथिल्लो स्तरमा, सर्वोच्च स्तरमा राख्नु,
देवता मान्नु हामी सबैको कर्तव्य हो। यो हाम्रो सांस्कृतिक दर्शन-
को मूलमंत्र हो । भगवान, कृष्णको वचन " नराणांच नराधिपः "
नारा मात्र त होइन यो त हाम्रो दर्शनको प्रतिकात्मक वाक्यांश
हो । यस विचारको विरोध गर्नु अपराध मात्र होइन अधर्म हो ।
राजा र राष्ट्र एउटै हो । राज प्रतिष्ठा र राष्ट्र प्रतिष्ठामा अन्तर
छैन । प्रजाका लागि सदैव चिन्तनशील भइरहने राजाको र राजा-
द्वारा प्रतिपादित व्यवस्थाको विरोध मात्र गर्नु प्रजातान्त्रिकता हो
भने त्यस्तो प्रजातन्त्र डढेर जावोस, त्यस्तो प्रजातन्त्र हामीलाई
चाहिंदैन । राजा प्रजाको हृदय हो । " राजा प्रजानां हृदयो गरी-
यो " । ' हृदय खोल ' भन्दा हृदय न खोल्नु हाम्रो नैतिक कम-
जोरी हो । आफ्नो स्वार्थजन्य सुरक्षालाई पूर्वाग्रहमा राखेर मात्र
देश र प्रजाको तस्वीर राजाको समक्ष प्रस्तुत गर्नु हाम्रो कमजोरी

हो । यसको लागि व्यवस्थालाई दोष दिनु ठीक छैन । यो व्यवस्था
अर्थात् " पञ्चायती प्रजातन्त्र " आजको अन्तर्राष्ट्रिय स्थितिको
दृष्टिकोणले आजको युगको जो गति छ त्यस दृष्टिले नेपाल जस्तो
देशको लागि सर्वोत्तम् भन्न सकिन्छ । यस प्रकार, राजा र राष्ट्र,
देशको शासन र व्यवस्थाप्रति जनमानसमा वाञ्छनीय सद्भावना
श्रद्धा भक्ति र निष्ठा जगाएर राष्ट्रियताको मंच फूकेर तदनुरूप
नागरिकताको बोध गराएर आत्मबोध गराउनु जस्तो कठिन कार्य
आज शिक्षक वर्गले गर्नु परेको छ । अतएव समाजको निर्माणमा
यस प्रकारको महत्वपूर्ण भूमिका खेल्ने वर्ग प्रतिको आफ्नो जिम्मे-
वारी पनि सबैले आ-आफ्नो ठाउँबाट निर्वाह गर्नु नै पर्छ । मद्यपान
सुर्तीपान, धुम्रपान आदि नराम्रा वानीहरु कुलतहरूले, सिनेमाले
र आफ्नो संस्कारलाई बिर्सेर विदेशी वेष भूषा र सँस्कारको पनि
विकृत रूपलाई अंगालेर नग्नरूप लाइनै सभ्यताको चिन्ह सम्झेर
चल्ने नकली चालले बिग्रन लागेको आजका युवा-वर्ग प्रति अभि-
भावक वर्गले पनि आफ्नो उचित कर्तव्य पालन गर्नु पर्दछ ।

विद्यालयमा पढाई दिएपछि अभिभावकको सम्पूर्ण कर्तव्य
पूरा भएको सम्झनु भूल हो । छः घण्टाको नियमित बिद्यालयको
समय बाहेक आठ घण्टा बालकहरू के गर्छन र समय यापन कसरी
गर्दछन भन्ने कुरालाइ माता पिताले पनि सदैव सचेष्ट भएर हेर्नु
पर्छ । समाज र घरको वातावरण बालक- बालिकाको जीवनको
लागि सर्वोपरी प्रारम्भिक प्रेरणाप्रद पृष्टभूमि हो । "घरनै प्रथम
विद्यालय हो" "House is first school" भनिएको छ । यदि
मद्य-बाहक र मद्य-वितरकको कार्य बालक बालिकाद्वारा सम्पादित
हुन्छ भने, यदि मद्यपानको विरोधमा भन्दा पक्षमा धेर वकालत
गरिन्छ भने । यदि प्रारम्भदेखि नै बालक बालिकाहरू स्वतन्त्र
भएर मनपरि जथाभावी गर्न थाले भनेर साधारण सदाचार,

शिष्टाचार, कुलाचार, र मर्यादा आदिको लोप हुन थाल्यो भने एक मात्र विद्यालयको हेरचाहबाट स्थिति सुधारिन्छ भन्नु गलत हो यो साधारण अनुभवको कुरा छ कि वालक वालिकामा अनुकरणको प्रवृति धेर हुन्छ र तिनीहरू आफ्नो घर समाजका श्रेष्ठ जनहरूको अनुकरण गर्दछन। शिक्षामा वातावरणको हद प्रभाव पर्दछ र पनि यस प्रकारको विग्रेको स्थितिमा पनि सच्चरित्र, आदर्श र सुयोग्य नागरिक बनाउनु जस्तो चरम कोटीको चुनौतिको शिक्षक हरूले मुकावला गर्नु परेको छ र बनाइन्छ पनि तर त्यसमा शिक्षकलाई समाजको सहयोगको आवश्यकता पर्छ। वैज्ञानिकताको नाममा सामाजिक रुढिहरू कुप्रथाहरूको विरोध गर्नु पर्छ। इष्टदेवता र कुलदेवताप्रति अनास्था र नास्तिकताको भाव वैज्ञानिकता होइन Foawardness होइन। इष्ट देवता र कुलदेवतामा आस्था भक्ति भावना, माता-पिता र श्रेष्ठ जनप्रति आदर र सम्मानको भावनाद्वारा नै सहज आस्तिकताको जन्म हुन्छ। प्रारम्भिक आस्तिकता छैन भने इष्ट देवता र कुल देवतालाई नचिन्ने सन्तानलाई ग्राम देवता वा राष्ट्रदेवतालाई चिन्हाउनु पनि गाह्रो पर्छ' सबै कुरा बुझेर बुझ पचाउनु पाखण्ड हो। आफूले गरेको अनाचार र अमर्यादित व्यवहारलाई नै वैज्ञानिकताको संज्ञा दिनु बिडम्बना हो। कठोर सत्यता र यथार्थताको मुकावला गर्न नसकेर व्यर्थवाद गर्नु थोत्रो दलिल दिनु निर्वल तर्क पेश गर्नु कायरता हो र छल हो पलायनवाद हो। यस प्रसङ्गमा एक जना भारतीय कवि-प्रसादजीको एउटा पंक्ति एकाएक याद आउँछ "वीरता जव भागने लगती है तो उसके पाँवसे छद्म की धूल उडती है" भन्नु जति सजिलो छ गर्नु त्यत्ति नै गाह्रो छ। जीवनको सर्वोत्तम समय युवावस्थाको समय कर्मठताको समय जुन अवस्थामा केही गर्न सकिन्थ्यो। त्यो समय जुन शिक्षकले आफ्नो जीवनको महत्व पूर्ण धेरै वर्षको समय

समाजका नानीहरूको जीवन बनाउनमा लगाई दिएकोछ, जुन शिक्षकले आफ्नो नानीको के होला, भन्ने कुरालाई नहेरी समाजका वालबच्चाको भविष्य बनाउने काममा दधीचिको जस्तो आफ्नो जीउ लगाइदिएकोछ, त्यस्को पनि मूल्याङ्कन नहुनु त्यसलाई पनि संकीर्ण भावले हेर्नु कृतघ्नता होइन सत्य बोल्नको लागि बाध्य भएपछि मुखबाट "सत्यको आगो" निस्किन्छ। आफ्नो हित अनहित त सबैले जान्दछन। "हित अनहित पशु पक्षिक जाना" शिक्षक त प्रबुद्धवर्ग पो त। जो बोल्दैन त्यो सोच्न पनि जान्दैन भन्ने धारणा लिनु भ्रम हो। कर्तव्यको आधारमा कर्मठताको आधारमा सेवा अवधिको आधारमा, सच्चरित्रता र कर्मठताको आधारमा, आदर्श र उच्चताको आधारमा उच्च र व्यापक भावनाले विस्तृत भावनाले, उदार भावनाले शिक्षकको सम्यक मूल्याङ्कन हुनु पर्दछ। माथि यस लेखमा एक ठाउँमा अंग्रेजीको एउटा वाक्य उधृत गरिएको छ। त्यसमा [King of him self र servant of man kind को उक्ति भित्र जो मार्मिक अनुभूतिको वोध गराएको छ, त्यस्को मार्मिकतालाई बुझिदिनु पर्दछ।

साहित्यिकता र पत्रकारिताको पनि उदगमस्थल विद्यालय नै हो। शब्द जालमा बाँधेर, लच्छेदार शब्दको प्रयोग गरेर मनको ऊहा-पोह प्रकट गर्नु, हृदयमा बलेको आगोको साहित्यिक प्रदर्शनले मात्र साहित्यकारको पनि धर्म पूरा हुन्छ भन्न सकिदैन। "सहितस्य भाव सहित्यम्" त हुनै पर्दछ। साहित्यमा सहितको भाव हुनै पर्दछ। साहित्य समाजको ऐना हो। समाजको असली अनुहार वास्तविक रूप साहित्यमा प्रतिविम्बित भएन भने, त्यसलाई साहित्य भन्न सकिदैन। पत्रकारको उत्तरदायित्व त अझ एकापट्टि क्रियाशील साहित्यकारको हो भने अर्कोपटि समाज, समय, सन्दर्भ शासन व्यवस्था र राजनीतिको बीच सामन्जस्य स्थापित गरेर

एउटा सदैव सचेष्ट प्रेरक, र प्रशिक्षकको गहन उत्तरदायित्वको भार पनि वहन गर्नु पर्दछ। व्यक्तित्व विकासमा उपयुक्त कुराहरुको पनि पर्याप्त प्रभाव शिक्षक वर्गद्वारा नै विद्यालय जीवनमा हुन्छ। अतएव शिक्षक वर्गले पनि आफ्नो उचित कर्तव्यको पालन गर्नु पर्दछ र समाजले पनि शिक्षक वर्गप्रतिको आफ्नो कर्तव्य निष्ठा-पूर्वक पूरा गर्नु पर्दछ। यो लेख समाप्त गर्नु भन्दा अघिनै एउटा शुभ समाचार सुनिएको छ — शिक्षकहरुको निवृत्तिभरणको व्यवस्था भएको छ र त्यस्को साथै शिक्षक वर्गले सञ्चय कोषको व्यवस्था पनि चाँडै नै हुन्छ भन्ने आशाको स्वर्णिम प्रकाश देख्न थालेका छन।

अन्त्यमा सबैमा युग बोध होस राष्ट्रिय चेतना जागोस र स्वकर्तव्यप्रति निष्ठा र आदरको भावना जागृत होस भनि कामना प्रकट गर्दछु।

सत्यं शिवम् सुन्दरम्।

> "योजना न बनाई काम न थाल्नु, थालेको काम पूरा गरेर मात्र छाड्नु, काम गर्दा देशको भौगोलिक स्थिति र असंलग्न परराष्ट्र नीतिमा राम्रो विचार पुऱ्याएर मात्र गर्नु"
>
> —श्री ५ वीरेन्द्र

अनन्त आकाश र हाम्रो पहुँच

—लक्ष्मेश्वर पाण्डे
बी॰ एस्सी॰

नील रात्रिको शान्त आकाशमा हेर्दा हामी तारा मण्डलको साम्राज्य पाउँछौं। त्यसबेला अलिक दार्शनिक भएर विचार गऱ्यो भने हामीले यो भन्न करै लाग्छ कि यो पृथ्वी नै सम्पुर्ण संसार त होइन् होला, यस भन्दा पर पनि त हामी जस्तै मान्छे वा जीवन हुन सक्छ। के त्यहाँ सम्म हाम्रो पहुँच छ ?

यस सम्बन्धमा हाम्रो सामु विभिन्न प्रश्नहरू उठदछन्। के पृथ्वीमा विकसित भई रहेको सभ्यता संसारको एकमात्र सर्वोत्तम सभ्यता हो ? अरू-अरू ग्रहहरू र ताराहरुमा के जीवन छैन् ? छ भने त्यसको स्वरुप कस्तो छ ?

यी समस्याहरू आजका वैज्ञानिकका लागि चुनौती बन्न पुगेका छन्। यस सम्बन्धमा आशावादी वैज्ञानिकहरुको भनाई स्पष्ट छ। उनीहरुको विचार के छ भने प्रत्येक १००० तारा मध्ये कम भन्दा कम एकमा कुनै न कुनै रूपमा वा हामी भन्दा विकसित जीवन अवश्य नै हुनु पर्छ। यस पक्षलाई समर्थन गर्ने विभिन्न तथ्यहरु समाचार पत्रमा हामीले बेला-बेलामा न पढेको होइन्। जस्तै:-

१. अमेरिका र कनाडाका कतिपय मानिसहरूले सौकरको (   ) प्रत्यक्ष दर्शन गरि सकेका छन्। त्यसका चित्र

समेत कतिले आफ्नो क्यामरामा उतारि सकेका छन्। यी तथ्यले विभिन्न प्रश्नहरु खडा गरेका छन। यी के हुन् ?, कहाँबाट आएका हुन ?; यिनलाई संचालित गर्ने को हुन् ?

यिनीहरू आकारमा साना, अति तीव्र गति भएका, उच्चतम प्रौद्योगिकीले युक्त छन् भन्ने भनाई एक अमेरिकी वायु सेनाका वरिष्ठ चालक र अन्यले प्रत्यक्ष दर्शनबाट भनेका छन्। अर्थात यी पक्कै कुनै हाम्रो पृथ्वी भन्दा बाहिरी अज्ञात ठाउँका हुनु पर्दछ।

२. माथिको तथ्यलाई हाल सालैको एउटा घटनाले पनि सिद्ध गर्छ। १९७७को मध्य तिर अमेरिकाको अति विकसित शहर न्यूयार्कको बिजुली घर, जुन नामकीय भट्टीले संचालित थियो, करीब ६घंटाको लागि काम गर्न बन्द ग-यो। ठूला-ठूला वैज्ञानिकहरूले त्यसलाई जाँच गर्दा दोष मुक्त पाए। अब प्रश्न उठछ कि बिजुली सप्लाई किन रोकियो ? कसको प्रभावबाट रोकियो ?

हाम्रा हिन्दू ऋषि देवता जस्तै यिनीहरुसंग विशेष शक्ति हुँदो रहेछ। यिनीहरू जुन क्षेत्रमा आउँछन् त्यस क्षेत्र भित्रका सम्पूर्ण यान्त्रिक क्रियाकलापलाई ठप्प पारिदिन्छन्।

माथिका तथ्यहरूले यो साबित गर्न सकिन्छ कि पृथ्वी बाहेक अरू-अरू ग्रह, ताराहरुमा जीवन हुनु पर्दछ। हाल सम्म चन्द्रमा, मंगल, शनिमा जीवनको चिह्न न भएको हामी संग प्रायोगिक जानकारी छन तर यी तीन मात्रै त अनन्त ब्रह्माण्ड होइन्; हाम्रो प्रयासले अवश्य नै कुनै न कुनै दिन रंग ल्याउने छ। अब यस सम्बन्धमा हाम्रो प्रयास बारे जानकारी प्राप्त गरौं।

अन्तरिक्ष सम्बन्धी खोजीमा अमेरिका र रुस दुवै जागरुक भएका देखिन्छन्। यस पृथ्वी देखि बाहिरको ग्रह, ताराहरूमा जीव छ कि भन्ने जान्नलाई अमेरिकाको 'नासा' केन्द्रले "भ्वाएजर" भन्ने यान अनन्त ब्रह्माण्डमा १९७७ को अन्त तिर पठाएको

छ। सौर शक्तिले चालित यो यानमा पृथ्वीमा भएको सम्पूर्ण प्रगतिको चित्र देखाउन खोजिएको हो। यसमा वैज्ञानिक अनुसंधान पृथ्वीको सम्पूर्ण चित्र, सिनेमा, टेलीविजन; पृथ्वी वरिपरि घुमि राखेका विभिन्न उपग्रहहरूको बारेमा छोटो परिचय; संसारका विभिन्न ठाउँका बोलीहरू, विभिन्न संगीतहरु (जसमा हाम्रो शास्त्रीय संगीत पनि छ) त्यस्ता अन्य सम्बन्धित तथ्यहरू 'Metallic tap' मा (धातुको टेपमा) सुरक्षित छन्।

यो यान कुन तथ्यमा पठाइएको छ भने - यदि पृथ्वी भन्दा बाहिर कुनै अर्को तारामा यदि हामी भन्दा विकसित वा हामी जस्तै जीवहरु छन् भने तिनीहरुले हाम्रो प्रगति बारे पूर्ण जानकारी पाउन सकून र हामी पनि उनीहरुको बारे जान्न पाउँ।

यो यान आफ्नो परि भ्रमणको क्रममा सम्पूर्ण सौर जगतलाई नाघी त्यहाँ हुने सम्पूर्ण जैविक र अन्य सूचना पठाउँदै अनन्त ब्रह्माण्ड तर्फ लाग्ने छ। यदि सम्पूर्ण यान्त्रिक क्रियाकलापहरू राम्रो संगले संचालित भई दिए भने करीब ४०,००० वर्ष पछि तारामण्डलको कुनै पनि तारामा पुगी विभिन्न सूचनाहरू पठाउने छ।

यो हो अनन्त आकाश बारे हाम्रो ज्ञान र पहुँच पनि । अझ पनि हामी ब्रह्माण्डको ज्ञान-गंगाबाट कति टाढा रहेछौं भन्ने प्रष्ट हुन जान्छ। अब प्रश्न छ-के हामी ४०,००० वर्ष सम्म पर्खिरहन सक्छौं ? अर्थात हामी अझै शून्यमा छौं। के हाम्रा सन्ततिले निकट भविष्यमै (२००—३०० वर्षमा) केही रहस्योदघाटन गर्न सक्लान् ? जे भए पनि हाम्रो प्रयासमा कुनै त्रुटी न आओस। मानव जातिको उत्पत्ति भएको २० लाख वर्ष भई सक्यो। हाम्रा पूर्वजले यसबारे हामीलाई कुनै जाकारी दिएनन्, के हामी आफ्ना सन्ततिलाई केही दिन सक्छौं ?

"शैक्षिक व्यवधानका समाधानहरू"

— चन्द्र सुवेदी
बी० ए०, इ० एल० टी०

शिक्षा नै मानव उन्नतिको मूल आधार हो । शिक्षाको माध्यमबाट मानिसले आफ्नो व्यक्तित्वमा विकास गरी आफ्नो, समाजको र देशको विकासमा मानवका सांस्कृतिक तथा राजनैतिक मार्गहरूको आधारमा अनुशासित ढङ्गबाट अग्रसर भई राष्ट्रिय उन्नतिको प्रदर्शन गराउँछ । यस्तो सभ्यताको एक मात्र स्रोत शिक्षालाई वैज्ञानिकीकरण गराई राष्ट्रिय प्रतिभाको उन्नति गर्ने उद्देश्यले स्व० श्री५ महेन्द्रबाट २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु गरिबक्सियो । यस योजनाले प्राविधिक ज्ञानको आधारमा जनताको जीवनस्तर विकास गरी व्यवसायिक मार्गले सम्पूर्ण जनतालाई स्वावलम्वी गुणी तथा चरित्रवान बनाउने छ ।

यस योजनाले सानो भन्दा सानो स्तरका बालक-बालिका देखि लिएर उच्च पदाधिकारीहरूसम्मको सही ढङ्गबाट मूल्याङ्कन गरी शैक्षिक तथा अन्य क्षेत्रबाट विकासको निम्ति प्रण गर्नमा अग्रसर र उत्साहित बनाएको छ । यस कदमद्वारा बाल-प्रौढ तथा महिलाहरूलाई ठीक उनीहरूको स्तर अनुसारको शिक्षा निःशुल्क प्रदान गरी सबै स्तरका मानिसहरूको व्यक्तित्वको विकास गरी

सबै स्तरमा राष्ट्रियताको मार्ग प्रदर्शन गरेको छ । पौराणिक कालको किताबी ज्ञान तथा सिद्धान्तहरुबाट मात्र हासिल गरेको शिक्षाले व्यवहारमा कुनै काम नदिने हुँदा शिक्षा प्रदान गर्ने व्यक्ति-हरूलाई विभिन्न व्यवसायमा अलग अलग किसिमको तालिम दिई, पुराना अप्रभावकारी शिक्षण विधिमा सुधार ल्याई बाल-बालिकाहरूलाई प्रारम्भिक अवस्था देखि नै व्यवहारिक बनाउँदै लाने प्रयास पनि यो योजनाले गरेको छ ।

प्राथमिक शिक्षा निःशुल्क गरिनु विद्यार्थीहरुको बौद्धिक तथा आर्थिक स्थिति हेरी छात्रवृति दिइनु दुर्गम स्थानका विद्यार्थीहरूका लागि छात्रावास आदि कुराहरूको व्यवस्था हुनु र शिक्षकहरूलाई उनीहरूको योग्यता, सक्रियता र इमान्दारीताको मूल्याङ्कन गरी नगद तथा अन्य पुरस्कारहरू दिने व्यवस्था गर्नु आदिबाट विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूका बाहिरिया देखावटी क्रियाकलापहरू लोप भई वास्तविक राष्ट्रिय भावना निःस्वार्थ सेवा र इमान्दारिताहरूले स्थान पाएको कुरा स्पष्ट छ । श्री ५ को सरकारले देशको सर्वाङ्गीण विकासको लागि जे जति योजनाहरू लागू गरेको छ - तिनीहरुमा विभिन्न शिक्षा प्रेमी, राजभक्त तथा विकास प्रेमी व्यक्तिहरूको लागि ज्यादै रोचक र उनीहरुको अन्तरआत्मादेखि नै अत्यावश्यक र प्रभावकारी जँचिएका कुराहरू अतिरिक्त कार्यकलाप अन्तर्गत पर्ने कार्यक्रमहरु हुन् जसद्वारा विद्यार्थीहरूले शारीरिक, मानसिक र बौद्धिक विकास गर्नुका साथै जनशक्तिको महत्व, अनुशासन,एकता तथा राष्ट्रियताको महत्व बुझी सक्रियताका साथ राष्टोन्नतिमा अग्रसर हुने छन । यसर्थ यस व्यवस्थाबाट अति शीघ्र नै जनतामा जागरुकता र निस्वार्थ सेवाको भावना बढी एक उन्नतशील समाजको सृजना हुनेछ ।

जुनसुकै कार्य तथा सिद्धान्तमा सदुपयोग नभएर र अन्य

विभिन्न कारणहरुबाट विभिन्न कठिनाईहरु देखा पर्छन। त्यस्तै यस व्यवस्थामा पनि अनेक बिघ्नबाधाहरु देखिनु अस्वभाविक होइन। राष्ट्रिय शिक्षा योजना कार्यक्रमलाई कार्यरुपमा ल्याउँदा बाधक सिद्ध हुने त नेपालको गरीबी नै हो। धेरै नै शैक्षिक उपलब्धिहरु निःशुल्क भईकन पनि श्री ५ को सरकारले हरदर बढी प्रतिशतमा खर्चा व्यहोरेको भए पनि वर्तमान शिक्षा ग्रहण गर्न सबै जनतामा एकै नासको सामर्थ्य छैन। आर्थिक कठिनाईका कारणबाट शिक्षा दिन र लिनमा निम्न कठिनाइहरु देखा परेका छन-

'दिन प्रतिदिन बडदो संख्याका विद्यार्थीहरुलाई कोठा तथा फर्निचरको पर्याप्तता छैन। कतिपय विद्यार्थीहरु आफूले व्यहोर्नु पर्ने शैक्षिक सामग्रीहरु प्राप्त गर्न समर्थ छैनन। विद्यालयहरुले शैक्षिक सामग्री तथा जग्गाको कमीले व्यवसायिक तथा अन्य केही विषयहरुको पढाईलाई व्यवहारिक ढङ्गले सञ्चालन गर्नमा कठिनाई महसूस गरेका छन। विद्यार्थी संख्या बढी भएको कारणले शिक्षकहरुले योजना अनुरुप पाठ योजना तयार गरी अध्यापन कार्य गर्न र विद्यार्थीहरुको छुट्टाछुट्टै मूल्याङ्कन गर्न पूर्ण रुपले सफल भएका छैनन। भवनको अभावले गर्दा धेरै विद्यार्थी संख्या भए पनि वर्ग छुटयाइ राख्न सम्भव छैन। धेरै विद्यार्थी संख्या भएको विद्यालयबाट अन्य संख्या कम भई आर्थिक बजेट घाटामा भएका विद्यालयमा विद्यार्थीहरु सरुवा गर्ने पनि व्यवस्था छैन। त्यसमा पनि विद्यार्थीले लिएको या रुचाएको विषय शतप्रतिशत प्राप्त हुँदैन। विभिन्न परीक्षाहरु सञ्चालन गर्न चाहिने खर्चा तथा सामग्रीहरुको अभाव र निकै विद्यालयहरुमा तालिम प्राप्त शिक्षकहरुको कमी भएकाले प्रभावकारी ढङ्गले पढाई तथा मूल्याङ्कन गर्नमा कठिनाई छ। यसरी प्रायः अधिराज्य भरका सबै नै विद्यालयहरुले सायद एकैनासको कठिनाईलाई सामना गर्नु परेको छ।

सर्वप्रथम त राष्ट्रिय शिक्षा पद्धतिको योजनालाई बढी प्रभावकारी बनाउने एक मात्र मार्ग आर्थिक कठिनाईमा सुधार ल्याउनु हो। शिक्षाको विकासमा बढी सुधार ल्याउनका लागि माथि उल्लेख गरिएका समस्याहरू पूर्णरुपले समाधान हुनु पर्छ।

शिक्षण पेशा जस्तो शुद्ध, निःस्वार्थ तथा पवित्र पेशा अपनाएका शिक्षकहरुमा एकातिर परिश्रम, लगनशीलता र इमान्दारिताको मूल्याङ्कन गरी अयोग्य शिक्षकहरुमा उचित नियम लागू गरिनु पर्छ भने योग्य ठहरिएका शिक्षकहरुमा उचित कदर तथा हौसलाको निम्ति पुरस्कार आदिको व्यवस्था हुनुपर्छ। जसबाट योग्य शिक्षक अझै योग्य र कर्तव्यनिष्ठ बन्ने मौका पाउँछ। शिक्षण पेशामा पनि अन्य सरकारी सेवामा प्राप्त भएजस्तै आर्थिक सञ्चयकोष तथा अनुभवी शिक्षकमा सेवाको काल हेरी उचित निवृत्ति भरणको व्यवस्था हुनु पर्छ भन्ने कुरा विभिन्न शिक्षक तथा शिक्षित वर्गले महसूस गरेका छन्। विद्यालयको माग तथा आवश्यकता अनुसार व्यवसायिक विषयहरुको थप घट गर्नु तथा सबै शिक्षकहरुलाई तालिम दिई सक्नु पनि आवश्यक कुरा देखिन्छ।

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले विद्यार्थीहरुलाई छोटो समयमा नै परिश्रमी र स्वावलम्बी बनाई उनीहरुको व्यक्तित्वको विकास गर्ने, उनीहरुमा राष्ट्रिय भावनाको जागृति गराउने र उनीहरुबाट सक्रियताका साथ प्राप्त भएको जनशक्तिबाट राष्ट्रोन्नतिमा मदत पु-याउने आदि लक्ष्य राखेको छ। यसमा पर्न गएको आर्थिक संकटतालाई यथाशक्य हटाई समयको गति र माग अनुसार शैक्षिक नीतिहरुमा आवश्यक सुधार तथा संशोधन गर्दै लगी वास्तविक राष्ट्रिय भावना भएका परिश्रमी तथा इमान्दार व्यक्तिहरुलाई उनीहरुको कार्य तथा उपलब्धिको कदर गरेर अझ सक्रिय बन्ने प्रेरणा दिइ उनीहरुको कार्य शक्तिलाई राष्ट्रिय विकासमा लगाउनु नै श्री ५ को सदिच्छा अनुरूप शैक्षिक माध्यमबाट "विकासको मूल फुटाउनु हो।"

शिक्षणका उद्देश्यहरू

जीतबहादुर सुजेल

ज्ञान तथा अनुभवको क्षेत्रमा विशिष्ट सिकाइको अर्थमा
यसले वास्तविकता देखाउँदछ कि विद्यार्थीहरूले शिक्षा पाई सके
पछि आशागरे अनुसार जुनसुकै कामकुरा पनि पुरा गर्न सक्षम
हुने छन् । अर्थात शिक्षणको उद्देश्य त्यस्तो हुनु पर्दछ कि जुन कुरा
विद्यार्थीहरू सिक्दछ । कर्मक्षेत्रमा सफल होउन् । देश, नरेश,
समाज, समुदाय तथा उनीहरूको व्यक्तिगत जीवनमा सफल हुन
सकुन् । शैक्षिक उद्देश्यले शारीरिक तथा सामाजिक विकासहरूमा
जोड दिएको हुनुपर्छ । देशभक्ति तथा असल नागरिक उत्पादन हुने
शिक्षणको उद्देश्य हुनु पर्दछ र नितिवान, चरित्रवान तथा
आध्यात्मिक विचारधारामा आस्था राख्ने असल नागरिक तैयार
गर्ने शिक्षणको उद्देश्य हुनु पर्छ । ऊ स्वयम्‌को, उसको समाजको,
समुदायको तथा देशको निम्ति उपयोगी नागरिक तैयार गर्न
सक्ने शिक्षणको उद्देश्य हुनु पर्दछ । घरेलु सीपहरू, आमोद प्रमोद,
नाच गान, आदिमा आफ्नो फुर्सतको समयलाई उपभोग गर्ने
बानीको विकास गर्ने किसिमको शिक्षण हुनु पर्दछ । आफ्नो शरीर-
को हेर विचारको साथै अरु सबैको स्वास्थ्य माथि पनि विचार
पर्न सक्ने क्षमताको विकास गर्ने शिक्षण हुनु पर्दछ । भाषाको सुन्दर

प्रयोग, खेलकूद सम्बन्धि, साहित्य, कला, वाद-विवाद तथा सामा-
जिक कार्य सम्बन्धि राम्रो दिलोज्यान दिन सक्ने नागरिक बनाउने
र उनीहरूको अभिवृत्ति विकास गर्न सक्ने नागरिकको विकास गर्नु
पर्दछ, आफ्नो मानसिक शक्ति बढाई परिवारको सुख मानव जाति-
को भलाई सोच्ने तथा असल काम गर्ने नागरिकको विकास तथा
उत्पादन गर्न सक्ने शिक्षणको उद्देश्य हुनु पर्छ । मानिसको जीवनमा
परि आउने काम र अरु विभिन्न कुराहरू मोटर, बस, ट्रक चलाउने
पौडी खेल्ने आदि जस्ता आवश्यक कुराहरू पनि पाठ्यक्रममा
छुटेको हुनु हुन्न । शिक्षणका उद्देश्यहरूले मानव जीवनका सबै
पक्षहरूलाई छोएको हुन्छ । यसैले उद्देश्यहरूको पनि तह हुन्छः—

उदाहरणको निम्ति—हाम्रो देशको नयाँ शिक्षा पद्धतिको
राष्ट्रिय उद्देश्य हो— देश, नरेश र व्यवस्था प्रति सजग र सुदृढ
नागरिक तैयार गर्नु , आर्थिक विकासको निम्ति आवश्यक जन-
शक्ति तैयार गर्नु, नैतिकता, परिश्रम, स्वावलम्बन, सृजनात्मक र
विश्वबन्धुत्वको भावनाको विकास, राष्ट्रभाषा, संस्कृति, साहित्य
र कलाको विकास गर्ने । राष्ट्रिय उद्देश्यहरू निम्नानुसार तहगत्
छन् :—

[क] उदाहरण स्वरूप, प्राथमिक तहका कक्षा एक देखि तीन
सम्म दिइने उद्देश्य -साक्षरताको शिक्षा र यसको निम्ति नेपाली
भाषा, गणित, सामाजिक शिक्षा जस्ता विषयहरूलाई प्राथमिकता
दिएको छ ।

[ख] निम्न माध्यमिक तहमा - देशभक्ति, राजभक्ति, चरित्र
निर्माण गर्ने उद्देश्यले पूर्वव्यावसायिक शिक्षाको प्रारम्भ ४ कक्षा
देखि ७ सम्म गरिन्छ ।

[ग] माध्यमिक तहमा व्यावसायिक शिक्षामा जोड दिई उत्पादन
शील नागरिक तैयार गर्न कक्षा ८ देखि १० सम्म ध्यानपूर्वक

दिशेष शिक्षण गरिन्छन् ।

तहगत उद्देश्य जस्तै विषयगत उद्देश्यहरू पनि हुन्छन् ; उदाहरणको निम्ति-कक्षा ४ देखि अंग्रेजी शिक्षण गरिनुको कारण के हो ? विज्ञान शिक्षण किन गरिन्छ ? सामाजिक शिक्षाको के कति अध्यापन गराउनु पर्दछ भन्ने कुरा निर्धारित गरिएको हुं पर्दछ, र गरिएको पनि हुन्छ, त्यसमा शिक्षकले विभिन्न शिक्षण निर्देशिकाहरू तथा अरू जानकारीहरूको आधार लिएर पूर्ण विश्वास का साथ विषयवस्तुको शिक्षण गर्नु पर्दछ । त्यस्तै व्यवसायिक शिक्षामा विद्यार्थीहरूले के कति सीपहरू हासिल गर्नु पर्ने हो ? यो उद्देश्य के हो ? सो को शिक्षणको निम्ति पनि शिक्षक आफुले स्पष्ट हुनु पर्दछ र मात्र शिक्षण गर्नु पर्दछ ।

विषयगत् उद्देश्यहरू-जस्तै इकाइगत उद्देश्यहरु हुन्छन्। योग्य शिक्षकले इकाइगत उद्देश्यहरूको राम्रो संग अध्ययन, विश्लेषण , मनन् गरेर मात्र पठन पाठन शुरु गर्नु पर्दछ। उद्देश्यलाई राम्रो संग नकेलाई , नहेरी शिक्षण शुरु गरेमा इकाइको अन्तमा शिक्षक तथा विद्यार्थी दुवै अलमलिने सम्भावना हुन्छन् र पठन-पाठन कार्य फलदायि हुन सक्दैन ।

इकाइगत् उद्देश्य जस्तै,पाठगत उद्देश्यहरू हुन्छन्। पाठगत उद्देश्यलाई विशिष्ट उददेश्य पनि भनिन्छन् , कारण विशिष्ट उद्देश्य हरेक पाठको अन्तमा पूरा गरिन्छ । बोलेर वा लेखेर आफ्नो भाव व्यक्त गर्न सक्ने छन् । भाषाका सामान्य विषयगत् उद्देश्य के हो बुझ्ने छन र'औषधी'शब्दलाई वाक्यमा प्रयोगगर्न सक्नेछन् भाषाको पाठगत विशिष्ट उद्देश्य हो-जुन पाठको अन्तमा औषधी शब्दलाई विद्यार्थीहरू वाक्यमा प्रयोग गर्न सक्नेछन् - अनि पछि सामान्य उद्देश्य बोलेर वा लेखेर भाव व्यक्त गर्नु पर्दछ, औषधी शब्दले पनि सहयोग पु-याउने छ ।

शिक्षणका उद्देश्यको तैयारी ।— शिक्षणका उद्देश्यहरु तयार गर्दा मानसिक प्रकृयालाई विचार गरेर मात्र गर्नु पर्दछ । मानवका मानसिक प्रकृयालाई तीनभागमा विभाजन गरिन्छ; जस्तै :—

[क] ज्ञान

[ख] सीप

[ग] भावनात्मक

उक्त विभाजनबाट थाहा हुन्छ कि मानव मस्तिष्कले तीन किसिमबाट काम गर्दछ- ज्ञानार्जन, ज्ञानार्जन पछि आफुले प्राप्त गरेको ज्ञान राम्रो छ वा छैन, विभिन्न पक्षबाट तिनीहरुको नाप तथा निर्णय गरे पछि-प्रतिकृया देखा पर्दछन् । जसलाई ज्ञान, अभिवृत्ति र सीप भनिन्छ । उक्त तीन कुराहरुको पूर्णता तथा प्राप्ति का लागि विषय बस्तु पनि फरक फरक हुन सक्छन् । त्यसैले तीन कुराहरुको विस्तृत अर्थ तथा वर्णन यस प्रकार छ :—

ज्ञान:— मानव मनले भेट्टाउन, खोजी गर्न सक्ने सत्य तथा सिद्धान्त र जानकारीलाई ज्ञान भनिन्छ । ज्ञान प्राप्तिका निम्ति विद्यार्थीहरू विभिन्न तथ्यहरु सम्वन्धि वर्णनात्मक निवन्ध, इतिहास, भूगोल, नागरिक शास्त्र, अर्थ विज्ञान, व्याकरण आदि-बाट तथ्यहरु तथा जानकारीहरु संकलन गर्दछन् । उक्त विषयहरु बाट विद्यार्थीहरु लडाइ-झगडा, रणक्षेत्र शासन, प्रशासन, सामाजिक रीति रिवाज, प्राकृतिक कुराहरु, वैज्ञानिक तथ्यहरु थाहा पाउने छन् यही थाहा पाएका कुराहरु नै ज्ञान हो ।

अतः पाठ्यक्रममा उक्त ज्ञान पक्षका शैक्षिक विषयहरूको प्रत्येक स्तरमा समावेश, विचार पूर्वक गरिएको हुनु पर्दछ । उक्त कुराहरु माथि शिक्षकले पनि आफ्नो शिक्षणकार्यमा विचार पु-याउनु पर्दछ ।

सीप:— व्यक्तिले ठीक-ठीक र सुगमता पूर्वक जानेको कुनै

कार्य मानसिक वा शारीरिक कुशलतालाई सीप भनिन्छ । सीपका निम्ति निर्धारित गरिएका विषय वस्तुको स्वरूप पनि बुझ्नु पर्दछ। सीप सम्बन्धि शिक्षणमा विद्यार्थीहरू विभिन्न किसिमका हस्तकला व्यावसायिक सिक्दछन् ; उदाहरणको लागि- सिकर्मी, डकर्मी जस्ता सिउने, बागवानी कृषि आदि जस्ता कुराहरूमा शारीरिक परिश्रम को साथै सीपको आर्जन गर्दछन् र यही उनीहरूको जीवन निर्वाह को साधन पनि हुन सक्तछ। निम्न वर्गीय समाजको निम्ति सीप शिक्षणको कार्य आर्शीवाद जस्तै हुन्छ । यसबाट विद्यार्थीहरू आत्मा स्वावलम्वी कार्यशील हुन सक्छन्। देश, समाज र समुदायको निम्ति उपयोगी भावनात्मक नागरिक बन्दछन् । पाठ्यक्रम निर्माण गर्ने विशेषज्ञ महोदयहरुले यस्ता कुराहरूमाथि ध्यान दिदै आईरहेका छन् ।

भावनात्मक:— कुनै वस्तु व्यक्ति वा अवस्थाहरूको पक्ष वा विषयमा विशेष किसिमले प्रतिक्रया जनाउने तत्परता जस्तै प्रेम घृणा, भय, रीस, जगाउने क्रयालाई अभिवृत्ति भनिन्छ । अभिवृत्ति भनेको कुनै खास वस्तु, अवस्था, तथा महत्व प्रतिको झुकाव वा पूर्ववृत्तिलाई भनिन्छ । अभिवृत्ति उत्पति गर्ने पाठहरुले विद्यार्थीको भावना तथा संवेगहरूलाई जागृत गर्दछन् र ती जागृत भावना तथा संवेग द्वारा प्रेरणाको जागृति हुन्छ। देशभक्तिको कविता पढदा आनन्द मान्न सक्तछन् , कुनै कविता तथा साहित्यबाट आनन्द वा दुःख अनुभव गर्न सक्तछन् र कंले एकदम जङ्गिएर क्रोधी भएर उच्छृङ्खल पनि हुन सक्छन्। ज्ञानका पाठहरू मानव मनसंग सम्बन्धित् हुन्छन् भने अभिवृत्ति पाठहरु मानव हृदय, संवेग तथा अनुभवहरू संग सम्बन्धित हुन्छन् ।

हाम्रा विद्यार्थीहरूलाई देश, समाज, समुदाय तथा व्यवस्था प्रति आस्था र विश्वासमा माया, गर्व गर्न सक्ने भावनाको वृद्धिगर्न

सक्ने किसिमको शिक्षण तथा विषय वस्तु हुन नितान्त आवश्यक पर्दछ। मान्छेको झुकाव तथा प्रवृतिलाई सकारात्मक बनाउन साँचो तथ्य तथा वैज्ञानिक कुराहरूको आदान-प्रदान एवं शिक्षण-बाट मात्र संभवत: विकास गर्न सकिन्छ । अभिवृति भनेको गह-किला, अमूल्य तथा अकाट्य कुराहरू हुन, देश र व्यवस्थाका निम्ति यस्ता भावना भएका व्यक्ति आवश्यक पर्दछन् । त्यसैले पाठ्यक्रम तैयार गर्ने र तैयार गरिएको पाठ्यक्रम शिक्षण गर्ने शिक्षकहरूले देशको आवश्यकता व्यवस्था अनुकूल कार्य गर्न 'सक्ने नैतिकवान विश्वास योग्य नागरिक उत्पादन गर्ने हेतु लिएको हुनु पर्दछ ।

●

एक जना पाहुना टुप्लुक्क एउटा घरमा टुप्लुक्कियो । घर-को पिढीमा नपुग्दै एउटी सानी केटीसंग जम्का भेट भयो र घरको हालखबर सोध्दै :— 'नानी ! घरमा सबै राम्रै छन् ?' सानी केटीले - (अकमकिंदै)-भनी - अरु त राम्रै छन् तर ठूल्दिदी चाहि अलिक नेप्टी, डेडी र बुरथुङ्गी छ ।

★ ★ ★

'बुवक साला ! धनको लोभलै त्यस्ती अधबैंसे, काली,
बल्डयांग्री र लंगडी आइमाइलाई बिहे गरिस नि ;
कृष्णको बिहेमा बधाई दिन गएको उसको साथी,
बर्मासले बेहुलीलाई हेरेर कानेखुशी गर्दै भन्यो ।

'कानेखुशी गरि रहनै पर्दैन' - अलिक घोसेमुन्टो लगाउंदै बर्मासिले जवाफ दियो - 'उ त कान पनि सुन्दिन !'

संकलन — 'भूषण'

★ ● ★

एक विचार—

कवि र कविता

—एम० एल० शर्मा

कविले स्वर्ग, मृत्यु, भूतल तथा रसातल आदि सर्वत्र आफ्नै 'म' को प्रसार गर्दै महान उल्लास प्रकट गरेको हुन्छ। कविले भमरा भएर विश्व वाटिकाका सुगन्धित फूलहरुको रसपान गरेको हुन्छ, कवि वादल झैं कुदेको हुन्छ । अनि चट्याङ झैं क्रोधित भएको हुन्छ भने अर्कोनिर कवि सौन्दर्य-रहस्यको उत्कर्ष-बाट संसारको मनलाई मोहित गर्दै संसारको प्रिय भएको हुन्छ ।

कविको कवितामा अक्षय-धन भरेको हुन्छ, त्यो अक्षय-धनले संसारको सत्य ज्योतिलाई सधैं मंगलमय गरेको हुन्छ। कवि हरुका अमर कविताहरुले आज पनि सहृदय मानिसहरुलाई मुग्ध पर्दै आएका छन। जस्तै-भानुभक्त आचार्य, कवि मोतीराम भट्ट, महाकवि लक्ष्मी प्रसाद देवकोटा र कवि शिरोमणि लेखनाथ पौडेल आदिका कृतिहरु नेपाली समाजका लागि जुन सुवर्ण दीपिका ज्योतिर्मय बनेका छन र जसका उज्वल किरणहरुवाट प्रत्येक घरहरुमा प्रकाश भई रहेको छ।

कविको कुशलता उसको कल्पनाले नै दर्शाउँछ, कविका कवितामा हामी जुन चित्रको दर्शन पाउँछौ, उसमा एउटा सरल र तीक्ष्ण सत्यको सागर बगेको पाइन्छ। तसर्थ कवि आफ्नै पारावार

भएको हुन्छ भने त्यो कवितामा कविका स्पष्ट भावहरु छर्लङ्ग हुन्छन्। त्यसबेला कविको लेखनीमा दैवि शक्तिको बास भएको हुन्छ र कवि साधारणतया कर्म बन्धनहरुबाट पनि मुक्त भएको हुन्छ। यसैलाई भन्दछन-कविको उल्लास अर्थात तन्मयता। यस्तो बेलामा कवि अवश्य नै मनुष्योचित्तबाट टाडा भएर प्रत्येक मानिसको हृदयमा आदरणीय भएको हुन्छ। यदि कसैले कविको कल्पना सत्य हुँदैन भन्छ भने त्यो भूल हो-सरासर भूल हो । किन भने कविको कल्पनाले नै विवेक, सत्य र सुन्दरताको सृष्टि गर्दछ। एउटा अपूर्व व्यक्तिगत उपलब्धिलाई कसरी सुन्दर बनाउँ ? यो कविको पहिलो चिन्तन हुन्छ । मानिस हृदयको ढोका भिरेर अहङ्कारको अभिमानमा सुतेको हुन्छ। तर कवि-भावुक हृदयको सुन्दर तथा सुगन्धित फुलबारीमा प्रवेश गर्दछ र भाव कुसुमहरुको चयन गर्दछ। कविता गर्ने बेलामा कविलाई सबभन्दा अधिक आनन्द दिने आफूले रोजेको विषय वस्तु नै हुन्छ—त्यही हो छन्द। यदि त्यस बेला भावहरुको साथ-साथ विशेष छन्दहरु पनि स्पष्ट हुन्छन भने स्वयं कविता पूर्ण तथा रोचक भएको हुन्छ।

कतिपय कविहरू कवितामा जबर्जस्ती अलङ्कार कोचार्ने प्रयास गर्दछन। तर कुन कविताको कुन स्थानमा अलंकारको आवश्यकता छ, त्यसको विचार गर्दैनन। हिजो आज अलंकार एक किसिमको फेसन भै सक्यो जो बेलाको बोली हुन्छ। कविताको मुख्य तथा मूल अलंकारिता कविको आफ्नो भाव हुन्छ।

नेपाली साहित्य अहिले क्रान्ति पथमा अग्रसर भै रहेको छ। शङ्का समाधान, वाद-बिबाद, समालोचना-प्रत्यालोचनाको तुमुल कोलाहल यसमा भै रहेकाछन । साना ठुला सबै साहित्य सेवीहरु संसारको हरियो फूलवारीका भाव कुसुमहरु छान्दै नेपाली साहित्य मन्दिरको पूजा गरी रहेका छन् । भावहरुको वृद्धिका

साथ-साथै नेपाली भाषाको विकास हुंदैछ। यो अवश्य नै गौरवको कुरा हो। तर कुनै पनि साहित्यमा जहाँ नयाँ भावहरूको श्रोत बग्दछ त्यहाँ समाजले अचम्म मान्दछ, यो किन ? राष्ट्रिय समाजमा हलचल हुन्छ भने-के सच्चा कवि भयभीत भै लुक्ने प्रयास गर्छ र ? कदापि होइन। किन भने पाण्डित्य र कवितामा धर्ती र आकाश जत्तिकै अन्तर हुन्छ। मरू हृदयको प्रचण्ड पण्डित्यले आफ्नो पाण्डित्यको शिलामा राखेर कहिले पनि सच्चा कविहरूको चट्नी पिधेर चाट्न सकेको छैन। यसैले गर्दा कविको निर्मल भाव सधैं सागर जस्तो दृढ भएर बगिरहेको हुन्छ। कसको तागत-त्यो प्रचण्ड प्रवाहलाई रोक्ने ? संसारको जुनसुकै साहित्य जहिले पनि चहल-पहल र क्रान्तिको बाढी आएपछि नै उन्नतिको चुचुरोमा पुग्न सकेको छ। नत्र सुगन्ध न भएको कुसुम जस्तो बाटोमा बिलाएर गएको हुन्छ।

नेपाली घरमा बनाउँछु भनी प्राचीनको यो वन।
रोपें बीज विचारका, कलमका बुट्टा बनुन् वल्लरी ॥
मालादार गला बनून् रसिकका; पंखा नचाऊन परी।
सानो कुड्मल उक्सिदैं हृदयको वासना बनोस् वायुमा।,

बिर्सेका तकिया बनून् रसिकका शैलादि झैं शीतल।
तन्ना हुन् हरिया, बनून् कुसुमका बुट्टा त्यहाँ मंजुल ॥
जागून् चित्र विचित्रतासंग, उठोस् मुन्द्रा घुमी धूपको।
कोठैभित्र कुटी बनून्, ध्वनि बनून् मीठा चरा कानमा।

पढ्दैं मंजुल लोल-छौंल ललिता ती मालिनीका चलून्।
भित्ताका तरुचित्रमा कुसुमका बुट्टा अनोठा फुलुन ॥
पृथ्वी हुन् तरुनी, फरक्क समयै फर्कोस् सुनौला बनी।
ओर्लून् देवपरी विमान मनका घुम्दैं उड्न स्वर्गमा ॥

—महाकवि देवकोटा

-: स्वस्थ जीवन : सजिला उपायहरू :-

—डा० शंकर प्रसाद उप्रेती

हिजो रमेश ढीलो गरी स्कूल आए। रमेशलाई ढीलो गरी आएको देखेर लताले सोधिन् "रमेश भाइ आज किन ढीलो आएको ? कतै पाहुना लाग्न गएका थियौ कि कसो हो ?" लताको व्यङ्ग सुनेर रमेशले भन्यो "तिमीलाई त खानेकै सुर छ, अर्काको घरमा के भयो त्यस्को के वास्ता ? आफ्नो घरमा सानो भाइ उमेशलाई रात भरी झाडा र वान्ता भयो। रातमै के हो, कसो हो भैसकेको थियो, बल्ल उज्यालो भयो र डाक्टर कहाँ गएर अरू औषधी गरी सलाइन चढाएर उपचार गरेपछि मात्र अलिक सन्चो भयो र फूर्सत पाइयो, त्यसैले स्कूल आउन ढीलो भयो।" लता र रमेशका कुरा सुनेपछि कृष्णले भन्यो "यो झाडा र वान्ताले गुरु र चेला भन्दोरहेनछ, अस्ति एक जना गुरू पनि झण्डै चिलीम हुनु भएको"। यिनीहरुको कुरा सुनी ममताले भनिन् "मेरी बहिनी-लाई ६ महीना अघि डाक्टर कहाँ लगेर औषधी दिएको थियो र त्यसबेला मुठाका मुठा जूका गए। पेटमा जूका छ भनी डाक्टर साहेबले भन्नु भएको थियो। ६ महीना जति पछि त फेरि जूका भएछ; डाक्टरको औषधीले कामनै नगरेको हो कि के हो ?"

सुभाषले कुरा झिक्यो "तिम्रो बैनीलाई त जूका मात्र परेछ; मेरी बहिनी त माटो खान लागी डाक्टर कहाँ लगेर जचा-

उँदा पेटमा कीरा छन् भनी भन्नु भयो "। सबैका कुरा सुनी, सानो हरि साह्रै उत्तेजित भयो र भन्यो " तिमीहरूका घरमा त झाडा बान्ता र जूकाको कुरा मात्र रहेछ। हाम्रा दाजुलाई पोहोर गर्मीको बेलामा १५-२० दिन सम्म ज्वरो आयो बल्ल-बल्ल, लामा-लामा टाटे-पाटे गोली खाएर निको भयो।" अंतमा लताले भनिन् "यो गर्मीमा किन सबै बिरामी भए होलान् ?" सबै नानीहरू बिचार गर्न लागे। अब हामी विचार गरौं कि यस्तो किन भयो होला ? माथि भएका बिरामीहरूको लक्षण बिचार गर्दा हामी के पाउँछौं भने, सानो उमेश र गुरूलाई झाडा-बान्ता वा डायरिया भएछ। ममताको बहिनीलाई जूका परेछ। सुभाषकी बहिनी हूकवर्म नामक कीरा परेछ र हरिको दाज्यूलाई टाइफाइड भएछ। बिमारी-हरूको कारण : झाडा बान्ता र टाइफाइड, यी रोगहरु हाम्रो भोजनमा रोगका कीटाणुहरुको सम्पर्क भएमा लाग्दछन्। यी कीटाणुहरुले हाम्रो भोजन दूषित गरेमा रोगहरु लाग्दछन्। भोजन दूषित गराउने काम मुख्यतः झिंगाबाट हुन्छ। झिंगा फोहोर, मैला ठाउँमा बस्दछन्। त्यसवेला तिनीहरु आएर हाम्रो खानामा बस्दा रोगका कीटाणुहरु हाम्रो खानामा मिसिन्छन्, अनि हामीलाई झाडा बान्ता वा टाइफाइड हुन्छ। यसको साथै बासी सडेका खाने-कुरामा पनि कीटाणु हुन सक्दछन्, त्यसैले यस्ता खाद्य पदार्थ खाएमा पनि यी रोग लाग्ने सम्भावना हुन्छ। जूका, चूर्ना र हूक-वर्म यी चाहि कीटाणु होइनन्, कीरा हुन्। यी कीराहरुका डिम्मा जस्लाई कीराहरुको असर गरेको छ, त्यस व्यक्तिको दिसामा निस्किरहन्छन्। ती फुलहरु अर्को मानिसको भोजनमा अर्थात् खाना, तरकारी, पानी इत्यादिको माध्यमबाट पेटमा पुग्दछन्। साथै त्यहीनै ठूलो रूपमा विकसित हुन्छन्। हूक वर्मका फुलमा त मानिसको छाला छेडेर पस्न सक्ने गुण पनि हुन्छ।

रोकथाम

यस प्रकारका रोगहरूमा माध्यम मुख्यतया निम्न हुन आउँदछन्।

(१) सडे-गलेको खाना।

(२) झिंगा।

(३) मैलो पानी।

झिंगाको उत्पत्ति पानीबाट हुन्छ। तसर्थ घरहरुमा चर्पि टाढा र गहिरो खाडल भएका हुनु पर्‍यो। समय-समयमा सफाई पनि भयो भने झिंगा बढन पाउँदैनन्। हामीले खाने, खानेकुरा राम्ररी छोपिएको हुनु पर्दछ। जसबाट झिंगा खाने-कुरामा बस्न नपाओस्। बजारमा खुला राखेका वस्तु किनेर खानु हुँदैन। हाम्रो खाद्य पदार्थ पकाउनु भन्दा पहिले राम्रो संग धोएको पखालेको हुनुपर्दछ। सडे-गलेको र पुरानो या बासी कुरा खानु हुँदैन। हामीले खाने-कुरा पनि त्यसै प्रकारले सफा सुग्धर हुनुपर्दछ। त्यसको निम्ति हाम्रो कुवाको पानीमा वा कुवा नजिकै फोहर-मैला हुनु हुँदैन। हामी कुवाको समीप लुगा-धुने या भाँडा माझ्ने, काम गर्नु हुँदैन। हामीले माथि लेखेका कुराहरु दैनिक जीवनमा प्रयोग गरेमा हामी धेरै रोगहरुबाट बच्न सक्दछौं। यस्को साथै रोगलाग्ने वित्तिकै धामी-झाँक्री नलागेर डाक्टर कहाँ गएमा, समयमा निको हुन्छ र खर्च पनि कम लाग्दछ।

★

'जसरी २००७ सालमा राजा र प्रजा एक भई देशको प्रजातन्त्रको लागि अगाडि बढयौं, त्यसै गरी आज पनि हामी एक भई देशमा विकासको मूल फुटाउनु परेको छ।

—श्री ५ वीरेन्द्र

जनशक्तिको विकासमा नयाँ शिक्षा योजनाको महत्व

—केदार प्रसाद वराल

हाम्रो देशमा लामो अवधिसम्म एकतन्त्रि जहानीयाँ शासनको अन्धकार वातावरण रह्यो। १०४ वर्ष सम्म निरंकुश शासकहरुको पञ्जमाा रही आएको देशमा यस अवधिमा जन-शक्तिको विकास भयो भन्ने त कुरै उठदैन। संसार प्रगति पथमा लम्किरहेको बेलामा हामी अन्धकारमा नै थियौं। २००७ साल-मा राजा र प्रजा मिलेर निरंकुश शासकलाई खतम पारे पछि देश-को हरेक क्षेत्रमा नयाँ लहर देखा प-यो। खाने, लाउने र बस्ने कुरा मात्र भएर दिमाग भएका मानिसलाई पुग्दैन। त्यसैले मस्तिष्कको विकासको साथ-साथै देशको अशिक्षा जस्तो कठीन रोगलाई हटाउने उद्देश्य लिएर २००७ साल पछि देशका विभिन्न भागमा स्कूल, कलेज र विश्वविद्यालयको स्थापना भयो।

२००७ साल देखि २०२७ साल सम्मं २० वर्षको लामो अवधिमा देशमा निकै शिक्षित व्यक्तिहरु देखा परे, जनसंख्याको आधारबाट हेर्दा १०% देखि १५% शिक्षित व्यक्तिहरु भएको हाम्रो मुलुकमा एकातिर शिक्षित बेकारीहरुको समस्या देखा पर्न थाल्यो

भने अर्कातिर देशमा हुने साना कामहरु, जस्तो काठका फर्निचर
बनाउनु, इँट बनाउनु, इँटका घर बनाउनु, कपडा सिउनु, कपाल
काट्नु, आदि आदि आवश्यक व्यवहारिक कार्य हरु गर्नका लागि
भने विदेशबाट कालिगडहरु आउन थाले। देशमा त्यसबेला चलि-
रहेको शिक्षा योजनाबाट शारीरिक काम गर्न नसक्ने, सीप
नभएका तर किताबी अध्ययन भने प्राप्त गरेका विद्यार्थीहरु उत्पन्न
भए। विद्यार्थीहरु देशका निर्माता हुन, तिनै विद्यार्थीहरुले हासिल
गरेको ज्ञानबाट उनीहरु आफैं पाल्िन नसक्ने भए भने देशको
निर्माण उनीहरुले गर्लान भन्ने कुरो नै नउठने भयो। जन-शक्तिको
विकास हुनको सट्टा पुरानो शिक्षा योजनाबाट त झन-झन जन-
शक्तिको नाश भएको देखिन थाल्यो। शिक्षित विद्यार्थीहरुमा जन-
शक्तिको विकास भई देश विकास हुनुको साथै पुरानो शिक्षा
योजनाबाट उनीहरु नै देशका बोझ बने।

पुरानो शिक्षा योजनाबाट देशमा जनशक्तिको विकास
भएन भन्ने कुरालाई ध्यानमा राखी २०२८ सालमा हामीहरुको
घर आँगनमा नयाँ शिक्षा आयोजना नयाँ ज्योति लिएर आएको
छ। यो योजना अन्तरगत जनशक्तिको विकास हुने लक्ष राखिएको
छ। श्री ५ को सरकार, शिक्षा मन्त्रालय, जनक शिक्षा सामाग्री
केन्द्रले प्रकाशित आफ्नो किताबको भूमिकामा यही कुरालाई
ध्यानमा राखी यसरी लेखेको छ " यो नयाँ राष्ट्रिय शिक्षा पद्धति-
को योजनाले राष्ट्र र राष्ट्रियता प्रति आस्था जगाई राष्ट्रिय
एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, आवश्-
यक प्राविधिक दक्षताको विकास गर्ने, विद्यार्थीलाई नैतिक, परिश्रमी
र स्वावलम्वी तुल्याउने, उनीहरुको सिर्जनात्मक प्रवृत्तिको विकास
गरिदिने, राष्ट्रभाषा, सँस्कृति, साहित्य आदिको संरक्षक र संवर्द्धन
गर्ने उद्देश्य लिएको छ।"

कपिलवस्तुको मायालु परिचय

—लक्ष्मी आचार्य

अथात् प्रकृति नाम भएकी आमा रहिछिन, तर आँखो नभएकी अन्धी। पुरुष नाम भएका तिनकै पति रहेछन, तर ती पनि हात खुट्टा र मुख समेत नभएका मात्र टुलुटुलु हेर्ने र सुन्ने अनि भएको कुरो र घटना चौं राम्ररी बुझ्ने, सबैका बाबु। ती त्यस्ती अन्धी र त्यस्ता निस्क्रिय डुँडा खोरण्डा र अवाक [मुख नै नभएको] दम्पतिका सन्तान [छोरा छोरीहरु] चौं २२ वटा रहेछन। ती बाइस वटा सन्तानले चाहिं चराचर ब्रह्माण्ड ढाकिए छ।

यति हुँदा हुँदै पनि ती बिचरा बूढाबूढीहरुको दिन चर्या चौं अन्धी बूढिले निस्क्रिय [आफूले मात्र बुझ्न र अनुभव गर्न सक्ने अरूलाई बुझाउन नसक्ने कर्म र दृश्यका साक्षी भएका] बूढालाई काँधमा बोकेर डुलाउनु पर्ने एवं बूढाले चाहिं डुल्नु नै पर्ने रहेछ। तर ती बूढाले बूढी दक्षिण तिर लागी भने अथवा उनलाई जान मन नलागेको दिशातिर जान लागी भने-होइन! पूर्वतिर जाऔं अथवा पश्चिम तिर जाऔं वा उत्तरतिर जाऔं, किम्वा यही बसौं, कतै नजाऔं, भन्ने संकेत चौं ती बूढीलाई क्या गरे पनि दिन वा बुझाउन सक्दा रहेनछन। स्वेच्छाले आँधी बूढीले जता लै जान्छे त्यसरी लुरु लुरु जानु पर्दो रहेछ। निरन्तर डुल्दा पनि।

तर ती बूढी आमा र बूढा बाबुलाई रीस उठ्यो भने

चाहिं हुडी चल्दो रहेछ। तिनका छोरा छोरी शाखा सन्तान क्षमै भत्याक भुतुक भएर मर्दा रहेछन्। फेरि ती बूढा बूढीलाई नियाल्यो, शून्य लाग्दो रहेछ र रमण गर्दा रहेछन्; पुनः ती छोरा छोरी र त्यस्तै शाखा सन्तानले चराचर विश्व ढाकिदो रहेछ। तै पनि त्यै आँधी बूढीकै वशमा परेको त्यो बूढो र ती बूढी जस्ता का तस्तै हुँदा रहेछन्, न बूढा न बूढी, सधैं तरुना तरुनीहरू जस्तै, आँधा, काना र खोरण्डा जे जस्ता भए पनि, उस्तै छाक, उस्तै जन्माउने, बढाउने, अनि मारेर आफलिदिए पनि फेरि जन्माएर बढाउने शक्ति भएका!

आश्चर्यको कुरो चाहिं के छ भने,-यति हुँदा हुँदै पनि, त्यसरी बूढीका काँधमा बसेर रातोदिन डुल्दा पनि त्यो बूढाले ती बूढीलाई देख्न पाउदो रहेनछ, यद्यपि ऊ देख्छ, साक्षीरुप छ।

इनै बूढा बूढीका कर कापमा सन्सार चराचर परेको छ। हामी पनि परेका छौं, यो सत्य कथा हो, कथा मात्र होइन,-कार्य-रूपमा डटीरहेको छ, ध्रुव सत्य छ, यो नेपालको कथा हो, नेपाली बुद्धि र विवेकको परिचय हो, नेपाली दर्शन हो, नेपालमा जन्मिएका महा पुरुषको देन हो, सन्सारका सबै दर्शन शास्त्र पनि प्राचीन हो श्रीमद्भागवत गीतामा भगवान् श्री कृष्णले "ज्ञानानां सांख्ययोगोऽस्मि' भनेर अर्जुनलाई भनेको छ। कपिलवसती (कपिलवस्तु) नेपाल मै छ। यस्तै दार्शनिक जन्माउने भूमि हुनाले भगवान् गौतम बुद्धको घर (महल) त्यहीं थियो, के हामीलाई कपिलवस्तुको परिचय छ?

शंका उपशंका मात्र गर्ने बानीलाई छाडी देश निर्माणको काममा पसिना बगाउन सकौ।

श्री—५ वीरेन्द्र

यसरी देशको जनशक्तिको परिचालन गर्ने प्रमुख लक्ष लिएर आएको राष्ट्रिय शिक्षा पद्धतिमा नयाँ शिक्षा योजनाको ठूलो महत्व छ।

नयाँ शिक्षा योजनाबाट जनशक्तिको विकास हुन सक्छ। किनभने, यो योजना समाजको उत्पादक मान्यताहरूमा आधारित छ, शिक्षालाई शारीरिक परिश्रममा लगाउने यसको प्रमुख लक्ष रहन गएको छ। साधारण शिक्षामा भन्दा यो योजनामा व्यावसायिक शिक्षालाई प्रमुख महत्व दिएको छ, यसका साथ-साथै देशमा चाहिने जनशक्तिको सृजना गर्ने यसको प्रमुख लक्ष छ।

नयाँ शिक्षा योजना कार्यमूलक छ। यसबाट व्यावसायिक शिक्षाका ज्ञान हासिल गरी विद्यार्थीहरु आफ्नो जीवन निर्वाह सजिलै गर्न सक्दछन। यो योजनाले विद्यार्थीको यथार्थता आवश्यकता संग ठूलो सम्बन्ध राख्दछ, सैद्धान्तिकताको साथ-साथै पूर्ण व्यवहारिक ज्ञान दिईने यसको लक्ष हुँदा जनशक्तिको विकासमा यसको ठूलो महत्व हुने कुरो प्रष्ट छ।

शिक्षण पेशालाई पनि अरु पेशा सरह नै मान्यता दिई आएको नयाँ शिक्षा योजना अन्तरगत प्रतिभाशाली र योग्य व्यक्तिहरु पनि आकर्षित भएका छन्। योग्यता र प्रतिभाशाली तर काम नगरी बसेका व्यक्तिहरु पनि काम गर्न थाल्दछन। यसरी काम गर्न थाल्नु नै जनशक्तिको विकास भएको मान्नु पर्दछ। यो पनि नयाँ शिक्षा योजनाकै महत्व हो।

यस शिक्षा योजना अन्तरगत शिक्षित भएका व्यक्तिहरुले कुनै न कुनै व्यावसायिक पेशा जानेका हुन्छन्। आफ्नो अध्ययन समाप्त गरे पछि उनीहरु गाउँ, टोल र शहरमा गएर व्यावसायिक कार्य गर्न शुरु गर्दछन्। उनीहरुको आर्थिक स्थिति दिन दिनै उठन थाल्दछ र उनीहरुको क्रय शक्ति बढदछ। विस्तार, विस्तार उनी-

हरु धनी हुन्छन, जीवन स्तर माथि उठदछ। देशका सबै क्षेत्रमा नयाँ शिक्षा योजनाबाट शिक्षित भएका विद्यार्थीहरु केही न केही काम गरिरहेका हुन्छन। देशको दीयालु शक्ति जब निरन्तर काममा नै लागेको हुन्छ तब नै यो देशको विकास हुन सक्दछ।

यसरी नयाँ शिक्षा योजना अन्तरगत देशको कुना कुनामा रहेका विद्यार्थीहरु देशका उत्पादक तत्व बन्नेछन। जनशक्तिको विकास हुनेछ। देश विकासको बाटोमा छिटो छिटो अगाडि बढनेछ। यी सब कुराहरु हुनुको एउटै महत्व छ, त्यो हो जनशक्तिको विकासमा नयाँ शिक्षा योजनाको महत्व। जनशक्तिको विकासमा नयाँ शिक्षा योजनाको महत्व बारे प्रकाश पारिबक्सदै बुवाज्यू सरकार श्री ५ महेन्द्रबाट हामीलाई संदेश बक्सिएको छ-"हाम्रो मुलुकमा पनि सैद्धान्तिक र व्यावहारिक शिक्षाको खास गरेर व्यावसायिक शिक्षाको प्रचार व्यापक रुपमा गर्न नितान्त आवश्यक भएको छ।"

यसरी जनशक्तिको सञ्चालनमा नयाँ शिक्षा योजनाको ठूलो भूमिका रहन गएको कुरा आज सबैका सामु प्रष्ट हुन आएको छ।

★

'राष्ट्र र राष्ट्रियतालाई अविच्छिन्न रुपमा विकास गर्दै लैजान हामीले के गर्नु पर्छ त्यसतर्फ ठोस काम गर्ने बेला आएको छ।' -श्री ५ वीरेन्द्र

विद्यार्थीहरुको सर्वाङ्गिण विकासमा व्यावसायिक शिक्षाको महत्व

—[illegible] थापा

आजको उन्नतशील युगमा व्यावसायिक शिक्षा यस्तो विषय हो जसले प्रत्येक व्यक्तिको निर्वाह सुलभ गराउँदछ। कुनै पनि देशको विकास गर्न त्यस समाज तथा देशका युवा विद्यार्थीहरुको ठूलो भूमिका रहेको छ। विद्यार्थीहरु नै राष्ट्रका कर्णधार हुन्। उनीहरुले आफ्नो देशको सर्वाङ्गिण विकास गर्नको लागि विभिन्न व्यवसायहरुमा व्यावसायिक शिक्षा हासिल गर्नु अत्याव-श्यक छ।

हाम्रो देशमा २००७ साल पछि शिक्षाको लहर फुट्यो जस अन्तर्गत सैद्धान्तिक पक्षलाई मात्र ध्यानमा राखि विद्यार्थी-हरुलाई शिक्षा दिईन्थ्यो; जसको फलस्वरूप विद्यार्थीहरुमा कुनै व्यावसायिक कुराको ज्ञान प्राप्त गरेकोले अव्यावसायिक, अस्वस्थ्य र रोगी हुन थाले। जसको असरले देशमा अथवा काम गर्न असमर्थ भएका शिक्षित व्यक्तिहरु देखिन थाले। कोरा सैद्धान्तिक शिक्षा प्राप्त गरी शिक्षित भएका विद्यार्थीहरुमा केही नपुगे झैं, केही खोजे झैं वा भनौं कुनै न कुनै कुराको अभाव खटके झैं समाजमा देखिन थाल्यो। सैद्धान्तिक शिक्षाको साथ-साथै व्यावसायिक शिक्षा प्राप्त

रहन गयो।
नभएको हुँदा शिक्षाको एक अंग ज्यादै कमजोर
योग्य र कर्मठ विद्यार्थी बन्नको लागि सैद्धान्तिक र व्यावसायिक
शिक्षाको उत्तिकै आवश्यकता पर्दछ जत्तिको एउटा गाडी चल्नको
निमित्त दुईटा चक्काको आवश्यक पर्दछ। सैद्धान्तिक कोरा शिक्षा
मात्र हासिल गरेका विद्यार्थीहरु आफ्नो जीविकोपार्जनको बाटो नदेखेर
खालि बहिदार काम खोज्दै वा "जागिर! जागिर!!" भन्दै ठूला
ठूला अफिसरहरुका ढोकामा पुग्न थाले। यसरी शिक्षित व्यक्ति
लङ्गडो भए, खँजाहा भए। उनीहरुको सर्वाङ्गिण विकास हुन
सकेन। यही कुरालाई ध्यानमा राखिबक्सि देशको आवश्यकतालाई
बुझिबक्सिएर स्व० श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम
शाहदेवबाट व्यावसायिक शिक्षामा जोड दिंदै हुकुम बक्सेको छ-
"आफै कुनै असल पेशामा दक्षभई आफ्नु पेट पाली चरित्रवान
बनी आफ्नै खुट्टामा उभिन सक्ने शिक्षा तर्फ विशेष ध्यान दिन
दिलाउन नितान्त आवश्यक भएको छ।"

पुरानो मेकालेको शिक्षा योजना अनुरूप विद्यार्थीहरुको
सर्वाङ्गिण विकास हुन सकेन। विद्यार्थीहरुको सर्वाङ्गिण विकास
लाई ध्यानमा राखी २०२८ सालमा नेपालमा नयाँ शिक्षा योजनाको
सूत्रपात भयो। नयाँ शिक्षा योजना कार्यमूलक छ। यसमा व्यावसा-
यिक शिक्षामा ज्यादा जोड दिइएको छ।

व्यावसायिक विषयहरु अन्तर्गत जम्मा ३५ वटा विषयहरु
यस योजना अन्तर्गत छन्। स्थानीय स्रोत र स्थानीय अवस्थालाई
विचार गरी विभिन्न विद्यालय, क्याम्पस, इन्सटिच्यूटहरुमा
व्यावसायिक विषयहरु राखिएका छन। यो योजना अन्तर्गत शिक्षा
प्राप्त गरेका विद्यार्थीहरुले कुनै न कुनै व्यवसायमा पूर्ण ज्ञान
हासिल गरेका हुन्छन्। यसो हुँदा आफ्नो विद्यार्थी जीवन पछि
उनीहरु समाजमा गएर आफूले प्राप्त गरेको व्यावसायिक ज्ञान
अनुरुप काम गर्न थाल्छन।

नयाँ शिक्षा योजना, शिक्षाको राष्ट्रिय व्यावसायिक उद्देश्य लिएर आएको छ । दलविहिन पंचायती व्यवस्था अनुकूल व्यवसायिक शिक्षा हासिल गरेका र आफ्नो सर्वाङ्गिण विकास गर्न सक्ने विद्यार्थीहरु बनाउने मूल उद्देश्य नयाँ शिक्षा योजनाको हो। वास्तवमा व्यवसायिक शिक्षा हासिल गरे पछि विद्यार्थीहरुको सर्वाङ्गिण विकास हुन्छ नै ।

व्यवसायिक शिक्षा हासिल गरेको विद्यार्थीहरु नैतिक चरित्रवान हुन्छन् । उनीहरुले आफ्नो जीविकोपार्जनको लागि कोरा शिक्षा पाएका विद्यार्थीहरु जसरी चोर्नु, ढाँटनु जस्ता अनैतिक काम गरीरहनु पर्दैन । उनीहरु त आफूले विद्यार्थी जीवनमा प्राप्त गरेको व्यवसायिक शिक्षा अनुरुपको व्यवसाय गरेर आफ्नो जिवीका गर्न सक्छन् ।

व्यावसायिक शिक्षाले विद्यार्थीहरुलाई परिश्रमी बनाउँछ। विद्यार्थीहरु आफ्नो सानो उमेर देखि नै परिश्रम गर्दै जाने हुंदा उच्च शिक्षा हासिल गरेर आफ्नो समाजमा फर्कंदा पनि उनीहरु अझ परिश्रमी अझ मेहनती भएका हुन्छन् ।

व्यावसायिक शिक्षाले प्रत्येक विद्यार्थीलाई स्वावलम्बनको पाठ सिकाउने गर्छ । स्वावलम्बनलाई अंगालेर विद्यार्थीहरु जहिले पनि कार्यशील हुन्छन् । उनीहरुमा सृजनात्मक प्रवृति पनि रहन्छ ।

यो शिक्षा हासिल गरेका विद्यार्थीहरुमा कदर गर्ने बानी बसेको हुन्छ । सहकारीताको भावनाको पनि विकास हुन्छ । राम्रो र कलापूर्ण ढंगले निर्मित वस्तुको कदर गर्ने बानी उनीहरुमा आईसकेको हुन्छ । यति मात्र होइन, यो शिक्षा हासिल गरेका विद्यार्थीहरुमा विश्वबन्धुत्वको भावना पूर्ण रुपमा जागृत भई सकेको हुन्छ ।

देशको राष्ट्रभाषा, कला आदिको संरक्षण कसरी गर्नु

पर्छ भन्ने कुरा व्यावसायिक शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई थाहा भएको हुन्छ । साथै आन्तरिक मुल्याङ्कनमा राम्रो र अनुशासन बद्ध भएका हुन्छन् ।

यस बाहेक व्यावसायिक शिक्षाले विद्यार्थीहरुलाई अतिरिक्त कार्यकलापहरु पनि सिकाउँछ । हाजिरी जवाफ प्रतियोगिता, तर्क, साहित्य गोष्ठी साथै शारीरिक कार्यमा पनि उनीहरु निपुर्ण हुन्छन् । विद्यार्थीहरुलाई खेलकूद, भकुण्डो इत्यादि खेलहरु र डोको, नाँग्लो बुन्ने, लुगा सिउने कामहरु पनि यस शिक्षाले सिकाउँछ । यसले गर्दा आफ्नो देशको अर्थ अर्काको देशमा जान पाउँदैन ।

यसरी व्यावसायिक शिक्षाबाट विद्यार्थीहरुको सर्वाङ्गिण विकासको साथै देशको सर्वाङ्गिण विकासमा पनि बढी महत्व छ । यसै कुरालाई ध्यानमा राखिबक्सी विश्वासका साथ श्री ५ महाराजधिराजसरकारबाट यस प्रकार हुकुम बक्सेको छ-' यस राष्ट्रिय शिक्षा योजनाबाट केही वर्ष भित्रै एउटा जागरुक परिश्रमी र उन्नतिशील समाजको सृजना हुन सक्ने छ ।'' यसबाट झन विश्वासका साथ भन्न सकिन्छ कि, विद्यार्थीहरुको सर्वाङ्गिण विकासमा व्यवसायिक शिक्षाको अति ठूलो महत्व छ ।

(२०३० सालमा पूर्वाञ्चल क्षेत्र व्या.वी-अन्तर माध्यमिक विद्यालय निबन्ध, प्रतियोगितामा प्रथम भई स्वर्णपदक प्राप्त निबन्ध)

★

> ' आज पनि देशलाई आपसी फूट भन्दा एकता चाहिएको छ, कपोल कल्पित इच्छा भन्दा वास्तविकताको सामना गर्ने सृजनात्मक प्रतिभा चाहिएको छ ।'
>
> — श्री ५ वीरेन्द्र

मेरो शिकार गुर्दुङ्गमा

-एच० एल० श्रेष्ठ

जङ्गलमा शिकार खेल्न खतरासँग जुध्ने साहारा हुन अनिवार्य हुन्छ। जीवनलाई जोखिम बनाई दिनु पर्ने बाध्यता हुन्छ। यस जोखिम र खतरा सँग जुधेर घन। जङ्गल तिर शिकार खेल्नु अपार आनन्द पनि हुन्छ। यस्तै जोखिम र खतरा संग ताल-मेल भएको एउटा रोमान्चकारी मेरो शिकार संस्मरण हो।

२०२० साल फागुनको एक दिन मेरो अन्तस्करणमा केहि छिन तुमुल अन्धकार छाएर, फेरि छयाङ्ग उघ्रिएको तेजिलो घाम लागेको थियो। हामी १५ जना थियौं। पन्ध्रै जना संग १२ बोरे बन्दुक र राइफलहरू थिए। इलाम बजारबाट पश्चिम पुवा खोला पारि गुर्दुङ्ग भन्ने जंगलमा थियौं। हामी जब जंगल पुग्यौं, शिकार ढुक्ने गौंडा हामीले वीभाजन गर्‍यौं। जंगल अनकण्टार थियो। 'पिरामीड' को आकार परेको (चुली परेको) गुर्दुङ्गको टापुलाई चारै तिरबाट ठूला-ठूला पहाडले घेरेको थियो। तेसैले जंगल अन्ध्यारो र बाक्लो थियो। म आफ्नो निर्दिष्ट स्थान (गौंडा) तिर गएँ। मेरो शिकार ढुक्ने गौंडा चुलीमा परेको थियो। साथीहरू मेरो दाँया, बाँया, बाँडिए। हामी दक्षिण पुवा खोला

देखि उत्तर पहाडको फेदि सम्म २ माइलको ठाउँमा घेरा गरेर बसेका थियौं। जंगल झोडनेहरू करिब एक माइल तल पहाडको फेदिबाट शिकार पूर्व फर्काउन गए। जब म मेरो गौंडाका पुगें, त्यहाँ अरु धेरै अन्ध्यारो पाएँ। झ्याङ्गीयको ठूला ठूला रूखले आकाश ढाकेको थियो। सूर्यको किरण यता-उता देखिदैनथ्यो। भुईंमा मलाई डुबाउने (झोड) घाँसले गर्दा म अन्धकारमा परेको थिएँ। मनमा त्रास संचार हुन लागेको थियो। जंगलको अनकण्टार भित्र साथीहरू सबै लोप भै सकेका थिएँ। अब चुलीमा म मात्र थिएँ। मेरो साथी बन्दुक थियो। झोड भित्रबाट निस्कन म अग्लो ठाउँ खोज्दै थिएँ। काटेको रूखको ठुटो पाएर तेसैमा आड लिएर बसिसकेपछि, मैले एउटा सिग्रेट पिएको थिएँ-तेस बेला। त्यो जंगलको स्वच्छ हावामा सिग्रेटको कुइरो छोडेको थिएँ। त्यो कालो-नीलो जंगलमा सिग्रेटको धुँवा सेतो चम्केको थियो। मेरो बन्दुक तयारी थियो। म सतर्क थिएँ। कान तीखो भएको थियो। नाकमा घ्राण शक्ति बढेको थियो। तर आँखा भने तिरमिराई रहेको थियो। अथवा भनौं मलाई त्यो जंगलमा किन हो कुन्नि! धेरै डर लागेको थियो। शंका उप-शंकाले मन लोलाई रहेको बेला क-याक हाँगा भाँचिएको आवाज ले म थरङ्ग तर्सिएर पछाडि फर्केको थिएँ। झोडबाट एउटी केटी फुत्त निस्केर खितीती हाँस्दा, मैले किचकन्नी देखेको थिएँ। तर केटोको हातमा दाउराको बिटा थियो, तेसैले बन्दुक सोझ्याउन सकिन। म तर्सिएको देखेर उ खित्का छोडेर हाँसेकी थिई। जंगलको निर्जनतालाइ तेसको खिलीलो हँसाईले एउटा मादकता भरिदिएको थियो। उत्तर पट्टिको पहाडको भित्तामा प्रतिध्वनी भै गुर्दुङ्गको जंगल भरि तेसको हाँसो मडारिएको थियो। अर्कै वातावरण सृजना भयो तेस बेला। तेसैले म ढुक्क भएको थिएँ। त्यो किचकन्नी थिइन। दाउरा लिन आउने

दाउरेनी थिई । मनमोहक सुन्दरता बोकेकी तरुनी थिई ! श्रामको बदला मैंले अर्को आनन्दको अनुभुती पाएको थिएँ । यस्तो जंगलमा एक्लै आएकी तरुनी, कस्तो संयोग ! कस्तो आकस्मिकता ! र कति मजा पनि । मैंले मनमा कुरा खेलाएको थिएँ । दाउरेनी निसंकोच मेरो छेउमा आएर दाऊराको बिटा भुईंमा राखेर उभिएकी थिई । किन यहाँ आएकी ? मैंले सोधेको थिएँ । दाउरा खोज्न आएकी । तेसले भनेकी थिई । भारी पु-याई सकेर उस्को घाँस काटने दाजुलाई पर्खेर बस्न आएकी थिई । डर लाग्दैन एक्लै जंगलमा हिंड्न ? मलाई सोध्न मन लागेको थियो तर सोधिन ! तिम्रो घर कहाँ नी ? उस्ले उत्तर पश्चिम तिरको डाँडा-लाई देखाएर भनेकी थिई, उ .... त्यहाँ । जंगल भित्रबाट उस्को सानो भुप्रो देखिन्थ्यो । भुप्रो पछाड़ि केराको झ्याङ्ग थियो । भुप्रोको पश्चिम पट्टि खोल्साबाट पानी कुलुलु बगेको देखिन्थ्यो । मैंले दाऊरेनीलाई बोलाएँ - आऊन यहाँ बस ! म बसेको ढुंगोमा अलिकति ठाउँ दिएँ ! दाऊरेनी निसंकोच आएर म संग टाँसिएर बसेकी थिई । बसिसके पछि दाऊरेनीले कागजमा चुर (कक्कुट) बनाएर मलाई दिई, उस्ले एउटा च्यापी । चुरको धुवाँ उड़ाउँदै, मैंले सोधेको थिएँ । घरमा को को छौ नी ? दाऊरेनीले चुर तान्दै भनेकी थिई - दाजु, भाउजु र म ! आमा, बाबु नी ? मलाई थाहा छैन, म सानै हुँदा स्वर्ग भए रे ! दाऊरा बेच्छौ की ? हो ! उस्ले भनी । तर दाऊरेनीको अनुहारमा उदासका रेखाहरू हठात देखियो । उस्को हँसिलोपनमा नैराश्यको छाँयाहरू अंकित भयो, चुर तान्दै गरेकी दाऊरेनीले चुर पनि फ्याँकी दिई । उस्को आकर्षक आँखा भरि आँसु भरिएको थियो । अनायास उस्मा आएको परिवर्तन देखेर मैंले दाउरेनीलाई सोधेको थिएँ - के भयो तिमीलाई ? किन रो .... ? मेरो वाक्य पुरा नहुँदै क्वाँ....क्वाँ....

रोयर भनेकी थिई - दाजु ! मेरो घरमा सारै दुःख छ । सधैं दाऊरा बोकेर बेच्नु पर्छ । भाउजु सारै कपटी छे, एक छिन पनि बस्ने फुर्सद दिदिन । मेरो दाजु चैं सोझो छ । दाऊरेनीले अरु केहि भन्न खोज्दै थिई । उस्को वियोगको कथा सुनिरहने धैर्य म मा भएन ! मलाई कता कता श्रासले धक्का दियो । म बक्क भएँ । दाऊरेनीलाई के भनेर सम्झाउने, सोचेर तेसबेला हठात यहि भनें तिमीले धैर्य गरेर दुःख खप्यौ भने पछि सुखी पनि त हुन्छयौं । आत्तिनु हुँदैन है ! मेरो तेसबेला को अपरिपक्क विवेकमा, सीता र सावित्रीको सम्झना आएको थियो । मैंले भने ! सीता र सावित्रीले तिमीले भन्दा ठूलो दुःख पाएका थिए, पछि उनिहरू सुखी भए । कसरी सुखी भए, कसरी दुखी भए ? अर्थ अथ्र्याउने क्षमता म मा थिएन । तर तेती ले नै दाऊरेनी शान्त भई । मानौं मेरो बोलाईले ह सम्मोहित भएकी थिई । माया विहीन भाऊजुको तानासाही, खपी उदास जीवन बाँच्दै आएकी दाऊरेनीले मायाको आड़ पाएकी थिई । आफ्नो उकुस-मुकुस भएको वेदना पोख्ने ठाउँ पाएकी थिई । तेसैले उ शान्त भई र डाँडा पारिको आफ्नो भुप्रो तिर फर्केर टोलाएकी थिई । उस्ले आज दाउराको भारो भन्दा ठूलो भारी बिसाई सकेको भाव उस्को मुखाकृतमा झल्कन्थ्यो । उस्को अनुहारमा फेरि मुस्कानको लहरहरू देखिन लागेको थियो । उस्ले आफ्नो वेदना भुली सकेकी थिई । तर मलाई दाऊरेनीको वेदनाले पोलेको थियो । मेरो अनन्तरमा दाउरेनी प्रति माया उम्लेर आएको थियो । जङ्गलमा तरुनी दाउरेनी नजीक हुँदा म मा भएको वासनाको तिव्र सन्चार दयामा परिणत भएको थियो । धेरै थाकी सकेको अनुभव भै रहेको थियो, म आफैंलाई ।

२ बजी सकेको थियो । सिरसिरे हावा चल्न लागेको थियो । पश्चिम निर तल खोलाको छेउमा, झोड़नेहरु कराएको

सुनियो । मृग ... आयो मृग आयो .... भनेर । म जुरुक्क उठेर बन्दुक तयारी पारें । साथै एउटा मृग तिब्र बेगमा दौडंदै उत्तरबाट दक्षिण म भए तिर आउंदै गरेको देखें । मृग पानी बग्ने पंनी (कुलो) बाट कुर्दै थियो । म उभिएकोबाट, मेरो सिधा पैनी ५०गजको टाडा थियो । मेरो सिधा पैनीमा आई पुग्न मृगलाई केहि सेकेण्ड मात्र थियो । मैंले बन्दुक एम गरेर सोझ्याएँ । तिब्र बेगमा हानी-एर मृग त्यहाँ आई पुग्ना-साथ ड्याम्म... गोली छोडें । मृगले कुल्ने-को पैनीको डिलमा गोलीले फुस्स ...धुँवा उडायो । आकाश गर्ज्यो, जङ्गल थर्क्यो ...., मृग तेस्तै बेगले भाग्यो । तर गोलीले धुलो उडाएको पैनीको ठीक सिधा १०।१५ गज तल झ्याम्म परेको रूख बाट एउटा मान्छे भ्यात्त भुईमा खस्यो । पछाडि उभिएकी दाऊरेनी चित्कार छोडेर कराई .... राम राम ... मेरो दाजुलाई मा-यो । अब के गर्नु नी .... । फेरि क्वाँ क्वाँ रुन लागी । मेरो आँखा अगाडि तुमुल अन्धकार छायो । ओठ तालु सुक्यो । मुटुले ड्याङ्ग्रो ठोक्यो । काम छुट्यो, म थुचुक्क बसेको थिएं । बोली आएन । एक छिन अगाडि दाऊरेनीले म संग साहारा मागेकी थिई , आफ्नो करुण कहानी सुनाएर । अहिले, म हत्याराको रुपमा दाऊरेनीसंग साहारा माग्न चाहान्थे । के भनेर दाऊरेनीलाई सम्झाउने ! मेरो विवेक शुन्य भएको थियो । खाली यति भनें - रूखमा तिम्रो दाजु थियो ? दाउरेनी बोलिन, मलाई हेरिन पनि रोई मात्र रही । अब बोल्ने र हेर्ने प्रयोजन पनि उसलाई थिएन । उस्को र मेरो आकर्षणको सम्बन्ध विच्छेद भै सकेको थियो । कस्तो कठोर सत्य ! कस्तो जोग ! कस्तो आकस्मिकता ! मेरो अन्तरको अट्टाहासले खु ई ई .... त्यायो, लामो सास तानेर छोडि दिएको थिएँ, त्यो गुर्दुङ्गको जंगलमा कहिले नसकिने गरी । आमरण कैदी को रुपमा ।

एक छिन पछि सबै साथीहरू आई पुगेका थिए । जङ्गल छोड्नेहरू पनि आई पुगे । मैंले हठात साथीहरूलाई निस्फिक्री संग भनेको थिएँ - मैंले उस्को दाजुलाई मारी दिएँ । दाऊरेनीले मेरो भनाईलाई पुष्टी दिंदै रोई रहेकी थिई । सबै गम्भिर भएका थिए । सबै थाकेका पनि थिए । कहाँ ? सबैको मुखबाट (सोधियो) आवाज आयो । मैंले झ्याम्म परेको रूखलाई देखाएर - उ . तल रूख मुनी भनी दिएको थिएँ । सबै हुरूरू ओरालो झरेका थिए । म पनि पछि लागेको थिएँ । जब हामी त्यहाँ पुग्यौं, एउटा मान्छे फेदमा बसेर घाँसको भारि बाँधी रहेको देख्यौं । म आश्चर्य चकित भएको थिएँ । त्यो अन्ध्यारो रूखको फेदमा मृत मान्छे न भएर एउटा जिउंदो मान्छे देख्दा प्रभातको झुल्काहरु जंगल भरि तिरमिराई रहेको देखेको थिएँ । घाम डुब्न लागि सकेको थियो तर मेरो लागि मिरमिरे विहानी साबित भै रहेको थियो । तिमी नै हौ रूखबाट खस्ने ? मैले मान्छेलाई सोधेको थिएँ । उस्ले किच्च हाँसेर भनेको थियो - हो ? गोली लाग्छ भनेर फाल हानेको । ५ बजी सकेको थियो । एक छिन हाम्रो खुसियालीको कुराकानी भए पछि दाऊरेनीले म संग क्षमा माँगेर उस्को दाजु संग आफ्नो झुप्रो को बाटो लागेकी थिई । हामी पनि त्यस दिनको शिकारलाई अन्त्य गरेर उकालो लागेका थियौं ।

फेरि आठ वर्ष पछि २०२८ सालमा त्यही जङ्गलमा शिकार-त्यस्तै भए पनि जंगलमा धेरै परिवर्तन आएको थियो । पहिलाको जस्तो बाक्लो घना जंगल थिएन । झोड़ पनि तेती थिएन। त्यो ठाउँमा बसेपछि मलाई दाऊरेनीको याद आयो । मैंले उस्को झुप्रो तीर हेरें । तर त्यहाँ कुनै झुप्रो थिएन । न त केराको ज्याङ्गनै थियो । उस्को झुप्रो भएको ठाउँमा ठूलो पैरो गएको थियो । सेतो ढुङ्गा र बालुवा चम्की रहेका थिए । मन मनै भनेको थिएँ - पैरो

गएछ। कहीं बसाईं सरे होलान् ! कहाँ सरेको होला तिनीहरू ? मेरो अनन्तरले दाऊरेनीलाई खोजी रहेको थियो। दाऊरेनीको झुप्रो, केराको झ्याङ्ग र दाऊरेनीलाई न देख्दा न्यात्रो लागेको थियो। तेस बेला मैले झलल दाउरेनीलाई त्यो पैरोको सेतो बालुवा र ढुङ्गामा देखेको थिएँ। कति नमीठो सम्झना थियो यो। पछि थाहा पाएँ दाऊरेनी र उस्का दुई आफन्त र झुप्रो सबै २०२१ सालको ठूलो वर्षामा पैरो संगै धर्तीको सतह भित्र पुरियो रे। उस्को कस्तो आतेस् लाग्दो सम्झनाको क्षण थियो मेरो जीवनको यो घटना। हिजो अस्ती जस्तो लाग्छ, तर १५ वर्ष विती सकेको छ; र पनि घटनाको पात्र दाउरेनीको सम्झना आई रहन्छ।

★

> ' आफूले सम्हालन नसक्ने परिवारको संख्याले आजको युगमा पारिवारिक आराम दिन वा पाउन कठिनाई पर्दछ। '
>
> —श्री ५ महेन्द्र .

प्यारा छात्र-छात्राप्रति सद्भावना

विद्या महान धनको महिमा विचार,
विद्या नै जीवनको भूषण रत्नहार।

गुरुकुल महिमा—

प्राचीन समयका मानिसहरुले विशाल हृदय, सर्वगुणसम्पन्नता, विशुद्धता, चरित्रवत्ता, परोपकारिता, एवं आदर्शमय जीवन कसरी प्राप्त गरे ? प्रत्येक क्षेत्रमा अनुकरणीय, सदुपदेष्ट एवं पूजनीय कसरी भए ? सारांश यही छ कि उनीहरुको बाल्यवस्था देखि शुभ संस्कार, गुरुकुलमा नियमअनुसार विद्यार्थीरूपमा श्रद्धा-भक्तिपूर्वक विद्याध्ययन, मान मर्यादा साथ आज्ञापालन सत्यवादी सरल एवं स्वच्छ स्वाभाव, पूज्य माता पिता मान्यजनहरुको सम्मान, अहोरात्र उच्च विचार-विमर्श, आदर्शमय जीवन निर्माणमा चिन्तन गरेका हुनाले, उनीहरु समय पाएर स्वदेश एवं विश्वमा नै सर्वमान्य ऋषि-मुनिपद प्राप्त गरी देश, धर्म, समाजलाई ज्योति-पुज्य दिएर अमर यश प्राप्त गरे।

आज हाम्राप्यारा भाइ बहिनी एवं छात्र-छात्राहरु पनि भविष्यमा देशका योग्य नागरिक बन्नलाई गुरुकुलमा महान विद्या अध्ययन गरिरहेका छन्। गुरु आज्ञा पालन गरेर अध्ययनको सुवर्ण अवसरमा गुरुकुलको नियमलाई मर्यादासाथ पालन गर्नु परमावश्यक छ, जस्को प्रतिफल निकट भविष्यमा सुयोग्य पात्र बनेर देश, धर्म, समाजको सेवा सम्पन्न गरेर जीवन सफल गर्ने छन्। हुने विरुवाका चिल्लापात भने झैं शिशु अवस्था देखि नै सतर्क रहनु नितान्त आवश्यक छ।

बलीदास बस्नेत
शनिश्चरे—९

स्वास्थ्यको महत्व

— राजेन्द्र मिश्र
कविराज

धर्मार्थ काम मोक्षाणां मारोग्यं मूल मुत्तमम् ।
रोगा स्तस्पाप हत्तरिः श्रेयसोनी वितस्य च ।। (चरक)

हाम्रो यो आर्य संस्कृतिमा मानव जीवनको सर्वोपरि उद्देश्य धर्म, अर्थ, काम, मोक्षको प्राप्ति हो; चतुर्वर्ग प्राप्ति निमित्त स्वस्थ शरीरको परमावश्यक हुन्छ। अस्वस्थ मानिसद्वारा धर्माचार, अर्थ प्राप्ति निमित्त उद्योग, कामोपभोग र मोक्ष प्राप्तिको साधन आदि कुनै प्रकारको काम हुन असम्भव छ। वस्तुतः जीवनको सार्थकता र सुख प्राप्तिमा स्वास्थ्यको महत्व सर्वोपरि छ।

विद्या बुद्धि, धर्म बुद्धि, व्यवसाय बुद्धि, आदि सबै कला-मा पारङ्गत एवं सम्मानित व्यक्तिलाई पनि यदि स्वास्थ्यले बाधा दियो भने सबै व्यर्थ हुनजान्छ उसका समक्ष समस्त ससार नै तुच्छा-तितुच्छ प्रतिभासित हुन आउँछ।

एक अस्वस्थ करोड़पति भन्दा एक स्वस्थ भिखारी

सुखी छ, जो दिन भरि दैलो दैलोमा गई, विभिन्न किसिमका प्राप्त अन्नलाई एकै पात्रमा राखी पकाई तेस अन्नलाई भोजन गरी, शय्याहीन भूमिमा निश्चिन्ततासंग रातभरि आनन्दले घुरेर पुनः बिहानै आफ्नो घर घरमा डुलने काममा तत्पर भैं पूर्ववत आफ्नो कार्यमा तत्पर हुन्छ।

तर अस्वस्थ करोड़पती आफ्नो उपर्रानित प्राप्त सुमधुर रुचिकर भोजनलाई, नाकनिक, गर्दा गर्दै पनि खान सक्दैन। कारण, त्यो अस्वस्थ छ र तेसले खान लागेको भोज्य पदार्थलाई अनेकानेक शङ्का र उपशङ्काको दृष्टिले विवेचना गर्दछ। पचाउन पनि सक्दैन। सुखको निद्रा आउँदैन। साथै संसारका सबै सुखबाट बञ्चित हुने एक मात्र कारण हुन्छ- अस्वस्थ जीवन।

अतः समस्त जीवनमा सफलता, विद्वता, नेतृत्व, व्यवसाय नोकरी, धनार्जन, समाज र देश सेवा, ख्याति प्राप्ति आदि समस्त भौतिक तथा आध्यात्मिक साधनका लागि स्वस्थ शरीरमा स्वस्थ मनको निवास हुनु परमावश्यक छ।

सभ्यताको आरम्भ देखिनै जीवन व्यवस्थामा पूर्ण स्वस्थ र आरोग्यलाई नै पूर्ण महत्व दिएको पाइन्छ। हाम्रो पूर्वजहरू पूर्ण स्वस्थ रहनु मानव धर्म भित्र एक अनिवार्य धर्मको रूपमा मान्नु हुन्थ्यो। हाम्रो आयुर्वेदको लक्ष हो, स्वस्थ मानवको स्वास्थ्य रक्षा र आतुरको व्याधि परिमोक्षण वर्त्तमानकालमा स्थिति अत्यन्तविचित्र र सोचनीय छ, हर मानिसलाई सुख प्राप्तिको स्वाभाविक काममा त छँदैछ, परन्तु सुखको यथार्थ आधार स्वास्थ्य प्रति सुरुचि तथा सचेष्टताको प्रायः अभाव जस्तै प्रतीत हुन्छ। मानिसले आफ्नो शरीर निमित्त यति मात्र कर्त्तव्य संझी रहे छ, त्यो के भने व्यथा लाग्ने बित्तिकै कुनै डाक्टर अथवा कविराजका नजीक गई रोग दमन गर्ने प्रभावकारी

औषधी ईन्जेक्सन लगाई तुरुन्त नीको भैं पुनः यस शरीरलाई काम चलाउने किसिमको बनाइ हालुँ । यस प्रवृत्तिको परिणाम-स्वरूप जन सामान्यको रोग सहने क्षमता र जीवनीय शक्ति दिन प्रतिदिन ह्रास हुँदै गै रहेछ ।

तेसै कारणले सामान्य बाधा भए पनि मानिस विरामी हुन्छ । प्रमाण स्वरूप जहाँ पनि अस्पतालहरूमा, वैद्यहरूका सामान्य औषधी पसलहरूमा जहाँ पनि हेर्नुस विरामीको घुइँचो दृष्टिगोचर हुन्छ । रोग निवारण निमित्त अनेकानेक साधन, उपकरण, अनेकानेक विभिन्न चिकित्सा पद्धतिको प्रचार विश्वको कुना काप्चामा भै रहे तापनि उत्तिकै मानव जीवन रोगाक्रान्त देखिन्छ ।

वस्तुतः आवश्यकता छ चिकित्सा या चिकित्सकको भरमा बाँच्नु होइन, आवश्यकता छ आफ्नो ईश्वर- प्रदत्त तन्दुरुस्तीको सर्वोपरि महत्व बुझ्नु । साथै पूर्ण स्वास्थ्य प्राप्ति निमित्त स्वास्थ्य रक्षाको नियम र सिद्धान्तको ज्ञान प्रत्येक व्यक्तिलाई हुनु । ज्ञान हुन भन्दा बढी प्राप्त ज्ञानको आचरण आफ्नो जीवन र स्वास्थ्य सुधारमा लगाउनु । स्वास्थ्य महत्वलाई हृदयङ्गम गरी तदनुकूल आचरणले स्वास्थ्यको शौर्य प्राप्त हुन्छ । आचरणको प्रवृत्ति भावना र धारणाले हुन्छ । अतः प्रत्येक मनुष्यको छात्र जीवन देखिनै यो दृढ भावना हुनु पर्दछ कि जीवनमा पूर्ण स्वस्थ रहनु सबै भन्दा ठूलो सफलताको सुनिश्चित आधार हो ।

पूर्ण स्वस्थको पहिचान

धेरै मानिसको धारणामा खूब मोटो मानिस नै पूर्ण स्वस्थ हुन्छन् अथवा जुन मानिसको शरीरमा कुनै रोगको कीटाणु छैन त्यो पूर्ण स्वस्थ छ । परन्तु यो दुवै कुरा पूर्ण स्वास्थ्यको परिचायक

होइन । आयुर्वेदमा पूर्ण स्वस्थको लक्षण निम्नलिखित छ ।

समदोषः समाग्निश्च समधातु मलक्रियः ।
प्रसन्नात्मेन्द्रिय मनाः स्वस्थ इत्यभिधीयते ॥

अर्थात् स्वस्थ मानिस त्यही हो, जसको शरीरमा वात अर्थात् स्नायु मण्डल, पित्त अर्थात् पाचकाग्नि एवं रक्त सम्वहन, कफ अर्थात् ओज, जीवशक्ति र मलोत्सर्ग यी तीनै निश्चित अवस्थामा बराबर एक समान रही तिनै प्रणाली यथावत काममा संलग्न हुन्छन् । जस्को अग्नि समक्ष, तीव्र अथवा मन्द छैन, जस्ले भोजनलाई राम्रो गरी पचाई दिन्छ, समधातु अर्थात रस, रक्त, मांस, मेदा, अस्थि, मज्जा, शुक्र ई सप्त धातु आफ्नो परिमाणमा ठीक छ, जस्को मल क्रिया शरीराभ्यन्तर कोमलहरु अर्थात् दिसा, मूत्र, पसीना, कफ आदि मलहरुको ठीक मात्रामा बाहिर निकाल्ने प्रणाली द्वारा बाहिर निस्किरहेछ, यस्को साथै जस्को आत्मा, मन तथा इन्द्रियहरु प्रसन्न एवं नियन्त्रित छ, त्यही पूर्ण स्वस्थको परिचायक हो ।

आयुर्वेद सिद्धान्तानुसार मानव शरीरको रचना तत्वमा पञ्चमहाभूतको अतिरिक्त आत्मा र मनको पनि गणना गरिएको छ । मानव शरीर मन प्रधान छ । अतएव पूर्ण स्वास्थ्यमा शरीर-को साथ साथ अन्तः करण स्वस्थ हुनु पनि परमावश्यक छ । अन्यथा शरीर हृष्ट पुष्ट तथा कीटाणुरहित छ, सप्तधातु सम छ, शारीरिक क्रिया नियमित छ, परन्तु अन्तःकरण यदि स्वस्थ र प्रसन्न छैन भन्ने त्यो पूर्ण स्वस्थको गणनामा आउँदैन । बाहिरबाट स्वस्थ सुखी देखिएको मानिसको भित्र यदि अशान्त एवं दुःखी छ भने उक्त व्यक्ति पनि पूर्ण स्वस्थको गणनामा आउँदैन भन्ने मेरो धारणा छ ।

जस्को बलवान शरीरमा, स्वस्थ र सशक्त मनको निवास छ, त्यही व्यक्ति पूर्ण स्वस्थको गणनामा आउँछ ।

इति सिद्धान्तः ।

शोक काव्य

गौरी का केही हरफहरू

(१)

तिम्रो अन्तिमको शिगार सँगिनी ! 'कात्रो' कसोरी भनूँ
तिम्रो निम्ति दिइन्छ पात्र जुन त्यो 'टीलो' कसोरी भनूँ
गाली होइन, किन्तु भन्नु कसरी यो अन्न 'बुर्की' भनी
'मुर्दार्नी' कसरी भनूँ, जुन तिमी मेरी थियौ जीवनी

(२)

लाऊ अञ्जुलि तीन चार जलको, खाएर जाऊ सखी !
यौटा फूल चुँडेर दिन्छु दिलको, लाएर जाऊ सखी !
आँसू आज पुछेर दुःख सब यो बिर्सेर जाऊ सखी !
मान्छेको घर अन्धकार छ भनी संझेर जाऊ सखी !

(३)

यो सानो घरवार चार दिनको यो भेट छोटो थियो
हामी दम्पतिको परन्तु यसमै माया बसेको थियो
जो छाया पहिले पस्यो नजरमा खुर्केर खुकिन्न त्यो
जो माया पहिले बस्यो हृदयमा बिर्सेर बिसिन्न त्यो

(संकलन-राजन पंत)

'नातेदार कर्मचारीलाई भर्ना नगर्नु, कर्मचारीमा यथेष्ट मात्रामा अधिकारको प्रत्यायोजन गर्नु ।'

—श्री ५ वीरेन्द्र

कथा

म भोलि जन्मने छु

आज धेरै दिन पछि नरेन्द्रले निशालाई भेट्यो । निशाको रूप लथालिङ्ग हुँदै गएको उसका आँखाले देख्न बिर्सेनन् । त्यस बखत निशाको आँखाबाट एउटा कथा बगी रहेको थियो, एउटा याचना, अनुनय र सहाराको धेरै कुरा गर्ने

…… …… *निशा ! एक टुक्रिएकी, छिया - छिया भएको नारी । उसको प्रत्येक बसन्त सँगै उमेरका अङ्क बढिरहेछन् उसको भावनाहरू क्रमशः ठोक्किएर, छरपष्ट भएर फर्कन्छन् स्वयम् । ……………… ।*

…… …… …… *निशालाई सहारा चाहिएको छ । दाल, भात, र नानाको सिमित परिधिलाई नाघेर टाढा-टाढा स्वर्गीयानन्दको शिखर तिर अग्रसर हुन । … तर उसले टेकेका, समातेका प्रत्येक हाँगा-हरू लाछिएका हुन्छन् अनि-अनि ऊ फेरि झर्छे आफ्नो एकलो परिधि भित्र …… …… …… …… …… …… ।*

फुर्सद नरेन्द्रलाई थिएन, उस्ले निशालाई - सोध्यो "सञ्चै छ ?" - कति सरलताका साथ भनी दिइ निशाले "घस्री रहेछु जीवनका

● राम प्रसाद पौड्याल

डुब्ने बाटाहरूमा।" कति व्यथा लुकेका छन् ती शब्दहरूमा। नरेन्द्रलाई सोच्छयानमा पल्टेर खेलाई रहेछ, निशाका गहीरा कथाहरू, निशाका गोरेटाहरु अनि नरेन्द्र बर्सीराई रहेछ केवल ओठ चालेर।

"हो मलाई थाहा छ तिम्रा उद्वेग र वेदनाहरू निशा! तिम्रो दह्रो मुटु प्रति म आस्था गर्छु। मलाई पनि थाहा छ नारी हृदयको कम्पन; म पनि मानिस हुं निशा! म भित्र पनि मानवताको फिलिङ्गो हुरहुराई रहेछ। म विक्षिप्त मगजको पिजरा होइन, ममा पनि मनुष्यत्व बाँचेको छ। तर म उपन्यासका पात्र पात्रा झैं चिप्लिन सक्तिन। म एउटी नारीको सुखा मरुभूमिमा सजिलोसंग प्रेमको विरुवा रोप्न सक्तिन। किनकी मलाई थाहा छ, मलाई बोध छ प्रेमको विरुवा रोपेर मात्र हुंदैन। आजको युगमा तिमीलाई थाहा छ! स्त्री र पुरुष जातिमा केवल क्रिडाको परिधि भित्र मायाँ र प्रेमका भावनाहरू गाँसिएका हुन्छन्। त्यसैले तिम्रा आर्तनादहरु यहाँ हुर्र उडेर जानेछन् कसैको मुटुलाई केवल चचरी खेलाएर।"

निशा! यो संसार यस्तै छ, कोही चिच्याई रहेछन्, कोही हाँसी रहेछन्, कोही रोई रहेछन्। मन भित्रका उकुस्मुकुसिएका भावनाहरू अनन्तमा विलाउन सक्नु पर्छ। यो ब्रह्माण्ड मायाँको जालो हो, म यो विश्वास गर्छु तर यहाँ स्त्री-पुरुषको मायाँले मात्र ढाकेको छैन; यहाँ भातृ भावना र भ्रातृ प्रेम मौलाउन सक्छन्। स्त्री पुरुषको मायाँ मात्र सिङ्गै संसार होइन। यहाँ पढी नसक्ने र जानी नसक्ने कुराहरू छन, खोइ-खोइ हामी त्यता लागेका? हामी एउटा सांगुरो परिधि भित्र, साँगुरिएर किन कोच्चिन चाहन्छौं? तातो र न्यानोको परिधीले हामीलाई किन घिसार्न खोज्छ; शिशीर र बसन्तका दिनहरु किन त्यसै-त्यसै जिन्दगी भित्र

हामी आएको देख्छौं? यही भित्र हामी भुलेका छौं। खोई हामीमा विशाल भावना, खोई त्याग, तपस्या र भ्रातृ भावना बस हामो त स्वार्थका परिधी भित्र त्यसै त्यसै रूमल्लिई रहेछौं।

रात्रीको निस्तब्ध वातावरणमा हामीलाई किन - किन कोइलीको 'कोहो'ले झसक्क पारिदिन्छ; किन-किन हामी उपन्यासका पात्र पात्राझैं सोच्न थाल्छौं। के हामीमा चेतना शक्ति सिमीत छ र? मलाई थाहा छ, म जान्दछु निशा! तिम्रो परेलीलाई भिस्याउँदै गुडेका अश्रुहरु तकियाको नरम रूवाको स्पर्श पाएर त्यहीं विलीन हुन्छन्। बस के छ र, यहाँ खोक्रो संसार, खँदिलो स्वयम् हुनु पर्छ नत्र सर्वत्र खोक्रोपन र खोक्रोपनलाई ढाकेर बसेका बोझाहरू। त्यसैले आँशुमा हाँसो, अहँ आउँदैन, निराशामा आशाको मधुरो छायाँ भए पनि त्यसले प्रशस्त प्रकाश पार्न सक्तैन। आँशु र कल्पनाका मुहान असिमीत र अनन्त छन्, सीताको आँशु कहिले सुक्यो र? संसारमा कल्पनाका अनन्त श्रृप्राहरु, पार पाइ नसक्ने स्थूल राशीहरु के अझै ल्याउन छोडेका छन् र? अहँ कदापी छैनन्। लैला मजनुको विछोडको गाथाहरु कैयौं ठेलीका रूपमा हामीले देखेका छौं, सुनेका छौं।

सीताको वियोगमा दुई थोपा आंशु हामीले टप-टप चुहाइ दिएका छौं तर खोई हामीले अरु के गर्न सकेका छौं र? हामी प्रेम र मायाँको डोरी गाँसेर चचहुय .... सपनीमा गरिदिन सक्छौं। उर्लंदो भावनालाई दुई चार हरफ कोरेर बिलाइ दिन सक्छौं, हामी मनुष्य हौं र त भावनाको महत्व बुझ्न र व्यक्त गर्न सक्छौं। तर लेखकको कल्पनाले बुनेका प्लटहरु र लगाम खिचेर चलाइएको उपन्यासका पात्र पात्रा झैं आफूलाई परिवर्तन गर्न हामी सक्तैनौं, गर्ने दुशाहस गर्नु पनि त हुन्न। कल्पनामा बुनिएका कथाहरुमा अंशत सत्य भएता पनि सम्पूर्ण घटना चक्र यथार्थ हुन

सक्तैनन् । त्यसैले तिमी स्वयम् आफ्ना विवेकी भावनाहरुले केलाएर हेर 'आत्मवल' हाम्रा ऋषि मुनिहरुको ठट्टाको माया होइन। तिमी भनोली विश्वामित्र र दुर्वासाका हृदय हिउँ थिएनन्, हो, ती पग्लिए तर ती त्यसै परिऊएनन् , त्याहीं महान सृष्टिको रहस्य थियो, ती बाध्य भए।

हो, म राम्ररी जान्दछु, तिम्रो भविष्य पथमा एउटा दीप पनि टिम-टिमाई रहेको छैन। प्रतिक्षा लामो प्रतिक्षा लाग्दा कहर त्यसै विलाइ सके; गालाभरी समुद्रको लहर शिर भरी तुवालोका कणहरु बोकेर आउने प्राप्तीलाई तिमी प्राप्ती नमान्न कस्सिएको हौली। प्रतिक्षाको लामो पडी तपस्या हो र यस अवधीमा धमीराले सम्पूर्ण शरीरमा माटाको विशाल चुली सृजन सक्छ तर तपस्वी निश्चल र शान्त भएर भविष्यलाई उस्ले कुरेर बस्छ।

निशाका नेत्रमा छचल्किएको आँशुले नरेन्द्रको हृदय भित्र भूमरी चलाइरहेको थियो। उसका आँखामा आज निद्राको बास थिएन अनि निस्तब्ध रात्रीमा सिर-सिर बहिरहेको मन्द मरुतसंग को स्पर्शको उसलाई ख्यालै थिएन। ऊ कोल्टे फर्कयो, उसको मनमा भावनाका ज्वार-भाटा बगिरहेका छन् , ऊ बगिरहेछ एक्लै साक्षी एक निश्चल ओच्छयान र तकिया छन् बस्। कहिले काहीं लामखुट्टेको शहनाई वादनले उसको भावनको पोखरीमा पौडी खेल्न खोज्छ, तर व्यर्थ - ऊ बगिरहेछ।

" बिचरी असहाय नारी, पुरुष एक स्वार्थी जीवले उसलाई कसरी पराधीन पार्न खोज्छ। नारी स्वयम् अस्तित्व होइन रे उसको अस्तित्व पुरुषसंग सम्मिलित भए पछि मात्र ब्याउँछ। उसका भावनाहरु केवल एकोहोरो मृत्यू निनाद झैं, अर्थहीन, भावहीन उसको विशाल जिम्मेवारी सृष्टि गर्नु पर्ने, तर स्वै मर्यादा?

हिन्दु संस्कृतिमा नारीको भावना पुरुषसंग गांसीएर मात्र स्थान पाउने सामर्थ्य राख्छ। परिपक्वता उमेर होइन अन्त कतै हराए-को छ। निशा एक दुक्रिएको छिया छिया भएकी नारी, उसको प्रत्येक बसन्तसंग उमेरको अङ्क बढिरहेछ। उसका भावनाहरु क्रमश: ठोक्किएर छरपष्ट भएर फर्कन्छन स्वयम मै। कती-कती फलिएर पनि क्षणिक र महत्वहीन भएर मात्र।

नरेन्द्रलाई एक पटक चिच्याई दिन मन लाग्छ अत्याचार देखेर। तर उ आफैं केही होइन ऊ चिच्याउँदैमा सम्पूर्ण नारी भावनाले शीतलता प्राप्त गर्न सक्तैनन। वेदना र छटपटिका रातहरु त्यसै-त्यसै बैलाउँदैनन। नरेन्द्र- नरेन्द्र स्वयम लाचारछ। उसका भावनाहरु कुन्नी किनहो निशाको आँशुमा प्रेमको पाशो बाँध्न चाहँदैनन्। नारीको कमलो मन पगाल्न सक्नु ऊ पुरुषार्थ सम्झदैन बरु आँशुका कम्जोरीहरुलाई ऊ सुकाइ दिन चाहन्छ, प्रेम र मायाँका मकलमा सेकेर होइन, सहानुभूति र सान्त्वना का तापहरुले। उसलाई थाह छ - सुक्न सक्तैनन् भन्ने पनि तर ऊ विवस छ।

ऊ निशाको अवस्थालाई ऐनामा आकृति हेरे झैं देखी रहेछ तर ऊ त्यो मलीन अनुहारमा कान्ति ल्याउन सक्तैन, ऊ विवस र लाचार छ। पौरुषत्वको तिलाञ्जली उसले चढाएको पनि होइन नत निशाको भावनाहरुको उसले घृणानै गरेको हो तर भावना-भावनाहो क्षणिक र लुप्त। नरेन्द्रलाई निशाको अवस्था-ले एक पटक नघच्घच्याएको पनि होइन। तर ऊ काल्पनिक उदारवादीताको परिधी भित्र एउटा रङ्गमञ्च खडा गर्न चाहँदैन। नाटकीय भाव भङ्गिमाको प्रदर्शन गरेर निशाको स्व' बिलाईदिन ऊ चाहँदैन। ऊ कायर पनि होइन। उसको मुहुभरी अतीतको माधुरी छाएकी छ। प्रष्टै छ उसको विहे भैं

सकेको छ कता-कता । ऊ मीठा मीठा शब्दको जालो बुनेर पाशो थाप्न चाहँदैन नत चाहन्छ पाशोमा प्रवेश गर्न नै । त्यसैले टाढा धेरै टाढा पुगेकी माधुरीका आँखाले उसलाई टवाल - टवाल्ती हेरिरहेछन् अनि ऊ विक्षिप्त आत्मा झैं एक्लै घोरिइ रहेछ।

ऊ निशालाई भनी दिन चाहन्छ, द्रौपदीको अवस्थालाई औंल्याएर-एकली द्रौपदी पाँच-पाँच भाइकी सहधर्मिणी भएर बाँच्न कसरी बाध्य भएकी थिइन । निशा ! तिमी त्यस्ती होइनौ, द्रौपदी भन्दा धेरै धेरै माथि छ्यौ तिमी । त्यसैले जीवन एउटा कसिङ्गर होइन जसलाई तिमी सजिलै बढार्न चाहन्छ्यौ । भावनाका गहिराईमा चुर्लुम्म नडुबी भावुकतावश बोलिएका शब्दहरु प्रेम र मायाँका आत्मा होइनन् ।

बिचरी निशा, उसलाई थाहा छैन नरेन्द्रका भावनाहरू। अबोध शिशु झैं ऊ त्यसै दङ्ग परेकी छ; त्यसै त्यसै भावुक बनेकी छ पापा पाएर शिशु फुकिए झैं । नरेन्द्रलाई काम छुट्छ, ऊ त्यसै आत्तिन्छ, निशाको स्थैतिक गहिराइमा पुग्नु, के ऊ आफैं बग्नु होइन र ? ऊ लाचार छ, दुइ-चार थोपा आँशु चुहाउनु उसलाई त्यति गाह्रो पर्दैन तर निशालाई दुई चार शब्दले फुल्बक पारी दिन ऊ सक्दैन, विवस छ । निशाको अवस्थाले उसको हृदय भरी करुणाको गाग्रो छताछुल्ल नपारेका पनि होइनन् । उसको आत्मा ले निशालाई लत्याउन चाहेको पनि होइन, नत उसलाई प्राचीन धार्मिक धारणाले जकडेका नै छन् । सर्वत्र स्वतन्त्रता पाएर पनि ऊ निशा सम्मुख छचल्कन सक्दैन, पोखिन सक्दैन, बगीदिन सक्दैन। उसको अवचेतन मनको पेटारोमा थुनिएको सानो र क्षणिक कथा हरियो भएर उसको सामु आइदिन्छ अनि ऊ बाध्य हुन जान्छ आफ्ना वचनको पालन गर्न ।

निशाको धैर्यको बाँध बिस्तारै शीथिल हुँदै गै रहेछ, यो

कुरा नरेन्द्रबाट लुकेको छैन । निशाको धैर्यको बाँध फुटेर ऊ आफैं छताछुल्ल हुन जान्छे अनि उसलाई समेटेर मूर्त्याउने कलाकार शायद क्षितिज पारीबाट भर्खर पाइला चाल्दै गरेको हुने छ। कलाकारले निशाको प्राङ्गणमा पाइला राख्नु पूर्व नै थाहा पाइ सक्ने छ- निशा बिलाई सकेकी कथा, हराइ सकेकी कथा; अनि-अनि संरक्षकको पगरी गुँथेका माटाका पुतलीहरुमाथि उपहासको दृष्टिपात गर्दै ऊ फर्किनेछ पूर्व स्थानतिर ।

नरेन्द्र बगीरहेछ निरन्तर निशाको अतीत र वर्तमानका किनारा छेऊ। निशालाई सहारा चाहिएको छ दाल-भात र नानाका सीमित परिधीलाइ नाघेर टाढा-टाढा स्वर्गीयानन्दको शिखर तिर अग्रसर हुन । तर उसले (निशाले) समातेका र टेकेका प्रत्येक हाँगाहरू लाछिएका हुन्छन् अनि....अनि ऊ फेरि झर्छे आफ्नै एक्लो परिधी भित्र, अँध्यारो र पट्टाई लाग्दो जीवनको गोरेटोमा।

नरेन्द्रका मगज खिईंदै गै रहेछन्, त्यस अबलाको करुण जीवन पाइलाको गति देखेर । नरेन्द्र अब धेरै सोच्न चाहन्न, ऊ तथ्य नलुकाउन चाहन्छ, त्यसैले आज उसले अठोट गर्छ निशा-लाई भनिदिन । नरेन्द्रलाई थाहा छ निशाका कानमा एक पटक बज्र पर्नेछन् । ऊ शून्य भएर नरेन्द्रको आकृतिलाई क्वारक्वार्ती हेर्ने छ । निशाले पत्याउने छैन ।नरेन्द्र साँच्चिकै ढुङ्गा भै सकेको छ, बज्र बनिसकेको छ र ऊ तातो पाएर पग्लदैन भनेर । बिस्तारै निशाको आत्मा अमिलिएर आउने छ, उसका आँखाबाट दुई सरिता बहने छन् । यी सबैलाई नरेन्द्रले बज्र ब र सहने छ, अनि निशा फेरि फर्कने छ आफ्नै अँध्यारो बाटोमा प्रकाशको खोजी गर्दै ।

यी सारा अन्तरभावनाहरूमा रूमलिदा रूमलिदै रात-को कालो पर्दालाई च्यातेर उषाको जन्म भै सकेको कुरा नरेन्द्रले स्वयम् थाहा पाएन, उसलाई चराहरूले कलरव ध्वनि निकाली सन्देश पु-याइ दिए - उषाको, अनि नरेन्द्र बिच्छौनाबाट सुस्तरी उठ्यो । एउटा संकल्प गरेर । आज उसले निशालाई भनी दिनेछ दह्रिलो भएर " म भोलि जन्मनेछु तिम्रो पति भएर । "

★

मेरो पनि हृदय हो

—देवराज भट्टराई

आखिर यो जमानामा धन नै सबभन्दा ठूलो रहेछ। आफ्नो माता पिता भन्दा प्रिय, ईष्ट-मित्र भन्दा प्रिय संक्षेपमा भनौं, सबै भन्दा प्रिय धन नै रहेछ। चारै तिर हेर्दै केवल

…… …… देवेन्द्र, मलाइ आज बहुलाएकी नै सम्झ तर तिम्रो निम्ति होइन, मेरो भविष्यको निम्ति मैले बहुलाउन नै परेको छ। तिमी संग सम्बन्ध जोडेर मेरो भविष्य कदापी सफल सक्दैन। किन भने मेरो आकांक्षाहरुको पूर्ति गर्ने सामर्थ्य तिमी संग छैन …… ……।

…… …… …… ……देवेन्द्रले उसलाई अंगालो भरि पार्दै भन्यो अतितका कुराहरु नदोहो-याउ रेणु! ती कुराहरुले मेरो भरिइसकेको घाउलाई कोट्याएर आलो बनाइ दिन्छ …… …… ……।

…… …… …… …… 'म पनि मानिस हुँ अनि मानवीय कमजोरीहरु मेरोमा पनि छ। मलाई प्यार चाहिन्छ …… …… …… मेरो पनि त हृदयहो …… …… …… ……।'

पैसाको चाहना सबलाई। मान, मर्यादा र इज्जतको मूल्यांकन गरिने साधन पनि पैसा नै। त्यसो त यी सत्यहरुबाट देवेन्द्र अनभिज्ञ थिएन तर पनि उसलाई यसप्रति उस्तो झुकाव थिएन। केही भावुक प्रवृत्तिको भएको हुनाले उसलाई आफू जस्तो भावनापूर्ण हृदय भएको मानिसहरुको सामिप्यको चाह

थियो। त्यसो नहुँदो हो त उसले पनि केही न केही पैसा बटुल्थ्यो होला। उसले कला चौथो बर्षमा प्रथम श्रेणीमा सफलतापूर्वक उत्तीर्ण गरेपछि बन बिभागमा रेन्जरको काम पाएको थियो। त्यसै समय उसको जीवनमा सरलाले प्रवेश गरी। देवेन्द्रले सरलाको मधुर स्वभाव र चरित्रले आकृष्ट भएर प्रेमको प्रस्ताव राख्यो अनि प्रत्युत्तरमा सरलाले पनि स्वीकृति दिएकी थिई। सरलाको प्रेम र भावनाको उडानमा उसलाई समय बितिरहेको पत्ता नै थिएन। तर यस्तै सुखद क्षणहरुमा एक दिन त्यस्तो घटना आईप-यो जसले उसको भविष्य नै डाँवाडोल बनाइदियो अनि उसको जीवनमा मोड़ ल्याइदियो।

हिजो कै घटना हो-तपाईंसंगको मेरो सम्बन्ध केवल देखावटी मात्र थियो बुझ्नुभो, त्यसमा स्थाईत्व थिएन। अब तपाईं अर्कै पथको पथिक म अर्कै' सधैं झैं देवेन्द्र सरलासँग भेटन जाँदा उसले आँखा कर्काउँदै भनी--"तपाईंले पहिले कुनै समयमा मसँग प्रेम गर्नु हुन्थ्यो भन्ने सम्म पनि भुलिदिनु होला।"

यो आकस्मिक प्रहारले देवेन्द्र एक क्षण त अलमल्ल प-यो। हृदयभरि प्रेमको मीठो अनुभूति लिएर गएको समयमा कहाँ को यस्तो कटु-बाक्य।

"सरला, तिमी होशमा नै छौ, कहीं बहुलाएकी त होइनौ?" देवेन्द्रले चकित भएर सोध्यो।

"म बहुलाएकी, …. सरलाले ब्यंग्यात्मक हाँसो हाँस्दै भनी—देवेन्द्र, मलाई आज बहुलाएकी नै सम्झ तर तिम्रो निम्ति होइन मेरो भविष्यको निम्ति मैले बहुलाउन नै परेको छ। तिमीसँग सम्बन्ध जोडेर मेरो भविष्य कदापी सफल सक्दैन। किनभने मेरो आकाङ्क्षाहरुको पूर्ति गर्ने सामर्थ्य तिमीसँग छैन।

म—म मेरो भविष्य बिगार्न चाहन्न अनि मलाई प्रेमको भोक छैन तर छ केवल पैसाको बुभ्नु भो, पैसाको।''

''सरला, के यो तिम्रो आखिरी फैसला हो अनि तिमीले मेरो साँचो प्रेमको बदला यसरी दिन्छ्यौ त ? ''—देवेन्द्रले बड़ो मुस्किलले मात्र सोध्न सक्यो।

सरलाले भन्नलागी—''आखिरी ···· यो मेरो आखिरी फैसला मात्र नभएर दृढ़ निश्चय पनि हो। अब देखि तपाईं आफूलाई अर्के पथको यात्री सम्झनु होला अनि म पनि यो कुरालाई हृदयान्तरदेखि नै बिर्सी दिन्छु। हाम्रो प्रेमलाई केवल हिंड़ीरहेको बेला दुई अपरिचित बटुवाहरुका क्षणिक संयोग झैं संझनुहोला।'' अनि ऊ फनक्क फन्केर गएकी थिई।

यस घटना पछि देवेन्द्रको हृदय विदिर्ण भएको थियो। उसमा पहिले नारीप्रति जुन श्रद्धा र प्रेमको भावना थियो त्यो अब शनैः शनैः घृणामा परिवर्तन भइसकेको थियो। उसको नजरले नारीलाई प्यासी, प्यारको होइन् केवल पैसाको, हृदयको होइन पैसाको देख्न लागेको थियो। प्रेममाथिको यस्तो विशवासघातले उसको उरमा प्रतिहिंसाको ज्वाला धधकिन लाग्यो। सरलाको सहवासमा उसले जुन स्वर्गीय आनन्दको अनुभव गरेको थियो त्यसको संझना मात्र पनि अब उसलाई असहयनीय पीड़ाको कारण बन्नगयो।

सरलाले एउटा धनी युवक संग विवाह गरी। विवाहमा देवेन्द्रलाई पनि निमन्त्रित गरिएकोथियो भनौं काटेको घाउमा अझ नुन चुक लगाउन। देवेन्द्र पनि कड़ा हृदय बनाएर विवाहमा गयो अज्ञात प्रेरणाले प्रेरित भएर। विवाहको मण्डपमा सरला बेहुली भएर बेहुलाको छेउमा बसेकी थिई। उसको चेहरामा सन्तुष्टी र प्रसन्नताको सम्मिश्रण थियो किनभने उसको

मनोकामनाहरुको पूर्ति भइरहेको थियो अनि शायद अहिले ऊ भविष्यको रंगीन कल्पनामा विभोर थिई होली। भग्न हृदय लिएर देवेन्द्रले एककुनाबाट यी सब हे-यो। बाहिर धुमधामसंग लाउडस्पीकर बजीरहेको थियो। त्यहाँ एउटा नयाँ घरको निमार्ण भइरहेको थियो अनि अर्को घर जलेर खरानी भइसकेको थियो।

घड़ीको टीक २ संगसंगै दिन, महीना र वर्ष बितीरहेको थियो। देवेन्द्रले पनि बिवाह गरेर दुलही भित्र्याए घरमा। देवेन्द्रलाई औधि प्यार गर्थी ऊ अनि यो प्यार कृत्रिम नभएर वास्तविक थियो। देवेन्द्रले पनि उसलाई प्यार दर्शाउँथ्यो तर उसको प्यार रसिलो र भरिलो नभएर खोक्रो थियो। अतितमा पाएको धोकाले उसको हृदयमा घृणाको जुन बिजारोपण भएको थियो त्यो अझ हरियो नै थियो, मुर्झाएको पनि थिएन। त्यसैले देवेन्द्रकी पत्नीले पतिबाट स्नेह त पाउँथी तर केवल औपचारीक मात्र, आत्मीकको लेशभर थिएन त्यसमा। तर एउटा कुरा-ऊ पनि देवेन्द्र झैं भावुक र सहनशील प्रवृत्तिकी युवती हुनाले यी सब चुपचाप सहन्थी। उसलाई आफ्नो पतिको हृदयमा रहेको चोट आंशिक रुपमा थाहा भएको थियो यसकारण ऊ कुनै त्यस्तो चर्चा निकालेर भरिनलागेको घाउको पाप्रा उप्काउन चाहँदैन थिई। भनौं ऊ एस शताब्दीको एउटी आदर्श र कुशल गृहिणी को उदाहरण थिई।

उता देवेन्द्रलाई अचेल भोलि आफिसको एकोहोरो व्यस्त जीवनले गर्दा गाउँ-घर र सांसारिक कुराहरुको वासो नै थिएन। उसको नियमित दिनचर्या अटल थियो-विहानै उठेर हातमुख धोईवरी आफिस जानु अनि बेलुकी फर्केर केही बेर पुस्तक पलटाएर भात खाईवरी ओछयानमा पल्टिनु। यसले

उसलाई उसको पछाडि कतिले घोसे, घमण्डी र सर्केकी इत्यादि पदवीहरूले अलङ्कृत गरे तर न त देवेन्द्रलाई यी कुराहरु थाहा थियो न त अरुहरुलाई देवेन्द्रको हृदयमा भएको दर्दको ज्ञान थियो। उ प्राय: एकोहोरे भइसकेको थियो। देवेन्द्रकी पत्नि पनि आफिसबाट फर्केपछि सधैं ओठमा स्निग्ध मुस्कान लिएर स्वागत गर्थी अनि हत्तपत्त चिया र खाजा ल्याइदिन्थी। उसको नियम पनि अटल थियो देवेन्द्रको झैं। उसलाई आफ्नो पतिको विगत प्रेमलीला थाहा नभएको होइन तर त्यो विषय निकालेर आफ्नो पतिलाई अप्रसन्न तुल्याउन चाहँदैन थिई। ऊ त अन्न तन मन दिएर देवेन्द्रलाई खुशी भएको देख्न चाहन्थी। देवेन्द्रलाई पनि यी कुराहरुको ज्ञान थियो। कहिले काहि उसलाई पत्निप्रति सहानुभूति उर्लेर आउँथ्यो तर सहानुभूति केवल सहानुभूति तक नै सीमित रहन्थ्यो प्रेममा बदलन सक्दैनथ्यो। उसले चाहेर पनि आफ्नी पत्नीलाई प्यार दिन सकेको थिएन कारण ····। त्यसले उसकी पत्नि पतिको प्रेमदेखि वञ्चित थिई।

"तपाईंले हल्ला सुन्नुभयो के ?"

देवेन्द्रले झस्केर पत्नितिर प्रश्नसूचक नजरले हेरयो।

"सरलालाई उसको लोग्नेले कुटपीट गरेर घरबाट निकाली दिए 'रे। अब आज पञ्चायत राखेर छोड़पत्र गरिदिने 'रे"—उसले सुइटर बुन्दं नै भनिरहेकी थिई।

देवेन्द्रलाई पत्निले—सरलाको कुरा झिकेर उसलाई व्यंग्य गरे झैं लाग्यो र उसले केही रुखो स्वरले भन्यो—"म सँग यस्तो नचाहिंदो कुराहरु नगर है।"

"गाँउभरि हल्ला फिजिसकेको छ तर तपाईंलाई चाहि आफ्नै गाँउका कुराहरु पनि थाह नहुने, उसकी पत्निले आफ्नै धुनमा भनिरहेकी थिई, सरलाको व्यवहार र चालचलनलाई उसको

...लाई शंका लागेको थियो अरे अनि ···।

देवेन्द्रलाई यो समाचारले हृदयको एक कुनामा हर्ष ...आयो अनि कता-कता अर्को कुनामा नमीठो पनि लागेर आयो। विश्वासघातको परिणाम राम्रो नहुँदो रहेछ। सरलाले देवेन्द्रको ...को प्रेमलाई ठुक्र्याएर बदलामा धोका दिएकी थिई आज उसले पनि धोका नै पाई।

बेलुकी आफिसको कामबाट फुर्सद पाएपछि उसका कदमहरु अनायासै सरलाको घरतिर लम्किन गयो। विगत २ वर्षदेखि ऊ यहाँ आएको आज प्रथम पल्ट थियो अनि सरलासँग भेट नभएको पनि त्यत्ति नै भएको थियो। आँगनमा पंचायत जुटीसकेको रहेछ। रमितेहरुका हूलले आंगन भरिएको थियो। एक जना केही लेखनमा व्यस्त देखिन्थ्यो शायद छोड़-पत्रको कागज होला ! देवेन्द्रले टाड़ाबाट नै सरलालाई देख्यो। ऊ पतिञ्जेलसम्ममा निकै दुब्ली, पातली भईसकेकी रहिछ साथै पहिलेको त्यो आकर्षक सौन्दर्य पनि सकिइसकेको रहेछ। शायद यसैले अघाइसकेर उसका पतिले त्यागनलाई निहुँ खोजेका होलान् भन्ने देवेन्द्रलाई लाग्यो किनभने सरलाको पतिको विगत इतिहास उसले पनि केही सुनेको थियो त्यस्तै किसिमको। बिचरी ···· उसको हृदयमा पनि सरलाप्रति कता कता सहानुभूति जागेर आयो सरलाको आजको अवस्था देखेर। हठात् उसका आँखा सरलाको आँखासंग जुध्न पुगे। सरलाले शीर नत् गरी शायद आत्मग्लानीले होला ? आखिर उसले टाउको झुकाउनु नै परेको थियो। भीड़मा कति जना सरलालाई टिठयाउनेहरु पनि थिए भने ठीक पर्‍यो भन्नेहरुको संख्या पनि कम थिएन। देवेन्द्रको हृदय हलुंगो भएर आयो मानौं वर्षौं अघिदेखिको बोझ उ उले आज बिसाएको थियो। प्रथम पल्ट आज उसको ओठमा

हृदयान्तरदेखि नै प्रस्फुटित हाँसोको एक रेखा खिचियो। मनभने अतीतका घटनाहरु सगांल्दै आउँदा उसलाई घर आईपुगेको पनि पत्तो भएन। उसकी पत्निले 'आज किन अबेला आउनुभयो,' भन्दा पो ऊ तरंगबाट ब्युँझेर पत्निलाई हेरयो। ऊ सँधै झैं आज पनि ओठमा हल्का मुस्कान लिएर उसको प्रतिक्षामा ढोकामा खड़ा थिई।

पत्निले सँधै झैं चिया ल्याएर टेबलमा राखीदिई—अनि छेउमा नै भुँईमाथि बसेर तानतान तुनतुन गर्नलागी।

देवेन्द्रले निक्कै बेरसम्म पत्निलाई हेरीबस्यो अनि ठट्टाको पारामा भन्यो—"रेणु, तिमीलाइ मैंले कहिले प्यार गरिन केवल एउटा पतिको उत्तरदायित्व मात्र पुरा गरिरहेको छु। कहि तिमीले पनि छोड़-पत्र त माँग्दिनौ?"

ऊ पक्क परेर देवेन्द्रको मुखमा हेरीबसी शायद ठट्टा गरेको नबुझेर होला। हुन पनि त यत्तिका वर्ष देवेन्द्रसँग बिताउँदा उसले कहिले पनि देवेन्द्रले ठट्टा गरेको देखेकी थिइन। देवेन्द्रले 'किन पक्क परेर हाम्रे भैंसीले जस्तो हेरेको है? भन्दा मात्र बल्ल उसले बुझी अनि मुसुक्क हाँसी।

"तपाईं पो कुभ्री ?"

"के ?"—देवेन्द्रले सोध्यो।

उसले पनि ठट्टाको प्रत्युत्तर ठट्टाले दिई—"अब मलाई छोड़ पत्र दिएर कहि सरलालाई .... अनि हाँस्दै उता फर्की।

पत्निको कुराले देवेन्द्रलाई निक्कै असर परेछ क्यारे निक्कै बेरसम्म उसको बोली नै फुटेन। देवेन्द्र गम्भिर भएको देखेर ऊ पनि केही डराई अनि पतिको नजिक आएर सोधी—"ठट्टा गर्दा नै तपाईंलाई रीस उठीहालेको?"

देवेन्द्रले उसलाई अगाँलोभरी पार्दै भन्यो—"अतीतका

कुराहरु नदोहोर्‍याऊ रेणु। ती कुराहरुले मेरो भरिसकेको घाउलाई कोट्याएर आलो बनाइदिन्छ। अतीतमा धोका पाएर मेरो हृदय पाषाण बनेको थियो जसलाई तिमीले आफ्नो धैर्य र प्रेमले पगाली सकेकी थियौ त्यसलाई फेरि पाषण बन्न नदेऊ। म पनि मानिस हुँ अनि मानवीय कमजोरीहरु मेरोमा पनि छ। मलाई प्यार चाहिन्छ रेणु, मेरो पनि त हृदय हो।"

★

माटो जहाँको मुटुले छुँदैन
त्यहाँ हरियो ममता हुँदैन
कोरल्छ चल्ला त्यति मात्र पोथी
आफ्ना भुवाले जति सक्छ छोपी

- माधव घिमिरे

"खहरे खोल्सो र मुसाको अञ्जुली चाँडै भरिन्छ, त्यसरी नै कायर पुरुष थोरै वस्तुले नै सन्तुष्ट हुन्छ्।—नीति

बन्दना

—भरत बिष्ट

यो संसार विचित्रको नै छ। यहाँका मानिसहरूका अनुहार देख्छु बेग्ला बेग्लै; कसैको कसैसंग अनुहारसम्म पनि नमिलेको। झन मस्तिष्कको कुरा त के गर्नु र? अँ एउटा कुरा के भने हिन्दी सिने पर्दामा अनुहार मिल्ने घटनाहरु प्रशस्त हेर्न पाइन्छ। अहिलेसम्म नीति नियममा ठोस वा कुनै पनि अवस्थामा विज्ञानका नियमहरु सत्य नै हुन्छन भनी सबै सहमत भएता पनि यसमा प्रशस्त अपवाद हामी फेला पार्छौं। झन अन्य सामाजिक शास्त्रमा त अपवाद नहुने कुनै कुरा नै आउँदैन। यसको मतलब म आफूलाई अपवाद रुपमा सरक्क पन्छाएर अरुलाई विचित्रका छन भनी आफूलाई चरित्रवान भनाउन खोजेको होइन। मेरो आफ्नो कुरा गरेर साध्य नै छैन। म आफू चाहिं प्रत्येक रात्री गांजा, चरस, भाङ, जाँड-रक्सी इत्यादि खाएर टिल्ल हुन रुचाउँछु यतिसम्म कि म आफ्नो टाउकोले टेक्दै हिड्दछु कि खुट्टाले टेक्दछु त्यतिसम्म पनि चाल पाउन नसकूँ। हिजो आज मेरो यस्तै प्रकारका कार्यक्रम चल्दैछन।

एक दिन यस्तो कार्यक्रममा केही आफ्ना साथीहरुसंग कार्यक्रम शुरु गर्ने तरखरमा "सिकागो बार" तिर बिस्तारो बिस्तारो बढन थालें। अब यहाँ मेरा साथीहरू भन्नाले यहांहरु सबैलाई थाह छ "हाँसको बथानमा हाँस नै बस्छन कागको बथानमा काग नै बस्छ।" हो मेरा साथी, म आफू काग नै भएको ... सबै काग नै थिए। ती मध्ये एक जना मेरो साथी बकुल्ला ... थियो त्यसमा पनि मेरो बचपनको साथी जसको नाम विजय ... बस्नेत हो। हेर्दा विजय खाई लाग्दो, कम से कम ६ फुट ... बर्ष, बटारिएको जीउ, चम्किलो ललाट, वजनदार बोली, साँच्चै ... विजयको व्यक्तित्व शानदारको नै थियो। उसलाई बोलाउँदा म ... बिजे' भन्ने गर्थें। तर उ केही दिन देखि उदास देखिन्थ्यो; आज ... उसलाई "सिकागो बार" भित्र लिएर गएँ। पहिले त ... लाई ड्रिङ्क लिदैन कि जस्तो लाग्यो तर यस मामलामा उ म ... भन्दा तीन हात अगाडि नै रहेछ। काठमाण्डौंमा नेशनल ट्रेडिङ्ग- मा जागीर खाएरर हुँदा प्रगति गरेछ भनी मनमनै सोचें। अनि हामीहरू त्यहाँ एक बोतल खुकुरी रम तीन जनाले सक्यौं। फेरि पनि केही ड्रिङ्क लिने ईच्छा जागेर आयो र मैले भनें "ए विजय! ... लिने हो?" बिजेले भन्यो-" मगा न यार जीन्दगीमा के छ र ... राख्नु।" त्यसपछि मैले अर्को साथी तर्फ फर्केर उनको पनि मनसाय बुझ्न अनुहारमा हेरें। त्यताबाट पनि सहमति पाईसकेपछि —...... मैले होटेल ब्वाईलाई बोलाएर भनें - " अब हामीलाई एक बोतल भोड्का र एउटा चिकनरोष्ट, साथै दुईदाना कागती पनि काटेर ल्याऊ ल। होटेल ब्वाई मुसुक्क हाँसेर " हवस हजुर" भन्दै गयो। अनि मैले बिजे तर्फ हेरी भनें- " अँ भन बिजे तँ जागीर छोडेर किन आइस?" तुरुन्तै बिजेले उत्तर दियो-" मलाई नपुग्दो के छ र मैले जागीर खानै पर्छ?" फेरि मैले उत्तर दिएँ—" हत्! कस्तो अबूझ मान्छे। तंलाई मैले तेरो अवस्थाले नै जागीर खानु पर्छ भनेको त होइन। हेर! जागीर खाँदा जुन सामाजिक प्रतिष्ठा प्राप्त गर्न सकिन्छ, तेरो धनले प्राप्त गर्न सकिदैन पो भन्या।" बिजेले आफ्नो गल्तिलाई

तुरुन्तै महसुस ग-यो । ठीक त्यसै बेला होटेल ब्वाइले अघि अर्डर गरेको खाने कुरालाई लिएर आयो अनि मैले सबैको गिलासमा भोड्का हालें साथै एक-एक टुक्रा कागती पनि सबैको गिलासमा हालो दिएँ । हामीहरू अब आफ्नो-आफ्नो गिलास लिएर बोतल रित्याउने तरखरमा लाग्यौं । मलाई त अब भोडकाले आनन्द दिन थाल्यो अनि मैले आफ्नो गिलास टेबलमा राखेर मौनतालाई भङ्ग गर्दै एउटा प्रश्न विजेलाई गरें — " हैन विजे ! तँ कहिले विहेको भोज खुवाउँछस् नि ? मैले तेरो बारे धेरै कुरा सुनें साँचो साँचो भन् है ! तँ यदि वन्दनासंग विहे गर्न चाहन्छस् भने म अहिले नै मागिदिन सक्छु । यो मोरो रक्सीले रल्लिएर त्यसै बकेको त नभन्नु है तर एउटा अर्को कुरा पनि सुनिराख स्थानीय ठाउँको केटीसग विहे गर्दा राम्रो चौ हुँदैन नि ।"

मैले यति भनी सक्दा विजेलाई अघिको त्यति पगितो रक्सीको नशाले पनि छोडे जस्तो लाग्यो । उसका मनमा अनेक तर्क वितर्कका छालहरु उर्देको म आफूले पनि महसुस गर्न थालें । तै पनि विजेले जवाफ दियो — " हैन यार ! वन्दनासंग बिहे गर्ने प्रश्न नै उठ्दैन ।" विजे अरु पनि केही भन्न चाहन्थ्यो तर मैले उसले केही कुरा सकन नपाउँद किन ? भनी प्रश्न तेर्स्याएँ । उसले जवाफ दियो —" मैले विहेको लागि जीवन-संगिनी रोजी सकें अब कुरो छिन्न मात्र बाँकी छ । फेरि पनि मैले बडो उत्सुकता पूर्वक प्रश्न गरें - " कुन ठाउँमा तेरो ससुराली हुने भ-यो त ?" विजेले प्रत्युत्तरमा "लाहान" मात्र भन्यो । म चुप लागेर आफ्नो दाहिने छातीमा बाँधेको घडी हेरें निकै समय बिती सकेको रहेछ अनि मैले भनें — " अहो ! १० बजी सकेछ, अहिले छुटौं " । हामी तीनै जना " सिकागो बार " बाट बाहिर निस्कियौं र भोलि भेटौंला भनी बिदा भयौं ।

भोली पल्ट साँझको खाना खान मैले विजय, मेरो छिमेकी वन्दना र उनकी आमालाई निमत्याएको थिएँ । विजे सबै भन्दा पहिले मेरो घरमा आई पुग्यो, अब उ र म आफ्नै बाल्यकालका कुरा गर्न लाग्यौं र एकै छिनमा वन्दना र उनकी आमा पनि आई-पुगे । अनि मैले उनीहरूलाई बस्न आग्रह गरें । उनीहरु पनि त्यहाँ रहेको मेचमा बसे त्यस पछि विजे र वन्दनाकी आमाको बीचमा आरामीको खबरको आदान प्रदान हुन थाल्यो । बीच-बीचमा वन्दना पनि कुरा थप्दै नै थिईन् । विजेको गफ गर्ने साथी भएको हुँदा म तल भान्सा घरतिर लागें, वन्दनाकी आमा पनि मसंगै भान्सा कोठातिर आइन् । खाना तयार भयो, हामी सबै जना बसेर खाना खायौं । खान-पान भै सके पछि हामी केही बेर ड्रइङ्ग रुममा बसेर गफ चुट्यौं, केही बेर पछि सबै जनाले छुटौं भनी आफ्ना घर तर्फ लाग्ने विचार लिए, म पनि उनीहरुलाई छोडन गेटसम्म गएँ र भनें — " विजे आउँदै गर है ।" तर उसले मलाई बजार सम्म जाउँ भन्दा म उसलाई छोडन बजार सम्म गई दिएँ, अनि अहिले छुटौं है भनी मैले आफ्नो दाहिने हात उचालें तर प्रत्युत्तरमा विजेले भन्यो—" पख त ! एउटा कुरा भन्न पो बिर्सें "के कुरा ? भन्दै म क्रमशः उ तिर बढेर गएँ, विजेले चारैतिर हेरेर मलाई बाटाको एउटा कुनामा (छेउमा) लगेर भन्यो — " प्लिज, तैंले मेरो घरमा बुवालाई मैले अस्ति हेरेको केटी विहे गर्दैन रे भन्दिनु प-यो ।" म छक्क परें तर पनि मैले भनें — " म भन्दिन्छु, मलाई भन्न के ? विजेलाई अस्ति हेरेको केटी मन परेन रे, भन्दिनु त हो नि हैन त ?" यी कुरा सुनेर विजे दंग प-यो; अनि उसले भन्यो — " ल त भोलि बिहान भेटुँला है ।" मैले प्रत्युत्तरमा स्वीकृति जनाउँदै टाउको हल्लाएँ अनि दुवै जना आ-आफ्नो घर तर्फ लाग्यौं ।

भोलिपल्ट बिहानै बिजेको घरमा गएँ, बिजेको बुवा र आमा घरमा नै हुनुहुन्थ्यो, मैले नमस्कार बुवा ! भनी आफ्नो अभिवादन दुवैलाई चढाएँ बिजेको बुवाले मलाई छेउको मेचमा बस्न सकेत गर्नु भयो र म त्यहीं गएर बसें । केही बेर हाम्रो आरामीको खबरको आदान-प्रदान भयो, त्यसपछि बिजेको विवाह-को कुरा गरी छिटै जाने विचारले टाउको घुमाउँदै भने — "हन म त बुवासंग एउटा कुरा पो भन्न आएको ।" बिजेको बुवाले भन्नु भयो — " के कुरा त्यस्तो प-यो र ? भन्न न बाबु" यस बेला बिजे मेरो छेउमा नै थियो अनि मैले उसको अनुहारमा पुलुक्क हेरेर भनें— " अस्ति बिजेले हेरेको केटी उ बिहे गर्दैन रे ।" बिजेको बुवा रातो-पिरो हुनु भयो र बिजे तर्फ हेरी भन्नु भयो— " अस्ति आफै केटी हेर्न जाँदा ठीक छ किन भनेको र आज के कति कारण-ले गर्दा यताबाट त्यसै अनुरूप खबर पठाई सके पछि हुँदैन भनेको? यो सब कुराको कारण के हो ? "यति भनेर बिजेको बुवाले मेरो अनुहारमा हेर्नु भयो ।" म पनि लाचार व्यवस्थाउन घोसे मुन्टो लगाएर बसें । अनि बल्ल अब बिजेले भन्दा — " त्यो केटीको आचरण ठीक छैन रे बुवा, मेरो एकजना साथीले उनलाई एकदमै राम्ररी चिन्दो रहेछ ।" मलाई अब त्यहाँ बस्न उचित लागेन र म त्यहाँबाट हिंडे ।

भोलिपल्ट बेलुकी म घुम्न भनी बजार तर्फ लागें । सबै भन्दा पहिले म बजार जाँदा पनि पसलमा गै पान चपाउने आदत छ, मैले त्यसै गरें । अनि विजयलाई पनि त्यहीं देख्दा उसको दाहिने हातमा समातेर बाटाको एक कुनामा लगेर सोधें -"हिजो-को कुरा के भो त ?" बिजेले उत्तर दियो -" फैसला मेरो पक्षमा नै भयो" । अब म यसको कारण पनि जान्न चाहन्थें र त्यसै दिन उसले आफ्नो आन्द्रा भूँडी खोलर सबै कुरा भन्दो । अनि मात्र

मैले थाहा पाएँ कि यसको एकमात्र कारण बन्दना नै रहिन्छन् । दुई वर्ष अगाडि जब बन्दना काठमाडौंमा आई० ए० मा पढ्थिन् त्यस बेला बिजे पनि त्यही कलेजमा बी०ए०मा पढ्दै रहेछ। त्यसै बखत देखि दुवैजना एक अर्कालाई चाहन्थे तर यो कुरा भन्न भने कसैको पनि साहस नहुँदो रहेछ । जब बिजे बिहेको कुराको लागि लाहान गयो र यस बारे भन्नु पर्ने कुरा भनिसके पछि मात्र उसले अन्य व्यक्ति-बाट बन्दनाको आफ्नो जस्तै इच्छा रहेको चाल पाएको रहेछ । अनि उसले बन्दनासंग मेरो घरमा भएको छोटो भेटमा नै सबै कुरा प्रष्ट भन्दा बन्दनाले पनि यो कुरा स्वीकार गरेकी रहेछन् । तर अफसोच, यो कुरा विजयलाई थाहा थिएन कि आज मात्र केही घण्टा अगाडि छिमेकीको नाताबाट मलाई पनि बन्दनाको घरमा बोलाएको हुँदा गएको थिएँ । आज बन्दनाको बिहेको कुरा अन्य केटासंग छिनियो । बागदानको बेलामा बन्दनाको अनुहार-बाट यो बिहेको कुरो उनको इच्छा प्रतिकूल भएको होला जस्तो लाग्दैनथ्यो । बिजेको कुरा सुन्दा मलाई पनि सम्पूर्ण नारी देखि रीस उठेर आयो तर पनि आफूलाई संयमी बनाई (संभालेर) बिजेलाई भने —" बिजे ! तँ बन्दना तर्फ बन्दना भन्दा लाख गुना असल केटीसंग बिहे गर्न सक्छस् , उसले तँलाई खेलौना बनाईछे; आज उनको बिहेको कुरो अन्य केटासंग छिनियो ।" मैले ती आफ्ना वाक्यलाई टुङ्ग्याउँदा नटुङ्ग्याउँदा बिजेको शरीर पानी खन्याएर चिसो बनाए जस्तै भयो । अनि उसले त्यसैबेला कसम खायो—" म अब कुनै नारी जातिको अनुहारसम्म हेर्दिन !" वास्तवमा यो प्रणलाई विगत बाह्र बर्ष देखि बिजेले तोडेको छैन, उ नारी जातिको अनुहार त के ? छाँया देख्दा पनि तर्सन्छ । उसको बारेमा बिभिन्न व्यक्तिहरू बिभिन्न प्रश्नहरू जिज्ञासु दृष्टिले मलाई गर्छन् । तर कसैलाई म यो कथा सुनाई स्त्री जातिको परिचय दिन्छु त कसैलाई एकदम अनभिज्ञ बनी ससार विचित्र छ; त्यसैले कुनै कुरो पनि भन्न गाह्रो छ मात्र भनि दिन्छु ।

●

(लघुकथा)

वीरे र उसकी डल्ली

—उमानाथ [illegible]

बर्षाको समय हुनाले सारा आकाश भरि घना कालो बादलले ढाकेको छ। आकाशका नौलाख ताराहरु कता लुकेका छन् पत्तै हुँदैन। पूर्णिमाको रात भए पनि बादलले चन्द्रमालाई आफ्नो खल्तिमा लुकाएको छ। वेला, वेला मेघ गर्जिन्छ गडयाङ्ग .. ..।

अन्दाजी बेलुका ७ बजेको कुरा हो वीरे अस्कोट फुकालेर छेवैंमा भुण्डाउछ र ओछ्यानमा गएर बस्छ। अनि हाई गर्दै सूर्ति बेर्न लाग्छ। मानौ दिनभरीको हलो जोताई कोदालो खनाईको थकाईले उस्मा अधिकार जमाई रहेछ। नजिकैको बत्तीमा सूर्ति सल्काउँछ र धुवाँ उडाई दिन्छ।

"एक छिन थकाई नमारि जोतेको जोत्यै गर्दा पनि आज दुई गरा बाँकी रहे" उ लामो सास फेर्छ।

त्यसको केही बेरपछि उस्की स्वास्नी डल्ली छेवैंमा आएर एकछिन निहारेर विस्तारै भन्छे।

"तपाई आज साह्रै गल्नु भए जस्तो छ"।

"होइन गलेको छुइन"। वीरे विस्तारै भन्छ।

"हो म ढाँटेर पत्याउछु र।"

"गलेको होइन आज मेरो भुँडी पो निक्कै दुःखी रहेछ" वीरे विस्तारै भुँडी मुस्मुसाउँछ।

"भुँडी दुख्तै छ ? मलाई किन अगि नभनेको ? फर्सी-को तिहुन पकाकी छु, कसरी भात खानु हुन्छ। होइन, म पल्ला घरबाट अलिकति दही मागेर ल्याउछु"। डल्ली जुरुक्क उठेर पल्लाघरतिर बढ्छे र एक छिन पछि एउटा बटुको लिएर निस्किन्छे।

"भो भो पर्दैन अँध्यारामा का अर्काकोमा माग्न जाने ?"

तर डल्ली सुनेको नसुनै गरेर सटासट निस्किन्छे। उस्लाई साह्रै माया छ उस्का पोईको। दिन भरि रगेटिएर काम गर्नु पर्छ खान-पिन अलि राम्रो नभए भोलि उस्को के दशा होला उस्मा यो ताप पनि छ।

एक छिन पछि डल्ली फर्कन्छे र भन्छे।

"ल उठ्नुहोस, भात खान"

"पाक्यो र ?" वीरे उस्लाइ हेरेर भन्छ।

"अगि नै पाकि सक्यो, अबता सेलाईसकी ठिक्क पनि भो।"

"ल म आयैँ"। वीरे उठ्छ। डल्लीले राखिदिएको पानीको लोहोटा लिएर हात खुट्टा धोई चुल्हामा जान्छ। डल्ली उस्लाई भात पस्कि दिन्छे। दुइ पुन्यू भात पस्के पछि वीरे उस्लाई भन्छ।

"भो किन यत्रो पस्केकी ?"

"कहाँ धेर छ र, यति पनि नखाए के गर्नु यस बेला-मा।" डल्ली हलका मुस्कान छोडेर भन्छे। वीरे गाँस हाल्छ। डल्ली एकोहोरो उस्लाई हेरिहन्छे। वीरेको भात खाई देख्ता उस्लाई अल्छी लागेर आउछ। उस्लाई ता वीरेले धेरै खाई दिए हुन्थ्यो जस्तो लाग्छ। त्यो भाँडाको सप्पै खाई दिए पनि उ अर्को पल्ट पकाएर खान राजी थिई। खाने कुरा

घेर खाएर ती चाउरी परेका गाला पुक्क परिदिए, अनुहार रातो, पीरो भैदिए उस्लाई ज्यादै आनन्द लाग्ने थियो। उस्ले वीरेको च्यातिएको कमेजलाई संकेत गर्दै भनी।

"हेर कमेज धुजा, धुजा भैसकेछ, भोली बजारको दिन ल्याउनु पर्छ है ?" उस्ले जवाफको प्रतिक्षा गर्दै वीरेलाई हेरी।

"पैसा खोइ र ल्याउने अब जहिले कोदो पाक्छ तहिले ल्याउँला। तेस बेला सम्म टालटोल गरेर भए पनि चलाउनु पर्छ"। वीरले भन्छ।

"टालटोल गरेर कति दिन थाम्छ र, एउटा त ल्याउनु पर्छ त। भोलि बजारको दिन त्यै मेरो घोर्ले खसी लिएर जान्छु, बेचेर अलिकति नुन तेल पनि ल्याउँछु तपाईलाई एउटा कमेज पनि ल्याउँछु"।

डल्लीका यस्ता कुरा सुनेर वीरे मायालु नजरले उस्लाई हेर्छ। मानौ उस्का नजर भनिरहेछन् 'यो डल्ली मलाई कत्ति माया गर्छे।' उ भात चबाउन छोडेर गम्छ।

'त्यो तेरो पेवा खसी अहिले किन बेच्छेस ? तँलाई बिहे गरेर ल्याएको पाँच छ वर्ष भईसक्यो एउटा गहनो' पनि कमाएर दिन सक्या छैन। त्यै पेवाले यस पालि लाउँछु भन्थिस, त्यै पनि अहिले खुसुक्क बेचेर के गर्छेस, ?"

"चाँहिदैन मलाई गहना-सहना अब, नाक, कानमा भिरेर राम्री हुने पनि होईन-क्यारे ! भगवानले बनाई दिएकाले नभएर अब दश थोक भुण्डयाएर के गर्नु। मेरा जेठाजु न देवर सौता न सौती पेवा पनि किन पो चाहियो र घरको चीज सबैको हो काम परेको बेला चलाउनु तापर्छ त" डल्लीले संझाउदै भनी।

... छिन सोचेर वीरे भन्छ।

"तेसो भए तलाई पनि एउटा राम्रो फरिया किन्नु है, पैसा ...को बेला किनेको किन्यै हुन्छ।" उ समर्थन जनाउँछ। वीरे-... यस्ता कुरा सुनेर डल्ली खुशी हुन्छे अनि पून्यु समाउदै भन्छे ... राम्रो ?"

...लाई पुग्यो" वीरे हातले संकेत गर्दै भन्छ।

डल्ली एक लोहोटा पानी राखि दिन्छे। वीरे उठछ। तेस ... केही बेर पश्चात वीरे ओछ्यानबाट सूर्ती उठाउँदै हेर्छ डल्ली ...मा हैंसिलो मुख लाएर भात चपाईरहेकी हुन्छे।

'आजका बालकहरू नै भोलि देशका तारा हुन्छन्, उज्वल सूर्य बन्दछन् र शीतल चन्द्रमा पनि।'

—स्व० श्री ५ महेन्द्र

नेप्टे नाक

— माधव भँडारी

नाक मात्र नेप्टे भएर के हुन्छ, मुखमा हिस्सी भए त भइहाल्यो। अनुहार नेप्टे भएर के हुन्छ, मुटु भरि माया बोके त भइहाल्यो।

सुन्नुहोस् माया भन्ने कुरो पनि अचम्मको हुँदोरहेछ। कोही कसैलाई माया गर्छ, यो ठीक हुन्छ भने कोही कसैको केलाई माया गर्छ, यो किन ठीक हुँदैन। अरू जोजो जजस्का जेजेलाई माया गरून्, तर म त उसको नेप्टे नाकलाई माया गर्छु !

तपाईं सोध्न सक्नुहुन्छ, नाक भन्नासाथ सिगान चुहुने दुई दुलाको सम्झना आउँछ, त्यसमाथि पनि नेप्टे भए पछि माथि देखि खाँदिएर ' फोर्स ' संग आएको सिगान तल कत्रो प्रवाहसाथ चुहिएला ? त्यसैलाई अझ तँ माया गर्छु भन्छस् ? कस्तो गोंजे !

म जवाफ दिउँला - म गोंजे हुँ भने तपाईं सुपरगोंजे हुन सक्नुहुन्छ । पहिले एक छिन मेरो भाषण सुन्नुहोस् अनि मन परे पत्याउनुहोस् , नभए भाग्नुहोस्।

अब मेरो भाषणको थालनी हुन्छ—

मेरा प्यारा विश्व भरिका नेप्टा र नेप्टी हो !

आउनुहोस् , तपाईं - हामी सबै मिलेर यी चुच्चेहरूको ' मोनोपोली' लाई खतम गरौं । भित्र गुदी केही नभए पनि चुच्चो नाक देखाएर त्यसैको आधारमा हामीलाई हेप्ने यी भाजुहरू-माथि हामीले एकै चोटी धावा बोल्नुपर्छ । तर पख्नुहोस् , के आफ्नो नेप्टो नाक झैं तपाईंले मुटु उच्च पार्नु भएको छ ! के तपाईंको नाक कुम्भकर्णको फेदी भयो भने भावना माछा पुच्छे-चुच्चो बनाउनु भएको छ ? त्यसो भए भोलि तपाईं - हामी सबैको हो ।

मेरी नेप्टी खिस्स हाँस्छे ।

प्रश्नकर्ता भाजु भागिसकेको हुन्छ ।

●

राम बहादुरजीले घरमा टेलीफोन राख्न निवेदन दिएका रहेछन् । बारम्बार सम्झाई रहँदा पनि जब सम्बन्धित्त कार्यालयको कानमा बतास लागेन तब उनले विभागमा जरुरी आ-वा गरे मेरो आर्डर तुरुन्त कैन्सिल गरिदिनु भनेर ।

विभागबाट जवाफ आयो—खेद का साथ के भन्नु पर्दछ भने तपाईंको आर्डर तुरुन्त कैन्सिल गरिदैन । जब तपाईंको पालो आउँछ, अनि मात्र माग कैन्सिल गरिनेछ ।

सत्य बोल्नु, रिस नगर्नु, कसैसंग बिमुख नहुनु
यी मध्ये कुनै एक धर्म द्वारा देवलोक प्राप्त हुन्छ ।
— भगवान बुद्ध

तपाईंलाई थाह छ के ?

(क) मध्य रातमा सूर्य देखिने देश-नार्वे, ग्रीनलैण्ड र रूस हो ।

(ख) विश्वको पहिलो व्यापारिक केन्द्र र दोश्रो सब मन्दा ठूलो व्यावसायिक शहर-लण्डन हो ।

(ग) नेपाली साहित्यमा तेश्रो आयाम थप्ने तीन व्यक्ति-श्री इन्द्र बहादुर राई, ईश्वर बल्लभ र बैरागी काँइला हुन ।

(घ) सिनेमा (चलचित्र)का आविष्कारक श्री ल्युमायरब्रदर्शहुन।

(ङ) अन्तरिक्ष यात्रा गर्ने प्रथम महिला-भ्यालेन्टीना टेरेस्को हुन ।

(च) अल्टीमिटर भनेको एक प्रकारको एन राइड ब्यारोमिटर हो जसले समुन्द्री तळ देखि माथिको उँचाई बताउँछ ।

(छ) आर्कटिक क्षत्रमा एक प्रकारकोपंक्षी पाइन्छ जो एक ठाउँमा तीनवटा फुल पार्छ र ' टियग ' भन्दै उड्छ । ' ट्रियग ' नर्वेली भाषा हो र यसको अर्थ ' तीनवटा फुल' हुन्छ ।

(ज) इङ्गलैण्डको जेम्स ल्यूकास (१८१३-१८७४) ले जीवनभर आफूलाई बन्दी बनायो । एउटा दासलाई मारेको प्राय-श्चित गर्न उसले आफ्नो भान्सा घरलाई जेल बनायो र आफ्नो जीवनको बाँकी २४ वर्ष एक पल्ट पनि बाहिर ननिस्की त्यहीं भित्र बितायो ।

(झ) संसारको सबै भन्दा ठूलो (फैलिएको) भवन-अमेरिकाली रक्षा मन्त्रालय 'पेन्टागन' हो । यसमा ३२,००० हजार मानिस काम गर्दछन् र यसको करिडर १७ माइल को छ ।

संकलन :— खड्का

तीन टुक्राहरू

—बालकृष्ण पोखरेल

राति पानस दीप नबाली
जल्ले आँखा देख्न सकेन
कुक्कुरसंग पनि सुँघ्ने क्रममा
जल्ले बाजी हिक्न सकेन
उज्यालैमा प्रेयसीलाई
जल्ले नाङ्गी पार्न सकेन
अन्धकारको छोरो मान्छे
निशाचर बनी घुम्न चुकेन

मत्स्य छँदा पनि जलमै घर थ्यो
कूर्म छँदा पनि जलकै भर थ्यो
वराह भो ऊ तैपनि जलमा
कहिलेकाहीं क्रीडा गर्‍यो
नृसिंह वामनसम्म हुँदा पनि
जलले उसको प्राण लिएन
जल-सन्तति ऊ मानव भो जब
जलमै डुबी अलपत्र परि यो

मृत बाबुको गोजी नछामी
श्रद्धाका मधु पिण्ड गुडेनन्

ऐलेका अनि पैलेकाले
सित्तँमा निज शिर मुडेनन्
अग्रजले थिची भाईलाई
अनुजले मिची दाईलाई
मन्छयोलो यो सभ्य भयो रे
बिनसित्ती चिलगाडी उडेनन् ।
('आस्था अनास्था आस्था'बाट)

●

असीम

—नन्दलाल भण्डारी

मानिस मानिसका लागि असीम बन्न गयो,
सामाजिक अवस्थामा रही कर्मठ हुन गयो ।

(१)

कला जीवनको एक प्रयोजन हुन गयो,
गाई हेर्ने गोठालो मालिक-ओहदामा पुग्यो।

(२)

तीन वर्ष अघिको पिउन खरदार भईसक्यो,
काम नपाएर घुम्ने मानिस जागीरे भइसक्यो ।

(३)

सन्तोष र आनन्दको लहर मान्छिसमा छायो,
जीवन-कला, शैली, ज्ञान अनुभवमा आयो ।

(४)

भक्ति भाव टक्र्याउँछु आशमा उसैकै रही,
दुःखी जीवन समर्पण छ, आज नै यहीं ।

❋

हिमाल र हिमाली

[(अप्रकाशित) खण्डकाव्यबाट]

—शिवप्रसाद दहाल

हिमालो हाम्रा यी, शिखर, छहरा, लेकहरुमा,
छ-ल्याई पोखेको निज प्रकृतिले दिव्य सुषमा ।
यही छन-सल्लेरी, बन पवन चल्दा सिरीसिरी,
सुसेलीमा छोडने, मधुरमय संगीत लहरी ॥

× × ×

गुरास फूली राते, ढकमक यही छन बनभरो,
रमाई चुस्छन ती-रस भ्रमर साथी मधुकरी ।
लता डाली चाली, चरि समुह गर्दै चिरीविरी,
सुनाई गाना ती, मनुजमन लिन्छन-हरघडी ॥

× + ×

यहींका काफल पाकी, भइ सकल कालै रुखभरी,
बसी डाली खाइ, फल चुनिचुनि काफल चरी ।
अघाएरै आफू अरुकन पनि त्यै रुणतिर,
'यहां काफल पाक्यो' भनिभनि ती डाक्छन सहचर!

× + ×

यहींका नारी छन् विकट पहरा भीर विचमा,
खडा अग्ला अग्ला निछ नभ छुने घाँसरुखमा ।

पिठ्यूँ बोकी नानी रुख उ'र टुप्पा पुगिकन,
सजिलै काटने घाँस, स्व पशुकन ढुक्कै भई मन !!
पछाडि भारी त्यो नव शिशु अगाडि लिइकन,
मिली साथी गर्दै विविध गफ पुग्छन् घर जुन ।
गुजारा ती गर्छन घर र वन आफैं खटिकन,
हिमाली नेपाली सुशिल महिला रत्न सुमन !!

+ × +

लिपीएका भित्ता विविध थरि माटो मिसिकन,
स्वदेशी ढाँचामा सकल स्वकला युक्त स्वघन ।
घुजा खाँडो भोटा पहिरि शिशु ती आँगन घर,
संगै बाखा पाठा दगुरिकन खेल्छन वरपर !!
गृहस्थी नेपाली हरमुनिमुनि काछी कछनी
हलो नारी जोत्छन तलितलि र माथि मनोभनी ।
यहींका सुत्केरी नव शिशु रुवाई घरघर,
संगै खेतालाका मिलिकन ती खट्ने दिन भर !!

× + +

उठीं भाले बास्दा लिइकन पिठो गुन्द्रुक नुन
झरी ब्यासी गर्छन् दिनभर गृहस्थी धुनफुन ।
पहाडि अपठ्यारा गढ बगर खोस्री खनिकन,
यही गर्छन खेती बिउबिजन गर्दै निशिदिन !!
यहाँको भिन्नै त्यो जनजीवन ब्यांशी शिखरको
स्वयं बोकी डोको गरी तल र माथि स्वघरको ।
गली थाकेका ती दिनभरी उकाली चढि पुनः
सँधै पुग्दा हुन्छन,-घर सुतिसकेका शिशुगण !!
यहीं छन् पृथ्वीमा झलमल फिजाई निजकृति,
सँधैं गर्छन् रक्षा जनकसरी नेपाल नृपति ।

यहीं छन, नेपाली सपुत धिर विद्वान शुरविर
सबै छन लम्केका दिनदिन विकासोन्नति तिर !!
यहीं जन्मे हुर्के अमरपुरि त्यो स्वर्ग छ यहीं,
छ जे जे पृथ्वीमा विभव सब त्यो टन्न छ यहीं ।
छ यौटै आकांक्षा प्रकृतिमय नेपाली भूमिको,
सकूँ सेवा गर्नै धुकधुकी रहेसम्म मुटुको !!

—:उषा प्रति:—

नवीन कुमार दहाल

सूर्यको किरणमा उषा झल्लमल्ल टल्कियो
सूर्यको ज्योती पाएर संसार झल्ल झल्कियो
डाँडा काँडा सबै ठाउँ उज्जेर नै भयो
उषाले गर्दा हिमाल चुली मोती झैं टल्कियो
हिम चुली पहाड़ जङ्गल उषाले नै टल्कायो
उषाले नै संसार झल्लमल्ल पारी झल्कायो

'जो परिश्रमी, कर्मठ छ त्यही नै ईश्वरको प्यारो हुन्छ ।'

—ऋग्वेद

'मान्छेको म' बाट

—भानुभक्त पोखरेल

मान्छेलाई सुनाउँछौ किन तिमी बोल्लाउने गन्थन
यात्राबाट निरास भै पछि सरी अत्तालिने क्रन्दन
यो लामा शिरको प्रवाह लबटो तेस्र्याई रोकिन्छ र ?
म्यानू घाम भिजेर हुन्छ र चिसो उफ्रो थुकेका भर

— (१) —

पाक्तो दल्दल भासको जलाधिमा निस्सासिदै पिल्सिदै
पुग्नालाई किनारमा मरितरी यी हातखुट्टा बिनै
पौरेको अझ सम्झना छ घिसिदै बामे सरेथें किन
चाहन्थें कि म सिर्जना कणहरु खोल्न र ब्यूँझाउन

— (२) —

सानैमा अनजानमै पनि मिठो बाँच्ने इरादा लिदै
त्रासैत्रास हुने घना विपिनमा झोकँ म झौतारिदै
दाह्राबाट छिरेर जानवरका एक्लै करोडौं दिन
भाग्दै रन्थानिदै रूँदा पनि अघि मर्ने कुरा सोचिन

— (३) —

उल्कापात, झरी, हुरी हुँडलिदो आतङ्कका थप्पड
खाई तुन्मुनिएर मूर्च्छित हुँदा बज्री फुटी खप्पर
त्यै बेला मरिसक्तथें अरु भए मै आत्महत्या गरी
ज्याद्रो मानिस नै थिएँ र थिरिएँ अत्यास त्यस्ता चिरी

— (४) —

हाहाकार मडारिदै वरिपरी छेकेर जुछ्ता पनि
हुँदै गाँजिन खोज्दथें कनिकुथी जोगाउँथे जीवनी
निम्जाहो ! नसुँगाउ ! व्यर्थ अहिले मर्ने बुटी औषधी
तेसै पयास्स बरालिदैन अरबौं पुस्ता पचेको गति

— (५) —

पंलेको हुनसम्मको म फितलो त्यस्तो लिंडुल्को किरो
पर्दै दङ्ग अजङ्ग जानवरको कड्केर सातो लिदो
मै हूं घोर जुधारु निर्भय हुँदै सर्वत्र फैलाउने
मान्छे हार सकाछैं मछैं सजिलै-भन्ने नपत्याउने

— (६) —

पत्रैपत्र पुनर् पुनर् प्रतिपुनर्निर्माणमा घोटिदै
पाई हण्डर बार बार म खली खाएर ख्याब्जा हुँदै
आएको इतिहास सम्झि अहिले आफैं उदेकाउँछु
जिद्दीको बलियो म मानिस हठी कत्रो घमण्डी रहछु ।

— (७) —

काँचो, सङ्कटका महायुग, महामारी निली सल्सली
मान्छेको म बली महाभ्रमणको झिक्तै महाखल्बली
इच्छारूप जगत् बनाउन महाब्रह्माण्ड छड्काउँदो
'पस्किन्छू मधुपाक' भन्दछ महाकर्मी महाभोगको

— (८) —

पत्रैपत्र छिरी, चिरी अकरिला चिप्ला कहालीहरू
आएको हुँ, अनन्तको अनुभवी यात्रा छ मेरो गुरु
जिद्दीवाल सचेत आत्मरसले निर्माणको पद्धति
पैल्याएर सधैं प्रवाहित हुने मान्छे म ज्यूँदो कती

— (९) —

●

यी हिमाली फूलहरू हुन

—सरोज ओली

तराईको रहर लाग्दो फेटमा
उपत्यकाको मन मोहक फाँटमा
फाँटिन सम्म फाँटिएर,
फैलिन सम्म फैलिएर
हातमा हरियो धानको बिउ लिएर
कम्मर कम्मर सम्म आउने
हिलामा च्याम्लाङ्ग च्याम्लुङ्ग गर्दै
छिलो छ्याप्दै—
असारे गीतको धुनमा आफूलाई विलिन गराएर,
रहर लाग्दो हिमालमा छ्वाप्प-छ्वाप्प-छ्वाप्प ……
धान रोप्ने - यी हिमाली फूलहरू हुन् !
चुरे र महा भारत शृंखलाका
अक्कर अक्करहरुमा
भिर भिरहरूमा
बाबियो र सालिमांका बुटाहरू समात्तै
पहरै घन्काउने

पर्नै घन्काउने
दोहोरी गीत गाउँदै
माया पृति तन्काउँदै
हँसियालाई चम्काउँदै
बगेको खोलालाई हेरेर
घाँटिको तिर्खा मेटेर
मुठीका मुठी बाबियो
मुठीका मुठी खरुकी
सिरिरी हावा चल्ने-बतासे भिरको छेउमैं
स-याप्प; स-याप्प-स-याप्प-घाँस काटने
च्याप्प-च्याप्प-च्याप्प मुठी पार्ने-
यी हिमाली फूलहरु हुन् ।
पहाडको-ढुंगिलो पातोमा
रातो र कुस्रो माटोमा
आफ्नो पसीना र मेहनत लगाउनु
कुटो, कोदालो, गैंती र झम्पल बोकेर
ढुंगै, ढुंगाको ढेरमा आफ्ना खुट्टा टेकेर
सामुन्नेको अग्लो डाँडोलाई देखाउँदै,
सम्म मैदान बनाउने हिम्मत जगाउँदै,
होस्टेमा हैसे मिलाउँदै - काममा सधैं जुटेर
पहाड र वेसी धाउँदै
मधेसको बजार झरेर
नुन र तेल बोकेर
हिम्मत सधैं बढाउँदै
पहाडको रूप बनाउँदै
रोडमा ग-याप्प " ख-याप्प-ग-याप्प टेकेर

ढुंगा खिचाई बालुवा बनाउने-
यी हुन नेपाली फूलहरू ।
खियाले खान नसक्ने,
हकमा पछि नसर्ने,
बज्रले फोर्दा — नफुटने
गहिराई खोप्दा झन डुब्ने
अग्लेर हेर्दा झन अग्ला
छानेर हेर्दा झन संग्ला
आमाको माया पाएर
आमाकै मायामा रमेका ।
गुराँसको फूल टिपेर,
आमाको शिरमा टपक्क लगाएर
लालपाति र करविरे फूलको
माला उनेर चाप फूलको
गुच्छा बनाएर
गलामा सुगन्धर हार पहिराएर
हिमाली मायामा रमेका —
आफ्नै पनमा बाँचेका
यी हिमाली फूलहरु हुन् ।
कस्तुरी विन्दाको वास्नाले
लेकका नागीहरर मगमगाएका
चौंरी गाईहरुका चराउले
नागीहरु च-याप्प-च याप्प शब्दमा हाँसेका
भेडाहरुको भ्या — भ्यामा
उनको ढेर लगाएका
भोट र भारतमा गएर

गुन लाएर आएका
नुन ल्याएर खाएका
सेतो हिउँमा खेलेर
राता— पिरा अनुहार लिएका
कस्ता कस्ता रहर लाग्दा
सुन्दर ढलोट ताँबा जस्ता अरुणोदयका सूर्य जस्ता
यी नेपाली फूलहरु हुन् ।
अन्त संसारका मानिसहरुलाई
शान्तिको सन्देश फैलाई दिने
आफ्नी आमाको—रूप सिंगार्ने
आफ्नो मुटुको रगत
पटाउन सक्ने-रगत दान दिने सक्ने
सधैं सधैं आफ्ना असंख्य
समस्याहरूमा रूमल्लिएर पनि
हाँसी रहने, गाई रहने —
यी हिमाली फूलहरु हुन् ।

●

'नेपालले कुनै पनि राष्ट्रको गुटबन्दीमा न फँसी मध्यस्थ रहने निश्चय गरेको छ ।'

- राष्ट्रपिता श्री ५ त्रिभुवन

बोलर पो हुन्छ के ?

—नारद मुनी शास्त्री

नानी ! मात्र भलो चिताउ सबको, छुस्के कुरा छोड लौ,
नेपाली जति एक हौं बुन तिमी के भिन्नता देख्द छौ ?
हामी एक नरेशका सब प्रजा हौं सम्झ ! मन्मा छ के ?
देखाउ पुरुषार्थ यो समयमा बोलेर पो हुन्छ के ॥१॥

देख्यौ मानिस चन्द्र-लोक सहजे, पुग्दै यहाँ उत्रिए,
जाँदैछन् गुरु शुक्रका सतहमा, राख्लान अरु बाँकी के ?
यस्ता उन्नतिका बसी शिखरमा आनन्दको पाहर -
ताप्ने कोशिस गर्नु पर्छ मुखले-बोलेर पो हुन्छ के ? ॥२॥

यो हो बीश सदी स्वतन्त्र पनले देखाउने वैभव,
जो यस्तो युग नाटकीय स्थितिको स्वर्गीय झैं उत्सव।
देखाए जति पारखी पुरुषले, नामर्दले सक्छ के ?
यस्तो काम तमाम गर्नु जनले, बोलेर पो हुन्छ के ? ॥३॥

हामी एक करोडमा अझ बढी हाम्रा बली पाखुरा,
जब्बर दोब्बर छन् सबै अघि सरे, के पो छ त्यत्रो कुरा ?
हाम्रो संस्कृति पूर्ण-भाव भरिलो, केमा कमी छौं सखे ?
आफू राष्ट्रिय भावमा भिज अघि, बोलेर पो हुन्छ के ? ॥४॥

हाम्रा पूर्वज बुद्ध भानु भृकुटी सीता उदाए यहीं।
राखे उज्वल कीर्ति जो छ भरिलो, मिल्ला र यस्तो कहीं ?
उस्तै हौं अनि काममा निपूर्ण छौं, कम्मर कसौं खोज्नु के?
आफ्नु देश छिटै बनाउनु पऱ्यो, बोलेर पो हुन्छ के ? ॥५॥

देख्यौ विश्व चकित गराई अरुले आफ्नू भलो गर्दछन्
प्यारो राष्ट्र निमित्त जीवन पनि सुम्पी कति मर्दछन्।
यो हो मानव सार्थ जीवन भनी लेख्छन् कवि प्रौढ के ?
त्यस्तो जीवन पार बाबु अब लौ, बोलेर पो हुन्छ के ?॥६॥

'हाम्रा आवश्यकताहरू जति थोरै र सीमित हुन्छन हामी ईश्वरको त्यति नै नगिचो हुन्छौं।'

- सुकरात

'आफूलाई मूर्ख ठान्ने मूर्ख विस्तारै केही सिक्न सक्तछ। तर आफूलाई बुद्धिमान ठान्ने मूर्खको रोग चाहिं असाध्य हुन्छ।

अरस्तु

'हाम्रो देश-दर्शन' बाट

— योगी नरहरिनाथ

हाम्रा नदीहरू:—

कर्णाली धवला हिमा यव तिला वृद्धा वटी शारदा ।
भेरी रापति-मालिका च कमला काली त्रिशुली सिता ॥
स्वर्णा ताम्रवती तमोरि-वरुणा दुग्धाऽरूणा वाग्वती ।
कल्याणाय वहन्ति नः प्रतिपलं मेची महाकालिका ॥

पञ्च-महत्व:—

शम्भोः पञ्च मुखानि पञ्च विषयाः पञ्चैव कोषा अपि ।
वाणाः पञ्च शिखाश्च पञ्च विशिखाः पञ्चैव भूतान्यपि ॥
बुद्धाः पञ्च बुधाश्च पञ्च विबुधाः पञ्चैव यज्ञादिषु ।
न्यायः पञ्चजनेषु पञ्चभिरतः पञ्चैव देवालयाः ॥

मौलिकता:—

हाम्रो मौलिकता कतातिर गयो मूलस्थली हो कता ?
भाषा भूषण भेष संस्कृति कला आदर्श शैली कता ?
कस्मा छन् थरका थला तल हुँदा थारु कसोरी भयो ?
जेठो वेद हिमाल हो सकलको कैलास साछी छ यो ।

लम्कि रहोस् सदा:—

गोर्खा सैनिक कोटमा कटकमा कैलासका कूटमा,
गङ्गाका तटमा हिमाल् मुकुटमा राष्ट्रध्वजा भोटमा ।
हल्ली-हल्लि बतासले विजयका बाजासितै तालमा,
लम्कयो लम्कि रहोस् सदा अटल होस् शार्दूलका चालमा ॥

●

मन लाग्छ

— गोपी कृष्ण खनाल

बीशौं सदीको चरम सिमामा हुँकिरहेका कोपीलाहरूलाई
शिशीरको पतझडमा अलमलिएका पतकरहरूलाई
क्षितिज र पृथ्वीको चिरकालिन यो दूरित्वलाई
किकर्तव्यविमुड भई जड भएका ती व्यक्तिहरुलाई
एकताको दह्रो ढलाईमा ढालुँ — ढालुँ झैं लाग्छ !!

औंशीको त्यो अन्धकारमा टिम्टिमाउने जुन्किरीलाई
पूर्णिमाको त्यो प्रकाश माथि साथ दिने ताराहरुलाई
बमगोला र विष्फोटनले ध्वस्त पार्ने अरीहरूलाई
अणु परमाणुको त्राश देखाई होम्न खोज्ने शक्तिहरुलाई
मलाई त एकपल्ट आफ्नै परिचय दिउँ दिउँ लाग्छ ।

आफु र अरुलाई चिन्न नसकी भौंतारिएका जीवनहरुलाई
अर्कालि किनेर आफू बेचिईसकेका गोबरगणेशहरुलाई
वीरताको विभूषण खोज्दै आफ्नै घर भत्काउने वीरहरुलाई
विदेशमा केवल अर्थ श्रोत देख्ने स्वदेशका ती अल्छेहरूलाई
एकपल्ट आफ्नै देशमा फर्काउँ — फर्काउँ झैं मनलाग्छ ।

●

उषा

लोकनाथ पोखरेल

सिरिरिरि सिरिरि पवन पलायो
पूर्व क्षितिजमा नवरंग छायो
लाखौं उज्वल कर पर सार्दै
द्वेष कलुषित अन्धकार छिचोल्दै
उज्वल प्रोत्ज्वल शुभ कामनासाथ
आयो बोकी अब उषा नव प्रसाद ।

काल काल बादलमा कहिले रूवदै
ताल ताल मादलमा कहिले नाच्दै
अविरल गतिमा गति अति पार्दै
अवरोध विरोध जति पछि टार्दै
भूगोल गगनमा नव ज्योति छार्दै
आयो उषा अब भव जाग्रण पार्दै ।

सप्तरंगी सातवार चक्र स्वभाव
जीव प्रदत्त छ सार गम्भीर भाव
भेद अभेद्य सबै रथका जसका
भेद रहित किरण ज्ञान रसका
छर्दै गर्दै जगमा नव नव चाल
आयो उषा संगाली नव नव हाल ।

शैल बनूँला कोमल उषा करले
नीशा रोलिन् उज्वलताका भयले
सुप्त आत्मा जुमुँराउला जगतमा
सु-साहित्य प्रेम जागला रगतमा
आशादित भैं उषा मधु-सरोवर
आयो स्वागत गर्दै सामु करजोर ।

●

"हाम्रो माटो गर्वीत छ"

—भक्ति प्रसाद उप्रेती

गिरिराज हिमालयको गाम्भीर्यले,
हामीलाई गम्भीरता दिएको छ,
उच्च आकांक्षा र भावना बोकेर,
हामीलाई प्रेरणा दिएको छ।
नयाँ दुलहीले घुम्टो ओड़े झैं
पातरूपी घुम्टो ओड़ेर,
हाम्रा सुन्दर बनस्थलिले,
कवि बन्न सिकाएको छ।
लक्ष्मी - बाल - लेख जस्ता,
असंख्य कवि जन्माएको छ।
प्रकृतिको अनुपम छटाले,
आनन्द लिन सिकाएको छ।
लिनेले दिनु पनि पर्छ भन्नलाई
सामर्थ्य उपलब्ध गराएको छ।
अनि, हाम्रा पुर्खाहरुका धारिला तरवारले,
जोरी खोज्न आउनेहरुलाई,
आईतवार नगर्ने र,
जातियता र संप्रभुताको रक्षार्थ
कम्मर कस्न सिकाएको छ।
हाम्रो माटो यसैले गर्वीत छ,
पुर्खाहरुको वीरत्व पाएर।
हाम्रो देश अनुपम छ,
प्राकृतिक शृङ्गार पाएर। ★

—: सुन त मानव :—

—रामचन्द्र भट्टराई

तिमी देखि म दिक्क भएर वाक्क भएर
अलग्ग रहेको छु।
बरू छहरा-पहरा अनि सगरमाथाको एकान्त गुफा
मलाई आनन्द लाग्छ..................
जहाँ यस आत्माले एक विपला भएपनि आनन्द पाउने छ
यस्तै मेरो चिन्तन छ।
त्यसैले म तिमी सँग घनिष्ट हुन्न।
तिमीलाई लाग्दो हो, म यस संसारको मानव हूं भन्ने -
थाहा छ तिमीलाई ? मानव कस्ता थिए र अहिले पनि छन्
"दया मैत्री च : भूतेषु" यस्ता सूत्रलाई—
मूल मन्त्रको रुपमा कण्ठी धारण गर्थे—
बाहिर होइन : भित्र.... ....।
ए वरिष्ठ ! तिमीले "आत्मवन्न सर्व भूतेषु"—
भन्ने सूत्र लगाउन खोज्यौ—
पिकास्सो र देवकोटाको जस्तो होइन—
तर चंगेज खाँ र तैमूरलङ्को जस्तो।
ए वरिष्ठ ! सिंहावलोकन गर त ....।
बुद्ध, शाहबंशका विभूति र भानुको आत्माले मात्र—
"आत्मावत् सर्वभूतेषु" को—
अर्थ लाउन सक्छ।
दयाले पग्लेका आत्माहरुले—
मानवका आत्मामा शान्तिका बूँद छिटेको हेर,
सुन अनि पग्लन सिक- तब कमलको फूल बन्ने छौ।

मानवको आत्माबाटै वरिष्ठ इनामले विभूषित हुनेछौ।
तब
तिमी अर्कालाई अर्के ठान्दछौ र ठान्ने छौ—
तिम्रो आवरण अनि घाममा लुगाको रंग उडे झैं..........।
खोजीगर—
तिमीलाई कसैको हृदयले चिन्दैन।

★

कर्तव्यको रेखा कोर्दै जाउ

—पुण्य प्रसाद भट्टराई

जीवनको उकाली ओरालीमा हिंउदै जाऊ !
पदचिन्हलाई छोड्दै जाऊ !
झनमनाममा भिज्दै जाऊ !
कर्तव्यको रेखा कोर्दै जाऊ !
दया र विवेकको विरुवा रोप्दै जाऊ !
पूर्खाको पदचिन्हालाई हेर्दै जाऊ !
वीरताको गोरटोमा लड्दै जाऊ !
शहीदहरुको इतिहास हेर्दै जाऊ !
कर्तव्यको रेखा कोर्दै जाऊ !
ए मान्छे ! तिमी मानवतालाई चिन्दै जाऊ !
जीवन संघर्षमा बढ्दै जाऊ !
बिपक्षीहरू देखी कत्ति नहडबडाऊ !
कर्तव्यको रेखा कोर्दै जाऊ !
समयले लखेटिएका मान्छे हो बढ्दै जाऊ !
समयको हुरीलाई जोर्दै जाऊ !
पूर्खाको पाइलो पछ्याउँदै जाऊ !
हो! यति हो ...... आह्वान मेरो
तिमी यसलाई .... नलत्याऊ !
कर्तव्यको रेखा कोर्दै जाऊ !

साउनको झरी-केही कविता

—विनोद अश्रुमाली

एक—

मान्छे जस्तो
सुन्दैन यहाँ कुन खोला
आफ्नो सृष्टि देखिनै—
लड्दछ हरपल
कोमल जल
अटल !
साउन आउँछ
खोलामा बाढी आउँछ
पाखा भित्ता बगाउँछ
खुब कराउँछ
बाजी जित्छ
बगी रहन्छ ... .

दुई—

दल बल सहित
आज बादल उठेको छ
युद्धको मोर्चामा सेना जस्तो !
यो आकाश भरी
बिचरी धरती
बन-पातको
जटा फिजाएर बसेकी छ
प्रहार सहँदै
घेराबमा परेको
निहत्था नागरिक जस्तै !

तीन—

टपलक........टपलक ....
झर्दछ बले सीसाट पानीका थोपाहरू
जम्माउँदै फोकाहरू
यो भुईं भरी
जो केही क्षण चमचमाउँछन
अनि प्वाट्ट फुट्छन
यो झरीको बेला
मेरो मनको घाउ पनि फुट्छ
अतितको छानाबाट खसेर
वर्तमानको भुइँ भरी
अनेक सुन्दर छत्रहरू
रंगीन धोकाहरू ।

चार—

हूँ जाको रोगी जस्तो छ
साउनको दिन
जिस्की रहेछ —
अन्धो डाक्टर जस्तो छ
साउनको घाम
बादलको रजाइँ भित्र
आँखा चिम्ली रहेछ !

पाँच—

गड्याङ गुडुङ
ब्याङ !
झर झर
झ्याङ ।
पानी पानी
भ्यागुतो !

[श्री लेखनाथ पदयात्रीका सौजन्यबाट]

मोम रातभर पग्लीरह्यो !

—सुरेन्द्र कुमार खुड्डाथोकी

जीवन मृत्युको घोर संघर्षमा
प्रत्येक घात् प्रतिघात् झेल्दै
कहिले मधुरो कहिले प्रज्वलतामा
क्षुब्ध जीवनको कटु उपहास गर्दै
धन्य ! मोम रातभर पग्लीरह्यो ।

हर रातको गहन कालीमामा
आशा निराशाको द्वन्द्व उछिन्दै
झिम — झिम मलिन प्रकाशमा
मानव कर्तव्यको बोध गराउँदै
अहो ! मोम रातभर पग्लीरह्यो ।

घृणा ईर्ष्या र शक्ति प्रदर्शनीमा
मानव जीवनको विनाश देखाउँदै
आणवीक शस्त्रको घोर विरोधमा
विश्व शान्तिको किरण फिजाउँदै
देख्यौ ! मोम रातभर पग्लीरह्यो ।

सबल र निर्बलको युद्धमा
जन जीवनको ह्रास देखाउँदै
चिन्तीत भई पल पल पग्लिई
मानव सभ्यताको चुनौती दिँदै
बिचरा ! मोम रातभर पग्लिरह्यो ।
देख्यौ ? मोम रातभर पग्लिरह्यो ।

★ ★ ★

आमाको सम्झना

—कृष्णा कुमारी वन

हे माता जन्मभूमि, जगतमाता
तिमी मेरो जन्मदात्री !
तिम्रो प्यार पाएर बांच्न मैले जाने
तिम्रो बिद्या पाएर पढन मैले सिकें।

यहां तिम्रो काखमा खेलिरहने
तिम्रो दश धारा दुध पिएर
तिम्रो मुख हँसिलो हुने-
मेरो बाल क्रीडा देखेर !

तर, यहां मलाइ अपशोच छ
तिम्रो मायाबाट वञ्चित हुन पऱ्यो
नौं वर्षको उमेरमा टुहुरो भइ जानु पऱ्यो
तर तिम्रो हृदय मुस्काई रहोस स्वर्गमा ।

यसैले हे आमा, तिमी नभए चिहान छ--
एक थुँगा फूल र दुई थोपा आंशु चढ़ाउँदैछु
तिमी संग प्रेमको भिख माग्दैछु ।
दुःख साथ हात बढाउँदै छु,
यसैले यो कविता कोरें केवल ।
(मेरी आमा हरिमाया वनको सम्झनामा)

\+ + +

हिमाली उषा

—लक्ष्मी आचार्य

पंछी साना फुरुफुरु चूँ चूँ गर्दथे गुँड माथि,
आईन छुछुछनन घुंघरू शब्द गर्दै उषा ती ।
पर्दा निलो तमतरलको सुकियो गर्र पूर्व,
छोपी रातो बदन पटले स्वर्णकै मञ्च भित्र ।
('बुद्ध चरित्र महाकाव्य'बाट)

-नेपाल आमा प्रति-

—लक्ष्मी मिश्र

गिरिवर तकिया त्यो आडमा हैममाला
भुवन भर चलेको नाम यो वीर शाला
सकल जन रमाई भ्रातृ प्रेमै बढाई
मधुर मिलन मीठा गीत गाते रमाई

नृपवर नित गर्छन् शान्तिको नित्य पाठ
हरघडी जनताको पीरमा दिई साथ
सुख-सयल र मज्जा राज्यको शौख्य आदी
हरदम नृपति छन् छोड्नलाई तयारी

हिम गिरी तटदेखि जन्म भै नद्य नाला
कलकल गरी छर्छन् पियुषैको सुधारा
नव सलिल समाई अन्न वाली लतादी
कुसुम कलि हरीया फूल्दछन् फूल आदी

बिजुली घर घरैमा उद्यमैको विकाश
प्रति दिन बढ्दो छ उन्नतिको प्रकाश
वन बीच बसी गाउँ छन् कोयली कण्ठ खोली
मयुर मुनाल डाँके नाच्दछन् ती जुरेली

पशुपति गर रक्षा भूपति सन्ततिको
प्रण गरी सब जागौं देशको उन्नतिको
जब तक पृथ्वीमा चन्द्र सूर्यादि वायु
तब तक रहला यो देश हाम्रो चिरायु

★

'बिछोड़'

—शलभ

मेरी सानी बहिनीले
गोरे दमाईको पसलबाट
टुक्रा-भुत्रा लुगाहरू बटुली
पुतलीको खेल खेल्ने
रहरलाई पूरा गर्न
बेहुला र बेउली बनाई
दुवैलाई खुब सिंगारी
आफ्ना जम्मै साथीहरूलाई डाकी,
पुतलीको विहे गर्ने भइन् ।
आज मेरी बहिनीको ।
पुतलीको विहे रे ।
अनित, ऊ आज—
विहानै देखि खुसी छे ।
आज शनिवार रे ।
उसलाई स्कूल जानु पर्ने छैन,
ऊ आफ्ना साथीहरू संग
जम्मा भई, विहे रचाउनका लागि ।
—तर अफशोच ।
—ऊ रून थाली ।
....
चाउरेको छोराले उसको
बेउली चाहीं चोरेर लगेछ ।
यो बिछोडमा
—मेरी अबोध वहिनी
रात भरी रोई नै रही
—र बिचरो बेउला.....।

●

-: श्रद्धा र घृणा :-

—निर्मला शर्मा, भद्रपुर

मलाई श्रद्धा छ—
मेरो पवित्र पंचायती व्यवस्था माथि ।
मलाई गौरव छ—
मेरा देशका राज-भक्त पञ्चहरू माथि ।
जसले मनसा, वाचा-कर्मणा
पञ्चको परिचय दिएका छन् ।
जसले राजनीतिको रंणनीतिमा
पञ्चको परिचय दिएका छन् ।
मलाई दुःख छ—
ती दुस्साहस गर्ने
दुसासनहरू माथि
जसले आफ्नै आमाको
लाज हरण गर्ने प्रयास गरेका छन ।
मलाई श्रृद्धा छ—
मेरो पवित्र पञ्चायत व्यवस्था माथि ।
धिक्काछुं म छदमभेषी नपुंशक अनुहारलाइ
ती छद्मभेषी नपुंशक अनुहारलाई ।
जसले विकल्प खोज्ने
दिवास्वप्न देखेका छन् ।
धिक्काछुं म—
ती औसरवादी
जसले देशको अस्तित्वलाई नै
मेटाउने मिथ्या प्रयास गरेका छन् ।
मलाई श्रद्धा छ—
मेरो पवित्र पञ्चायती व्यवस्था माथि ।

★

रातरोइ रह्यो

भरत भुर्तेल

(१)

उपन्यासको एउटा परिच्छेदपूरा गरी
अर्को परिच्छेद अधुरै छाड्ने,
जाँगरहीन लेखकको पाण्डु लिपि झैं
असरल्ल र अलमल्ल त्यो 'रात
आफ्नै विजोकले रोई रह्यो,

(२)

ठसठस कन्दा पनि
कतिनै वल गर्दा पनि
कुनै बुद्ध र सोक्रेटस जन्माइन नसकेकी
गर्भिणी रात
मध्य पूर्वको रक्तरंजीत अखवार लाई
सिरानै हालेर
आफ्नै प्रसवपण्पीड़ाको छटपटिले रोइरह्यो,

(३)

आफ्ना पिता पुर्खाको हत्या गर्ने
पुर्खाको सवं राज्यलाई आफ्नै रगतको चिह्नान वनाउने
दुष्टरावणलाई 'वाबु' भन्न वाध्य
दन्त्यकथाकी वंचित राजकुमारी झैं
निराश त्यो रात
आफ्नै विवशताले रोइरह्यो,

(४)

हो-आजको रात रोइरह्यो
जसरी एक वुढी वेश्या रुन्छे
आफ्नी तरूणी हुन तम्सेकी छोरीलाई हेर्दै
अँ आजको रात रोइरह्यो
जसरी युक्लिप्टसको रोगी वोट रुन्छ
आफ्नै झाँगिदैं आएका विरुवालाई हेर्दै
साँच्ची आजको रात रोइरह्यो
जसरी एक पेन्सनवाल बुढो रुन्छ
आफ्नो लाहुर जान तम्सेको छोरोलाई हेर्दै
हो-आजको रात रोइ रह्यो
प्यालेष्टानी र लेवनानी
को मृत्युको शोकमा
इजाइलका असांख्य टुहुरा केट।केटीको सम्वेदनमा

आगत र विगत बोकेको—'दुइ'
उपलब्धी हीन—'सून्य'
भूत भविष्य र वर्तमानको सपना बिसाएको 'तीन'
युद्ध, भोकमरी, कलह र नैराश्यको सपनाको संगालो-'चार'
बोकेर
दुइ सून्य तीन चारको अन्तिम रात रोइरह्यो
आफ्नै अन्तिम परिच्छेद पूरा गर्न
आफ्नै आलस्यमय ३६५ वटा दिन पूरा गर्न

एक टुक्रा

कालीप्रसाद कन्दङ्वा

नेपाली बनमा बासि डिने हे ! प्रेयसी कोइली
वास्छेउ साँझ विहान नबिराई भुटु चिरिने गरी
तिम्रा यीं मधुर आवाजले गुञ्जेको छ नेपाली वन
छक्कें परेका छन् तिमी देखि वरिपरिको तारागण ।

— ।। —

विद्यालय स्वास्थ्य सेवा

—महेश ढकाल

विद्यालय स्वास्थ्य सेवा (School Health Service) भन्नाले स्कूलमा केटाकेटीलाई दिइने स्वास्थ्यका विभिन्न सेवाहरु बुझिन्छन् । यसमा प्राथमिक चिकित्सा, रोगहरुको रोकथाम, रोगको उपचार स्कूलमा हुने विभिन्न दुर्घटनाको रोकथाम आदि सबै पर्न आउँदछन्। कुनै पनि स्कूलमा कुनै पनि स्वास्थ्यका सेवाहरु उपलब्ध हुन अति आवश्यक हुन्छ । स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै जति स्वास्थ्य कार्यकर्ता उपलब्ध हुन् र जति पैसा उपलब्ध भएको छ त्यसबाट कुनै लाभदायक काम पनि गर्न सकिन्छ ।

कुनै पनि आवश्यकताका पछाडि कारण लुकेको हुन्छ । S. H. S. का पनि विभिन्न कारणहरु छन् । ती आवश्यकताका मुख्य मुख्य कारण यस प्रकार छन्-

(१) जीवनको यस अंशमा केटाकेटीको बढ्ने र बिकास (शारीरिक, मानसिक) हुने, संप्रदायको सदस्य हुने हुनाले यसै अंशमा उसको स्वास्थ्यमा सुधार ल्याउन सकिएमा र उसलाई लागेका रोगहरुको राम्रो उपचार गर्न सकिएमा उनीहरुमा जीवन भर राम्रो प्रभाव पर्न सक्दछ ।

(२) प्रायः जसो केटाकेटीहरुले बाहिरका मानिसहरुको संपर्कमा आउने मौका स्कूलमा आएर नै पाउँदछन । भन्नुको तात्पर्य हो यो कि छुम्नु, सरुवा रोगको संपर्कमा आउनु विद्यार्थीजीवनको प्रतिबद्धता हो जसले गर्दा दुर्घटना रोग आक्रमण, शारीरिक तथा मानसिक तनावको खतरा हुन्छ ।

(३) स्कूलबाट फाइदा पाउन केटाकेटीको स्वास्थ्य राम्रो हुनु पर्दछ । रोग र बाधाबाट स्वतन्त्र हुनु पर्दछ

त्यसकारण त्यहाँ उनीहरुलाई सिक्नको लागि बाधा पु्याउने तत्वलाई पत्तालगाउने र त्यसलाई सुधार्ने बाटो हुनुपर्दछ।

(४) स्वास्थ्य शिक्षा (Health education) दिनको लागि स्कूल एकदमै उपयुक्त हुन्छ। दिइएको स्वास्थ्य शिक्षा विद्यार्थीमा मात्र सीमित नरहेर उसका परिवारका सबै सदस्य र आउने पुस्ता सम्म पुग्छ जब ऊ बड्दछ र बाबु हुन्छ।

(५) स्कूल संप्रदायको एउटा अंश हो त्यस्कारण स्वास्थ्यका नयाँ विचारहरु अपनाउन बुझ्ने र एक बाट अर्कोमा पु्याउन स्कूल पहिलो अध्याय हुन सक्दछ।

(६) स्कूल जाने केटाकेटीको संख्या संप्रदायको एक चौथाई हुन्छ। यसकारण उनीहरुको लागि स्वास्थ्य-सेवा कति जरुरी छ, स्वतः स्पष्ट छ।

स्कूलको स्वास्थ्य सेवाका कारणका साथ साथै स्वास्थ्यपूर्ण वातावरणमा कसरी बस्ने कुरा पनि जान्न अति आवश्यक छ। स्कूलमा स्वास्थ्यमय वातावरणमा बस्न स्वास्थ्य कार्यक्रम शुरु गर्नु पर्दछ। यी उल्लेखित तरिका अति आवश्यक छन।

स्वास्थ्य वातावरण:— सफा वातावरण राख्न स्कूलले पानीको वितरण, दिशा रद्दी, कागज तथा काठका टुक्राको ठीक ठाउँमा फ्याँक्ने प्रबन्ध किराहरूको वृद्धिको रोकथाम स्कूल भवनको अवस्था जस्तो कि केटा-केटीको कक्षा कोठामा भिड भेन्टीलेसन तथा चाहिंदो मात्रामा उज्यालो जस्ता कुरामा ध्यान दिनु पर्दछ। यी सबै कुराहरू सम्प्रदाय, जसलाई स्कूलले सेवा गरीरहेको छ, को चाख र सहयोगले पनि गर्न सकिन्छ। विकसित देश वा शहरमा स्कूलको वातावरण नियम कानूनद्वारा नियन्त्रित गरिन्छ जसमा यति जना केटा-केटीको लागि यत्रो कोठा, यतिवटा दिसा पिशाब गर्ने ठाउँ हुनु पर्छ भन्ने किटान गरिएको हुन्छ।

यस्तो नियम कानून बोर्डिङ्ग तथा स्कूलमा मात्र लागू हुन्छ किनकि त्यहाँ रोगका किटाणुहरू सर्ने धेरै मौका हुन्छ र धेरै बच्चाहरुलाई प्रभाव पार्दछ त्यसकारण यसो गरिनु अति आवश्यक हो। स्कूललाई स्वास्थ्य वातावरणमा राख्न स्वास्थ्य निरीक्षक, स्वास्थ्य कार्यकर्ता शिक्षक र स्कूल सँग सम्बन्धित महानुभावहरूको सहयोग हुनुपर्दछ।

स्कूलमा खाने प्रबन्ध:—यदि स्कूलमा दिन भर पढाइन्छ भने केटाकेटीको लागि खाने कुराको प्रबन्ध गरिनु पर्दछ जसले गर्दा दिन भर भोको बस्नु पर्दैन। थोरै खाना नै किन नहोस कित आमा बाबुले कित यदि बजेटले भ्याउँछ भने स्कूलले प्रबन्ध गर्नु पर्दछ। यो बजेट आमा बाबु बाट पनि जम्मा गर्न सकिन्छ। घरमा यदि कुनै बालकले कम भिटामिन वा प्रोटीन पाईरहेको भए स्कूलको खानाले त्यो कमि पूर्ति हुन सक्छ। स्कूलमा दिईने खाना साधारण ठाउँमा सुहाउँदो र उसले सधैं घरमा खाइ रहने किसिकको हुनु पर्दछ।

स्कूलको दिन:—स्कूलले कार्यक्रम यसरी मिलाएको हुनु पर्दछ कि जसले गर्दा केटाकेटीको स्वास्थ्य सुधार्न सकियोस कामको समय, खेलको समय, तथा कक्षा कोठा भित्रको खुशीको अनुभव यी सबै कुराले केटाकेटीलाई प्रभाव पार्दछ।

स्कूलमा शारीरिक क्रिया कलाप—

खेलकुदले केटाकेटीलाई बलियो तथा फूर्तिलो बनाउनु पर्दछ साथै एउटा सदनमा रहेर अरु संग काम गर्न सिक्ने मौका दिनु पर्दछ। खेलकूदले बालकलाई राम्रो स्वास्थ्य के हो भन्ने कुरा पनि सिकाउँदछ। शारीरिक क्रियाकलाप कम मात्रामा गरिनु पर्दछ। यस्को निमित्त ज्यादा क्यालरी चाहिन्छ। यदि गरीबीको कारणले कुनै बालकले कम क्यालरी पाउछ भने धेरै कसरत

गर्नाले उ घर फर्कन नसक्ने अवस्थामा पुग्दछ ।

स्कूलमा मानसिक स्वास्थ्य सुधार र यसको पहिलो लक्ष्यमा हसिलो मनखाँदो गुरुबाबु पाउनु हो। यी गुरुबाबुले बालकको काममा चाख लिनु पर्दछ, समय छात्रसंग बिताउनु पर्दछ, जसलाई उस्ले राम्ररी। चिन्नु पर्दछ, साथी बनाउने योग्यताको विकास गर्न प्रोत्साहन दिनु पर्दछ र ज्यादा उसले कुन कुरामा चाख लिन्छ, त्यो बुझ्नु पर्दछ। सजाय ज्यादा दिनाले नराम्रो प्रभाव पनि पर्दछ, मानसिक तनाव बढ्दछ। कुनै कुरामा ज्यादा जोड दिएमा ज्यादा परिश्रमले टाउको आँखा पेट दुख्ने जस्ता लक्षण देखा पर्दछन ।

स्वास्थ्य शिक्षा:—उसको स्वास्थ्य के हो, समाजमा अरुको स्वास्थ्यको लागि के पाठ खेल्न सक्छ त्यो कुरा उसलाई राम्रो बुझाउनु पर्दछ। यी कुरा बुझाउन उसलाई शरीरले कसरी काम गर्छ त्यस ठाउँमा पाइने मुख्य रोगका कारण र तिनीहरुको रोकथाम कसरी गर्ने आदि कुराको साथ साथै स्वास्थ्य सेवाको आधुनिक तरिकाको ज्ञान दिइनु पर्दछ।

स्कूल स्वास्थ्य शिक्षा कार्यक्रम सबै संप्रदायको स्वास्थ्य शिक्षाको साथ साथै हुनु पर्दछ। अनी यसले उसलाई स्थानीय विभागीय कार्यकर्ता (कवि तथा संप्रदाय) संग मिलेर काम गर्न सिकाउँदछ। स्वास्थ्य शिक्षा दिनु भन्दा पहिलेनै डाक्टरसंग सर सल्लाह लिन जरुरी छ किनकि उस्ले त्यस भेगको स्वास्थ्य समस्या बुझेको हुन्छ ।

स्कूलको वातावरणलाई स्वास्थ्य राखेर पनि स्वास्थ्य शिक्षा बालकले पाउँछ किनकि यसमा वास्तविक अनुभव हुन्छ र सिक्न पाउँछ। यसमा भाषणोको तरिका अपनाउने जरुरत नै पर्दैन।

छोटकरीमा भन्ने हो भने स्कूल जीवनमा बालकलाई

प्रत्येक दिन स्वास्थ्यशिक्षा दिइनु पर्छ। तर स्वास्थ्य शिक्षाले जीवननै बदल्न खोज्नु हुँदैन तर बरु रिवाजलाई सुधार गरिनु पर्छ जसले स्वास्थ्यलाई असर गरेको होस्।

स्कूलमा स्वास्थ्य शिक्षा दिइदा मुख्य त गाउँमा, स्कूलमा र घरमा व्यक्तिगत सरसफाई र स्वास्थ्य, स्थानीय खानाको ठीक तरिकाले उपभोग, रोग ल्याउने किरा, केटाकेटी कसरी हुर्काउने शिर्षक लिएर दिन उत्तम हुन्छ। जुन किसिमले स्वास्थ्य शिक्षा दिइन्छ त्यस्को प्रभाव के पऱ्यो त्यो बुझ्नु पनि आवश्यक हुन्छ। यदि आवश्यक परेमा त्यस्को तरिका पनि बदल्न सकिन्छ ।

स्कूलमा रोगको रोकथाम :—संभव भए शिक्षिका तथा शिक्षक भर्ना गर्न भन्दा पहिले उनीहरुको स्वास्थ्यको जाँच गरिनु पर्दछ। साथ साथै समय समयमा रोगहरु रोकथाम गर्न जाँच गरिनु पर्दछ ।

स्कूल भवन तथा खेल्ने मैदानहरु दुर्घटना घटन नदिने किसिमको हुनु पर्दछ अनि तिनीहरुको निरीक्षण र दुर्घटनाको विचार गरिनु पर्दछ। कुनै दुर्घटना भयो भने त्यस्को कारण पत्तो लगाएर त्यस्तो दुर्घटना भविष्यमा दोहोरिन दिनहुँदैन ।

सरुवा रोगबाट बच्न पहिले नै खोप दिइनु पर्दछ जस्तो कि बि० सि० जी० को लागि Polio पोलियो भाईलाईरिसको लागि, माइको विरुद्ध खोप माइको निमित्त डि० पि० टि० भ्यागुते रोग लहरे खोकी र धनुष्टंकारको लागि टि० ए० बि० सी० टाईफाइडको लागि ।

साधारण रोगहरु जो महामारीको रुपमा फैलिन्छन तिनीहरुको रोकथाम गरिनु पर्दछ। जस्तो कि आउँ, रुघा, खोकी, माइ, लुतो, दाद जुम्राले टोकेर लाग्ने रोग आदि ।

यस्ता रोग पहिले नै लागि सकेको भए वातावरणको स्वास्थ्य ध्यानमा राखी समयमा नै रोग चिनेर दवाई गर्नु पर्दछ ।

-: रिठ्ठेकी स्वास्नी :-

—रघुनाथ सापकोटा

आज मेरो विवाह् गरेर दुलही भित्र्याएको दिन। यस-कारण सबै जना मलाई कत्ती सुन्दरी केटीसंग विवाह गरिस भनी सोध्थे। साँचै टिमीक्क परेको जोउ, वारुले कम्मर, सुगाको झैं नाक, त्यो देख्दा मलाई त छुँदा नै मयल लाग्ने शरीर थियो उस्को। म आफ्नी स्वास्नी देखि आफैं दङ्ग परें। मैले यस्ती स्वास्नी खोजी दिएकोमा श्यामेका बाबुलाई मुरीर धन्य-वाद दिएँ। उनले केटी हेरेर आए पछि भनेका थिए। "बुझिस रिठ्ठे मोरा ! स्वास्नी तें भन्दा राम्री भेटिस। एस० एल० सी० पढेकि अरे। ठूला महाजनकी छोरी बुझिस। रेडियो घडी दिन्छन रे" मनमनै सम्झें मेरो निधारमा रौं उम्रेकोले नै म यती भाग्यमानी बनें होला ? मलाई त्यो वेला श्यामेका बाबुले भन्दा त चित्त बुझेको थिएन। म लठेप्रो छु भनेर उनले जिस्क्याएको होला भन्ने सम्झेको थिएं। आफू लाई ३२ वर्षको उमेर सैम्म त्यसै बस्नु पर्दा म चाँडो भन्दा चाँडो विवाह गर्न चाहान्थें। उनले जिस्क्याउँदा त एक पल्ट टुप्पीबाट धुँवा पनि नछुटेको होइन म त्यसरी रन्थनिएकोमा अहिले आफैंलाई लाज लाग्दैं छ।

कर्मकाण्डहरू सकि यो। म जुरुक्क उठेर श्यामेका बाबुका छेउमा पुगी हालें। उनले बोलाए-ए रिट्टे ! मैंले भनेको कस्तो लाग्यो त ? अब त पत्याइस ? मैंले भनै पत्याएं, मैंले

खुसीले उनलाइ त्यति बेलै ससुरालीले दिएको घडी दिएँ र एउटा लैनु गाई पनि दिन्छु भनी दिएँ।

म देखि सबैजना चिडीन थाले। म रिठ्ठे मोराले त्यसरी राम्री स्वास्नी भेटेकोले त अरुको त नेत्र नै बली हाले।

मलाइ त्यो केटी हेर्दिनथी मैंले उसलाइ बोलाउँदा कर्के आंखाले यसो हेर्दथी। एक दिन मलाइ सिनेमा हेर्न जाउँ भन्दा म पनि तयार भएँ। दौरा सुरुवाल र टोपो लगाएँ तर त्यो उसले छि : भनेर ससुराले दिएका सर्ट पेन्ट लगाइ दिई। यस पछि हामी सिनेमा हल तर्फ लाग्यौं। हलमा पुगे पछि उ संग पढेको केटो अरे, जाने बित्तीकै हल्लो सुशिल। भनेर हात मिलाइ म चौं दङ्ग परेर हेरिरहें उस्ले त्यो को हो भनेर सोध्यो, मेरी स्वास्नीले प्रस्ट रुपले भनी 'सरभेण्ट'। उस्ले मलाइ राम्ररी हे-यो र हांस्यो ईहि ....। मलाइ लाज लाग्यो, अनि मेरी स्वास्नी देखि रिस उठ्यो। मैले यता उता जुगातिर हेरें सर्ट अगाडिको भाग पेण्ट भित्र पसे छ। अनि पेन्टको तीनवटा टाँक पनि खुस्केको थियो। उ मतिर हेरी निलो भइसकेकी थिइ। म पिसाब फेर्ने निहुँले बाहिर गएर मिलाएर आएँ, आउँदा उ सुनिल-संग बसेर गफ गरी रहेकी थिइ। उस्ले अरू२ संग पनि हात मिलाइ, सबैले उसलाइ सोधें तपाईं कहां सर्भिस गर्दै हुनुहुन्छ, उस्ले जवाफ दिइ, म त त्यसै पो बसिरहेकी छु त। विवाह त भएको छैन ? हांस्तै ठिटाहरुले सोधीहाले। उसले आफ्नो टाउको देखाएर भनी- यी हैनुं होस न। सबैले भने- गरेको रहेनछ ? किन, त्यसले त्यो दिन टाउकोमा सिन्दुर र गालामा पोते लगाएकी थिइन। बरु त्यसको सट्टामा मिठा२ अत्तर बास्नादार, तेल पाउडर, क्रीम, लाएर बासना छर्दै थिइ। अरु भमराहरु त्यसका

वासनामा लट्ठ परेका थिए । "अनि तपाईं हिजो आज किन घरबाट निस्कनु हुन्न, एउटाले सोध्यो । आऽ यार एकदम बोर पो लाग्छ । आज बल्ल २ महिना पछाडि पिक्चर हेर्न आ'को । लु त पिक्चर सुरु हुन आँटियो जाउँ भनेर सबै हुरुरु..... ..... हल भित्र पसे म पनि उनीहरुका पछिर हलमा पसें । उस्को सिट नजीक म बसेको त मलाइ उठाएर सुनिल भन्ने केटो पो बस्यो म भुस्याहा कुकुर झैं अलि पर गएर बसें । सिनेमा सुरु भयो । आफुले त जीन्दगी-मा नदेखेको सिनेमा भन्ने कुरा । म त अन्तै बसें । ती दुइ के कुरा गर्दैछन् पत्तै भएन ।

लौ सकियो अब घर जाउँ, पिक्चर सकेपछि उस्ले भनी र अगाडि हिंडी । म पछि पछि लुते कुकुर झैं पछाडिर लागे । बाटो छुट्टिने बेलामा उस्ले भनो "लौ त सुनिल जी फेरि भेटौला" हात हल्लाई रही ओझल नहुन्जेल । म चाहिं नदेखेको जस्तो बनी दिएँ । बाटोमा हिंड्दै थियौं । उस्ले मलाई च्याप्पै अङ्गालेर सोधी "कस्तो लाग्यो पिक्चर ? म चैं रिसले भुक्क भएँ । उस्ले भनी किन रिसाउनु भए को त ? मैले रिसाउँदै भनें किन त्यो केटासँग बोलिस् त! अनि जिस्कीस पनि ।'अरे यार उनी त मेरो दाज्यू पो त तपाईंलाई भन्नै बिर्से छु । फेरि तपाई कान नै राम्ररी सुन्नु हुन्न । बरु भरे बाटोमा भनुँला भनेर कुरा सांचेकी पो त । म टुक्क भए जस्तो भएँ । तर मैले उस्को बेचारे शब्द बुझी सकेको थिएँ । कुदुँ भने हिंड्छे होला भन्ने सम्झेर चुपचाप हिंडीरहें । बरु अबदेखि सिनेमा नआउने प्रण गरें ।

अनि विवाह भएको ७ महिना पछि ऊ वेदनाले छटपटा-उँदै थिई । गाउँ घरका ४, ५ जना आइमाई पनि भेला भएका थिए । हेर्दा हेर्दै मेरो छोरो जन्म्यो । च्वांके पुकलुक्कक परे-को, सबै जना दङ्ग परे । कसैले भने खुब भाग्यमानी रहेछ रिट्ठे

छोरो सात महिना नपुग्दै छोरो भेटयो । सात महीनाका त खुब भाग्यमानी बन्छन रे, हेर न तल रमीला सात महीनाको कस्तो खान दानको घरमा छे ।

म भित्रभित्रै मुरमुरिए, एक त मलाई स्वास्नी कै अगाडि रिट्ठे भन्छन, अर्को कुरा यस्ले कुनको पेट बोकेर आएकी थिई । राम्री भएको भए म जस्तोलाई यसरी दिन्थे । तल चोटेकी दीदी माग्दा पनि नदिएका मलाई । माग्न जाँदा कहाँ दिन्छु त्यस्तालाई भन्थे रे ।

समय बित्तै गयो, त्यो छोरो पनि ५ महीनाको लाग्यो । एक दिन त्यो अलि २ बिमारी थियो । उस्ले मलाई बोलाई आज ५ महिना पछि उस्को बोली सुन्दा अचम्भ लाग्यो । म सरासर ऊ भएको गाउँमा गए । उस्ले मलाई सरासर आएर गोडामा ढोगी दिई । १२ महीना बित्दा पनि उस्ले मेरो गोडामा निधार पु-याएको थिइन । म फुरुक्क भए । मलाई लाज लाग्यो किन भने ऊ सिगार पटार गरेर आपसलाई बिर्साउने भै सकेको थिई । उस्ले मलाई पहिले दिएका सर्ट, पेन्ट, दिई आज भने जुत्ता र मोजा किनि दिए । मैले पनि विरोध नगरी लगाई दिए । नानीलाइ हात-मा राखि दिंदै भनी "जाऊ सिनेमा हेर्न म अलि पछाडि हटें उस्ले भनि । जाउन जाउ आज मेरो बिन्ती सुनि दिनु होस । अब म तपाईलाई छोडदिन तपाईंलाई सगैं राख्ने छु । यति भनेपछि उस्ले एक दुईवटा लुगा हालेको झोला बोकी अनि भनि, नानीले बिगार गर्छ भनेर बोकेको त्यसो भए त नानीकै थाङ्नाा बोक्न त मैले भने । नाई हाओ मलाइ त लाज पो लाग्छ त त्यस्ता फोहोरी थाङ्ना । मैले पनि ठिकै हो भन्ने सम्झे । हामी बेलैमा बाहिर निस्कयौ बाबुले भने ए तिमीहरु कहां जान लागेको ? मैले भनें सिनेमा तिमीहरुलाई चैं कत्ती सिनेमा हेर्न मन लागेको भोली जानु

नानी पनि बिमारी छ । यति भन्दा नभन्दै उ निकै पर पुगी सकेकी थिई । म नानी बोकेर दौडेर गएँ । रिठ्ठे पनि अब स्वास्नीको लहैर मा लाग्न थालेछ बाबुले यति भनेको मात्र सुनें । पर पुगेपछि नानी उस्ले बोकी र दुध चुसाई म हर्षले गदर भएँ । दो बाटोमा आए पछि गाडी आयो । गाडी हाँक्ने सुनील नै थियो। म रीसले भुतुक्क भएँ । गाडीमा चढने मन गर्दा नगर्दै गाडीमा चढें उ अगाडि बसी । म चाहिं पछाडि नानी च्यापेर वसें । नानीलाई ज्वरो अलि चढेको जस्तो भयो । हामी सिनेमा हलमा पुग्यौं र ओलियौं" गाडी बन्द भएको थिएन । म ओर्ले र नानी सुमसुम्याउन थालें । हेर्दा गाडी त्यहाँ थिएन म अरगज्ज परें । एक छिनमा त आउँछे होला भनेर पर्खे तर आईन नानीलाई ज्वरो झन र बढ्दै जान थाल्यो ! मैले पोहोर सालको सम्झें । कुरा मनमा दोहोरिए । सरभेन्ट···· बिहे भएको छैन .... आ यार घरबाट निस्कनै मन लाग्दैन.... .... । म सोच्दा सोच्दै घर पुगें घरको संघारमा पुग्दा नानी रुन छोडी सकेको थियो । हामी हेरें धुकधुकी पनि बन्द भईसकेको रहेछ ।

+ × +

१ वर्ष पछाडि म सिनेमा हेर्न गएँ । उ सुनीलसंग थिई । साथमा सानो नानी पनि थियो । उसलाई म २, ३, । २, ३, वर्षका देख्थें तर उ संग एक पल्ट देखेको लोग्ने मान्छे नभएर अर्को नै हुन्थ्यो । नानी पनि बढेको पाउँदिनथें । प्रत्येक पल्ट जत्राको तत्रै हुन्थ्यो । यसरी नै अरु वर्षमा पनि देख्दथें तर त्यो नानी लोग्ने मान्छेले बोकेको हुन्थ्यो । अनि त्यहाँका केटाले उ को हो भन्दा जवाफ दिन्थी.... ....सरभेण्ट ।

-: गुनासो :-

—कृष्ण प्रसाद भट्टराई

बिहानी प्रभातको पहिलो झुल्कोले नै हिमश्रृङ्खलामा एक अनुपमता दर्शाइरहेको थियो । डाँफे पनि त्यो अलौकिक दृष्यमा अनुपम आनन्दको अनुभव गर्दै नाचिरहेको थियो । साथै आजको यो महान दिनको सूचना लोकलाई दिइरहेको थियो । उ जस्तै अलिक तल-तल हरिया, बन भरी कोइली र मयुरहरु पनि आफ्नै तालमा मग्न थिए ।

चारैतर्फको त्यो खुशी र उल्लासका आवाजहरुले नेपाली त्यो शान्त, पवित्र र निलिमय आकाश पनि गुञ्जायमान भएको थियो । तमाम नेपालीहरु पनि हातमा सूर्यचन्द्राङ्कित झण्डा बोकेर "जिन्दाबाद" का नाराहरु लगाइ रहेका थिए ।

अलिक तलबाट दौरा, सुरवाल, चोलो र पटुकाहरु आँशुले पुछ्दै उकालो गइरहेका थिए । यस्तो खुशी र उल्लासले सारा देश जगमगाएको दिन, नेपाली क्षितिज पनि कान्तिपूर्ण सौन्दर्य फ्याँकेर हाँसिरहेको दिन, तर यस्तो अचम्म !···· ···· ···· नेपाली राष्ट्रिय पोशाकहरू भने आँखा भरी आँशु बोकेर शोकविह्वल भएर उकालो गईरहेका थिए ।

डाँफे चरी नाच्दा नाच्दै रोकिन्छ औ आफ्नो मुन्टो पछाडि फर्काइ सुरिलो कण्ठ खोल्छ । अहो ! कहिले यसरी न आउने तिमीहरु त एकाबिहानै पो यता आयौ त हैं ? आज तमाम देशका संततीहरु खुशी र उल्लासमा डुबेका छन् अनि आनन्द मग्न भएर विशाल जुलुस बोकी पाखा र पखेरा डुलिरहेका छन् । तिमीहरु

भने किन यता आयौ ? आज यस्तो खुशीको दिनमा तिमीहरुले ठूला ठूला सम्मेलनहरुमा भाग लिएर राष्ट्रनायकको सुस्वास्थ्य र चिरायुको कामना गर्ने दिन तिमीहरु किन यता आयौ ? हरे कस्तो अनर्थ भयो ? उनीहरुले के भन्लान ?
सायद तिमीहरु भागेर आयौ होला, लौ जाऊ-जाईहाल बरु केही भन्नु भए अर्के दिन आउनु !
सबै पोशाकहरु एउटै स्वरमा बोल्छन् "हैन-हैन हामी विदा मागेर नै आएका।"

डाँफे बोल्छ "अरु कुनै दिन विदा माग्दा पनि त हुने थियो ?"

मसिनो स्वरमा दौरा बोल्छ "के गर्ने दाज्यू जमाना बदलियो रे। अचेलको जमाना अर्के नयाँ र युवक छ रे। हामी बुढा र पुराना भयौं रे। हामीहरुलाई अघि लगाएर हिड्दा उहाँहरुलाई लाज लाग्छ रे, उहाँहरु पुराने ढाँचाका बन्नु हुन्छ रे। त्यसैले आजकल - उहाँहरुले हाम्रो सट्टामा अरु नै पाश्चात्य मुलुकका अनौंठा पोशाकहरु ल्याउनु भएको छ। ती नयाँ पोशाकहरु हाम्रा यी तुना, नेफा र इजारहरुलाई देखेर हाँस्छन्। जिस्क्याउँछन्। अनि हाम्रा मालिकहरू पनि तिनै पाश्चात्य पोशाकहरू नै लगाएर हिड्नु हुन्छ। यसो गर्दा गर्दा अब त हाम्रो त्यहाँ कुनै महत्व नै रहन छोड्यो। बाह्रै महीना हामीलाई बाकसमा हालेर बाहिरीबाट ताल्चा मारिन्छ, मानौ हामी त्यहाँका कुनै भिषण अपराधी हौं, जसलाई बाहिरी वातावरण संग सम्बन्ध राख्न दिइन्न। मानौ हामी त्यहाँका कुनै अनावश्यक वस्तु हौं, जसलाई रछ्यानमा मिल्काइन्छ। मानौं हामी त्यहाँका कुनै त्यस्ता चीज हौं

जस्को त्यहाँ कुनै महत्व नै छैन तब हाम्रो त्यहाँ आवश्यकता नै किन?

दाज्यू, के हाम्रो इज्जत छैन ? के हाम्रो कुनै महत्व छैन? के हाम्रो पछाडि कुनै बस्तु लुकेको छैन ? किन हामीलाई यसरी तिरस्कारिन्छ ? किन आज हामीमा यस्तो अन्याय हुन्छ ? दाज्यू आज हामी तपाईं संग यही गुनासो पोख्न आएका। के जमाना र युग बदलियो भन्दैमा पुरानालाई पर्याक्ने ? के कुनै पनि छोरो ठूलो भयो भन्दैमा बुढो बाबुलाई लात मार्ने ? के पाश्चात्य मुलुक विकसित भए भन्दैमा आफूले केही नगरी अर्काको कला, संस्कृति र सभ्यता अङ्गाल्ने ? के आफ्नोपनलाई पर्याक्दा इज्जतदार होइन्छ ? के नेपालीत्वलाई पर्याक्दा सुख पाइएला ?

आज सुन्नु होस दाज्यू ! सारा नेपाल खिचड़ी बनेको छ। भाषामा शुद्धता छैन। बोलीमा मिठास छैन। एक वाक्यमा पाँच भाषा मिसिन्छ। जन्मं देखि सिकेर आएको भाषा "आमा र बावु"लाई डेडी र मम्मी भन्न लगाइन्छ। सर्ट र पेन्ट मा दौरा र सुरूवाल संग मिल्ने टोपी लगाइन्छ। यसरी आज हामीलाई छुट्याएको छ।

दाज्यू हाम्रै निम्ति आजका यी आधुनिक नेपाली युवकहरु[illegible] पूर्खाले खुकुरीमा धार लगाएका थिए - हाम्रै रक्षा र सुरक्षाका निम्ति तिनै सर्ट पेन्ट र टोप,को विरुद्धमा तिनै चर्च र गिर्जाको विरूद्धमा; तिनै डेडी र मम्मीको विरोधमा। दाज्यू के हाम्रो पछाडि हाम्रो जिउँदो इतिहास लुकेको छैन ?

गम्भीर मुद्रामा डाँफे बोल्छ:—भाई हो ! तिमीहरु किन यसरी दुःख मान्दछौ ? आजका आधुनिक युवकहरुले तिमीहरुलाई नलगाए पनि पुरानाहरुले तिमीहरुलाई कदापि पर्याक्ने छैनन।

पोशाकहरु:—दाज्यू, आज नेपालमा युवक र बूढाहरु दुई भागमा विभाजित भएका छन। वृद्धहरु भन्दछन 'हेर दौरा सुरु-

भनेको राष्ट्रियताको प्रतिबिम्ब हो । यसले सधैं राष्ट्रियताको प्रदर्शन गर्छ । यो आफ्नो सभ्यता हो नेपालीत्वको प्रमाण हो । कुनै पनि देशको व्यक्तिलाई पोशाकद्वारा नै छुट्याउन सकिन्छ । आज तिमीहरुले दौरा सुरुवाललाई भुल्नु आफ्नोपनलाई भुल्नु हो । तर युवकहरू यसको खण्डन गर्दै भन्दछन दौरा सुरुवालले मात्र राष्ट्र प्रेमी बन्न सकिन्न । आज हामी यसरी दुईतर्फको विवादको बीचमा परेर यता न उता भएका छौं । '

डाँफे लामो सास तानेर बोल्छः 'भाइ हो समयको गतिको साथ साथै संसारमा विभिन्न परिवर्तनहरु भइरहन्छन । एक समय यस्तो पनि थियो, जुन समयमा तिमीहरुको जन्म नै भएको थिएन । त्यस बेलाका मानिसहरु जंगली रुखका बोक्राहरु लगाउँथे । बिस्तार-बिस्तार समयको बढ्दो गतिले मानिसमा बिकास र परिवर्तन ल्यायो । जुन म यसै चुचुरोमा बसेर हेरिरहेको छु । अनि तिमीहरुको पनि जन्म भयो । साथै तिमीहरुको महत्व र त्यसको कदर गरियो र आज उनीहरूमा फेरि परिवर्तन आयो । तर तिमीहरु त्यसै बिलिन भएर जाने छैनौ । आधुनिक युवकहरुले तिमीहरुलाई नलगाए तापनि तिमीहरु त राष्ट्रिय पोशाक हौ तिमीहरुलाई राजाद्वारा कहिल्यैं तिरस्कारिन्न । तिमीहरुको कदर अवश्य हुनेछ । भाइ हो । एक दिन तिमीहरुको पनि पूजा हुने । जसरी ती ऐतिहासिक वस्तुहरुको पूजा गरिन्छ । एक दिन तिमी-हरुलाई पनि कुनै ठूलो "म्यूजियम"मा लगेर सजाइने छ । अनि त्यस बेला तिनै आधुनिकतामा डुबेका युवकहरुले नै तिमीहरुलाई ऐतिहासिक चीज र वस्तुको रुपमा श्रद्धा र भक्तिका साथ पूजा गर्ने छन । तिमीहरुलाई देखेर हाँस्ने ती पाश्चात्य मुलुकका अनौंठा र घिन लाग्दा पोशाकहरुले पनि तिमीहरुलाई पूज्ने छन् । तिमीहरु प्रति निहुरिने छन । भाई हो दुःख नमान तिमीहरुको

अस्तित्व कुनै हालतमा गुम्ने छैन । तिमीहरुको पूजा अवश्य हुन्छ ....हुन्छ ।"

ती पोशाकहरु आत्म सन्तुष्ट भई डांफेसंग बिदा मागेर ओह्लालो लाग्छन । डाँफे चरी फेरि आफ्नो धुनमा ती सेता हिम गिरीका टाकुराहरूसंग लुकामारी खेल्न थाल्छ ।

*

"सत्य, दया, शान्ति र अहिंसा धर्मका चार पाउ हुन"

—भागवत

"असल कर्म गर्नेको न यस लोकमा, न परलोकमा, कहीं दुर्गति हुँदैन ।"

—गीता

मानिस कहिले अन्धो हुन्छ

—सुवास राज भण्डार

जब सम्म मानिसको अन्तरको नेत्र खुल्दैन तब सम्म मानि अन्धो नै रहन्छ । जसले यो बाह्य नेत्र द्वारा संसारलाई प्रेम गर्छ तब ऊ संसारमा आफै भुलिन्छ । जसले भित्री नेत्रको प्रयोग गर्छ साम्सारिक प्रपञ्चमा ऊ कहिल्यै पर्दैन र ऊ भुलिदैन वरु संसार-लाई नै नेतृत्व दिन सक्दछ ।

साधारण मानिस र दार्शनिक मा एक टड्कालो भिन्नता छ, त्यो हो साधारण मानिसको खालि बाहिरी आँखा हुन्छ, तर दार्शनि-कका भित्री आँखाहरु हुन्छन् ।

शारीरिक बलको आधारमा कुनै मानिसको हृदय पनि जि[illegible] सकिन्न ।

कुनै अज्ञानी बदमाशलाई आफ्नो मूढे बलले तल्वार देखाए ऊ झन जागिन्छ र सायद डरले पनि तल्वार नै देखाउला तर तिमी-ले दया र क्षमाको व्यवहार गरे अवश्य त्यस बदमासको हृदयमा असर पर्नेछ पथ भुलेको पथिक झैं । अलमल्ल नगरि फेरि सिधा बाटोमा आउन सक्नेछ, र तिम्रो वशमा पर्न सक्नेछ दयाको भीख माग्ने माथि अत्यचार गर्नु महापाप हो ।

आमाको गुनासो

—सञ्जीव उप्रेती

हिमाली हावाले सुस्केरा हालेर भन्दैछ—
'आज नेपालीलाई प्रगति-पथका अग्रदूत बन्न'
बुद्ध र सीता जन्मिएको देशमा,
हामी सित बिन्दु झैं नबिलाई
पुर्खाले पौरख देखाएको देशमा,
हामी तारा झैं टुटेर नहराउँ ।
चीतको हुरी बनेर शंखध्वनीले हुँङ्कार गर्दै—
[illegible] हृदयमा मानवीय चेतना फुक्दै छ —
[illegible] आमाको स्नेहिलो मायामा टुकेर,
[illegible]टै आमाको विशाल काखमा खेलेर
एउटै हिमाली पानीमा [illegible]
एउटै हिमाली चिसो बतासमा झुमेर,
नेपाली आमाले समस्त नर-नारीलाई आह्वान गर्दै छिन् ।
करोडौंको यो साझा फुलवारी सवार्न ।'
कोही मस्त छन आफ्नै राग रंगमा
कोही पिल्सिएका छन, रीति-रिवाजका खोक्रा तापमा ।
कोही निहुँरिएका छन, वैभवका बोझले ।

कोही कठाङ्ग्रिएका छन उष्णताको अभावमा ।
यो भिषण वैभिन्यताले समाजलाई प्रताडना दिदैं :—
'आज सम्पूर्ण नेपालीले आफ्नो आँसु आफैंले-पुछ्नु पर्ने छ ।'
आज हामीलाइ नै आफ्नो अनुहार लिएर हिड्न,
लाज लाग्छ ।
आफ्नो कष्टमय जीवनको चित्रण गर्न,
सरम लागछ ।
तामाङ्ग, राई, लिम्बु, नेवार सबै-एकै हौं भन्न, लाज लाग्छ ।
शहरिया लाई गाउँलेको भाखा सुन्न लाज लाग्छ ।
त्यसैले,
नेपालीको नेपालीत्वले आज गुहार माग्दैछ—
एकताको सूत्रले मीठो-माया गाँस्न आह्वान गर्दैछ ।

★

राजा वीरेन्द्र

—नारायण ओली

अहा कति सुनौलो दिन
कोइलीले स्वर गुञ्जायमान पारेको दिन —
डाँफेले प्वांख फिंजाई नाचेको दिन— ।
हर्ष उल्लास र उमङ्गको दिन—
नदी छहारा र झरनाले गीत गाएको दिन
श्री ५ वीरेन्द्रको ३४ औं शुभ जन्मोत्सवको दिन ॥
हे वीरेन्द्र—

विकासको आह्वानलाई साकार बनाउन आमाको मुहार
हैं सिलो पार्ने
रोग र भोकलाई निर्मूल गराई शान्तिको बिकुल फुक्न
नभुल्ने ॥
तिम्रै अथक परिश्रमले गर्दा नेपाल 'शान्ति क्षेत्र' घोसित—
गरियो ।
तिम्रै विशाल बुद्धिले गर्दा विश्वमा मित्रताको गाँठो जोडियो
तिम्रा आह्वान लाई सुनेर होला डाँफे र कोइलीले प्वाँख
फिजाई नाचेर स्वागत गर्दैछन् ।
बिकासको लागि बिकुल फुकेको सुन्दा
नेपाल अमाले तिमीलाई आशिष दिदैंछिन् ॥
यिनै प्यारा प्रजाका लागि मुलुकका कुनाकाप्चामा
घुम्न नाइँ भनेनौ ॥
विकासको सुमार्गमा आईपरेका कस्तै अल्झन
देखि पछि हटेनौ ॥
तिम्रै मधुर मुस्कान देखेर समस्त तारा गण पनि
नाच्दछन्
ति[illegible]टुट स्नेह पाएर सवा करोड नेपाली यस धरति—
[illegible] बाँच्छन् ॥

★

:- सुनौलो दिन -:

मित्र कुमार आचार्य

योजन्म उत्सवमहा भई मुग्ध आज ।
टल्कन्छ भूप उपको नव दिव्य ताज ॥
झण्डास्वतन्त्र नव चिन्ह दिएर झुल्दा ।
गुल्जार भो मन महा सब दर्द भुल्दा ॥ १ ॥

मालाउने र नव पुष्प मिलाई हार ।
आनन्दको लहरमा मन भो विहार ॥
बाजा बजे विजय बीकुल जो फुकेर ।
माला लगाई नृपका शिरमा झुकेर ॥ २ ॥

मुस्काइ दिन्छ नभमा रवि औ शशीले ।
भूले छपाइकन राख्छ सफा मसीले ॥
आजै हिम्मल पनि उज्जर यो महीमा ।
लेखी छटा निहित उत्सव यो वहीमा ॥ ३ ॥

राजा विरेन्द्र अरूणोदय झैं उदाए ।
नेपाल यो मुलुकमा सुख शान्ति छाए ॥
देशको कराल अति रोग र भोकजस्ता ।
निर्मूल गर्न नृपती भइ राष्ट्र नेता ॥ ४ ॥

विस्वस्त सूत्र सहजैति गरी तयार ।
बोकेर काँध उपमा ति विशाल भार ॥
नेपालमा सफल पार्न ति सिर्जना छ ।
दीर्घायुको अझ नरेश् प्रति कामना छ ॥ ५ ॥

★

मृत्यु

—सुश्री प्रतिभा जोशी

मृत्यु भन्ने कुरा
साह्रै भयंङ्कर हुन्छ
आजै मरिन्छ कि भोलि ?
संयोगको कुरा त्यो
मानिस बिजयी बन्न सक्छ,
सम्राट बनेर शासन गर्न सक्छ
तर मृत्यु जित्न सक्छ को ?
मानिस ठूलो भएर माला पहिरिन सक्छ
एक दिन माला पनि त ओइली जान्छ नि ?
मानिस ठूलो भएर घमण्ड गर्छ
तर एक दिन त्यो पनि सधौं,
चूर चूर भएर जानेछ ।
मृत्युले, सुखी दुःखी नछुट्याइकनै,
मिलाई दिनेछ-माटोमा,
त्यो अहंङ्कारी आत्मालाई
र, त
'मृत्यु' यो शक्तिशाली प्रबाहलाई
को रोक्न सक्छ र ?

●

बसन्त ऋतुको आगमन

—लक्ष्मी शिवाकोटी

न्याउली चरीको मीठो गीतले बसन्त बोलायो ।
रूख पात झार जङ्गल बेसरी रमायो ॥
रातो र सेतो रङ्गी-विरङ्गी गहना लगाई ।
नाच्न थाले चरा चुरुङ्गी खुशी रमाई ॥
गोठाला दाइले मुरली फुक्यो, तिरिरि तिरिरि ।
हावा लौ चल्यो यता र उता, सिरिरि-सिरिरि ॥
मकै र पाक्यो पहेंलो सेती त्यो गैरी बारीमा ।
कागका बथान उडेर आए लौ मकै बारीमा ॥
चांप र गुँरास बेसरी फुले डाँडा नै रमाइलो ।
मयुर नांचे पखेटा फिंजाइ आकाशै घमाईलो ॥
सुन्तला बोकी लौ डाक्रे आए पहाडै ज्यानबाट ।
कोइली चरी गाउँदै आइन, हिमाली ज्यानबाट ॥
लाहुरे दाई परदेशैबाट आई पुगे घरैमा ।
डाँफे नि चरो नाच्न है लाग्यो रमाइलो बनैमा ॥

-: धिक्कार :-

—रत्न बहादुर के० शी०

धिक्कार दिन्छु म त्यसलाई जसले गर्छ कुकार्यहरु !
धिक्कार दिन्छु म त्यसलाई जसले हेप्छन निमुखाहरु ॥
धिक्कार छ तँलाई हे नर उद्योग बिना बांच्दछस् ।
धिक्कार छ तँलाई परजीवी उद्योगलाई गांज्दछस् ॥
धिक्कार दिन्छु म यो फेसनलाई अहिले कस्तो बनायो जगत
मानिसहरू भए गुण्डा बदमास पाखण्डी मात्रै फगत ॥
छात्रो त्यस्तो भए धिक्कार म दिन्छु आदेश बिना चल्दछ ।
आज्ञा कै गुरूको नमानी त्यसले रूखा कुरा बोल्दछ ॥
धिक्कार दिन्छु म रक्स्याहा जँडिया जुवाडे र तासे अरू ;
जाली झेली भए कूकर्मी ननिका पाखण्डी गुण्डाहरू ॥
राजाहरू सबै पौरखी बनिन कसेर कम्मर यहां ।
उद्योगकै निमित्त प्रजाहरूलाई दिएर शासन त्यहां ॥
प्रजाहरू चाहि विपरित बनिए धिक्कार दिन लायक !
इच्छा मौसूफको न बुझीकन ता आफैं भए रायक ॥
काललाइ मैले धिक्कार दिनु छ लान्छ त्यो टप्पै टिपि ।
छोडदैन त्यसले एकै छिन पनि गर्दो छ लिडे ढिपि ॥
बच्चाको आधरा बस्दै छिन जननी भनेर जानीकन ।
हात्.को गतिमै लुकेर त्यसले लानेछ तानिकन ॥
आया त्यो नहुँदा शिशुहरू सबै खोज्छन ती आमा भनी ।
खायो त्यसले चिचि मुँडीहरु राखेर दया पनि ॥
धिक्कार काल भनी म दिन्छु त्यसलाई झोंकै नमानीकन ।
शङ्का के छ र धिक्कार गर्दा त्यो पापी कालैकन ॥

"हाम्रो देश नेपाल"

—उर्मिला दहाल

हाम्रो यो देश
बन जङ्गलले भरिएको देश
राजा रानीको नेतृत्वमा रहेको देश
सुन्दर शान्त बिशाल देश

कोइली चरीको मधूर तालमा
डाँफे मूनालको नाचमा
मग्न भएका हामी नेपाली
सधैं बढ्दछौं अगाडि

यो छहराको देश
सूर्य चन्दाङ्कित झण्डाको देश
शहीदहरुको रगतले भरिएको देश
सुन्दर शान्त बिशाल देश

बुद्धले उपदेश दिएको देश
शहीदहरुले बलि दिएको देश
पहाडहरुले भरिएको ! देश
सुन्दर शान्त बिशाल देश

★

यो देश

—श्याम कुमार थापा

बीरै बीरले भरिएको यो देश
बीर सपूतहरुको आलो रगतले रङ्गिएको यो देश !
गङ्गा, धर्मभक्त, दशरथ चन्द, शुक्रराजले प्रजातन्त्रको
लागि ज्यान अर्पण गरेको यो देश !
हिम्मत नहार्ने वीर सपुतहरुले जन्म
लिएको यो देश !
गौतम बुद्धले ज्ञानको ज्योति बालेको
यो देश !
बुद्ध, गार्गी, जनक जस्ता बिभूतिले
परिपूर्ण भएको यो देश !
विश्वको अग्लो हिमालय सगरमाथाले
प्रतिनिधित्व गरेको यो देश !
प्रजातन्त्रको लागि फाँसीको गलबन्दी
भिरेर ऐया नभनी मर्ने विभूतिको यो देश !
अनि बाङ्गो हतियार लिई आफ्नो देशको रक्षा
गर्न वैरीहरुसँग लड्ने वीरहरुको यो देश !
देश र जनताका प्यारा अनि शान्ति र विकासको
पथमा लम्किने राजा रानीको यो देश !
कविहरुको लयदार ध्वनि र वेद पुराणले
गुञ्जिएको यही हो नेपालीहरुको देश !

★

आवश्यकता

—भानुभक्त पाठक

चट्टानको दुई पहरामा
नरमिलो पानी बहन्छ
हृदयको दुई धडकनमा
प्यारको फूल फूल्छ

परेलाको दुई डिलमा
आँशुको हार ओइलाउँछ
ओठको दुई पाखामा
हाँसोको झिल्का कोरिन्छ

आकाश र धरतीको सामन्जस्यतामा
नदेखिने हावा बहन्छ
दिनरातको दुई भँगालोमा
आफ्नो आफ्नो कहानी सजिन्छ

कहानी टर्रोमात्र होइन
स्वादिलो पनि बहन्छ रे
हावा तातो मात्र हैन
चिसो पनि बहन्छ रे

जीवन हिलै हिलो भए पनि
दर्शनै दर्शन मात्र छ,
तिमी र म जहाँसुकै भए पनि
दुई किनारको आवश्यकता छ।

✱

छक्कै-परें

—शान्ता भट्टराई

अरबौंको आमाको साझा छातीमा धर्कै धर्का कोरेर
बसन्त र शरदको इच्छा राख्ने
नर पशुको आत्मा देखेर।
उन्नति र प्रगतिको अर्ती खाँचो देखाइ शान्तिको मन्त्रलाई पोलेर
भाइ भाइले मिलेर खाने गाँस
आफू आफू नै लुछिएर।
नाङ्गिएर जीर्ण भएकी आमाको हालत माथि दाउ पेच कसेर
एक्लै बाँचन कोशिस गर्ने—
भोकीका मृत लाश देखेर।

दीन दुःखी विरामीहरुको सेवा एक अखण्ड आनन्द-
को मुहान हो।

—श्री ५ महेन्द्र

★

अ..........ट्या ....नि .... !

—उपेन्द्र भट्टराई

हुन के भो ?

हिंड्दै थिएँ ढुङ्गामा ठेस लाग्यो
अनि जुत्ता लगाउनु पर्दैनथ्यो ?
अर्थ भापो लाउनु त........!!
अँ अनि अनि............ ?
आसामीको घरमा यात्रा गर्दै थिएँ
समयमा पुग्नै सकिन !
किन............?
बाटो राम्रो भए पो त !
त्यो तिम्रो झोलाको ?
यी ....।
यी गांठा........... ?
आसामीको नाउँको गांठा—
धनेको नाउँको ठूलो
वीरेको नाउँको सानो

तर............
समयमा पुग्न सकिन !
आँखामा ज्योति वेलामा परेन !!
बाटैमा अँध्यारो भयो-
धोबीको कुकुर झैं घर न घाटमा ।
उ............ के .... अरे .... ?
आसामीले ठुलो थैलीको तमसुक च्यातेछ !
साहूको थैलो मेरैं थाप्लामा बिसाएछ !!
के ले हो त ?
अ—अर्थ
या—यातायात
नि—निरक्षर
यसैले महगाई बडेकाले
त्यसैले.......... ?
अंत............! मत जिउँदै—
खुत्रुकेः भएँ —
अ..........या .... नी.......... !

★

मलाई किन..............?

दुर्गा भट्टराई

तिम्रा छातिको प्राकृतिक छटा देखेर '
वीर र वीराङ्गनाको जन्मभूमि भनेर '
विश्वमा पहिलो पाइलो भानुले राख्ने '
तिम्रै हिमाली देशको सर्वोच्च टाकुरामा '
त्यसैले .... !
त्यति मात्रै होइन—
ब्रह्मा बिष्णु र महेशले बैठक गरेको यो देश!
शिव शक्तिको देश,
बसन्तको जन्मभूमि
शरदले लावण्य पाएको
अनि :- सत्य र धर्मको सृजना गर्न—
पाण्डु पुत्रले डुले-घुमेको यो चुली
शाह वंशको संदेश !
अनि शान्तिको देश !
पहिले—पाञ्यायनले पालेको देश !
अहिले—पञ्चले छाएको देश !!
यहाँ—नेपालीको यौटै छ भेष !!!
अनि :- यौटै छ विवक !
विश्वमा पहिलो नाम राख्ने तिम्रै सन्तान
कसरी ?
पुर्खाको पौरख बोकेर
पतिव्रताको पाठ घोकेर ।

प्रधानाध्यापकको डायरीबाट

श्री शनिश्चरे माध्यमिक विद्यालयको जन्म २००५ साल माघ १५ गते विद्यादातृ सरस्वती पूजाको दिन प्राइमरी स्कूलको रुपमा ३० जना छात्र-छात्रा साथमा लिई भएको हो। त्यस पछि सोही विद्यालय वामेसर्दै घर्बदै २००९ सालमा मिडिल स्कूलको रुपमा हिंड्न थाल्यो र २०१८ साल माघ १८ गते आइतवारका दिन स्व. श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव सरकारको बाहुलीबाट उक्त मिडिल स्कूल हाई स्कूलमा उद्घाटन भयो। २०२१ साल असार १५ गतेको दिन श्री ५ को सरकार-बाट स्थायी स्वीकृति प्राप्त ग-यो।

यस माध्यमिक विद्यालयमा हाल १ कक्षा बाट १०-कक्षा सम्म शिक्षा दिइरहेका छौं। २०२९।३० सालमा ५५५, छात्र-छात्रा २०३०।३१ मा ६३१, २०३१।३२ मा ७००, २०३२।३३ मा ७६० र २०३३।३४ मा १३०० र हाल ०३४।३५ मा १५०० सम्म पनि छात्र-छात्राले अध्ययन गरिरहेका छन्। हाल यस विद्यालय-मा मा. वि. तर्फ ९ जना स्नातक, नि. मा वि. तर्फ २ स्नातक, ११ जना आई ए., आइ. एस्सी, र प्रा वि. तर्फ ६ जना तालिम प्राप्त एस. एल. सी. शिक्षक छन्। कर्मचारी तर्फ एक खरिदार, २ मुखिया र ३ पियनहरु छन्। विद्यालय भवनमा हाल २१ कोठा र टिनको छानुभएका ६ ओटा भवनहरु छन्। प्रत्येक कक्षामा वर्गहरु

छन्। भवनहरूमा व्यावसायिक भवन-श्री ५ को सरकार शिक्षा विभागबाट २०२९ सालमा निर्माण भएको थियो र विद्यालयको पश्चिम पट्टिको भवन निर्माणको निमित्त विर्तामोड़ मेलाबाट रू० ५५००/-को सहयोग र स्थानीय श. गा. पं. र अ. गा. पं. का सक्रिय पञ्च र शिक्षाप्रेमी महानुभावहरुको प्रयासले १७९४१।४४ पैसाको सहयोगले ६ कोठाको भवन निर्माण भयो र सो भवनमा एस्वेस्टेस लगाइएको छ र बाँसको टाटीले बारेको छ। हाल श्री दुर्गाप्रसाद खरेलज्यूले रू० ४५०००।- को लागतमा ४५×२२ फूटको दुइ कोठा निर्माण भइसकेको छ। माथि उल्लेख गरिएको भवनबाट छात्र-छात्राको समस्या पूर्ति भएको देखिन्छ। विद्यालयमा भौतिक साधन जुटाउनमा विद्यार्थीवर्गको अथक परीश्रमले वर्षेनी भेलो र सरस्वती पूजाको पैसा बचाई- हारमोनियम, तबला, माइक, स्टेज तयारी गर्ने र विज्ञानका सामानहरू जोगाड़ भएको छ।

यस वर्षको एस० एल० सी० परीक्षामा ६२ जना छात्र-छात्रा सामेल भएकाछन्। गत वर्षको परीक्षा फल ५८% भयो विद्यालयमा विद्यार्थीको स्वास्थ्यलाई ध्यानमा राखी यस विद्यालयले प्राथमिक उपचार गर्ने एक भिन्नै विभाग छ। विद्यालयले प्रत्येक वर्ष, अतिरिक्त क्रियाकलाप अन्तरगत "बीरेन्द्र शिल्ड प्रतियोगिता" मा तृतीय, द्वितीय हुँदै आएको छ। यस वर्ष एथेलेटिक्समा प्रथम भएको छ। निवन्धमा यस विद्यालयका छात्र कमल थापाले स्वर्ण पदक प्राप्त गरेका छन्, सञ्जीव उप्रेतीले प्रथम स्थान प्राप्त गरे र चन्द्र कला ओलीले क्षेत्रीय सांस्कृतिक कार्यक्रमको लोकगीत प्रतियोगीतामा दोस्रो स्थान प्राप्त गरिन। हाम्रा छात्र-छात्राले सांस्कृतिक कार्यक्रममा भाग लिन जिल्लाबाट पूर्वाञ्चल विकास जिल्ला धनकुट्टा सवारी शिविरमा श्री ५ महाराजाधिराज सरकारका जुनाफमा नृत्य नजर गराएका छन्।

जिल्लाको विभिन्न कार्य-क्रममा यस विद्यालयले प्रथम दोस्रो, र तृतीय स्थानहरु बराबर पाइरहेको छ। यस विद्यालय हरेक वर्ष राष्ट्रिय पर्व र अन्तराष्ट्रिय पर्वहरु, सरस्वती पूजा नव वर्ष उत्सवहरु मनाई आएको छ। २०३३ साल कार्तिक २४ गतेका दिन यस विद्यालयमा जुनियर रेडक्रस सर्कलको स्थापना श्री स्वयम्भूलाल श्रेष्ठको अध्यक्षतामा गठन भयो। हाल सो सर्कल शिक्षकनायक श्री मोहन प्रसाद शिवाकोटीको देखरेखमा सूचारू रूपले चल्दैछ।

पुस्तकालयबाट हाल विद्यार्थीवर्गको हितकालागि केही उपयोगी पुस्तकहरु राखिएको छ। सो को भिन्नै विभागले हेर्दछ। विद्यालय र विद्यार्थीको हितलाई ध्यानमा राखी प्रत्येक विषयहरुको विभागीय प्रमुख शिक्षक शिक्षिकाहरु हुनुहुन्छ। त्यस प्रकारले विद्यार्थीहरुको पनि सदन विभाजन छ। प्रत्येकको आ-आफ्नो विभागहरु राखिएको छ।

विद्यालयमा यसवर्ष ३ जना गुरुबाबुहरुले स्काउट तालिम लिई प्राय: १५० जति साना ठूला विद्यार्थीवर्गलाई तालिम दिइने काम र २ जना पि० टि० शिक्षकहरुबाट हप्ताको २ पटक पि० टि० तालिम दिइन्छ। प्रत्येक वर्ष विद्यालयले नवौं कक्षाका छात्र-छात्राहरुलाई "नेपालदर्शन" सामयिक पैदल भ्रमणमा कहिले मेची अञ्चलको पहाड़ी भेग, जनकपुर, कोशी, र सगरमाथा अञ्चलको विभिन्न ऐतिहासिक, औद्योगिक, र धार्मिक, स्थलहरुको भ्रमण गराई आएको छ।

यस विद्यालयको २०३० पौष १ गते देखि २०३४ मसीर मसान्त सम्मको वार्षिक अ य-व्ययकोलेखा परीक्षण भइसकेको छ रू० २,२७, ५२३।६० र खर्च रू० २,१७,७५०।२८ भइ बचत हुन आएको रू० ९,७,७२।- छ।

साहित्य समाजको दर्पण हो र यस विद्यालयको वार्षिक मुखपत्र "उषा" को प्रकाशनमा विलम्ब हुनका धेरै कारण भएतापनि यस कर्ष तेस्रो अङ्कको रुपमा गुप्तवासबाट दर्शन दिन आइरहेको छ । केही त्रुटी भएमा विद्यालय परिवार क्षमा चाहन्छ। आजको विद्यालय यो असल रुपमा चलीरहेको मूख्य यस शनिश्चरे र अर्जुन धारा गा० प० हरुका सम्पूर्ण पञ्च, बुद्धिजीवी, विभिन्न वर्गीय सगठनका इष्ट-मित्रहरु, भद्र महिला र अविभावकहरुको संयुक्त प्रयासले भएको छ।

★

टिपोटमा थप

श्री शनिश्चरे माध्यमिक विद्यालयको स्थापना र सञ्चालन सम्बन्धी केही चर्चा गर्नु भन्दा अघि यहाँ विशेष टिप्पणीमा निम्नलिखित विवरणपट्टि पाठकवर्गको ध्यान आकर्षित गर्नु पर्ने आवश्यकताको महसूस गरी उल्लेख गरिएको छ।

[क] यस विद्यालयको प्रथम जन्म मितिः—वि० सं० २००५ साल माघ १५ गते श्रीपञ्चमीको दिन प्राथमिक विद्यालयको रूपमा शनिश्चरे बजार स्थित नेपाल मिल्सको गोदाम घरमा उदघाटन भएको हो।

[ख] उक्त पाठशाला सञ्चालक निमित्त सञ्चालन समिति प्राईभेट रूपमा गठित भएको उक्त समितिमा सभापति श्री स्व. श्री रघुवीर बुढाथोकी व्यवस्थापकत्वमा श्री नरेन्द्रनाथ बांस्तोला, सचिवमा श्री प. हरिविलास बन, स्व० श्री धर्म प्रसाद ढकाल, स्व. श्री विष्णु भक्त ढकाल, श्री भूपालमान सिंह कार्की लगायत यसैगरी क्रमशः स्व श्री चन्द्रप्रसाद ढकाल, श्री विष्णु प्रसाद मिश्र, श्री सन्तलाल गट्टानी र शिक्षकमा प्रथम श्री शिव प्रसाद दहाल, स्व.ले.रण बहादुरबुढाथोकी, श्री दल कृष्ण श्रेष्ठ, श्रीपद्म बहादुर राज भण्डारी, श्री राम बहादुर खोखनराई आदि पछि २००८ सालमा मिडिल स्कूल भएपछि श्री गुणानन्द झा, श्री चन्द्रभक्त बुढाथोकी, श्री मोहन प्रसाद शिवाकोटी, श्री हरि प्रसाद न्यौपाने, आदि र सञ्चालक समितिमा श्री रामकुमार गट्टानी, स्व. श्री राम लखनराम कल्वार, स्व. श्री वीर बहादुर जिमिदार, श्री सूर्य बहादुर खडका, श्री नैन सिंह फुएल, आदि र वि. सं. २०१८ सालमा स्व. श्री ५ महेन्द्र वीर विक्रम शाहदेवका बाहुलीबाट हाई स्कूलको उदघाटन भए भएपछि सञ्चालक समितिमा क्रमशः श्री हरिनाथ बांस्तोला, श्री गंगानाथ बांस्तोला, स्व. रघुवीर बुढाथोकी, श्री भृगुनाथ कल्वार, श्री कृष्ण प्रसाद ओली, श्री कृष्ण लाल बांस्तोला, श्री फते बहादुर बुढाथोकी, स्व ले• रण बहादुर बुढाथोकी, श्री इन्द्र प्रसाद ढकाल, श्री उमाकान्त शिवाकोटी, श्री डा• शङ्कर प्रसाद उप्रेती, श्री मोहन प्रसाद शिवाकोटी, श्री कृष्ण प्रसाद मिश्र, श्री चन्द्रमणि ढकाल, श्री देवी प्रसाद शिवाकोटी, मानवीय केदारमणि ढकाल, श्री पद्म बहादुर कोइराला, श्री भीम बहादुर खडका, श्री भक्तबहादुर खड्कार श्री मोहन जोशी (प्रधानाध्यापक) रहनु भएको छ।

★

जुनियर रेडक्रस सर्कल मा. वि. शनिश्चरे

वार्षिक प्रतिवेदन

२०३३।३४ साल

मिति २०३३-७-२४ गतेका दिन झापा जिल्ला रेडक्रस सोसाइटीका अध्यक्ष श्री स्वयम्भूलाल श्रेष्ठज्यूको अध्यक्षतामा यस नेपाल जुनियर रेडक्रस सर्कल मा० बि० शनिश्चरेको स्थापना एक समारोहका बीच भएको हो । उक्त समारोहमा प्रधान अध्यापक श्री मोहन जोशी लगायत गुरु-बाबु, गुरु-आमा, छात्र-छात्रा र अन्य महानुभावहरूको पनि उपस्थिति थियो ।

१:-यस सर्कलको-२०३३-३४ को—

जम्मा आय—		जम्मा व्यय—	
(क) सदस्य शुल्क रु.	२१९।-	(क) प्राथमिक उपचारका सामान रु.	२५०।-
(ख) चन्दाबाट प्राप्त रु	२५०।-	(ख) अफिस समान रु.	१००।-
जम्मा-	४६९।-	(ग) अन्य खर्च रु.	४३।-
		जम्मा	३९३।-

बचत —

आय—४६९।-

व्यय — ३९३।-

जम्मा— ७६।-

बैंक मौज्दात	नगद मौज्दात
रु० ७६।-	× ×

[२] यस सर्कलका जम्मा सदस्य संख्या २१९ जना ।

कार्यकारिणी समिति ११ जना

[क] अध्यक्ष- श्री अम्बिका प्रसाद नेपाल

[ख] उपाध्यक्ष- श्री गोपाल कडेल

[ग] सचिव- श्री काशीनाथ उप्रेती

[घ] कोषाध्यक्ष-सुश्री मेनुका उप्रेती

[ङ] सदस्य ,, करुणा दहाल

[च] ,, ,, शुशीला देवी भट्टराई

[छ] ,, ,, मन्जु बन

[ज] ,, श्री खगेन्द्र दहाल

[झ] ,, ,, गोविन्द बन

[ञ] ,, ,, जगत बहादुर मगर

[ट] ,, ,, श्याम कुमार थापा

[३] मनाइएको दिवसहरू-

[क] मिति २०३३।११।२२ " नेपाल जुनियर रेडक्रस स्थापना दिवस" कार्यक्रम

[१] सडक सुरक्षा सम्बन्धी विभिन्न पोस्टरहरु टाँसियो।

[२] सरसफाई आन्दोलन चलाइयो ।

[३] रेडक्रस सम्बन्धी विभिन्न गोष्ठीहरू गरियो ।

[ख] २०३४।१।२६ "विश्व रेडक्रस दिवस"

कार्यक्रम

[१] वृक्षारोपण गरियो,

[२] साहित्य गोष्ठी गीत, र निबन्ध गोष्ठी गरियो ।

[३] स्थायी पोस्टर टाँसियो ।

(ग) मिति २०३४।५।१९ "नेपाल सोसाइटी दिवस"

कार्यक्रम

[१] प्रवचन गोष्ठी गरियो । [२] चित्र प्रतियोगिता गरियो ।
[३] हाजिरी जवाफ प्रतियोगिता गरियो ।

शिक्षक नायक-श्री मोहन प्रसाद शिवाकोटी हुनुहुन्छ ।

(४) सेवा सम्बन्धी कार्यहरू

]क] २०३३।९।२७ गते-एक जना अग्नि प्रकोप महिलालाई भद्रपुर अस्पतालमा भर्ना गरियो।

[ख] २०३४।५।१० गते एक जना विष खाई बेहोश पुरुषलाई भद्रपुर अस्पतालमा पु-याइयो ।

[ग] २०३४।६ ९ गते हैजाको महामारीबाट बच्नको निम्ति बजारमा माइकद्वारा प्रचार गरियो ।

[घ] २०.३४।६।११ गते अर्जुनधारा र शनिश्चरे गाउँ पञ्चायतको विभिन्न वडाहरूमा गई उक्त वडामा रहेका इनारहरूमा कीट नाशक औषधी पोटाम हालियो ।

[ङ] स्थानीय बजारहरूमा सडे गलेको गाछा, गासु, मिठाई, आलमको तेल, तेलबाट बनेको चीजवीजहरू र फलफूल समेत बेच्नमा नियन्त्रण राखी सकेको छ, बजारको दोकानहरूमा डिटोल आदि स्प्रे गराउने काम गरियो ।

तालिम

[५] मिति २०३३।१०।२४ गते सदस्द श्री गोबिन्द बनद्वारा "स्टेएट होम क्याम्प" तालिम भद्रपुर गई प्राप्त भयो । उक्त तालिम २५।२६ गते सञ्चालन भएको थियो ।

…ो शनिश्चरे माध्यमिक विद्यालयमा स्काउट

गत २०३४ साल फागुन ७ गते ५ त्रिभुवन …न्ती तथा प्रजातन्त्र दिवसको महान उपलक्ष्यमा सभाका …ापति शनिश्चरे गाउँ पञ्चायतका उप प्रधानपञ्च श्री …म प्रसाद भट्टराईज्यूबाट शनिश्चरे माध्यमिक विद्यालय …ाउट दल" र "शनिश्चरे बालदल" (क्लव) को उद्घाटन भई …म्न बमोजिमको एक संयुक्त स्काउट समूह समितिको गठन …यो ।

…, अध्यक्ष श्री मोहन जोशी-प्र. अ. श्री श. मा. वि. (पदेन)
…, सचिव श्री लोकनाथ पौड्याल- स्का. मा. श्री श. मा. वि.
…, सदस्य श्री मोहन प्रसाद शिवाकोटी- (स्काउट प्रति अभिरुची भएका शिक्षक)
४, " श्री राम प्रसाद भट्टराई (पुरुष, अभिभावक)
…, " श्री श्रीबहादुर तामाङ्ग (पूर्व स्काउट)
…, " श्री वीरमणि ढकाल (पुरुष अभिभावक)
७, " श्रीमती धन कुमारी …ल (महिला अभिभावक)
८, " श्रीमती नीरा प्रधान (गर्ल्स गाइड)
९, " श्री भीम प्रसाद ढकाल (स्काउट प्रति अभिरुची भएका)

सल्लाहकार

१, श्री केशव कुमार बुढाथोकी (प्रधानपंच श्री शनिश्चरे गा. पं.)
२, श्री खगेन्द्र प्रसाद ढकाल (" श्री अर्जुनधारा ")
३, श्री हरिनाथ बाँस्तोला
४, श्री सन्तलाल गट्टानी

२०३४ साल फागुन महिना देखि नै तालिम प्राप्त शिक्षकहरुबाट स्काउटका विद्यार्थीहरुलाई तालिम दिने कार्यक्रम संचालन गरी २०३५ साल वैशाख महिनामा श्री शनिश्चरे मा. वि. को वार्षिक उत्सवको अवसरमा यस विद्यालयका ६४ जना स्काउट (छात्र-छात्रा) र २६ जना कव गरी जम्मा ९० जना स्काउट र कबलाई दीक्षा दिने कार्यक्रम सुसम्पन्न भयो ।

अहिले यस विद्यालयमा स्काउट मास्टर तालीम प्राप्त ३ जना शिक्षकहरु हुनु हुन्छ । श्री लोकनाथ पौडेल स्का. मा. तालिम प्राप्त श्री शेखर अधिकारी कब मास्टर, स्काउट मास्टर र उडब्याज तालिम प्राप्त र श्री वासुदेव ढुङ्गेल कब मास्टर र स्का. मा. तालिम प्राप्त हुनु हुन्छ ।

जेष्ट १२ गते देखि १४ गते सम्म यस विद्यालयका ३३ जना स्काउटहरुलाई स्काउट मास्टरहरुको नेतृत्वमा इलाम जिल्लाका शान्तिनगर, कोल्बुङ्ग, फिक्कल, कर्फोक, आइतबारे, शान्तिपुर, आदि ठाउँहरुमा क्याम्पीङ्ग तथा अध्ययन भ्रमणको कार्यक्रमहरु सुसम्पन्न गराइयो।

*

श्रद्धाञ्जली

शनिश्चरे गाउँ पञ्चायतका भू. पू. प्रधानपञ्च, शनिश्चरे मा० विद्यालय सहयोग समितिका भू. पू. अध्यक्ष एवं वर्तमान गाउँ सभासद श्री रण बहादुर बुढाथोकीको गत २०३५।१।२४ गतेका दिन लिभर सम्बन्धी बिमारीले वीर अस्पताल काठमाण्डौमा निधन भयो ।

स्व० गजराज बुढाथोकीका कान्छा सुपुत्र स्व० बुढाथोकी इलामको गोलाखर्कमा बि० सं० १९८६ साल असोज १८ गते जन्मनु भएको थियो । उहाँको प्रारम्भिक शिक्षा इलाममा र माध्यमिक शिक्षा भारतको दार्जीलिङ्गमा भई काठमाण्डौबाट मेट्रिक परीक्षा दिनु भएको थियो । इलामबाट आफना पिताले आर्जेको जमीनको रेखदेख गर्न अध्ययनलाई बीचमै छाडेर शनिश्चरे बस्नु भएदेखि सक्रिय रुपले स्थानीय विकास, निर्माणमा प्रशस्त योगदान दिदै आउनु भएको थियो ।

२००७ सालको जन-क्रान्तिमा झापाबाट सक्रिय रूपले भाग लिनु भई स्वतन्त्र सेनामा लप्टनसम्म हुनु भएका स्व० बुढाथोकी पञ्चायती व्यवस्थाको आरम्भदेखि अहिलेसम्म नै राजभक्त कर्मठ, राष्ट्रवादी निर्भीक पञ्चका रूपमा आफुलाई चिनाउनु भएको थियो ।

शनिश्चरेमा पुस्तकालय, क्लब खोल्न र सञ्चालन गर्न आफैं मरिमेटने स्व. बुढाथोकी सांस्कृतिक, साहित्यिक र खेलकूदमा पनि स्थानीय कलाकार, साहित्यकार र खेलाडीका लागि प्रेरणा श्रोत मानिनु हुन्थ्यो ।

शनिश्चरे माध्यमिक विद्यालयको स्थापनाकालदेखि अहिलेसम्म निरन्तर विकास र प्रगति चाहने रण बहादुर बुढाथोकीलाई गुमाएर शनिश्चरेले आफुलाइ टुहुरो भएको महसूस गरेको छ ।

उहाँको ३ पत्नीबाट ४ छोरा र २ छोरी जन्मेका थिए र हाल २ पत्नी जीवीत हुनुका साथै ४ छोरा र १ छोरी छन । श्री बुढाथोकीको असामयिक निधनमा गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माले चिर शान्ति पाओस् भनी श्रद्धाञ्जली अर्पन्छौं ।

शनिश्चरे माध्यमिक विद्यालय परिवार

USHA Vol. 3 2035



छापले

सद्धार्थ ... खाना